CC-0. In Public Domain. Digitization by eGangotri

ीन नीति

[विदुर, धौम्य, कणिक]

अनुवादक
विश्वनाथ भट्टराई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीन नीति

(विदुर, धौम्य, कणिक)

अनुवादक
विश्वनाथ भट्टराई

रायल नेपाल एकेडेमी
२०२३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकः–

रायल नेपाल एकेडेमी
काठमाड़ौं, नेपाल

R.
291.5
~~291.43~~
BHA

प्रथम संस्करण
२०२३

मुद्रकः–
मातृभूमि प्रेस
घण्टाघर, काठमाडौं
नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजधिराज
महेन्द्र वीरविक्रम शाहदेव
चान्सलर, रायल नेपाल एकेडेमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

श्री

ROYAL PALACE
Kathmandu, Nepal
Date वि.सं.-२०१५

हिमवत्खण्डले साहित्य, कला र ज्ञान - विज्ञानको क्षेत्रमा अतीत कालदेखि दिइ आएको विशेष योगदानको महत्वलाई सबैले बुझेकै छ — ऐतिहासिक कारणहरूले गर्दा त्यस परम्परामा बीचमा पर्न आएका व्यवधानलाई अब पन्छाएर नेपाल एकेडेमी देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ — यसको प्रयत्नले देशका आवश्यकताहरूको क्रमश पूर्ति गर्नेछ, र साथै देशान्तरमा पनि हाम्रो जीवनको परिचय दिनेछ भन्ने आशा गर्दछु —

श्री ५ महाराजाधिराज,
चान्सलर
नेपाल एकेडेमी.

CC-0. In Public Domain. Digitization by eGangotri
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय वक्तव्य

महाभारतको उद्योगपर्व अन्तर्गत विदुरनीति, शान्तिपर्व अन्तर्गत कणिकनीति तथा विराटपर्व अन्तर्गत धौम्यनीतिको यो अनुवाद स्वर्गवासी कवि शिरोमणि लेखनाथ पौड्यालका निर्देशनमा रायल नेपाल एकेडेमीको संस्कृति विभागका सहायक श्री विश्वनाथ भट्टराईले गरेको हो ।

यी नीतिहरुका अध्ययनबाट प्राचीनकालमा हिन्दुहरुको जीवनका विविध प्रश्नहरुप्रति के विचार रहेछ सो थाहा पाइने हुनाले जीवनको प्राचीन ढाँचा परिवर्तन भएको तथा हुनलागेको आधुनिक समयका मानिसलाई पनि यो उपयोगी सिद्ध होला भन्ने आशा छ ।

यसतो उपयोगी ग्रन्थ परिश्रम साथ तयार पार्नु भयेको हुँदा संस्कृति विभागका सहायक श्री विश्वनाथ भट्टराईको संस्कृति विभाग आभार मान्छ ।

सूर्यविक्रम ज्ञवाली
आयोजक
संस्कृति विभाग
रायल नेपाल एकेडेमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर नीति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विदुरनीतिको परिचय

राजा दुर्योधनले वनवास, गुप्तवास सबै बिताएर आएका युधिष्ठिर आदि पाण्डवहरुलाई पाण्डवहरुका तर्फबाट अन्यान्य व्यक्तिले र अन्त्यमा श्री कृष्णले समेत "इनिहरुको जन्मसिद्ध अधिकार भएको राज्य देऊ र मेलमिलाप गर, बन्धुविग्रह तर्फ नलाग" भनि संझाउँदा दुर्योधनले ठाडै "सूच्यग्रं नैव दास्यामि विना युद्धेन-केशव" भनी फट्कारेको हुनाले लाचार भई श्रीकृष्ण फर्केर जानु भयो र पाण्डवहरुलाई यो सबै कुरा बताउनु भयो। उनिहरू पनि लडाईंको आयोजना गर्न लागे। यता बूढा तथा अन्धा धृतराष्ट्र दुर्योधन आदि छोराहरुको दुराग्रह देखेर ज्यादै सन्तप्त भएका हुनाले आफना हितैषी अरूहरूसँग र सञ्जय सँग समेत् यस्को परिणाम के होला ? भनि सोद्धै थिए। अन्त्यमा उनले—पहिले नै राजकाजबाट अलग भएका र धर्मात्मा आफना कान्छाभाई विदुरलाई एकान्तमा डाकेर यै विषयको चर्चा उठाए।

विदुर सत्यवादी थिए र यथार्थवादी पनि थिए, यस्कारण उनले अन्तष्करणले जो देखेका थिए सो कुरा उनका अगाडि यस किसिमबाट स्पष्ट सँग बताए—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"महाराज पुत्र–स्नेहले गर्दा हजूरको विवेकदृष्टि ज्यादै धमिलियो कर्तव्याकर्तव्य सुझ्न छोड्यो। त्यसैले म भन्छु कि" दुर्योधनादिको दुराग्रहमा नलाग्नुहोस, पाण्डवहरुको खसोखास अंश दिलाउनै पर्छ र यसैमा कुरुकुलको कल्याण छ" इत्यादि कुरा भन्दै पहिले व्यावहारिक, नैतिक तथा धार्मिक दृष्टिले र अन्त्यमा आध्यात्मिक दृष्टिबाट सम्झाउँदै "हजूरले यो पाञ्चभौतिक शरीरको र यो राज्यको मोहमा लाग्न मनासिब हुँदैन" भनी विदुरले धृतराष्ट्रलाई जुन् किसिमले सम्झाएका छन् त्यो यसैमा स्पष्टतया निर्देशन गरिएको छ। पाठकवर्गले यो नीतिको राम्रो अवलोकन गर्नुभयो भने हृदयमा दैवी सम्पत्तिको आभा स्पष्टतया झल्कने छ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ को सरकार
राष्ट्रिय संस्कृत ग्रन्थालय

उद्योग पर्व

वैशम्पायन उवाच ॥ वैशम्पायन भन्दछन् ।

द्वाःस्थं प्राह महाप्राज्ञो धृतराष्ट्रो महीपतिः
विदुरं द्रष्टुमिच्छामि तमिहानय मा चिरम् ॥ १ ॥

हे जनमेजय ! बुद्धिमान् राजा धृतराष्ट्रले द्वारपाललाई भने कि म विदुरलाई भेट्न चाहन्छु । चाँडै बोलाएर ल्याऊ ।

प्रहितो धृतराष्ट्रेण दूतः क्षत्तारमब्रवीत्
ईश्वरस्त्वां महाराजो महाप्राज्ञ दिदृक्षति ॥ २ ॥

धृतराष्ट्रले पठाएको त्यो दूत गएर विदुरजीलाई भन्यो हे बुद्धिमान् विदुरजी ! हाम्रो मालिक महाराज धृतराष्ट्र तपाईंलाई भेट्न चाहनु हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एव मुक्तस्तु विदुरः प्राप्य राजनिवेशनम्
अब्रवीद् धृतराष्ट्राय द्वाःस्थ मा प्रतिवेदय ॥ ३ ॥

उसको यस्तो वचन सुनी विदुरजी राजदरवारको नजीक गएर म आएको छु महाराजलाई सूचना गर भनि ढोकेलाई भने ।

द्वाःस्थ उवाच । ढोकेले गएर विन्तिगऱ्यो ।

विदुरोऽयमनुप्राप्तो राजेन्द्र तव शासनात्
द्रष्टुमिच्छति ते पादौ किं करोतु प्रशाधि माम् ॥ ४ ॥

महाराज ! तपाईंको आज्ञाले विदुरजी यहाँ आउनु भएको छ वहाँ तपाईंका चरणको दर्शन गर्न चाहनु हुन्छ । उनलाई के भनूँ ? मलाई आज्ञा होस् ।

धृतराष्ट्र उवाच । धृतराष्ट्र भन्दछन् ।

प्रवेशय महाप्राज्ञं विदुरं दीर्घदर्शिनम् ।
अहं हि विदुरस्यास्य नाकल्पो जातु दर्शने ॥ ५ ॥

बुद्धिमान् दूरदर्शी विदुरलाई भित्र डाक, मलाई विदुरसँग भेट्न कहिले पनि अडचन छैन ।

द्वाःस्थ उवाच । द्वारपालले भने ।

प्रविशान्तःपुरं क्षत्तर्महाराजस्य धीमतः ।
न हि ते दर्शनेऽकल्पो जातु राजा ब्रवीद्धि माम् ॥ ६ ॥

हे विदुरजी ! तपाईं बुद्धिमान् महाराज धृतराष्ट्रको अन्तःपुरमा जानुहोस् , महाराजको हुकुम छ कि मलाई विदुरजीसँग भेट्न कहिल्यै पनि अडचन छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैशम्पायन उवाच। वैशम्पायन भन्दछन् ।

ततःप्रविश्य विदुरो धृतराष्ट्र निवेशनम् ।
अब्रवीत् प्राञ्जलि र्वाक्यं चिन्तयानं नराधिपम् ॥ ७ ॥

हे राजन् ! त्यस पछि विदुरजीले धृतराष्ट्रको बैठकमा पुगी चिन्तामा परेका राजालाई हात जोडेर भने ।

विदुरोऽहं महाप्राज्ञ सम्प्राप्त स्तवशासनात् ।
यदि किंचन कर्तव्यमयमस्मि प्रशाधि माम् ॥ ८ ॥

हे महाप्राज्ञ ! म विदुर हूँ तपाईंको आज्ञाले यहाँ आएको छु। मैले गर्नुपर्ने कुनै काम भए आज्ञा होस् ।

धृतराष्ट्र उवाच धृतराष्ट्र भन्दछन ।

संजयो विदुर प्राज्ञो गर्हयित्वा च मां गतः ॥
अजातशत्रोःश्वो वाक्यं सभामध्ये स वक्ष्यति ॥ ९ ॥

हे विदुर ! बुद्धिमान् संजय आएका थिए। उनले मलाई गाली गरेर गए। भोली सभामा उनले अजातशत्रु युधिष्ठिरको वचन भन्नेछन् ।

तस्याऽद्य कुरुवीरस्य न विज्ञातं वचो मया।
तन्मे दहति गात्राणि तदकार्षीत् प्रजागरम् ॥ १० ॥

आज मैले तो कुरुवीर युधिष्ठिरको वचन सुन्नपाएको छैन त्यसैले यी मेरा अङ्ग जलेका छन्. ऐलेसम्म जागा नै छु।

जाग्रतो दह्यमानस्य श्रेयो यदनु पश्यसि ।
तत् ब्रु हि त्वं हि न स्तात धर्मार्थ कुशलो ह्यसि ॥ ११ ॥

हे बाबू ! म चिन्ताले जलेर ऐलेसम्म जागा नै छु, के गर्नाले मेरो कल्याण हुन्छ ? त्यो भन, हामीहरू मध्ये तिमी धर्म अर्थको ज्ञानमा निपुण छौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यत: प्राप्त: संजय: पाण्डवेभ्यो ।
न मे यथावत् मनस: प्रशान्तिः ।
सर्वेन्द्रियाण्य प्रकृतिं गतानि ।
किं वक्ष्यतीत्येव मेऽद्य प्रचिन्ता ।। १२ ।।

जब संजय पाण्डहरूकहाँबाट फर्केर आए, तहाँ देखि नै मेरो मनमा शान्ति छैन सर्व इन्द्रिय विकल छन् । भोली उनले के भन्छन् ? भन्ने मेरो मनमा धेरै चिन्ता छ ।

विदुर भन्दछन् ।

अभियुक्तं वलवता दुर्वलं हीन साधनम् ।।
हृतस्वं कामिनं चोर माविशन्ति प्रजागरा ।।१३।।

हेराजन् ! जसको बलवानका साथ विरोध भएको छ, आफू साधनहीन र दुर्वल छ, जसको सबै कुरा हरण भएको छ, त्यसलाई र कामी पुरुषलाई तथा चोरलाई रातमा नीद आउँदैन ।

कच्चिदेतै र्महादोषे र्न स्पृष्टोऽसि नराधिप ।
कच्चिचच्च परवित्तेषु गृध्यन् न परितप्यसे ।। १४ ।।

हेराजन् ! के तपाईलाई ई दोष मध्ये कुनै ठूलो दोषले ता छोएको छैन ? कहीं अर्काका धनको लोभले गर्दा तपाईले कष्ट पाउनुभएको त छैन ? ।

धृतराष्ट्र उवाच । धृतराष्ट्र भन्दछन् ।

श्रोतुमिच्छामि ते धर्म्यं परं नैःश्रेयसं वचः ।
अस्मिन् राजर्षि वंशे हि त्वमेकः प्राज्ञ सम्मत ।। १५ ।।

हे विदुर ! म तिम्रो धर्मयुक्त र कल्याणकारी वचन सुन्न चाहन्छु हाम्रो यो राजर्शिवंशमा केवल तिमीमात्र विद्वान्हरूले माननीय छौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर भन्दछन ।

[राजलक्षणसम्पन्न स्त्रैलोक्यस्याधिपो भवेत्
प्रेष्यस्ते प्रेषितश्चैव धृतराष्ट्र ! युधिष्ठिर ॥ १६ ॥

हे महाराज धृतराष्ट्र ! राम्रा गुणले सम्पन्न राजा युधिष्ठिर तीनै लोकको स्वामी हुन शक्तछन्, उनी तपाईको आज्ञाकारी नै थिए, तर तपाईंले उनलाई नाहक वनमा पठाउनु भयो ।

विपरीततरश्च त्वं भागधेये न सम्मतः ।
अर्चिषां प्रक्षयाच्चैव धर्मात्मा धर्मकोविदः ॥ १७ ॥

तपाईं धर्मात्मा धर्म जान्ने भएर पनि आँखाको ज्योतिले हीन हुंदा उनलाई पहिचान गर्न सक्नु भएन । भाग्यदोषले गर्दा उनको अत्यन्त विपरीत हुनु भो उनलाई राज्यको भाग दिनामा तपाईको सम्मति भएन ।

आनृशंस्यादनु क्रोशाद् धर्मात् सत्यात् पराक्रमात् ।
गुरुत्वात् त्वयि सम्प्रेक्ष्य वहून् क्लेशांस्तितिक्षते ॥ १८ ॥

युधिष्ठिरमा क्रुरताको अभाव, दया, धर्म सत्य र पराक्रम छ, उनी तपाईंमा पूज्यबुद्धि राख्दछन् । उनीले यिनै सद्‌गुणले गर्दा चुपचापसँग धेरै क्लेश सहेका थिए ।

दुर्योधने सौवले च कर्णे दुःशासने तथा ।
एतेष्वैश्वर्यमाधाय कथं त्वं भूतिमिच्छसि ॥ १९ ॥

तपाईं दुर्योधन, शकुनी, कर्ण, र दुःशासन जस्ता अयोग्य व्यक्तिमा राज्यको भार राखेर कसरी कल्याण वा ऐश्वर्य चाहनु हुन्छ ? ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मज्ञानं समारम्भ स्तितिक्षा धर्मनित्यता ।
यमर्थान्नापकर्षन्ति स वै पण्डित उच्यते ॥ २० ॥

आफ्नू वास्तविक स्वरुपको ज्ञान, उद्योग, दुःख सहने शक्ति र धर्ममा स्थिरता, इत्यादि गुणले जुन मनुष्यलाई पुरुषार्थबाट च्युत हुन दिंदैनन्, त्यही नै पण्डित कहलाउँछ ।

निषेवते प्रशस्तानि निन्दितानि न सेवते ।
अनास्तिकः श्रद्धान एतत् पण्डित लक्षणम् ॥२१॥

जो राम्रा कामको सेवन गर्दछ, र खराब काम देखि टाढ़ा रहन्छ, साथैं आस्तिक र श्रद्धालु छ, त्यो पण्डितको लक्षण हो ।

क्रोधो हर्षश्च दर्पश्च ह्रीः स्तम्भो मान्य मानिता ।
यमर्थान्नापकर्षन्ति स वै पण्डित उच्यते] ॥ २२ ॥

क्रोध, हर्ष, गर्व, लज्जा, उद्दण्डता, र आफूलाई पूज्य सम्झने बानी यी सबैं विकारले जसलाई पुरुषार्थ देखि भ्रष्ट गर्दैनन् त्यही नै पण्डित कहलाउँछ ।

यस्य कृत्यं नजानन्ति मन्त्रं वा मन्त्रितं परे ।
कृतमेवास्य जानन्ति स वै पण्डित उच्यते ॥ २३ ॥

जसको काम, सल्लाह, र विचारलाई अरुले पैले जान्दैनन् काम पूरा भएपछि मात्र जान्दछन् त्यही नै पण्ड़ित कहलाउँछ ।

यस्य कृत्यं न विघ्नन्ति शीतमुष्णं भयं रतिः ।
समृद्धिरसमृद्धिर्वा स वै पण्डित उच्यते ॥२४॥

जाडो गर्मी, भय-प्रेम, सम्पत्ति र दरिद्रताले जसको काममा विघ्न गर्दैनन् त्यहिनै पण्डित कहलाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्य संसारिणी प्रज्ञा धर्मार्थानुवर्तते ।
कामादर्थं वृणीते यः स वै पण्डित उच्यते ॥

जसको लौकिकबुद्धि धर्म र अर्थको अनुसरण गर्दछ, जो भोगलाई छोडी पुरुषार्थको वरण गर्दछ त्यो पण्डित कहलाउँछ ।

यथाशक्ति चिकीर्षन्ति यथाशक्ति च कुर्वते ।
नकिंचिदवमन्यन्ते नराः पण्डितः बुद्धयः ॥ २५ ॥

विवेकी पुरुषहरू आफ्नू शक्ति अनुसारको काम गर्ने इच्छा गर्दछन् र शक्ति माफिकै काम गर्दछन् पनि । कुनै वस्तुलाई तुच्छ सम्झी हेला गर्दैनन् ।

क्षिप्रं विजानाति चिरं शृणोति
विज्ञाय चार्थं भजते न कामात् ।
नसम्पृष्टो व्युपयुङ्क्ते परार्थे
तत् प्रज्ञानं प्रथमं पण्डितस्य ॥ २६ ॥

विद्वान्पुरुष कुनै विषय पनि धेरै पटक सुन्दछ, तर चाँडै नै सम्झन्छ । सम्झेर कर्तव्य बुद्धिले पुरुषार्थमा प्रवृत्त हुन्छ । किन्तु कामनाले ह्वैन । कसैले नसोधीकन अर्काको विषयमा व्यर्थ कुरा गर्दैन । त्यो स्वभाव नै पण्डितको मुख्य पहिचान हो ।

नाप्राप्य मभिवाञ्छन्ति नष्टं नेच्छन्ति शोचितुम् ।
आपत्सु च न मुह्यन्ति नराः पण्डितबुद्धयः ॥ २७ ॥

पण्डितको जस्तो बुद्धि भएका मनुष्य दुर्लभ वस्तुको कामना गर्दैनन्, हराएका वस्तुको शोक गर्दैनन्, आपत्तिकालमा आत्तिदैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निश्चित्य यः प्रक्रमते नान्तर्वसति कर्मणः ।
अवन्ध्यकालो वश्यात्मा स वै पण्डित उच्यते ॥ २८ ॥

जो पहिले नैं निश्चय गरी काम आरम्भ गर्दछ वीचमा रोकिंदैन । समयलाई व्यर्थ जान दिदैन, र चित्तलाई वशमा राख्दछ त्यो पण्डित कहिन्छ ।

आर्यकर्मणि रज्यन्ते भूति कर्माणि कुर्वते ।
हितं च नाभ्यसूयन्ति पण्डिता भरतर्षभ ॥ २९ ॥

हे भरतकुलभूषण ! पण्डितहरू असल काममा रुचि राख्दछन्, उन्नति हुने काम गर्दछन्, असल गर्नेको दोष निकाल्दैनन् ।

न हृष्यत्यात्मसम्माने नावमानेन तप्यते ।
गाङ्गो ह्रद इवाऽक्षोभ्यो यः स पण्डित उच्यते ॥३०॥

जुन पुरुष आफ्नू सम्मानमा हर्षले फुल्दैन, अनादरमा पनि संतप्त हुँदैन, गङ्गाजीको दह भैं जसको चित्त धमिलो हुंदैन त्यंही नैं पण्डित कहिन्छ ।

तत्त्वज्ञः सर्वभूतानां योगज्ञः सर्वकर्मणाम् ।
उपायज्ञो मनुष्याणां नरः पण्डित उच्यते ॥ ३१ ॥

जो सम्पूर्ण भौतिक पदार्थको ज्ञान गर्दछ । सबै कामको आयोजनामा कुशल छ र सबै भन्दा धेरै उपाय जान्दछ त्यो मनुष्य पण्डित कहिन्छ ।

प्रवृत्तवाक् चित्रकथ ऊहवान प्रतिभानवान् ।
आशु ग्रन्थस्य वक्ता च यः स पण्डित उच्यते ॥३२॥

जसको वाणी कहींपनि रोकिदैन, जो विचित्र ढङ्गले कुराकानी गर्न सिपालु छ जो तर्क–निपुण र प्रतिभाशाली छ जो ग्रन्थको तात्पर्य राम्रो सम्झन्छ, त्यो पण्डित कहिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुतं प्रज्ञानुगं यस्य प्रज्ञा चैव श्रुतानुगा ।
असम्भिन्नार्य मर्यादः पण्डिताख्यां लभेत सः ॥३३॥

जसको विद्या बुद्धिको अनुशरण गर्दछ र बुद्धिविद्याको पछि लाग्दछ, जो शिष्टपुरूषको मर्यादालाई कैले पनि उल्लङ्घन गर्दैन त्यसैले पण्डित नाम पाउन शक्तछ

अश्रुतश्च समुन्नद्धो दरिद्रश्च महामनाः।
अर्थांश्चाकर्मणा प्रेप्सु मुढ इत्युच्यते बुधैः।

जो केहीपनि पठन पाठन नगरी गर्व गर्दछ, दरिद्र भएर पनि ठूलो ठूलो मनोरथ गर्दछ, केही काम नगरिकन नै धन कमाउन इच्छा गर्दछ त्यस्ता पुरुषलाई पण्डितहरू मूर्ख भन्दछन् ।

स्वमर्थं यः परित्यज्य परार्थ मनुतिष्ठति।
मिथ्या चरति मित्रार्थे यश्च मूढः स उच्यते ॥३४॥

जो आफ्नू कर्तव्य छोडी अरुको कर्तव्य पालन गर्दछ, तथा मित्रको साथ कपटी व्यवहार गर्दछ त्यो मूर्ख कहिन्छ।

अकामान् कामयति यः कामयानान परित्यजेत ।
बलवन्तं च यो द्वेष्टि तमाहुर्मूढचेतसम् ॥३५॥

जो चाहना नगर्ने कुरा चाहन्छ र चाहना गर्नु पर्ने कुरालाई त्यागी दिन्छ, जो आफू भन्दा बलियोसँग वैरभाव गर्दछ, त्यसलाई मूढविचार भएको मनुष्य भन्दछन् ।

अमित्रं कुरुते मित्रं मित्रं द्वेष्टि हिनस्ति च ।
कर्म चारभते दुष्टं तमाहु मूंढचेतसम ॥३६॥

जो शत्रुलाई मित्र बनाउँदछ र मित्रसँग द्वेष गरेर उसलाई कष्ट दिन्छ, साथै सदा खराब कर्मको आरम्भ गर्दछ त्यसलाई मूर्ख-चित्त भएको भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संसारयति कृत्यानि सर्वत्र विचिकित्सते ।
चिरं करोति क्षिप्रार्थे स मूढो भरतर्षभ ॥३७॥

हे भरत श्रेष्ठ ! जो आफ्नू कामलाई व्यर्थ लम्ब्याएर फैलाउछ फेरी सर्वत्र सन्देह नै गर्दछ, चाँडो हुने काममा पनि ढीलाई गर्दछ त्यो मूर्ख हो ।

श्राद्धं पितृभ्यो न ददाति दैवतानि न चार्चति ।
सुहृन्मित्रं न लभते तमाहुर्मूढचेतसम् ॥३८॥

जो पितृको श्राद्ध र देवताहरूको पूजा गर्दैन जसका मित्रहरू पनि छैनन् त्यसलाई मूढचित्त भन्दछन् ।

अनाहूतः प्रविशति अपष्टो बहु भाषते ।
अविश्वस्ते विश्वसिति मूढचेता नराधमः ॥३९॥

जो मूढचित भएको अधम मनुष्य छ त्यो न बोलाईकनै अर्काको भित्र पस्दछ । कसैले नसोधे पनि बकबक गरी धेरै बोल्दछ, विश्वास गर्न नहुने मनुष्यको पनि विश्वास गर्दछ ।

परं क्षिपति दोषेण वर्तमानः स्वयं तथा ।
यश्च क्रुध्यत्यनीशानः स च मूढतमो नर ॥४०॥

जो आफ्नू दोषयुक्त व्यवहार गर्दै अरुमा त्यो दोषको आरोप गर्दछ र असमर्थ भएर पनि व्यर्थको क्रोध गर्दछ त्यो मनुष्य महामूर्ख हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मनो बलमज्ञाय धर्मार्थपरिवर्जितम् ।
अलभ्यमिच्छन् नैष्कर्म्यात्मूढबुद्धिरिहोच्यते ॥४१॥

जुन पुरुष आफ्नू बल नसम्झी, काम नगरी धर्म अर्थले विरूद्ध पाउनै नसकिने वस्तुको पनि इच्छा गर्दछ, त्यो पुरुष मूढबुद्धि कहिन्छ ।

अशिष्यं शास्ति यो राजन् यश्च शून्य मुपासते ।
कदर्यं भजते यश्च तमाहुर्मूढचेतसम् ॥४२॥

हेराजन् ! जो अधिकार नभएको व्यक्तिलाई उपदेश दिन्छ, जो शून्यको उपासना गर्दछ र कृपणको आश्रय लिन्छ त्यसलाई मूढचित्त भएको पुरुष भन्दछन् ।

अर्थं महान्तमासाद्य विद्यामैश्वर्य मेव वा ।
विचरत्यसमुन्नद्धो यः स पण्डित उच्यते ॥४३॥

जो धेरै धन, विद्या, ऐश्वर्य पाएर पनि तउद्दण्डता लिएर हिडदैन भने त्यो पण्डित हो ।

एकः सम्पन्नमश्नाति वस्ते वासश्च शोभनम ।
योऽसंविभज्य भृत्येभ्यः को नृशंसतर स्ततः ॥४४॥

जो आफूले पालन पोषण गर्नूपर्ने व्यक्ति र अनुचरहरू-लाई नबाँडी एकलै मीठो कुरा खान्छ, र राम्रो कपडा लगाउँछ त्यो। भन्दा ठूलो मूर्ख अर्को कुनै हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकः पापानि कुरुते फलं भुङ्क्ते महाजनः ।
भोक्तारो विप्रमुच्यन्ते कर्ता दोषेण लिप्यते ॥४५॥

मनुष्य एक्लै पाप गर्दछ, तर त्यसको उपभोग गर्ने धेरै हुन्छन्, उपभोग गर्नेहरू ता दोषबाट छुटिहाल्छन् तर त्यो पाप कर्ता दोषभागी हुन्छ ।

एकं हन्यान्न वा हन्यादिषुर्मुक्तो धनुष्मता ।
बुद्धिर्बुद्धिमतोत्सृष्टा हन्यात् राष्ट्रं सराजकम् ॥४६॥

कुनै धनुर्धारीले छोडेको बाँणले यौटालाई मार्ला वा मार्न शकोयिन भन्ने कुरामा सन्देह नै हुन्छ, तर बुद्धिमानले छोडेको बुद्धिद्वारा राजाको साथसाथै सम्पूर्ण राष्ट्रको नै नाश गर्दछ ।

एकया द्वे विनिश्चित्य त्रींश्चतुर्भिर्वशे कुरु ।
पञ्च जित्वा विदित्वा षट् सप्त हित्वा सुखी भव ॥४७॥

एक बुद्धिले दुई कर्तव्य अकर्तव्यको निश्चय गरी चार (साम, दान, दण्ड, भेद,) ले तिन (शत्रु, मित्र, र उदासीनलाई) वश गर्नु पर्दछ, पांच इन्द्रियलाई जिती छ (सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव, र समाश्रयरूप) गुणलाई जानी सात (स्त्री, जुवा, शिकार, मद्य, कठोर वचन्, दण्डको कठोरता, र अन्यायले धनोपार्जनलाई छाडी सुखी होऊ ।

एकं विषरसो हन्ति शस्त्रेणैकश्च वध्यते ।
सराष्ट्रं सप्रजं हन्ति राजानं मन्त्रविप्लवः ॥४८॥

विषको रसले एकलै खानेलाई मात्र मार्दछ, शस्त्रले पनि एकलैको वध गर्दछ तर गुप्तमन्त्रणा प्रकाशित भयो भने त्यसले राष्ट्र र प्रजाको साथै राजाको पनि विनाश गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकः स्वादु न भुञ्जीत एक श्चार्थान्न चिन्तयेत् ।
एको नगच्छेदध्वानं नैक सुप्तेषु जागृयात् ॥४६॥

एकलै मीठो कुरा नखानु, एकलै कुनै विषयको निश्चय नगर्नु, एकलै बाटो नहिडनु, सबै सुतेपछि एकलै जागा नबस्नु ।

एक मेवा द्वितीयं तद् यद् राजन नाववुध्यसे ।
सत्यं स्वर्गस्य सोपानं पारावारस्य नौरिव ॥५०॥

हेराजन् ! जस्तो समुद्रको पार जान एकमात्र नाऊ (जहाज) को आश्रय लिनु पर्दछ, त्यस्तै स्वर्गजाने सिंडी पनि एक मात्र सत्य हो अर्को छैन । त्यो कुरा तपाईंले बुझ्नु भएको छैन ।

एकः क्षमावतां दोषो द्वितीयो नोपपद्यते ।
यदेनं क्षमया युक्तमशक्तं मन्यते जनः ॥ ५१ ॥

क्षमाशील पुरुषलाई एउटा मात्र दोष लाग्न शक्तछ, अरु दोषको सम्भावना हुंदैन, त्यो दोष हो अर्कालि असमर्थ सम्झनु ।

सोऽस्य दोषो न मन्तव्यः क्षमा हि परमं बलम् ।
क्षमा गुणो ह्यशक्तानां शक्तानां भूषणं क्षमा ॥५२॥

तर क्षमाशील पुरुषको त्यो दोषलाई दोष मान्नु-हुंदैन, कारण क्षमागर्नु ठूलो वल हो, क्षमा असमर्थ मनुष्यको गुण र असमर्थको गहना हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षमा वशीकृतिर्लोके क्षमया किं न साध्यते ।
शान्तिखड्गः करे यस्य किं करिष्यतिदुर्जनः ॥५३॥

यो जगत्मा क्षमा नै वशीकरण मन्त्र जस्तो छ, क्षमाले कुन कुरा सिद्ध हुंदैन ? जसको हातमा शान्तिरूप तरवार छ, उसलाई दुष्ट पुरूषले के गर्न शक्तछ ? ।

अतृणे पतितो वन्हिः स्वयमेवोपशाम्यति ।
अक्षमावान् परं दोषै रात्मानं चैव योजयेत् ॥५४॥

झारहरू नभएको ठाउंमा परेको आगो आफैं निभ्दछ, क्षमाहीन पुरूष आफूलाई र अरुलाई पनि दोष–भागी बनाउँदछ ।

एको धर्मः परं श्रेयः क्षमैका शान्तिरुत्तमा ।
विद्यैका परमा तृप्तिरहिंसैका सुखावहा ॥५५॥

खाली धर्म नै परम कल्याणकारक छ, एकमात्र विद्या नै परम संतोष दिन्छ र एकमात्र अहिंसा नै सुखदिने हुन्छ ।

पृथिव्यां सागरान्तायां द्वाविमौ पुरुषाधमौ ।
गृहस्थश्च निरालम्भः सारम्भ श्चैव भिक्षुकः ॥५६॥

समुद्रपर्यन्त यो सारा पृथ्वीमा दुइ किसिमका अधम–पुरूष छन्, ती हुन् अकर्मण्य (व्यवहार नजान्ने) गृहस्थ र व्यवहारी काममा लागेको संन्यासी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वाविमौ ग्रसते भूमिः सर्पो बिल शयानिव ।
राजानं चाविरोद्धारं ब्राह्मणं चाप्रवासिनम् ॥५७॥

प्वालमा बस्ने जीवलाई जस्तो साँपले खान्छ, त्यस्तै यी पृथ्वीले पनि शत्रुसँग विरोध नगर्ने राजालाई र परदेश सेवन नगर्ने ब्राम्हणलाई खान्छिन् ।

द्वे कर्मणी नरः कुर्वन् अस्मिंल्लोके विरोचते ।
अब्रुवन परुषं किञ्चिदसतोऽनर्च्चयंस्तथा ॥५८॥

मानिस यो लोकमा दुई काम गर्नाले सबैंको मन पर्ने हुन्छ, पहिला कसैसँग पनि कठोर वचन नबोल्नू र अर्को दुष्टको आदर सत्कार नगर्नू यिनै दुइले मनुष्य विशेष शोभाकोपात्र हुन्छ ।

द्वाविमौ पुरुषव्याघ्र परप्रत्यय कारिणौ
स्त्रियः कामितकामिन्यो लोकः पुजितपूजकः

कुनै अरू स्त्रीले इच्छा गरिएको पुरुषलाई इच्छा गर्ने स्त्री र अर्कोले सम्मान गरेको पुरुषलाई देखेर सम्मान गर्ने मानिस यस्ता प्रकारका यो दुवैथरी प्राणी अरुमा विश्वास गरेर मात्र हिड्ने हुन्छन्. अर्थात् इनिहरुमा आत्मनिर्णय गर्ने शक्ति हुंदैन ।

द्वाविमौ कण्टकौ तीक्ष्णौ शरीरपरिशोषिणौ ।
यश्चाधनः कामयते यश्च कुप्यत्यनीश्वरः ॥५९॥

जो निर्धन भएर पनि बहुमूल्य वस्तुको इच्छा गर्दछ र असमर्थ भएर पनि क्रोध गर्दछ, यी दुबै आफ्ना निम्ति तीखा कांडा भएर शरीरलाई सुकाउदछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वावेव न विराजेते विपरीतेन कर्मणा ।
गृहस्थश्च निरारम्भः कार्यवांश्चैव भिक्षुकः ॥६०॥

अकर्मण्य गृहस्थ र प्रपञ्चमा लागेको संन्यासी यी दुवै आफ्नू विपरीत कर्म गर्नाले शोभा पाउँदैनन् ।

द्वाविमौ पुरुषौ राजन स्वर्गस्योपरि तिष्ठतः ।
प्रभुश्च क्षमया युक्तो दरिद्रश्च प्रदानवान् ॥६१॥

हेराजन् ! यी दुई किसिमका पुरुष स्वर्ग भन्दा पनि माथिल्लो स्थान पाउँछन् जो शक्तिशाली भएर पनि क्षमा गर्ने र निर्धन भएर पनि दानदिने हुन्छ ।

न्यायागतस्य द्रव्यस्य बोद्धव्यौ द्वावतिक्रमौ ।
अपात्रे प्रतिपत्तिश्च पात्रे चाप्रतिपादनम् ॥६२॥

न्यायपूर्वक कमाएका धनका दुई दुरूपयोग (कुमार्ग) सम्झनु पर्दछ, अपात्रलाई दिनु र सत्पात्रलाई नदिनु ।

द्वावम्भसि निवेष्टव्यौ गले बध्द्वा दृढां शिलाम् ।
धनवन्तमदातारं दरिद्रं चातपस्विनम् ॥६३॥

जो धनी भएर पनि दान दिन सक्तैन र दरिद्र भएर पनि कष्ट सहन सक्तैन त्यस्ता ती दुवै किसिमका मनुष्यलाई घांटीमा ठूलो ढुङ्गा बांधी पानीमा डुबाइदिनु योग्य भने हुन्छ ।

द्वाविमौ पुरूषव्याघ्र सूर्यमण्डलभेदिनौ ।
परिव्राड् योगयुक्तश्च रणे चाभिमुखो हतः ॥६४॥

हे पुरूषसिंह ! यी दुई किसिमका पुरुषहरु सूर्यमण्डललाई भेदनगरी ऊर्ध्वगतिमा प्राप्त हुन्छन्, (ती दुई कुन हुन् तभने) योगयुक्त संन्यासी र संग्राममा शत्रुहरूको सम्मुख युद्धमा मारिएका योद्धा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रयो न्याया मनुष्याणां श्रूयन्ते भरतर्षभ ।
कनीयान् मध्यमः श्रेष्ठ इति वेदविदो विदुः ॥६५॥

हे भरतश्रेष्ठ ! मनुष्यको कार्यसिद्धिका निम्ति उत्तम, मध्यम, अधम, गरी तीन किसिमका न्यायानुकूल उपाय सुनिन्छन् यस्तो वेदवेत्ता विद्वान्हरूको भनाई छ ।

त्रिविधाः पुरुषा राजन्नुत्तमाधम मध्यमाः ।
नियोजयेद् यथावत् तां स्त्रिविधेष्वेव कर्मसु ॥६६॥

हेराजन् ! तीन किसिमका उत्तम, मध्यम र अधम मनुष्य हुन्छन्, तिनलाई यथायोग्य तीनै किसिमका काममा लगाउनु पर्दछ ।

त्रय एवाधना राजन् भार्या दास स्तथा सुतः ।
यत् ते समधिगच्छन्ति यस्य ते तस्य तद् धनम् ॥६७॥

हेराजन् ! यी तीन जना धनक अधिकारी मानिदैनन्, ती कुन् हुन् भने स्त्री, पुत्र, दास यिनले जो जति कमाउँछन् त्यो सब धन उसैको हुन्छ, जस्को अधीनमा ती रहन्छन् ।

हरणं च परस्वानां परदाराभिमर्शनम् ।
सुहृदश्च परित्यागस्त्रयो दोषाः क्षयावहाः ॥६८॥

अर्काको धन हरण अर्काकी स्त्रीसँग संसर्ग र मित्रको परित्याग यी तीनै दोषले आफ्नू क्षय गर्दछन् ।

त्रिविधं नरकस्येदं द्वारं नाशन मात्मनः ।
कामः क्रोध स्तथा लोभ स्तस्मा देतत् त्रयं त्यजेत् ॥६९॥

काम, क्रोध, लोभ, यी आफ्नू नाशगर्ने नरकका तीन ढोका हुन्, त्यसैले इनलाई त्याग गर्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वरप्रदानं राज्यं च पुत्रजन्म च भारत ।
शत्रोश्च मोक्षणं कृच्छ्रात् त्रीणि चैकं च तत्समम् ॥७०॥

हे भारत ! वरदान पाउनु, राज्यको प्राप्ति हुनु र पुत्रजन्म यी तीन कुरा एकतर्फ र शत्रुको कष्टमय बन्धनबाट छुटनु एकतर्फ राखेर तौल्यो भने दुवै बराबर हुन्छन ।

भक्तं च भजमानं च तवास्मीति च वादिनम् ।
त्रीनेतांश्छरणं प्राप्तान विषमेऽपि न संत्यजेत् ॥७१॥

भक्त, सेवक र म तपाईको हूँ भन्ने तीन किसिमका शरणागत मनुष्यलाई संकट परेमा पनि नछोड्नु ।

चत्वारि राज्ञा तु महावलेन
वर्ज्यान्याहुः पण्डित स्तानि विद्यात् ।
अल्पप्रज्ञैः सह मन्त्रं न कुर्या-
न्नदीर्घसूत्रै रभसैश्चारणैश्च ॥ ७२ ॥

पराक्रमी राजाले थोरै बुद्धि भएको, जुंसो, हत्पते र गुणगान मात्र गर्ने यस्ता सित गोप्य कुरा गर्न हुंदैन, र यी चारवटालाई त्याग्नुपर्छ भन्ने कुरा विद्वानले जान्नु पर्दछ ।

चत्वारि ते तात गृहे वसन्तु श्रियाभिजुष्टस्य गृहस्थधर्मे ।
वृद्धो ज्ञातिरवसन्नः कुलीनः सदादरिद्रो भगिनी चानपत्या

हे बाबू ! गृहस्थ धर्ममा स्थित तपाई जस्ता लक्ष्मीवानका घरमा यी चार प्रकारका मनुष्य सदा रहनु पर्दछ, जस्तो कि आफ्नू कर कुटुम्ब मध्येको बूढो, संकटमा परेको उच्च कुलको मनुष्य, धनहीन मनुष्य र सन्तान नभएकी दिदी वैन्ही ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चत्वार्याह महाराज, साद्यस्कानि बृहस्पतिः ।
पृच्छते त्रिदशेन्द्राय तानीमानि निबोध मे ॥७४॥

हे महाराज ! इन्द्रले सोधेको वेलामा वृहस्पतिले जुन चार कुरालाई तत्कालमा फल दिने वताएका थिए ती मबाट सुन्नुहोस् ।

देवतानां च संकल्प मनुभावं च धीमताम् ।
विनयं कृतविद्यानां विनाशं पापकर्मणाम् ॥७५॥

देवताका संकल्प, बुद्धिमान्हरुका प्रभाव, विद्वान्हरुको नम्रता र पापीहरुको विनाश ।

चत्वारि कर्माण्यभयंकराणि ।
भयं प्रयच्छन्त्ययथाकृतानि ।
मानाग्निहोत्रमुत मानमौनं
मानेनाधीतमुत मानयज्ञ ॥ ७६ ॥

चार कर्म भ यलाई हटाउँछन्, तर राम्रो तरीकाले भएनन् भने तिनै चार कुरा डर दिने हुन्छन्, ती कर्म यी हुन्, आदरका साथ गरिने अग्निहोत्र, आदरपूर्वक मौनको पालन, आदरपूर्वकको स्वाध्याय र आदरपूर्वकको यज्ञानुष्ठान ।

पञ्चाग्नयो मनुष्येण परिचर्याः प्रयत्नतः ।
पिता माताग्निरात्मा च गुरुश्च भरतर्षभ ॥७७॥

हे भरतश्रेष्ठ ! मनुष्यले पिता, माता, अग्नि, आत्मा र गुरू यी पांच अग्निलाई ठूलो यत्नले सेवा गर्नु पर्दछ ।

पञ्चैव पुजयँल्लोके यशः प्राप्नोति केवलम् ।
देवान् पित्तृन् मनुष्यांश्च भित्तूनतिथिपञ्चमान् ॥७८॥

देवता, पित्तृ, मनुष्य, भित्तु र अतिथि यी पाँचको पूजा गर्ने मनुष्य शुद्ध कीर्ति प्राप्त गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्च त्वानुगमिष्यन्ति यत्र यत्र गमिष्यसि।
मित्राण्यमित्रा मध्यस्था उपजीव्योपजीविनः ॥७६॥

हे महाराज ! तपाईं जहाँ जहाँ जानुहुन्छ, तहाँ तहाँ मित्र, शत्रु, उदासीन, आश्रयदिने पुरुष र आश्रयलिने पनि मौजूद हुन्छन्।

पञ्चेन्द्रियस्य मर्त्यस्य छिद्रं चैदेकमिन्द्रियम्।
ततोऽस्य स्रवति प्रज्ञा दृतेः पात्रादिवोदकम् ॥८०॥

पाँच ज्ञानेन्द्रिय भएका पुरुषको यदि कुनै एक इन्द्रिय पनि दोष युक्त भएमा उसको बुद्धि त्यतैबाट बाहिर बाहीरै निस्कन्छ, जस्तो भाँडामा राखेको पानी छेदबाट क्रमश बाहिर निस्कन्छ।

षड् दोषाः पुरुषेणेह हातव्या भूतिमिच्छता।
निद्रा तन्द्रा भयं क्रोध आलस्यं दीर्घसूत्रता ॥८१॥

उन्नति चाहने पुरुषले नीद, तन्द्रा, डर, क्रोध, अल्छिपना, जुम्स्याईं यी छ दुर्गुण त्याग्नु पर्दछ।

षडिमान् पुरुषो जह्यात् भिन्नां नावमिवार्णवे।
अप्रवक्तारमाचार्य मनधीयान मृत्विजम् ॥८२॥
अरक्षितारं राजानं भार्यां चाप्रियवादिनीम्।
ग्रामकामं च गोपालं वनकामं च नापितम् ॥८३॥

जस्तो समुद्रमा घुमने मानिसले छिद्र भएको नाउलाई छोड्दछन् त्यस्तै उपदेश नदिने आचार्य, मन्त्रोच्चारण नगर्ने होता, रक्षा गर्न नशक्ने राजा, कठोर वचन बोल्ने स्त्री, गाउँमा रहन इच्छा गर्ने ग्वाला र वनमा बस्न चाहने नाऊलाई छोड्नु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षडेव तु गुणाः पुंसा न हातव्या कदाचन ।
सत्यं दानमनालस्यमनसूया क्षमा धृतिः ॥८४॥

मनुष्यले कैले पनि सत्य, दान, जाँगर, अनसूया, (गुणमा दोष देखाउने प्रवृत्तिको अभाव) क्षमा, धैर्य यी छ गुणलाई त्याग गर्नु हुंदैन ।

अर्थागमो नित्यमरोगिता च
प्रिया च भार्या प्रियवादिनी च ।
वश्यश्च पुत्रोऽर्थकरी च विद्या
षड् जीवलोकस्य सुखानि राजन् ॥८५॥

हेराजन् ! धनको प्राप्ति हुनु, नित्य निरोग हुनु, अनुकूल र प्यारो बोल्ने स्त्री हुनु, आज्ञामान्ने पुत्र हुनु, धन कमाउने विद्या हुनु, यी छ कुरा मनुष्यलोकमा सुखदिने साधन हुन् ।

षण्णामात्मनि नित्यानां मैश्वर्यं योऽधिगच्छति ।
न स पापैः कुतोऽनर्थैं र्युज्यते विजितेन्द्रियः ॥८६॥

जुन पुरुष आफ्नू मनमा रहने काम क्रोधादि छ शत्रुलाई वश गर्दछ, त्यो जितेन्द्रिय पुरुष पापले लिप्त हुंदैन, त्यसबाट हुने अनर्थको ता कुरै पर रहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षडिमे षट्सु जीवन्ति सप्तमो नोपलभ्यते ।
चोराः प्रमत्ते जीवन्ति व्याधितेषु चिकित्सकाः ॥८७॥
प्रमदाः कामयानेषु यजमानेषु याजकाः ।
राजा विवदमानेषु नित्यं मूर्खेषु पण्डिता ॥८८॥

छ किसिमका मनुष्य, छ किसिमका मनुष्यबाट आफ्नू जीविका चलाउँछन् सातौंको उपलब्धि नै हुँदैन ती दुवै हुन् चोर असावधान पुरुषबाट, वैद्य रोगीबाट, कामोन्मतस्त्रीहरू कामीपुरुषबाट, पुरोहित यजमानबाट, राजा झगडागर्ने पुरुषबाट पण्डितहरू मूर्खबाट ।

षडिमानि विनश्यन्ति मुहूर्तमनवेक्षणात् ।
गावःसेवा कृषि र्भार्या विद्या वृषलसंगतिः ॥८९॥

दुई घडी पनि रेखदेख नगरेमा गाई, सेवा, खेती, स्त्री, विद्या र शूद्रसँगको मेल यी छ कुरा नष्ट हुन्छन् ।

षडेते ह्यवमन्यन्ते नित्यं पूर्वोपकारिणम् ।
आचार्यं शिक्षिताः शिष्याः कृतदाराश्च मातरम् ॥९०॥
नारीं विगतकामास्तु कृतार्थाश्च प्रयोजकम् ।
नावंनिस्तीर्णकान्तारा आतुराश्च चिकित्सकम् ॥९१॥

यी छ थरी मानिस आफ्नू पैले उपकार गर्ने व्यक्तिको पनि समान गर्दैनन्, शिक्षा समाप्त भएपछी शिष्यले गुरुको, विवाह गरेको छोरो आमाको, कामवासना शान्ति भएपछि पुरुष स्त्रीको, काम भैशके पछी मनुष्य सहायकको, नदीपार गरेको पुरुष नाऊको, र रोगी पुरुष रोग छुटे पछी वैद्यको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आरोग्य मानृण्यमविप्रवासः
सद्भिर्मनुष्यैः सह सम्प्रयोगः ।
स्वप्रत्ययावृत्ति रभीतवासः
षड् जीवलोकस्य सुखानि राजन् ॥६२॥

हे राजन् ! निरोगी हुनु, ऋणी नहुनु, परदेशमा नरहनु, भलादमीहरुसँग मेल मिलाप हुनु, आफ्नू वृत्तिले खानपुग्नु र निडर भै रहनु यी छ मनुष्य लोकका सुख हुन् ।

ईर्ष्यी घृणी नसंतुष्टः क्रोधनो नित्यशङ्कितः ।
परभाग्योपजीवी च षडेते नित्यदुखिताः ॥६३॥

डाहगर्ने, घृणागर्ने, असन्तोषी, रिसाहा, सदा शङ्कागर्ने अरूको भाग्यमा जीवन निर्वाह गर्ने, यी छ किसिमका पुरुष सदा दुःखी नै रहन्छन् ।

सप्तदोषाः सदा राज्ञा हातव्या व्यसनोदयाः ।
प्रायशो यै र्विनश्यन्ति कृतमूला अपीश्वराः ॥६४।
स्त्रियोऽक्षा मृगया पानं वाक्पारुष्यं च पञ्चमम् ।
महच्च दण्डपारुष्यमर्थदूषणमेव च ॥६५॥

राजाले स्त्री विषयक आसक्ति, जुवा, शिकार, मध्यपान, कठोरवचन, कठोर दण्ड, र धनको दुरूपयोग यी सात दुःखदायी दोषलाई त्याग गर्नु पर्दछ, यसले ठुलठुला राजा पनि प्रायः नष्ट हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टौ पूर्व निमित्तानि नरस्य विनशिष्यतः ।
ब्राम्हणान् प्रथमं द्वेष्टि ब्राम्हणैश्च विरुध्यते ॥९६॥
ब्राम्हणस्वानि चादत्ते ब्राम्हणांश्च जिघांसति ।
रमते निन्दया चैषां प्रशंसां नाभिनन्दति ॥९७॥
नैनान् स्मरति कृत्येषु याचित श्चाभ्यसूयति ।
एतान् दोषान् नरःप्राज्ञो बुध्येत् बुद्ध्या विसर्जयेत्॥९८॥

विनाशको मुखमा परेका मनुष्यको आठ किसिमका चिन्ह पैले देखिन्छन् पैला ब्राम्हणसंग द्वेष गर्नु, दोस्रो उनैसँग भै झगडा गर्न थाल्नु तेस्रो ब्राम्हणको धन हडप गर्नु, चौथो उनैलाई मार्न चाहनु, पाँचौं ब्राम्हणको निन्दामा आनन्द मान्नु, छैटो, उनको प्रशंसा सुन्नै नसक्नु, सातौं यज्ञ यागादिमा उनको स्मरणतक नगर्नु, आठौं ब्राम्हणले केही मागेमा उनलाई रूखो वचनले फटकार्नु र आक्षेप गर्नु, यी सबै दोषलाई बुद्धिमान्ले राम्रोसँग सम्झी त्याग्नु पर्छ ।

अष्टाविमानि हर्षस्य नवनीतानि भारत ।
वर्तमानानि दृश्यन्ते तान्येव स्वसुखान्यपि ॥९९॥
समागमश्च सखिभिर्महाँश्चैव धनागमः ।
पुत्रेण च परिष्वङ्गः संनिपातश्च मैथुने ॥१००॥
समये च प्रियालापः स्वयूथ्येषु समुन्नतिः ।
अभिप्रेतस्य लाभश्च पूजा च जनसंसदि ॥१०१॥

हे भारत ! मित्रहरुसँग समागम, धेरै धनको प्राप्ति, पुत्रको आलिङ्गन, मैथुनमा सँलग्न हुनु, समयमा प्रिय वचन बोल्नु, आफ्ना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्गका मनुष्यमा उन्नति हुनु, इच्छा लागेको वस्तुको प्राप्तिहुनु, र जन समाजमा सम्मान हुनु, यी आठ हर्षका नौनी समान सार हुन् र लौकिक सुखका साधन हुन् ।

अष्टौ गुणाः पुरुषं दीपयन्ति
प्रज्ञा च कौल्यं च दमः श्रुतं च ।
पराक्रमश्चाबहुभाषिता च
दानं यथा-शक्ति कृतज्ञता च ॥१०२॥

बुद्धि, कुलीनता, इन्द्रिय निग्रह, शास्त्रज्ञान, पराक्रम, धेरै नबोल्नु, शक्ति अनुसार दान दिनु, र कृतज्ञता यी आठ गुण पुरूषको ख्याति बढाउँछन् ।

नवद्वारमिदं वेश्म त्रिस्थूणं पञ्चसाक्षिकम् ।
क्षेत्रज्ञाधिष्ठितं विद्वान् यो वेद स परः कविः ॥१०३॥

जुन विद्वान्, नौ ढोका, तीन खंबा, पांच साक्षी भएको आत्माको निवासस्थान शरीररूपी घरलाई जान्दछ, त्यो ठूलो ज्ञानी हो ।

दश धर्मं न जानन्ति धृतराष्ट्र निबोध तान् ।
मत्तः प्रमत्त उन्मत्तः श्रान्तः क्रुद्धो बुभुक्षितः ॥१०॥
त्वरमाणश्च लुब्धश्च भीतः कामी च ते दश ।
तस्मादेतेषु सर्वेषु न प्रसज्जेत पण्डितः ॥१०५॥

हे महाराज धृतराष्ट्र ! दश किसिमका मनुष्यहरू धर्मको तत्व जान्दैनन्, तिनको नाम सुन । नशा खाने, असावधान, बोलाहा, थाकेको, क्रोधी, भोकाएको, हडवडे, लोभी, डरछेरूवा, कामी इनी सँग विद्वान् पुरूषले आसक्त नहुनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अत्रैवोदाहरन्तीममितिहासं पुरातनम् ।
पुत्रार्थमसुरेन्द्रेण गीतं चैव सुधन्वना ॥१०६॥

यस विषयमा असुरका राजा प्रल्हादले सुधन्वाका साथ आफ्ना पुत्रलाई केही उपदेश दिएका थिए, नीतिज्ञ मनुष्यहरू त्यो पुरानु इतिहासको उदाहरण दिन्छन् ।

यः काममन्यू प्रजहाति राजा
पात्रे प्रतिष्ठापयते धनं च ।
विशेषविच्छ्रुतवान् क्षिप्रकारी
तं सर्वलोकः कुरुते प्रमाणम् ॥१०७॥

जुन राजा काम र क्रोधलाई त्याग गर्दछ, सुपात्रलाई धन दिन्छ, विशेषज्ञ र शास्त्रमा सिपालु छ, कर्तव्यकर्म चाँडै नै पूरा गर्दछ, त्यस्तालाई सबै मनुष्य प्रमाण मान्दछन् ।

जानाति विश्वासयितुं मनुष्यान् ।
विज्ञात-दोषेषु दधाति दण्डम् ॥
जानाति मात्रां च तथा क्षमां च ।
तं तादृशं श्रीर्जुषते समग्रा ॥१०८

जो मनुष्यमा विश्वास उत्पन्न गराउन सक्तछ, जसको अपराध प्रमाणित भएको छ उसैलाई मात्र दण्ड दिन्छ, जो दण्ड दिनेमा धेरै र थोरैको मात्रा मिलाउन जान्दछ र क्षमाको उपयोग गर्न जान्दछ, त्यस्ता राजाको सेवामा सधैं लक्ष्मी आउँछिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुदुर्वलं नावजानाति कंचिद् ।
युक्तो रिपुं सेवते बुद्धिपूर्वम् ॥
न विग्रहं रोचयते वलस्थैः ।
काले च यो विक्रमते स धीरः ॥१०६॥

जो कुनै दुर्वलको अपमान गर्दैन, सदा सावधान रही शत्रुका साथ बुद्धिपूर्वक व्यवहार गर्दछ, वलबानका साथ युद्ध पसन्द गर्दैन र समय आएमा पराक्रम देखाउँछ त्यही नै धीर हो ।

प्राप्याऽऽपदं न व्यथते कदाचिद् ।
उद्योग मन्विच्छति चाप्रमत्तः ॥
दुःखं च काले सहते महात्मा ।
धुरन्धरस्तस्य जिताः सपत्नाः ॥११०॥

जो धुरन्धर महापुरूष आपत्ति परेमा पनि दुःखी हुँदैन, सावधान रही उद्योगको आश्रय लिन्छ, फेरी मौकामा दुःख पनि सहन शक्छ त्यस्ताका शत्रु त्यसै पराजित हुन्छन् ।

अनर्थकं विप्रवासं गृहेभ्यः
पापैः सन्धिं परदाराऽभिमर्शम् ।
दम्भं स्तैन्यं पैशुनं मद्यपानं
न सेवते यश्च सुखी सदैव ॥१११॥

जो घर छोडी निरर्थक विदेशवास, पापीहरुसँग मेल, परस्त्री गमन, पाखण्ड, चोरी, चुक्ली र मदिरापानको सेवन गर्दैन, त्यो सदा सुखी रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न संरम्भेणाऽऽरभते त्रिवर्ग-
माकारितः शंसति तत्त्वमेव ।
न मित्रार्थे रोचयते विवादं
नापूजितः कुप्यति चाप्यमूढ ॥११२॥

न योऽभ्यसूय त्यनुकम्पते च
न दुर्बलः प्रातिभाव्यं करोति ।
नात्याह किंचित् क्षमते विवादं
सवत्र तादृग् लभते प्रशंसाम ॥११३॥

जो हडवड़का साथ धर्म, अर्थ, कामको आरम्भ गर्दैन, कसैले सोधेमा यथार्थ कुरा भन्दछ, मित्रसँग झगडा गर्दैन, आदर नपाए पनि कसैसँग क्रुद्ध हुंदैन, अर्काको दोष देख्दैन, सबैमा दया गर्दछ, असमर्थ भएर पनि कसैको आश्रय लिदैन, बढेर बोल्दैन, झगडालाई सहन्छ, यस्ता मनुष्य सबैतिर प्रशंसा पाउँछन् ।

यो नोद्धतं कुरुते जातु वेषं
न पौरुषेणापि विकत्थतेऽन्यान् ।
न मूर्च्छितः कटुकान्याह किंचित्
प्रियं सदा तं कुरुते जनो हि ॥११४॥

जो कैले पनि आफ्नू वेषलाई उद्दण्ड बनाउँदैन, जो अरुका अगाडि आफ्नू पराक्रमको तारीफ गर्दैन, जो रीसले व्याकुल भएमा पनि कठोर वचन् बोल्दैन, त्यस्तो मनुष्यलाई सबैजना प्यारो गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न वैरमुद्दीपयति प्रशान्तं
न दर्पमारोहति नास्तमेति ।
न दुर्गतोऽस्मीति करोत्यकार्यं
तमार्यशीलं परमाहुरार्याः ॥११५॥

जो शान्त भएको वैरभावको आगोलाई फेरी प्रज्वलित गर्दैन, जो सेखी गर्दैन र हीनता देखाउँदैन, जो म विपत्तिमा परेको छू भन्ने सम्झी अनुचित काम गर्दैन, त्यो उत्तम आचरण गर्ने पुरुषलाई आर्यजन सर्वश्रेष्ठ भन्दछन् ।

न स्वे सुखे वै कुरुते प्रहर्षं
नान्यस्य दुःखे भवति प्रहृष्टः ।
दत्वा न पश्चात् कुरुतेऽनुतापं
स कथ्यते सत्पुरुषार्यशीलः ॥११६॥

जो आफ्नू सुखमा पनि ज्यादा प्रसन्न हुँदैन जो अरूको दुःखमा हर्ष मान्दैन, जो दान दिएर पश्चाताप गर्दैन, त्या सज्जनमा सदाचारी कहलाउँछ ।

देशाचारान् समयाञ्जाति धर्मान्
बुभूषते सः स परावरज्ञः ॥
स यत्र तत्राभिगतः सदैव
महाजनस्याधिपत्यं करोति ॥११७॥

जो देशको व्यवहार, समय, जातिहरूको धर्म तत्व, जान्न चाहन्छ, उसलाई सबै कुराको ज्ञान हुन्छ, त्यो जहाँ जान्छ, तहाँको जनसमूहमा त्यो आफ्नू प्रभुताको स्थापना गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दम्भं मोहं मत्सर पापकृत्यं
राजद्विष्टं पैशुनं पूगवैरम् ।
मत्तोन्मत्तै र्दुर्जनै श्चापि वादं
यः प्रज्ञावान् वर्जयेत् स प्रधानः ॥११८॥

जो बुद्धिमान् आडम्बर, मोह, रीस, डाह, पापकर्म, राजद्रोह, चुक्ल्याई, समूहसँग वैरभाव, मतवाला, पागल, दुर्जनसँग विवाद गर्दैन, त्यो सर्वश्रेष्ठ हो।

दानं होमं दैवतं मङ्गलानि
प्रायश्चित्तान् विविधान् लोकवादान्
एतानि यः कुरुते नैत्यकानि
तस्योत्थानं देवता राधयन्ति ॥११९॥

जुन पुरुष दान, होम, देवताको पूजा, माङ्गलिक कर्म, प्रायश्चित र अनेक प्रकारको लौकिक आचार, आदि नित्य गरिने योग्य कर्म गर्दछ, देवताहरू त्यसको अभ्युदय सिद्धि गर्दछन्।

समैर्विवाहं कुरुते न हीनैः
समैः सख्यं व्यवहारं कथां च।
गुणैर्विशिष्टांश्च पुरो दधाति
विपश्चित स्तस्य नयाः सुनीताः ॥१२०॥

जो आफ्नू बरबर कुलमा विवाह मित्रता, व्यवहार र कुराकानी गर्दछ, नीच पुरुषको सङ्गत गर्दैन, जो गुणवान् पुरुषलाई सदा अगाडी राख्दछ, त्यो विद्वान्को नीति असल नीति हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मितं भुङ्क्ते संविभज्याऽऽश्रितेभ्यो
मितं स्वपित्यमितं कर्म कृत्वा ।
ददात्यमित्रेष्वपि याचितं सं—
स्तमात्मवन्तं प्रजहात्यनर्थाः ॥१२१॥

जो आफ्नो आशा गर्नेहरुलाई बाँडी थोरै भए पनि भोजन गर्दछ, धेरै काम गरेर पनि थोरै सुत्दछ, जो मागे पछि मित्र नहोस तापनि धन दिन्छ, त्यस्तो मनस्वी पुरुषलाई सारा अनर्थले छोडी दिन्छन् ।

चिकीर्षितं विप्रकृतं च यस्य
नान्ये जनाः कर्म जानन्ति किंचित् ।
मन्त्रे गुप्ते सम्यगनुष्ठिते च
नाल्पोऽप्यस्य च्यवते कश्चिदर्थः ॥१२२॥

जस्को आफ्नू इच्छाको अनुकूल र अरूका इच्छाको विरूद्ध कर्म कसैले जान्न शक्तैन, फेरी त्यसरी मन्त्र गुप्त राख्नाले र काम ठीक ठीक गर्नाले उसको सानु काम पनि विघ्न पाउँदैन ।

यः सर्वभूतप्रशमे निविष्टः
सत्यो मृदुर्मानकृच्छुद्धभावः ।
अतीव स ज्ञायते ज्ञातिमध्ये
महामणि र्जात्य इव प्रसन्नः ॥१२३॥

जुन मनुष्य सबैलाई शान्तिगर्न तत्पर, सत्यवादी,कोमल,-अरुलाई आदर गर्ने, पवित्र विचार भएको छ त्यो राम्रो खानीबाट निस्केको चंकने असल रत्न झैं आफ्नू जातिमा प्रसिद्धि प्राप्त गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

य आत्मनाऽपत्रपते भृशं नरः
स सर्वलोकस्य गुरु र्भवत्युत ।
अनन्ततेजाः सुमनाः समाहितः
स तेजसा सूर्य इवावभासते ॥१२४॥

जो स्वयं धेरै लज्जाशील छ, त्यो सबैमा असल सम्झिन्छ, त्यो आफ्नू अनन्ततेज, शुद्ध हृदय र एकाग्रताले युक्त भै सूर्य समान शोभा पाउँछन् ।

वने जाताः शापदग्धस्य राज्ञः
पाण्डोः पुत्राः पञ्च पञ्चेन्द्रकल्पाः ।
त्वयैव बाला वर्धिताः शिक्षिताश्च
तवादेशं पालयन्त्याम्बिकेय ॥१२५॥

हे अम्बिकानन्दन ! शापले दग्ध राजा पाण्डुका पाँच पुत्र वनमा उत्पन्न भए, ती पाँच इन्द्र समान शक्तिशाली छन्, तिनलाई केटाकेटीमा तपाईंले नै पाल्नु भो र शिक्षा पनि दिनुभो तिनीहरू पनि तपाईंका आज्ञाको पालन गर्दै रहेका छन् ।

प्रदायैषामुचितं तात राज्यं
सुखी पुत्रैः सहितो मोदमानः ।
न देवानां नापि च मानुषाणां
भविष्यसि त्वं तर्कणीयो नरेन्द्र ॥१२६॥

हे महाराज ! उनलाई न्यायोचित राज्यभाग दिई तपाईं आफ्ना पुत्रका साथ आनन्दसित सुखभोग गर्नुहोस्, हे नरेन्द्र ! यसो गरेमा तपाईं देवता र मनुष्यहरुका आलोचनाको विषय बन्नुहुने छैन ।

इति, अध्याय ३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[३४] अध्याय

धृतराष्ट्र भन्दछन् ।

जाग्रतो दह्यमानस्य यत् कार्यमनुपश्यसि ।
तद् ब्रूहि त्वं हि न स्तात धर्मार्थकुशलो ह्यसि ॥१॥

धृतराष्ट्र भन्दछन् । हेबाबू ! चिन्ताले जलेको। म ऐलेसम्म जागा नै छु। तिमी मैले गर्न योग्य जे काम संम्झन्छौ, त्योभन किनभने हामीहरूमध्ये तिमी धर्म र अर्थको ज्ञानमा निपुण छौ ।

त्वं मां यथावद् विदुर प्रशाधि
प्रज्ञापूर्वं सर्व मजातशत्रोः ।
यन्मन्यसे पथ्य मदीन-सत्व ।
श्रेयस्करं ब्रूहि तद् वै कुरुणाम् ॥ २

हे उदार चित्त विदुर ! तिमी आफ्नू बुद्धिले विचारगरी मलाई ठीक ठीक उपदेश गर, जुन कुरा युधिष्ठिरलाई हितगर्ने र कौरवहरूलाई हितगर्ने सम्झन्छौ ।

पापाशङ्की पापामेवानुपश्यन्
पृच्छामि त्वां व्याकुलेनाऽऽत्मनाहम् ।
कवे ! तन्मे ब्रूहि सर्वं यथाव-
न्मनीषितं सर्वमजातशत्रोः ॥ ३ ॥

हे कवि ! म मनमा अनिष्टको आशङ्का गर्दै सर्वत्र अनिष्ट नै देख्दछु, व्याकुल हृदयले तिमीलाई सोद्धछु, अजातशत्रु युधिष्ठिर के चाहन्छन् ? त्यो सबै बताऊ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर उवाच । विदुर भन्दछन् ।

शुभं वा यदि वा पापं द्वेष्यं वा यदि वा प्रियम् ।
अपृष्ट स्तस्य तद् ब्रूयाद् यस्य नेच्छेत् पराभवम् ।।४।।

हे राजन् ! मनुष्य जस्को खराव चाहदैन, उसले न सोधे पनि उसको असल, खराव, कल्याण गर्ने र अनिष्ट गर्ने कुराहरू सबै उसलाई भन्नै पर्छ ।

तस्माद् वक्ष्यामि ते राजन्! हितं यत्स्यात् कुरून् प्रति ।
वचः श्रेयस्करं धर्म्यं ब्रुवतस्तन्निवोध मे ।। ५ ।।

हेराजन् ! जे गर्नाले सबै कौरवको हित हुन्छ, म त्यही भन्दछु, मैले भनेको कल्याणकारी धर्मयुक्त वचन ध्यान दिएर सुन्नुहोस् ।

मिथ्योपेतानि कर्माणि सिध्देयुर्यानि भारत: ।
अनुपाय-प्रयुक्तानि मा स्म तेषु मनः कृथाः ।। ६ ।।

हे भारत ! असत् (जूवा आदि) उपायद्वारा जुन कपट पूर्ण कार्य सिद्ध भएका छन्, त्यसमा मन नलगाउनुहोस् ।

तथैव योगविहितं यत्तु कर्म न सिध्यति ।
उपाययुक्तं मेधावी न तत्र ग्लपयेन्मनः ।। ७ ।।

यस्तै राम्रो उपायले सावधानीका साथ गरेको कर्म पनि सफल हुँदैन भने त्यसमा पनि बुद्धिमान् पुरुषले मनमा ग्लानि गर्नु हुंदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुबन्धानपेक्षेत सानुबन्धेषु कर्मसु ।
संप्रधार्य च कुर्वीत न वेगेन समाचरेत् ॥ ८॥

कुनै प्रयोजनले गरेको कममा पैले प्रयोजन सम्झनु पर्दछ, अनि खूब बिचार गरी त्यो काम गर्नु पर्दछ, हड्बडीले कुनै काम गर्नु हुंदैन ।

अनुबन्धं च सम्प्रेक्ष्य विपाकं चैव कर्मणाम् ।
उत्थान मात्मन श्चैव धीरः कुर्वीत वा न वा ॥ ९ ॥

धीर पुरूषले पैले कर्मको प्रयोजन, परिणाम र आफ्नू उन्नतिको विचार गरेर मात्र कामको आरम्भ गर्ने वा नगर्ने निर्णय गर्नुपर्छ ।

यः प्रमाणं न जानाति स्थाने वृद्धौ तथा क्षये ।
कोशे जनपदे दण्डे न स राज्येऽवतिष्ठते ॥ १० ॥

जुन राजा स्थिति, लाभ, हानि, ढुकुटी, देश, दण्ड, आदिको व्यवस्था गर्न जान्दैन, त्यो राज्यमा स्थिर रहन शक्तैन ।

य स्त्वेतानि प्रमाणानि यथोक्तान्यनुपश्यति ।
युक्तो धर्मार्थयोर्ज्ञाने सराज्यमधिगच्छति ॥ ११ ॥

जो स्थिति लाभ आदिको प्रमाणलाई ठीक ठीक जान्दछ त्यो धर्म अर्थको ज्ञानमा दत्तचित्त रहन्छ र राज्य प्राप्त गर्दछ ।

न राज्यं प्राप्तमित्येव वर्तितव्यमसांप्रतम् ।
श्रियं ह्यविनयो हन्ति जरा रुपमिवोत्तमम् ॥ १२ ॥

अबता राज्यप्राप्त भो भनी अनुचित व्यवहार गर्नु हुदैन, उद्दण्डताले संपत्तिलाई त्यसरी नाश गर्दछ, जसरी सुन्दररूपलाई बुढ्याईले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ष्योत्तंम प्रतिच्छन्नं मत्स्यो बडिशमायसम् ।
लोभाभिपाती ग्रसते नानुबन्धमवेक्षते ॥ १३ ॥

माछो खानेकुराले ढाकेको फलामको बल्छी नदेखी लोभमा परी निल्दछ, तर त्यसबाट हुने खराब परिणाम विचार गर्दैन ।

यच्छक्यं ग्रसितुं ग्रस्यं ग्रस्तं परिणमेच्च यत् ।
हितं च परिणामे यत् तदाद्यं भूतिमिच्छता ॥ १४ ॥

आफ्नु उन्नति चाहने पुरुषले जुन कुरा खान योग्य छ, र खान शकिन्छ खाएपछी पच्दछ र परिणाममा हितकर छ त्यै कुरा खानु पर्दछ ।

वनस्पतेरपक्वानि फलानि प्रचिनोति यः ।
स नाप्नोति रसं तेभ्यो बीजं चास्य विनश्यति ॥ १५ ॥

जो रूखबाट काँचाफल तोड्दछ, त्यसले त्यो फलको रस पाउन शक्तैन, र उल्टो बिउको पनि नाश हुन्छ ।

यस्तु पक्वमुपादत्ते काले परिणतं फलम् ।
फलात् रसं स लभते बीजाच्चैव फलं पुनः ॥ १६ ॥

परन्तु जो समयमा पाकेको फल लिन्छ, त्यो फलको रस पनि पाउँदछ र बिउबाट फेरि फल पनि पाउँछ ।

यथा मधु समादत्ते रक्षन् पुष्पाणि षट्पदः ।
तद्वदर्थान् मनुष्येभ्य आदद्यादविहिंसया ॥ १७ ॥

जस्तो भमराले फुलको रक्षागरी मह मात्र लिन्छ, त्यस्तै राजाले पनि प्रजाहरूलाई कष्ट नदिई धन लिनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुष्पं पुष्पं विचिन्वीत मूलच्छेदं न कारयेत् ।
मालाकार इवारामे न यथाङ्गारकारकः ॥ १८ ॥

जस्तो माली वगैंचाको एक एक फुल तोड्दछ तर उसको जड् काट्दैन, त्यसैगरो राजाले पनि प्रजाको रक्षागरेर नै कर लिनू पर्दछ गोल बनाउने कामीलेझैं जडैदेखो काट्नु हुंदैन, ।

किन्नु मे स्यादिदं कृत्वा किन्नु मे स्यादकुर्वतः ।
इति कर्माणि संचिन्त्य कुर्यात् वा पुरुषो न वा ॥ १९ ॥

यो गर्नाले मलाई के लाभ हुन्छ ? यो नगर्नाले मलाई के हानीहुन्छ ? भन्ने कुराको विचार गरो कर्मरोस वा नगरोस् . ?

अनारभ्या भवन्त्यर्थाः केचिन्नित्यं तथा गताः ।
कृतः पुरुषकारो हि भवेद् येषु निरथकः ॥ २० ॥

कुनै त्यस्ता काम छन् जो सदा असाध्य हुनाले आरम्भ नैं योग्य छैनन् तिनका निम्ति गरेको पुरुषार्थ सदा व्यर्थ हुन्छ ।

प्रसादो निष्फलो यस्य क्रोधश्चापि निरर्थकः ।
न तं भर्तारमिच्छन्ति षण्ढं पतिमिव स्त्रियः ॥ २१ ॥

जसका प्रसन्नताको कुनै फल छैन, र क्रोधपनि व्यर्थ छ, त्यस्तालाई प्रजाहरु स्वामी बनाउन चांहदैनन् जस्तो स्त्री नपुंसक पति वनाउँन चाहदिन,

कांश्चिदर्थान् नरः प्राज्ञो लघुमूलान् महाफलान् ।
क्षिप्रमारभते कर्तुं न विघ्नयति तादृशान् ॥ २२ ॥

जसको भूल (साधन) सानु र फल ठूलो छ, त्यस्तो काम बुद्धिमान् पुरुष चाडै नै आरम्भ गर्छन् र काममा विघ्न आउँन पनि दिदैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋजु पश्यति यः सर्वं चक्षुषानुपिबन्निव:।
आसीनमपि तूष्णीकमनुरज्यन्ति तं प्रजा: ॥ २३ ॥

जुन राजा प्रेमको साथ कोमल दृष्टिले हेर्दछ, मानू प्रेमो आँखाले पिउन चाहन्छ,। त्यो राजा चुपचाप बसे पनि प्रजाले अनुराग राख्दछन्।

सुपुष्पितः स्यादफल: फलितःस्यात् दुरारुहः।
अपक्वः पक्वसंकाशो न तु शीर्येत कर्हिचित् ॥ २४ ॥

राजा फुलले ढकमक्क भयेको अग्लो वृक्ष जस्तो होस् तर सहसा फल देखिने नहोस्, फल देखिये पनि झट्ट उसमा पुगेर फल टिपन शकिने न होस्, फल काँचो भये पनी रङ्गमा परीपक्व भये जस्तो देखियोस्, आफूलाई त्यसतो देखाउन शक्ने राजा कहिल्यै नष्टहुंदैन।

चक्षुषा मनसा वाचा कर्मणा च चतुर्विधम्।
प्रसादयति यो लोकं तं लोकोऽनुप्रसीदति ॥ २५ ॥

जो राजा नजर, मन, वाणी, कर्म, ई चारै कुरा ले प्रजालाई प्रसन्न गर्दछन्, त्यो राजा देखी प्रजापनि प्रसन्न रहन्छन्।

यस्मात् त्रस्यन्ति भूतानि मृगव्याधान्मृगा इव।
सागरान्तामपि महीं लब्ध्वा स परिहीयते ॥ २६ ॥

जस्तो व्याधादेखी मृग भयभीत हुन्छन् त्यस्तै जुन राजा देखी सवै प्राणी डर्दछन् त्यस्ताले समुद्र पर्यन्त पृथ्वीको राज्य पाये पनि प्रजाहरुले त्याग्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पितृपैतामहं राज्यं प्राप्तवान् स्वेन कर्मणा ।
वायुरभ्रमिवाऽऽसाद्य भ्रंशयत्यनये स्थितः ॥ २७ ॥

अन्यायमा प्रवृत्त भयेको राजा बाबु बाजेको राज्य पायेर पनि आफ्नु कर्मले नष्ट भ्रष्ट गर्दछ जस्तो हावाले बादल लाई छिन्न भिन्न गर्दछ ।

धर्ममाचरतो राज्ञः सद्भिश्चरितमादितः ।
वसुधा वसुसम्पूर्णा वर्धते भूतिवर्धिनी ॥ २८ ॥

परंपरा देखि सज्जन पुरुषद्वारा गरियेको धर्माचरण गर्ने राजाको धन धान्यले पूर्ण भयेकी पृथिवीले ऐश्वर्य बढाउँछिन्

अथ संत्यजतो धर्ममधर्मं चानुतिष्ठतः ।
प्रतिसंवेष्टते भूमिरग्नौ चर्माहितं यथा ॥ २९ ॥

जो राजा धर्मछोडो अधर्मको अनुसरण गर्दछ, उसको राज्य भूमि आगोमा राखेको छाला झैं संकुचित हुँदै जान्छ ।

य एव यत्नः क्रियते परराष्ट्रविमर्दने ।
स एव यत्नः कर्तव्यः स्वराष्ट्र परिपालने ॥ ३० ।

अर्काको राष्ट्र नाश गर्नलाई जस्तो प्रयत्न गर्नु पर्दछ, त्यस्तै तत्परताका साथ आफ्नू राज्यको रक्षा पनि गर्नु पर्दछ ।

धर्मेण राज्यं विन्देत धर्मेण परिपालयेत् ।
धर्ममूलां श्रियं प्राप्य नजहाति न हीयते ॥ ३१ ॥

धर्मले राज्य प्राप्त गरोस् र धर्मले नै रक्षा गरोस् किनभने धर्म मूलक राज्यलक्ष्मी पाए पछि न राजा उनलाई छोड्दछ, न उनी राजालाई छोड्छिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अप्युन्मत्तात् प्रलपतो बालाच्च परिजल्पतः ।
सर्वतः सारमादद्यादश्मभ्य इव काञ्चनम् ॥ ३२ ॥

निरर्थक बोल्ने, पागल र बकवाद गर्ने बालख देखी पनि सार कुरा ग्रहणगर्नु पर्दछ, जस्तो ढुङ्गा देखी सुन लियिन्छ ।

सुव्याहृतानि सूक्तानि सुकृतानि ततस्ततः ।
संचिन्वन धीर आसीत शिलाहारी शिलं यथा ॥ ३३ ॥

जस्तो शिलाखोजी जीविका गर्ने व्यक्ति एक एक दाना जम्बा गर्दछ, त्यस्तै राजाले धीर पुरुषका भावपूर्ण वचन, राम्रा उक्ति, र सत्कर्मको संग्रह गर्नु पर्दछ ।

गन्धेन गावः पश्यन्ति वेदैः पश्यन्ति ब्राम्हणाः ।
चारैः पश्यन्ति राजान श्चक्षुर्भ्यामितरे जनाः ॥ ३४ ॥

गाइहरू गन्धले, ब्राह्मणहरू वेदले, राजा गुप्तचरले र अरू साधारण मनुष्य आंखाले हेर्दछन् ।

भूयांसं लभते क्लेशं या गौर्भवति दुर्दुहा ।
अथ या सुदुहा राजन ! नैव तां वितुदन्त्यपि ॥ ३५ ॥

हे राजन् ! जुन गाई बड़ो कठिनताले दुहुन दिन्छिन् उनले धेरै कष्ट भोग्नु–पर्दछ, जो सजिलैसँग दुध दिन्छिन, उनलाई कसैले कष्ट दिदैनन् ।

यदतप्तं प्रणमति न तत् संतापयन्त्यपि ।
यच्च स्वयं नतं दारू न तत् संनमयन्त्यपि ॥ ३६ ॥

जुन धातुलाई गरम नगरी मोड्न शकिन्छ, त्यसलाई आगोमा तताउनै पर्दैन, जुन काठ आफैं झुक्दछ उसलाई झुकाउने प्रयत्न गर्नै पर्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एतयोपमया धीरः संनमेत बलीयसे ।
इन्द्राय स प्रणमते नमते यो बलीयसे ॥ ३७ ॥

यो उपमाको अनुसार बुद्धिमान् पुरुषले बलवान्को अगाडि झुक्नु पर्दछ, जो बलवान्को अगाडी झुक्दछ त्यो इन्द्रलाई प्रणाम गर्दछ ।

पर्जन्यनाथाः पशवो राजानो मन्त्रिबान्धवाः ।
पतयो बान्धवाः स्त्रीणां ब्राम्हणा वेदबान्धवाः ॥ ३८ ॥

पशुहरुको स्वामी बादल हुन् राजाहरुको सहायक मन्त्री हुन्, स्त्रीहरुको बन्धु (रक्षक) पति हुन्, ब्राम्हणहरुको बान्धव वेद हो ।

सत्येन रक्ष्यते धर्मो विद्या योगेन रक्ष्यते ।
मृजया रक्ष्यते रूपं कुलं वृत्तेन रक्ष्यते ॥ ३९ ॥

सत्यले धर्मको रक्षा हुन्छ, योगले विद्याको रक्षा हुन्छ, सफाईले रूपको रक्षा हुन्छ, सदाचारले कुलको रक्षा हुन्छ ।

मानेन रक्ष्यते धान्यमश्वान रक्षत्यनुक्रमः ।
अभीक्ष्ण दर्शनं गाश्च स्त्रियो रक्ष्याः कुचैलतः ॥ ४० ॥

राम्रोसँग समाली राख्नाले अनाजको रक्षा हुन्छ, फेरनाले घोडाको रक्षा हुन्छ, बारम्बार हेरनाले गाईको रक्षा र मैलो कपड़ाले स्त्रीहरुको रक्षा हुन्छ ।

न कुलं वृत्तहीनस्य प्रमाणमिति मे मतिः ।
अन्तेष्वपि हि जातानां वृत्तमेव विशिष्यते ॥४१॥

मेरो विचारमा ता सदाचारले हीन मनुष्यको खाली ठुलो कुल मात्र मान्य हुन शक्तैन, किन भने नीच कुलमा उत्पन्न मनुष्यको पनि सदाचार श्रेष्ठ मानिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

य ईर्षुः परवित्तेषु रूपे वीर्ये कुलान्वये ।
सुख सौभाग्य सत्कारे तस्य व्याधिरनन्तकः ॥ ४२ ॥

जो अर्काको धन, रूप, पराक्रम, कुलीनता, सुख, सौभाग्य, र सम्मानमा डाह गर्दछ, त्यसको यो रोग असाध्य हुन्छ ।

अकार्यकरणाद् भीतः कार्याणां च विवर्जनात् ।
अकाले मन्त्र भेदाच्च येन माद्येन्न तत् पिवेत् ॥ ४३ ॥

नगर्ने काम गर्नु, गर्नु पर्ने काम नगर्नु र असमयमा नै मन्त्र प्रकट हुनु यी तीन कुरा देखी डर्नु पर्दछ, मादक वस्तुको पान गर्नु हुंदैन ।

विद्यामदो धनमदं स्तृतीयोऽभिजनो मदः ।
मदा एतेऽवलिप्तानामेत एव सतां दमाः ॥ ४४ ॥

विद्याको मद, धनको मद, र तेस्रो ठूलो कुलको मद, यी घमण्डी पुरुषकालाई मद हुन्, परन्तु यी तीनै कुरा सज्जन पुरुषका लागी दमका साधन हुन् ।

असन्तोऽभ्यर्थिताः सद्भिः क्वचित् कार्ये कदाचन ।
मन्यन्ते सन्तमात्मानमसन्तमपि विश्रुतम् ॥ ४५ ॥

सज्जनहरुले कुनै काममा दुष्टहरूलाई प्रार्थना गर्दा दुष्टहरू आफूलाई दुष्ट जानेर पनि सज्जन हूँ भनी मान्न थाल्दछन् ।

गतिरात्मवतां सन्तः सन्त एव सतां गतिः ।
असतां च गतिः सन्तो न त्वसन्तः सतां गतिः ॥ ४६ ॥

मनस्वी पुरुषहरुलाई सन्तले सहारा दिन्छन्, सन्तको सहारा पनि सन्त नैं हुन्छन्, दुष्टका सहारा पनि सन्त हुन्छन्, तर दुष्टहरू सन्तलाई सहारा दिदैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिता सभा वस्त्रवता मिष्टाशा गोमता जिता ।
अध्वा जितो यानवता सर्वं शीलवता जितम् ॥ ४७ ॥

रास्रो कपडा लगाउनेले सभामा प्रभाव पार्दछ, जो सँग गाई छ, उसले मीठो स्वादको आकांक्षा जित्दछ, सवारीमा हिड्नेले बाटोलाई जित्दछ, (अर्थात् चाँडो तय गर्दछ) शील स्वभाववाला पुरुषले सबैमा विजय पाउँदछ ।

शीलं प्रधानं पुरुषे तद् यस्येह प्रणश्यति ।
न तस्य जीविते नार्थो न धनेन न बन्धुभि ॥ ४८ ॥

मनुष्यमा सबै भन्दा शील नै प्रधान छ, जनको शील नष्ट हुन्छ, उसको यो संसारमा जीवन, धन, र दाजुभाईहरूबाट पनि कुनै प्रयोजन सिद्ध हुंदैन ।

आढ्यानां मांसपरमं मध्यानां गोरसोत्तरम् ।
तैलोत्तरं दरिद्राणां भोजनं भरतर्षभ ॥ ४९ ॥

हे भरतश्रेष्ठ ! धनले उन्मत्तस्वभाव भएका पुरुषको भोजनमा मासुको, मध्यम श्रेणीका पुरुषको भोजनमा गोरसको र दरिद्रहरूको भोजनमा तेलको प्रधानता हुन्छ ।

सम्पन्नतरमेवान्नं दरिद्रा भुञ्जते सदा ।
क्षुत् स्वादुतां जनयति सा चाढ्येषु सुदुर्लभा ॥ ५० ॥

दरिद्र पुरुष सदा मीठो भोजन गर्दछन्, किनभने उनलाई भोकले नै भोजनमा स्वाद उत्पन्न गराउँछ, तर त्यो भोक धनीहरुलाई सदा दुर्लभ छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रायेण श्रीमतां लोके भोक्तुं शक्तिर्न विद्यते ।
जीर्यन्त्यपि हि काष्ठानि दरिद्राणां महीपते ॥ ५१ ॥

हे राजन् ! संसारमा धनीहरुको प्रायः भोजन पचाउने शक्ति हुदैन, तर दरिद्रहरुको पेटमा भने काठ पनि पचाउने शक्ति हुन्छ ।

अवृत्तिर्भयमन्त्यानां मध्यानां मरणाद् भयम् ।
उत्तमानां तु मर्त्यानामवमानात् परं भयम् ॥ ५२ ॥

अधम मनुष्यलाई जीविका नहोला भन्ने डर हुन्छ, मध्यम श्रेणीका मनुष्यलाई मृत्युदेखी भय हुन्छ, परन्तु उत्तम पुरुषहरुलाई अपमान देखि ठुलो डर हुन्छ ।

ऐश्वर्यमदपापिष्ठा मदाः पानमदादयः ।
ऐश्वर्यमदमत्तो हि नापतित्वा विबुध्यते ॥ ५३ ॥

हुनता मादक वस्तु आदिको पान गर्नु पनि नशा नै हो, तर ऐश्वर्यको नशा अत्यन्त खराव हुन्छ, किन भने ऐश्वर्यको मदमा मत्त भएका पुरुष भ्रष्ट नभै होशमा आउँदैनन् ।

इन्द्रियैरिन्द्रियार्थेषु वर्तमानैरनिग्रहैः ।
तैरयं ताप्यते लोको नक्षत्राणि ग्रहैरिव ॥ ५४ ॥

आफ्ना वशमा नभएका र विषय भोगमा रमाउने इन्द्रियले गर्दा यो संसार त्यसरी कष्ट पाइरहेछ, जसरी सूर्य आदि ग्रहले नक्षत्रहरू निस्तेज हुन्छन् ।

यो जितः पञ्चवर्गेण सहजेनात्मकर्षिणा ।
आपदस्तस्य वर्धन्ते शुक्लपक्ष इवोडुराट् ॥ ५५ ॥

जुन मनुष्य जीवहरुलाई वश गर्ने सहज पाँच इन्द्रियद्वारा जितिएको छ त्यसका उपर आपत्तिहरू शुक्लपक्षको चन्द्रमा झैं बढ्दै जान्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अविजित्य य आत्मानं अमात्यान् विजिगीषते ।
अमित्रान् वा जितामात्यः सोऽवशः परिहीयते ॥ ५६ ॥

जो इन्द्रियहरुसहित मनलाई नजितिकन, मन्त्रीहरुलाई जित्ने इच्छा गर्दछ, या मन्त्रीहरुलाई आफ्नू अधीन नगरीकन शत्रुहरुलाई जित्न चाहन्छ, त्यो अजितेन्द्रिय पुरुषलाई सबैले त्याग गर्दछन् ।

आत्मानमेव प्रथमं द्वेष्यरुपेण यो जयेत् ।
ततोऽमात्यानमित्रांश्च न मोघं विजिगीषते ॥ ५७ ॥

जो पैले नै इन्द्रियसहित मनलाई नै शत्रु सम्झी उसलाई जित्दछ, र त्यस पछी मन्त्रिहरू र शत्रुहरुलाई जित्ने इच्छा गर्दछ भने उसलाई सफलता प्राप्त हुन्छ ।

वश्येन्द्रियं जितात्मानं धृतदण्डं विकारिषु ।
परीक्ष्यकारिणं धीरमयन्तं श्रीर्निषेवते ॥ ५८ ॥

इन्द्रिय र मनलाई जित्ने, अपराधीहरुलाई दण्ड दिने, राम्रोसँग बुझी काम गर्ने धीर पुरुषलाई लक्ष्मीले अत्यन्त सेवा गर्दछिन् ।

रथः शरीरं पुरुषस्य राज-
न्नात्मा नियन्तेन्द्रियाण्यस्य चाश्वाः ॥
तैरप्रमत्तः कुशली सदश्वै-
र्दान्तैः सुखं याति रथीव धीरः ॥ ५९ ॥

हेराजन् ! मनुष्यको शरीर रथ हो, बुद्धि सारथि हो, इन्द्रिय घोडा हुन, इनलाई वस गर्ने चतुर धीर पुरुष कावूमा ल्याएका घोडा जोतेको रथमा झैं सुखपूर्वक यो संसार पथलाई पार गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एतान्यनिगृहीतानि व्यापादयितु मप्यलम् ।
अविधेया इवादान्ता हयाः पथि कुसारथिम् ॥ ६० ॥

जस्तो शिक्षा नपाएका काबूमा न आएका घोडाले मूर्ख सारथिलाई बाटामा नै गिराउँछन्, त्यस्तै वशमा नभएका इन्द्रिय-हरूले पुरुषलाई बिचैमा गिराउँछन् ।

अनर्थमर्थतः पश्यन्नर्थं चैवा प्यनर्थतः ।
इन्द्रियैरजितैर्बालः सुदुःखं मन्यते सुखम् ॥ ६१ ॥

इन्द्रियलाई वशमा राख्न नशक्ने बालक जस्तो अज्ञानी पुरुष अनर्थलाई अर्थ सम्झन्छ र ठुलो दुःखलाई पनि सुख ठान्दछ ।

धर्मार्थौ यः परित्यज्य स्यादिद्रियवशानुगः ।
श्रीप्राणधनदारेभ्यः क्षिप्रं स परिहीयते ॥ ६२ ॥

जो धर्म र अर्थको परित्याग गरी इन्द्रियको वश हुन्छ, त्यो चाँडै नै ऐश्वर्य, प्राण, धन र स्त्रीले समेत रहित हुन्छ ।

अर्थानामीश्वरो यः स्यादिन्द्रियाणामनीश्वरः ।
इन्द्रियाणामनैश्वर्यादैश्वर्याद् भ्रश्यते हि सः ॥ ३ ॥

जो धेरै धनको स्वामी भएर पनि इन्द्रियहरुमा आफ्नू अधिकार राख्दैन, त्यो इन्द्रियलाई वशमा राख्न नशक्नाले चाँडै नै ऐश्वर्यबाट भ्रष्ट हुन्छ ।

आत्मानाऽऽत्मानमन्विच्छेन्मनोबुद्धीन्द्रियैर्यतैः ।
आत्मा ह्येवात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥ ६४ ॥

मन, बुद्धि, र इन्द्रियहरुलाई आपनू अधीन राखी आफूले नै आफूलाई जान्ने इच्छा गरोस्, किन भने आफू नै आपनू बन्धु र आफ्नू शत्रु हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बन्धु रात्माऽऽत्मन स्तस्य येनैवात्माऽऽत्मना जितः ।
स एव नियतो बन्धुः स एवानियतो रिपुः ॥६५॥

जसले आफ्नू आत्मालाई जितेको छ, उसको आत्मा नै उसको बन्धु हो त्यैं आत्मा जितेमा बन्धु र नजितेमा शत्रु हुन्छ ।

क्षुद्राक्षेणेव जालेन झषावपिहितावुरू ।
कामश्च राजन् क्रोधश्च तौ प्रज्ञानं विलुम्पतः ॥ ६६ ॥

जस्तो सानू सानू छेद भएको जालमा परेका ठुल ठुला दुइ माछा मिलेर जाललाई काट्द छन्, त्यस्तै यी काम र क्रोध पनि विवेकलाई लुप्त गर्दछन् ।

समवेक्ष्येह धर्मार्थौ सम्भारान् योऽधिगच्छति ।
स वै सम्भृतसम्भारः सततं सुखमेधते ॥ ६७ ॥

जो, यो जगत्मा धर्म अर्थको विचार गरी विजय साधनका सामग्रीको संग्रह गर्दछ, त्यो यी साधन सामग्रीले युक्त हुनाले सदा सुखपूर्वक समृद्धिशाली हुन्छ ।

यः पञ्चाभ्यन्तराञ्छत्रूनविजित्य मनोमयान् ।
जिगीषति रिपूनन्यान् रिपवोऽभिभवन्ति तम् ॥ ६८ ॥

जो चित्तको विकार भूत, पाँच इन्द्रिय रुपी भित्री शत्रुलाई नजितो अरु शत्रुलाई जित्न चाहन्छ, उसलाई शत्रुहरूले नै जित्दछन् ।

दृश्यन्ते हि महात्मानो बध्यमानाः स्वकर्मभिः ।
इन्द्रियाणामनीशत्वाद् राजानो राज्यविभ्रमैः ॥ ६९ ॥

इन्द्रियहरुमा अधिकार न हुनाले ठुलठुला साधुहरू आफ्नू कर्ममा र राजाहरू राज्यको भोग विलासमा बाँधिएका हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असंत्यागात् पापकृतामपापां
स्तुल्यो दण्डः स्पृशते मिश्रभावात् ।
शुष्केणार्द्रम् दह्यते मिश्रभावात्
तस्मात् पापैः सह सन्धिं न कुर्यात् ॥७०॥

पापाचारी दुष्टलाई त्याग नगरी उसैको साथ लाग्नाले निरपराध सज्जन पनि पापीको समानै दण्ड भागी हुन्छ जस्तो सुकेको दाउराका साथ काँचो दाउरा पनि जल्दछ, त्यस कारण पापी दुष्टका साथ कैले पनि मेल नगरास् ।

निजानुत्पततः शत्रून् पञ्च पञ्च प्रयोजनान् ।
यो मोहान्न न निगृह्णाति तमापद् ग्रसते नरम् ॥ ७१ ॥

जो पाँच विषयतर्फ दौडने, आफ्ना पाँच इन्द्रियरुपी शत्रुलाई मोहमा परी वश गर्न सक्तैन त्यसलाई विपत्तिले ग्रास गर्दछ ।

अनसूयाऽऽर्जवं शौचं संतोषः प्रियवादिता ।
दमः सत्यमनायासो न भवन्ति दुरात्मनाम् ॥ ७२ ॥

गुणमा दोष नदेख्नु, सरलता, पवित्रता, सन्तोष, प्यारो वचन बोल्नु, इन्द्रियजित्नु र सत्यभाषण यो गुण दुष्ट पुरुषमा सहसा हुंदैनन् ।

आत्मज्ञानमसंरम्भस्तितिक्षा धर्मनित्यता ।
वाक् चैव गुप्ता दानं च नैतान्यन्त्येषु भारत ॥ ७३॥

हे भारत ! आत्मज्ञान, क्रोध नगर्नू, सहनशीलता, धर्ममा लगन, वचनको रक्षा र दान यी गुण अधम पुरूषमा हुँदैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आक्रोशपरिवादाभ्यां विहिंसन्त्यबुधा बुधान् ।
वक्ता पापमुपादत्ते क्षममाणो विमुच्यते ॥७४॥

मूर्ख मनुष्य विद्वान्हरुलाई गाली र निन्दा गर्दछन् गाली-गर्नेहरु पापभागी र क्षमागर्ने हरु पापबाट मुक्त हुन्छन् ,।

हिंसा वलमसाधूनां राज्ञां दण्डविधिर्वलम् ।
शुश्रुषा तु वलं स्त्रीणां क्षमा गुणवतां बलम् ॥ ७५॥

दुष्ट पुरुषको वल हिंसा हुन्छ , राजाको बल दण्डमा हुन्छ, स्त्रीहरुको वल सेवा हो , गुणवान्को वल क्षमामा हुन्छ, ।

वाक्संयमो हि नृपते सुदुष्करतमो मतः ।
अर्थवच्च विचित्रं च न शक्यं बहु भाषितुम् ॥ ७६ ॥

हेराजन् ! वचनको पूर्णसंयम गर्नु त अत्यन्त कठिनछ, तर विशेष अर्थयुक्त र चमत्कार पूर्ण वाणी धेरै वोल्न शकिन्न, (त्यसैले अत्यन्त कठिनभये पनि भरसक वचनको संयम गर्नु उचित छ ।

अभ्यावहति कल्याणं विविधं वाक् सुभाषिता ।
सैव दुर्भाषिता राजन्अनर्थायोपपद्यते ॥ ७७ ॥

हेराजन् ! मीठो बोलीमा भनेको कुरा अनेक प्रकारको कल्याण गर्ने हुन्छ , किन्तु यदि त्यै कुरा कठोरशब्दमा भनेमा अनर्थको कारण वन्दछ ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रोहते सायकैर्विद्धं वनं परशुना हतम् ।
वाचा दुरुक्तं बीभत्सं न संरोहति वाक्क्षतम् ॥ ७८ ॥

बाणले विद्ध भयको घाऊ र बञ्चरोले काटेको वन फेरी पलाउन शक्तछ, तर कठोर बचनले लागेको भित्रको भयङ्कर घाऊ भरिदैन ।

कर्णिनालीकनाराचान् निर्हरन्ति शरीरतः ।
वाक्शल्यस्तु न निर्हर्तुं शक्यो हृदिशयो हि सः ॥ ७९ ॥

कर्णि, नालीक, र नाचार नामक बाँण शरीर बाट निकाल्न शकिन्छ. परन्तु कठोर वचन रूपी बाण निकाल्न शकिदैन, त्यो सदा हृदयभित्र घुसोनै रहन्छ ।

वाक्सायका वदनान्निष्पतन्ति
यैराहतः शोचति रात्र्यहानि
परस्य नामर्मसु ते पतन्ति
तान् पण्डितो नावसृजेत् परेभ्यः ॥८०॥

कठोर वचन रूपी व णहरू मुखबाट निस्केर अर्काको मर्मस्थानमा चोट पुऱ्याउँछन्, त्यसले चोट लागेको मनुष्य रातोदिन अपशोच गर्दछ, त्यसैले विद्वान् पुरुष अरूमा कठोर वचनको प्रयोग नगरोस् ।

यस्मै देवाः प्रयच्छन्ति पुरुषाय पराभवम् ।
बुद्धिं तस्याऽपकर्षन्ति सोऽवाचीनानि पश्यति ॥ ८१ ॥

देवताहरू जस्को हार (पराजय) गर्न चाहन्छन्, उसको बुद्धि पहिले नै हरण गर्दछन्, त्यसैले त्यो नीच काममा धेरै दृष्टि राख्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धौ कलुषभूतायां विनाशे प्रत्युपस्थिते ।
अनयो नयसङ्काशो हृदयान्नापसर्पति ॥ ८२ ॥

विनाशकाल उपस्थित भएपछि बुद्धि त्यसै मलीन हुन्छ, अनि त्यस्लाई अन्याय पनि न्याय जस्तो हुन्छ र हृदयबाट बाहिर जादैन ।

सेयं बुद्धिः परीता ते पुत्राणां भरतर्षभ ।
पाण्डवानां विरोधेन न चैनानवबुध्यसे ॥ ८३ ॥

हे भरतश्रेष्ठ ! तपाईंका छोराहरुको बुद्धि पाण्डवहरुका विरोधले व्याप्त भएको छ, त्यो कुराको तपाईंले पहिचान गर्न शक्नु भएको छैन ।

राजा लक्षणसम्पन्नस्त्रैलोक्यस्यापि यो भवेत् ।
शिष्यस्ते शासिता सोऽस्तु धृतराष्ट्र युधिष्ठिरः ॥ ८४ ॥

हे महाराज धृतराष्ट्र ! जो सधैं राजलक्षणले सम्पन्न हुंदा त्रिभुवनको राजा हुन पनि शक्तछन्, ती राजा युधिष्ठिर तपाईका आज्ञाकारी भएर यो पृथ्वीको शासक होउन् ।

अतीत्य सर्वान् पुत्रांस्ते भागधेय पुरस्कृतः।
तेजसा प्रज्ञया चैव युक्तो धर्मार्थ तत्त्ववित् ॥ ८५ ॥

ती युधिष्ठिर धर्म र अर्थको तत्त्व जान्दछन्, तेज र बुद्धिले युक्त छन्, सौभाग्यले उनलाई अघि सारेको छ, तपाईंको सबै पुत्र भन्दा पनि उनी बढी छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुक्रोशादानृशंस्यात् योऽसौ धर्मभृतां वरः ।
गौरवात् तव राजेन्द्र ! बहून् क्लेशांस्तितिक्षति ॥ ८६ ॥

हे राजेन्द्र ! धर्मात्मामा श्रेष्ठ युधिष्ठिर दयाले, धर्मभाव, ले र तपाईंमा गौरवबुद्धि राख्नाले आजसम्म धेरै कष्ट सही रहेका छन्, यो पनि विचार गर्नुहोस् ।

इति ३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय
(३५)

धृतराष्ट्र भन्दछन् ।

ब्रूहि भूयो महाबुद्धे ! धर्मार्थ सहितं वचः ।
शृण्वतो नास्ति मे तृप्ति र्विचित्राणीह भाषसे ॥ १ ॥

हे ठूलो बुद्धि भएका विदुर ! तिमी फेरी धर्म र अर्थले युक्त भएका कुराहरू भन, तिम्रा कुरा सुन्दा मलाई कहिल्यै पनि तृप्ति हुंदैन, यस विषयमा तिमी विचित्र बचन बोल्दछौ,

विदुर भन्दछन् ।

सर्वतीर्थेषु वा स्नानं सर्वभूतेषु चार्जवम् ।
उभे त्वेते समे स्यातामार्जवं वा विशिष्यते ॥ २ ॥

हेराजन् ! सबै तीर्थमा स्नान गर्नु र सबै प्राणीका साथ कोमल व्यवहार गर्नु, यी दुवै समान हुन्, अथवा कोमलताको व्यवहार गर्नु नैं विशेष महत्त्व छ ।

आर्जवं प्रतिपद्यस्व पुत्रेषु सततं विभो ।
इह कीर्तिं परां प्राप्य प्रेत्य स्वर्गमवाप्स्यसि ॥ ३ ॥

हे उदार राजन् ! तपाईं आफ्ना पुत्र कौरव र पाण्डवहरू दुवैका उपर कोमलताको व्यवहार गर्नुहोस्, यसो गरेमा ठूलो कीर्ति पाई मरेपछी स्वर्गलोकमा जानु हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यावत कीर्तिर्मनुष्यस्य पुण्या लोके प्रगीयते ।
तावत् स पुरुष व्याघ्र ! स्वर्गलोके महीयते ॥ ४ ॥

हे पुरुषसिंह ! यस लोकमा जबसम्म मनुष्यको पावन कीर्तिको गान हुन्छ. तबसम्म त्यो स्वर्गलोकमा नै प्रतिष्ठित हुन्छ ।

अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
विरोचनस्य सवादं केशिन्यर्थे सुधन्वना ॥ ५ ॥

यस विषयमा प्राचीन इतिहासको उदाहरण दिइन्छ, जसमा केशिनीका निम्ति सुधन्वाको साथ विरोचनका संवादको वर्णन छ ।

स्वयंवरे स्थिता कन्या केशिनी नाम नामतः ।
रुपेणाऽप्रतिमा राजन् ! विशिष्टपतिकाम्यया ॥ ६ ॥

हेराजन् ! कुनै समयमा केशिनी नाम भएकी अत्यन्त सुन्दरी कन्या सर्वश्रेष्ठ पति वरण गर्ने इच्छाले स्वयम्वरको सभामा उपस्थित भइन् ।

विरोचनोऽथ दैतेयस्तदा तत्राजगाम ह ।
प्राप्तुमिच्छंस्ततस्तत्र दैत्येन्द्रं प्राह केशिनी ॥ ७ ॥

त्यस वखत दैत्य विरोचन उनलाई पाउने इच्छाले त्यहाँ आए, केशिनीले दैत्यराज सँग यसरी कुराकानी गरिन् ।

केशिनी भन्दछिन् ।

किं ब्राम्हणाः स्विच्छ्रेयांसो दितिजाः स्विद् विरोचन ! ।
अथ केन स्म पर्यङ्कं सुधन्वा नाधिरोहति ॥ ८ ॥

हे विरोचन ! ब्राम्हण श्रेष्ठ हुन् या दैत्य ? यदि ब्राम्हण नै श्रेष्ठ हुन् भने मेरो शय्यामा सुधन्वा ब्राम्हण नै किन नबस्ने ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विरोचन भन्दछन् ।

प्राजापत्यास्तु वै श्रेष्ठा वय केशिनि सत्तमाः ।
अस्माकं खल्विमे लोकाः के देवाः के द्विजातयः ॥ ९ ॥

हे केशिनी ! हामी प्रजापतिका श्रेष्ठ सन्तान व्हौं, र सबै भन्दा उत्तम छौं, यो सारा संसार हाम्रै हो, हाम्रा अगाडी के देवता के ब्राम्हण दुवै तुच्छ छन् ।

केशिनी भन्दछिन् ।

इहैवावां प्रतीक्षाव उपस्थाने विरोचन ।
सुधन्वा प्रातरागन्ता पश्येयं वां समागतौ ॥ १० ॥

हे विरोचन ! यँ ठाममा हामी दुवै रातमा पर्खी रहूँ, भोली विहान सुधन्वा आउने छन्, अनि म तपाईं दुवै जनालाई एकै ठाऊँमा हेरेर मनमा अठोट गरुँला ।

विरोचन भन्दछन् ।

तथा भद्रे करिष्यामि यथा त्वं भीरु भाषसे ।
सुधन्वानं च मां चैव प्रातर्द्रष्टासि संगतौ ॥ ११ ॥

हे कल्याणी ! तिमी जसो भन्छ्यौ त्यसै गर्नेछू । हे भीरु ! भँगो, विहान मलाई र सुधन्वालाई एकै ठाऊँमा हेरौली ।

विदुर भन्दछन् ।

अतीतायां च शर्वयामुदिते सूर्यमण्डले ।
अथाऽऽजगाम तं देशं सुधन्वा राजसत्तम
विरोचनो यत्र विभो ! केशिन्या सहितः स्थितः ॥ १२ ॥

राजा मध्येमा श्रेष्ठ धृतराष्ट्र ! त्यस पछी रात वित्यो सूर्यनारायणको उदय भो, सुधन्वा पनि त्यहाँ आए जहाँ विरोचन र केशिनी बसेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुधन्वा च समागच्छत् प्राल्हादिं केशिनीं तथा ।
समागतं द्विजं दृष्ट्वा केशिनी भरतर्षभ: ।
प्रत्युत्थायासनं तस्मै पाद्यमर्घ्यं ददौ पुनः ॥ १३ ॥

हे भरतश्रेष्ठ ! सुधन्वा प्रल्हादकुमार विरोचन र केशिनीका नगीचमा आए । ब्राम्हण आएको देखी उठेर केशिनीले उनलाई पाद्य अर्घ्य आदि निवेदन गरिन् ।

सुधन्वा भन्दछन् ।

अन्वालभे हिरण्मयं प्राल्हादे ते वरासनम् ।
एकत्वमुपसम्पन्नो नत्वासे हं त्वया सह ॥ १४ ॥

हे प्रल्हादकुमार ! म तिम्रो यो सुवर्णमय सिंहासनलाई खाली छुन्छू मात्र, सँगै वस्न शक्तिन कारण यसो गर्नाले हामी दुवै एक समान हुनेछौं ।

विरोचन भन्दछन् ।

तवा र्हते तु फलकं कूर्चं वाप्यथवा बृसी ।
सुधन्नन् ! न त्व मर्होऽसि मया सह समासनम् ॥ १५ ॥

हेंसुधन्वा ! तिम्रो निंति ता पीरा, सुकुल, या कुशासन नै उचित छ, तिमी मेरोसाथ वरावर आसनमा वस्न योग्य छैनौ ।

सुधन्वा भन्दछन् ।

पितापुत्रौ सहासीतां द्वौ विप्रौ क्षत्रियावपि ।
वृद्धौ वैश्यौ च शूद्रौ च न त्वन्यावितरेतरम ॥ १६ ॥

हे विरोचन ! बाबु छोरा एकसाथ एक आसनमा वस्न शक्तछन् दुई ब्राम्हण, दुई क्षत्रिय, दुई वृद्ध, दुई वैश्य, दुई शुद्र एक साथ वस्न शक्त छन्, तर अरू कुने दुइ व्यक्ति एक साथ वस्नशक्तैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पिता हि ते समासीनमुपासीतैव मामधः।
बालः सुखैधितो गेहे नत्वं किंचन बुध्यसे ॥ १७॥

तिम्रो पिता तल बसेर माथो वसेको मेरो सेवा गर्दथे, तिमी वालख नै छौ, घरमा सुखसँग पालिएका छौ, यो कुराको तिमीलाई केही ज्ञान छैन, ।

विरोचन भन्दछन् ।

हिरण्यं च गवाश्वं च यद् वित्तमसुरेषु नः ।
सुधन्वन् ! विपणे तेन प्रश्नं पृच्छाव ये विदुः ॥१८॥

हे सुधन्वा ! हामी असुरका साथ जति सुन, गाई घोडा आदि धन छ, त्यसको बाजी लगाई हामी दुवैजना गएर कुनै जान्ने मानिसलाई हामी दुईमा को श्रेष्ठ हो ? भनी सोधौं ।

सुधन्वा भन्दछन् ।

हिरण्यं च गवाश्वं च तवैवास्तु विरोचन ।
प्राणयोस्तु पणं कृत्वा प्रश्नं पृच्छाव ये विदुः ॥१९॥

हे विरोचन ! सुवर्ण, गाई, घोड़ा, तिम्रै साथ रहून् हामी दुई प्राणको बाजी लगाइ, जान्ने मानिससँग सोधौं ।

विरोचन भन्दछन् ।

आवां कुत्र गमिस्यावः प्राणयो विपणे कृते ।
न तु देवेष्वहं स्थाता न मनुष्येषु कर्हिचित् ॥ २० ॥

प्राणको बाजी राखी, हामीहरू कहां जाने ? म ता न देवताहरू कहाँ जान्छू, न मनुष्यबाट नै निर्णय गराउन शक्तछू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुधन्वा भन्दछन् ।

पितरं ते गमिष्यावः प्राणयोर्विपणे कृते ।
पुत्रस्यापि स हेतो र्हि प्रल्हादो नानृतं वदेत् ॥ २१ ॥

प्राणको बाजी लगाएर हामी दुबै तिम्रो बाबू भएको ठाममा जाऊँ, किनभने प्रल्हाद आफ्ना छोराको निम्ति पनि झूठो बोल्ने छैनन् ।

विदुर भन्दछन् ।

एवं कृतपणौ क्रुद्धौ तत्राभिजग्मतुस्तदा ।
विरोचन-सुधन्वानौं प्रल्हादो यत्र तिष्ठति ॥ २२ ॥

हेराजन् ! यसरी प्राणको बाजी राखेर परस्परमा रिसाएका विरोचन र सुधन्वा प्रल्हाद भएका ठाममा गए ।

प्रल्हाद भन्दछन् ।

इमौ तौ सम्प्रदृश्येते याभ्यां न चरितं सह ।
आशीविषाविव क्रुद्धावेकमार्गाविहा गतौ ॥ २३ ॥

यी कैले पनि एक साथ नहिड्ने सुधन्वा र विरोचन आज सर्प झैं रिसाएर यौटै बाटोबाट आएको देखिन्छन् ।

किं वै सहैवं चरथो न पुरा चरथः सह ।
विरोचनैतत् पृच्छामि किं ते सख्यं सुधन्वना ॥ २४॥

हे विरोचन ! म तिमीसँग सोद्धछू, के तिम्रो सुधन्वाका साथ मित्रता भो ? ऐले कसरी एक साथ आयौ ? पहिले ता कैले पनि एकै साथ हिड्दैनथ्यौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विरोचन भन्दछन् ।

न मे सुधन्वना सख्यं प्राणयोर्विपणावहे ।
प्रल्हाद तत्त्वं पृच्छामि मा प्रश्नमनृतं वदेः ॥ २५ ॥

हे पिताजी ! सुधन्वाका साथ मेरो मित्रता छैन, हामी दुवैं प्राणको बाजो लगाई आएकाछौं, म तपाई सँग यथार्थ कुरा सोद्धछु, मेरो प्रश्नको झुट्टा उत्तर नदिनु होला ।

प्रल्हाद भन्दछन् ।

उदकं मधुपर्कं वाप्यानयन्तु सुधन्वने ।
ब्रह्मन्नभ्यर्चनीयोऽसि श्वेता गौःपीवरी कृता ॥२६॥

सेवक हो ! सुधन्वाका निम्ति जल र मधुपर्क ल्याऊ, हे ब्रह्मन् ! तपाई मेरो पूजनीय अतिथि हुनुहुन्छ, मैंले तपाईंका निम्ति सेती मोटी गाई राखेको छु ।

सुधन्वा भन्दछन् ।

उदकं मधुपर्कं च पथिष्वेवार्पितं मम ।
प्रल्हाद त्वं तु मे तथ्यं प्रश्नं प्रब्रूहि पृच्छतः ॥ २७ ॥
किं ब्राह्मणाः स्विच्छ्रेयांस उताहो स्विद् विरोचनः ।

हे प्रल्हाद ! जल र मधुपर्कता मलाई बाटोमा नै मिल्यो तिमीले ता मैले सोधेका प्रश्नको ठीक ठीक उत्तर द्यौ, ब्राम्हण श्रेष्ठ हुन् अथवा विरोचन ? ।

प्रल्हाद भन्दछन् ।

पुत्र एको मम ब्रह्मं स्त्वं च साक्षादिहस्थितः ।
तयो र्विवदतोः प्रश्नं कथमस्मद्विधो वदेत् ॥ २८ ॥

हे ब्रम्हन् ! मेरो एक्लो छोरा र तपाईंको झगड़ामा म जस्ताले कसरी निर्णय दिन शकुला ? ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुधन्वा भन्दछन् ।

गां प्रदद्यास्त्वौरसाय यद्वान्यत् स्यात् प्रियम् धनम् ।
द्वयो विंवदतोस्तथ्यं वाच्यं च मतिमंस्त्वया ॥२६॥

हे बुद्धिमान् ! तिम्रो साथमा भएका गाई र अरू धनहरू तिम्रो औरस पुत्र विरोचनलाई नै देऊ, परन्तु हामी दुवैका विवादको ठीक उत्तर दिनु पर्दछ ।

प्रल्हाद भन्दछन् ।

अथ यो नैव प्रब्रूयात् सत्यं वा यदि वाऽनृतम् ।
एतत् सुधन्वन् पृच्छामि दुर्विवक्ता स्म किं वसेत ॥३०॥

हे सुधन्वा । म तपाईसँग यो सोद्धछू कि जो सत्य बोल्दैनन्, असत्यको निर्णय गर्दछन्, त्यस्ता दुष्टवक्ताको के स्थिति हुन्छ ? ।

सुधन्वा भन्दछन् ।

यां रात्रिमधिविन्ना स्त्री यां चैवाऽक्षपराजितः ।
यां च भाराभितप्ताङ्गो दुर्विवक्ता स्म तां वसेत् ॥ ३१ ॥

सौता भएकी स्त्री, जुवामा हारेको जुवाड़ी र भार बोक्दा जिऊ दुखेका भरीया यस्ता मनुष्यको रातमा जुन अवस्था हुन्छ, त्यस्तै अवस्था उल्टा न्याय गर्ने वक्ताको पनि हुन्छ ।

नगरे प्रतिरुद्धः सन बहिर्द्वारे बुभुक्षितः ।
अमित्रान भूयसः पश्येत् यःसाक्ष्यमनृतं बदेत् ॥ ३२ ॥

जो झुटो निर्णय दिन्छ त्यो राजा शहरमा कैद भएर भोकभोकै कष्ट पाएर वाहिर ढोकामा घेरा हाल्न बसेको धेरै शत्रुहरुलाई देख्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्च पश्वनृते हन्ति दश हन्ति गवानृते ।
शतमश्वानृते हन्ति सहस्रं पुरुषानृते ॥ ३३ ॥

पशुका निम्ति झुठो बोलनाले पाँच, गाईका निम्ति झुठो बोलनाले दश, घोडाका निम्ति झुठो बोलनाले शय, मनुष्यका निम्ति झुठो बोल्नेले हजार पीँढी नरकमा गिर्दछन् ।

हन्ति जातानजातांश्च हिरण्यार्थेऽनृतं वदन् ।
सर्वं भूम्यनृते हन्ति मा स्म भूम्यनृतं वदेः ॥ ३४ ॥

सुनका निम्ति झूठो बोल्नेले आफ्नू पैलेका र पछीका सबै पींढ़ीलाई नरकमा खसाल्छ, पृथ्वी र स्त्रीका निम्ति झुठो बोल्नेले आफ्नू सर्वनाश गर्दछ, त्यसैले तिमी भूमि र स्त्रीका निम्ति कैले पनि झुठो न बोल ।

प्रल्हाद भन्दछन् ।

मत्तः श्रेयानङ्गिरा वै सुधन्वा त्वद्विरोचन ।
मातास्य श्रेयसी मातुस्तस्मात् त्वं तेन वै जितः ॥३५॥

हे विरोचन ! सुधन्वाका बाबू अङ्गिरा म भन्दा श्रेष्ठ छन्, सुधन्वा तिमी भन्दा श्रेष्ठ छन्, इनकी आमा तिम्रो आमा भन्दा श्रेष्ठ छन्, त्यसैले तिमी आज सुधन्वा द्वारा जितियौ ।

विरोचन ! सुधन्वाऽयं प्राणानामीश्वर स्तव ।
सुधन्वनः पुनरिच्छामि त्वया दत्तं विरोचनम् ॥३६॥

हे विरोचन ! अब सुधन्वा तिम्रो प्राणको स्वामी छन्, हे सुधन्वा ! अब तिमीले दियौ भने म विरोचनलाई फेरी पाउन चाहन्छू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुधन्वा भन्दछन् ।

यद् धर्ममवृणीथास्त्व न कामादनतं वदीः ।
पुनर्ददामि ते पुत्रं तस्मात् प्रल्हाद दुर्लभम् ॥ ३७॥

हे प्रल्हाद ! तिमीले धर्म स्वीकार गरी स्वार्थवश झुटो बोलेनौ, त्यसैले अब तिम्रो यो दुर्लभ पुत्र फेरी दिन्छु ।

एष प्रल्हाद पुत्रस्ते मया दत्तो विरोचनः
पादप्रक्षालनं कुर्यात् कुमार्याः संनिधौ ममः ॥ ३८॥

हे प्रल्हाद ! यी तिम्रा पुत्र विरोचनलाई मैले दियें तर अब यिनी कुमारी केशिनीका नजीकै मेरो गोडा धोउन् ।

विदुर भन्दछन् ।

तस्मात् राजेन्द्र भूम्यर्थे नानृतं वक्तुमर्हसि ।
मा गमः ससुताऽमात्यो नाशं पुत्रार्थ मब्रुवन् ॥३९॥

त्यसैले हेमहाराज ! तपाईं छोराका निम्ति झुटो कुरा न बोल्नुहोस् , छोराको वश भयेर साँचो कुरा नभनी छोरा र मन्त्रीहरुका साथ विनाशको मुखमा नजानोस् ।

न देवा दण्डमादाय रक्षन्ति पशुपालवत् ।
यं तु रक्षितु मिच्छन्ति बुद्ध्या संविभजन्ति तत् ॥४०॥

देवताहरू गोठाला झैं लट्ठी लिएर कसैको पहरा गर्दैनन्, उनीहरू जस्को रक्षागर्न चाहन्छन्, उसलाई असल बुद्धि दिन्छन् !

यथा यथा हि पुरुषः कल्याणे कुरुते मनः ।
तथा तथाऽस्य सर्वार्थाः सिद्ध्यन्ते नात्र संशयः ॥४१॥

मनुष्य जब जब कल्याणमा मन लगाउँछ, तब तब उसका सबै अभीष्ट कार्य सिद्ध हुन्छन्, यसमा सन्देह छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नैनं छन्दांसि वृजिनात् तारयन्ति
मायाविनं मायया वर्तमानम् ।
नीडं शकुन्ता इव जात पक्षा
श्छन्दांस्येनं प्रजहन्त्यन्तकाले ॥४२॥

कपटपूर्ण व्यवहार गर्ने मायावीलाई वेदले पनि पापहरू-बाट मुक्त गर्दैनन्, जस्तो पखेटा आए पछी चराको–बच्चा गुण छोड़िदिन्छ, त्यस्तै गरी वेदले पनि अन्तकालमा त्यो मायाजाल गर्ने पुरुषलाई त्यागी दिन्छ ।

मद्यपानं कलहं पूगवैरं
भार्यापत्योरन्तरं ज्ञातिभेदम् ।
राजद्विष्टं स्त्रीपुंसयोर्विवादं
वर्ज्यान्याहुर्यश्च पन्थाः प्रदुष्टः ॥४३

रक्सीखानु, झगडा गर्नु, समूहका साथ वैरभाव गर्नु, पति पत्नीमा भेद पैदागर्नु, दाजुभाईमा भेद उत्पन्न गराउनु, राजाको साथ द्वेषगर्नु, स्त्री पुरुषमा विवाद र अरू खराव बाटाहरू यी सबै त्यागनु योग्य छ ।

सामुद्रिकं वाणिजं चोरपूर्वं
शलाकधूर्तं च चिकित्सकं च ।
अरिं च मित्रं च कुशीलवं च
नैतान् साक्ष्ये त्वधीकुर्वीत सप्त ॥४४॥

हस्तरेखा हेर्ने, चोरीगरी व्यापार गर्ने, वैद्य, कपटी जुवाडी शत्रु, मित्र र नट्टुवालाई साछीमा नराख्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानाग्निहोत्रमुत मानमौनं
मानेनाऽधीत मुत मानयज्ञः ।
एतानि चत्वार्यभयंकराणि
भयं प्रयच्छन्त्ययथा कृतानि ॥ ४५ ॥

आदरपूर्वकको अग्निहोत्र, आदरपूर्वकको मौनको पालन, आदरपूर्वकको स्वाध्याय, र आदरका साथ गरेको यज्ञको अनुष्ठान यी चार कर्मले डर हटाउँदछन्, तर यिनै ठीक तरिकाबाट नभएमा डर दिने पनि हुन्छन् ।

अगारदाही गरदः कुण्डाशी सोमविक्रयी ।
पर्वकारश्च सूची च मित्रधुक् पारदारिकः ॥ ४६ ॥
भ्रूणहा गुरुतल्पी च यश्च स्यात् पानपो द्विजः ।
अतितीक्ष्णश्च काकश्च नास्तिको वेदनिन्दकः ॥४७
स्रुव प्रग्रहणो व्रात्यः कीनाशश्चात्मवानपि ।
रक्षेत्युक्तश्च यो हिंस्यात् सर्वे ब्रह्महभिः समाः ॥ ४८ ॥

घरमा आगो लगाउने, विष दिने, जारबाट जन्मेका सन्तानको कमाई खाने, रक्सी वेचने, हतियार वनाउने, चुक्ली हाल्ने, मित्रको रीस गर्ने, अर्काको स्वास्नीमा लम्पट, गर्भको हत्या गर्ने, गुरू आमा राख्ने, ब्राम्हण भएर रक्सी खाने, अत्यन्त कडा स्वभाव भएको, काग जस्तो काँ काँ गर्ने, नास्तिक, वेदको निन्दा गर्ने, गाऊँको पुरोहित, उमेर पुगेर पनि वृतबन्ध नभएको, क्रूर, शक्तिमान् भएर पनि मेरो रक्षा गर भन्ने शरणागतको पनि हत्या गर्ने, यी सबै ब्रम्हघाती समान हुन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तृणोल्कया ज्ञायते जातरुपं
वृत्तेन भद्रो व्यवहारेण साधुः।
शूरो भयेष्वर्थकृच्छ्रेषु धीरः
कृच्छ्रेष्वापत्सु सुहृदश्चारयश्च ॥४९॥

बलेको आगोमा सुवर्णको पहिचान हुन्छ, सदाचारले सत् पुरुषको, व्यवहारले असल पुरुषको, आपत्तिमा शूरो मानिसको, पैसाको कठिनाईमा धैर्यको, कठिन आपत्तिमा शत्रु र मित्रको परीक्षा हुन्छ।

जरा रुपं हरति हि धैर्यमाशा
मृत्युः प्राणान् धर्मचर्यामसूया
क्रोधः श्रियं शीलमनार्यसेवा
ह्रियं कामः सर्वमेवाभिमानः ॥५०॥

बुढ्याँईले राम्रो रूप, आशाले धैर्य, मृत्युले प्राण, असूया (गुणमा दोष देख्ने स्वभाव,) कामले धर्म, क्रोधले लक्ष्मी, नीच पुरूषको सेवा गर्नाले राम्रो स्वभाव, कामले लाज र अभिमानले सर्वस्वको नाश गर्छ।

श्रीर्मङ्गलात् प्रभवति प्रागल्भ्यात् सम्प्रवर्धते।
दाक्ष्यात् तु कुरुते मूलं संयमात् प्रतितिष्ठति ॥५१॥

शुभ कर्महरुले ऐश्वर्यको उत्पत्ति हुन्छ. धृष्टताले त्यो बढ्छ, चतुऱ्याईंले जरो हाल्छ, र संयम गर्नाले सुरक्षित रहन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टौ गुणाः पुरुषं दीपयन्ति ।
प्रज्ञा च कौल्यं च दमः श्रुतं च ।
पराक्रम श्चाऽबहुभाषिता च
दानं यथाशक्ति कृतज्ञता च ॥५२॥

बुद्धि, कुलीनता, दम, [इन्द्रिय संयम]शास्त्रज्ञान, पराक्रम, धेरै नबोलनु, शक्ति अनुसार दान दिनु, कृतज्ञ हुनु, ई आठ गुणले पुरूषको शोभा बढाउँछन् ।

एतान् गुणांस्तातः महानुभावा-
नेको गुणः संश्रयते प्रसह्य ।
राजा यदा सत्कुरुते मनुष्यं
सर्वान् गुणानेष गुणो विभाति ॥५३॥

हे महाराज! एक गुण यस्तो छ, जो ई सबै गुणहरुमा आफ्नू अधिकार गर्दछ, जुन् वखत राजा कुनै मनुष्यका सत्कार गर्दछन् त्यस वखत त्यो एकै गुण (राज संमान) सबै गुण भन्दा शोभा पाउँछ ।

अष्टौ नृपेमानि मनुष्यलोके
स्वर्गस्य लोकस्य निदर्शनानि ॥
चत्वार्येषामन्ववेतानि सद्भि-
श्चत्वारि चैषामनुयान्ति सन्त ॥५४॥

हेराजन्! मनुष्यलोकमा यी आठगुण स्वर्गलोक देखाउछन्, यिनमध्ये चारगुण सन्तहरुका साथ नित्य रहन्छन्, बाँकी चार गुणको सज्जन पुरुषहरुले अनुसरण गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञो दानमध्ययनं तपश्च
चत्वार्येतान्यन्वेतानि सद्भिः ।
दमः सत्यमावर्ज मानृशंस्यं
चत्वार्येतान्यनुयान्ति सन्तः ॥ ५५ ॥

यज्ञ, दान, शास्त्रको अध्ययन, तपस्या, यी चार गुण सज्जन पुरुषका साथ सँधै सम्वन्ध हुन्छन्, इन्द्रिय जित्नु, सत्य, सरलता र कोमलता यी चार गुण सन्तहरूले अनुसरण गर्दछन् ।

इज्याध्ययनदानानि तपः सत्यं क्षमा घृणा ।
अलोभ इति मार्गोऽयं धर्मस्याष्टविधः स्मृतः ॥ ५६ ॥

यज्ञ, अध्ययन, दान, तपस्या, सत्य, क्षमा, दया र लोभ नहुनु, यी धर्मका आठप्रकारका वाटा छन् ।

तत्र पूर्व चतुर्वर्गो दम्भार्थमपि सेव्यते ।
उत्तरश्च चतुर्वर्गो नाऽमहात्मसु तिष्ठति ॥ ५७ ॥

यिनमा पहिलेका चारलाइ आडम्वरी पुरुष पनि आडम्बरका निम्ति सेवा गर्दछन्, तर अमन्तिका चार त जो महात्मा छैनन्, तिनमा रहदैनन्, महात्माहरूमा मात्र रहन्छन् ।

न सा सभा यत्र न सन्ति वृद्धा
न ते वृद्धा ये न वदन्ति धर्मम् ।
नाऽसौ धर्मो यत्र न सत्यमस्ति
न तत् सत्यं यच्छलेनाऽभ्युपेतम् ॥ ५८ ॥

जुन सभामा वूढा मानिस हुँदैनन्, त्यो सभा नै हैन, जो धर्मको कुरा गर्दैनन्, ती वूढा नै हैनन्, जसमा सत्य छैन, त्यो धर्म नै हैन, जसमा कपट छ, त्यो सत्य नै हैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्यं रूपं श्रुतं विद्या कौल्यं शीलं बलं धनम् ।
शौर्यं च चित्रभाष्यं च दशेमे स्वर्गयोनयः ॥ ५९ ॥

सत्य, शान्त अनुहार, शास्त्रज्ञान, विद्या, कुलीनता, शील, बल, धन, शूरता र चमत्कारपूर्ण कुरा गर्न आउनु यी दश स्वर्गका कारण हुन् ।

पापं कुर्वन् पाप कीर्तिः पापमेवाऽश्नुते फलम् ।
पुण्यं कुर्वन् पुण्य कीर्तिः पुण्यमत्यन्त मश्नुते ॥६०॥

पापमा नाऊँ चलेको मानिस पाप गर्दै पापैको फल भोग्दछ, पुण्यमा नाम चलेको मानिस पुण्य गर्दै पुण्यफलको नै उपभोग गर्दछ ।

तस्मात् पापं नकुर्वीत पुरुषः शंसितव्रतः ।
पापं प्रज्ञां नाशयति क्रियमाणं पुनः पुनः ॥ ६१ ॥

त्यस कारण राम्रो व्रतको पालना गर्ने पुरुषले पापकर्म गर्नु हुँदैन, बारम्बार गरेको पापले बुद्धिको नाश गर्दछ ।

नष्टप्रज्ञः पापमेव नित्यमारभते नरः ।
पुण्यं प्रज्ञां वर्धयति क्रियमाणं पुनः पुनः ॥ ६२ ॥

जसको बुद्धि नष्ट हुन्छ, त्यो मनुष्य सदा पाप गर्दै रहन्छ, यसरी नै बारंबार गरेको पुण्यले बुद्धि बढ्दछ ।

वृद्धप्रज्ञः पुण्य मेव नित्यमारभते नरः ।
पुण्यं कुर्वन पुण्य कीर्तिः पुण्यं स्थानं स्म गच्छतिः६३
तस्मात् पुण्यं निषेवेत पुरुषः सुसमाहितः ॥

जसको बुद्धि बढ्दछ त्यो मनुष्य सदा पुण्य नै गर्दछ, यसरी पुण्यकर्म गर्ने मनुष्य पुण्य गर्दै पुण्यलोक प्राप्त गर्दछ, त्यसकारण मनुष्यले एकाग्रचित्त भै पुण्यको सेवन गरोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असूयको दन्दशूको निष्ठुरो वैरकृच्छठः ।
स कृच्छ्रं महदाप्नोति न चिरात् पापमाचरन ॥ ६४ ॥

गुणमा दोष देख्ने, मर्ममा आघात गर्ने, निर्दयी, शत्रुता गर्ने, मूर्ख मनुष्य पापको आचरण गर्दै ठूलो कष्टभोग गर्दछ ।

अनसूयुः कृतप्रज्ञः शोभनान्याचरन सदा ।
न कृच्छ्रं महदाप्नोति सर्वत्र च विरोचते ॥ ६५ ।

दोष दृष्टिले रहित शुद्ध बुद्धिवाला मनुष्य सदा शुभकर्मको अनुष्ठान गर्दै ठूलो सुख प्राप्त गर्दछ, सबै ठाममा उसको सम्मान हुन्छ ।

प्रज्ञामेवागमयति यः प्राज्ञेभ्यः स पण्डितः ।
प्राज्ञो ह्यवाप्य धर्मार्थौ शक्नोति सुखमेधितुम् ॥ ६६ ॥

जो बुद्धिमान् पुरुषहरुबाट सद्बुद्धि प्राप्त गर्दछ, त्यही नै पण्डित हो, किनभने बुद्धिमान् पुरुष नै धर्म अर्थ प्राप्त गरी सजिलैसँग आफ्नू उन्नति गर्नमा समर्थ हुन्छ ।

दिवसेनैव तत् कुर्यात येन रात्रौ सुखं वसेत् ।
अष्टमासेन तत् कुर्यात् येन वर्षाः सुखं वसेत् ॥ ६७ ॥

दिनभरमा त्यो काम गरोस् जसले गर्दा रातमा सुखसँग रहन शकियोस् · र आठ महिनामा त्यो काम गरोस् जसले वर्षको चार महिना सुख सँग वस्न शकियोस् ।

पूर्वे वयसि तत् कुर्यात येन वृद्धः सुखं वसेत् ।
यावज्जीवेन तत् कुर्याद् येन प्रेत्य सुखं वसेत् ॥ ६८ ॥

पर्नो उमेरमा त्यो काम गरोस्. जस्ले बुढेसकालमा सुखसँग बस्नशकियोस्, र जीवनभर त्यो काम गरोस् जस्ले मरे पछी परलोकमा सुख सँग रहन शकियोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीर्णमन्नं प्रशंसन्ति भार्यां च गतयौवनाम् ।
शूरं विजितसंग्रामं गतपारं तपस्विनम् ॥ ६९ ॥

सज्जन पुरुषहरु पचेका अन्नको, यौवन वितेकि स्त्रीको, संग्राम जितेको शूरो मानिसको, संसार सागर पार गरेका तपस्वीको प्रशंसा गर्दछन् ।

धनेनाऽधर्मलब्धेन यच्छिद्रमपिधीयते ।
असंवृतं तद् भवति ततोऽन्यदवदीर्यते ॥ ७० ॥

अधर्म द्वारा कमायेको धनले जो दोष छिपाइन्छ, त्यो छिपाउन शकिंदैन त्यसले अर्कै नयाँ दोष प्रकट गर्दछ ।

गुरुरात्मवतां शास्ता शास्ता राजा दुरात्मनाम् ।
अथ प्रच्छन्नपापानां शास्ता वैवस्वतो यमः ॥ ७१ ॥

इन्द्रिय वश गर्ने चेलाको शासन गर्ने गुरू हुन; दुष्टको शासन गर्ने राजा हुन् र लुकेर पापगर्नेको शासनग र्ने यमराज हुन् ।

ऋषीणां च नदीनां च कुलानाञ्च महात्मनाम् ।
प्रभवो नाधिगन्तव्यः स्त्रीणां दुश्चरितस्य च ॥ ७२ ॥

ऋषिको, नदीको, वंशको, महात्माहरूको, स्त्रीहरूका, दुश्चरित्रको उत्पत्ति स्थान जान्न शकिन्न ।

द्विजाति पूजाऽभिरतो दाता ज्ञातिषु चार्जवी ।
क्षत्रियः शीलभाग् राजंश्चिरं पालयते महीम् ॥ ७३ ॥

हेराजन् ब्राह्मणको सेवा-पूजा गर्ने, दाता, (नातागोता) कुटुम्बीजनमा कोमलताको व्यवहार गर्ने र शीलस्वभाव भयेको राजा धेरै समयसम्म पृथ्वीको पालन गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुवर्ण पुष्पां पृथिवीं चिन्वन्ति पुरुषास्त्रयः ।
शूरश्च कृतविद्यश्च यश्च जानाति सेवितुम् ॥ ७४ ॥

शूरो, विद्वान्, र सेवाधर्म जान्ने, यी तीन थरिका मनुष्य नै पृथ्वीरूप लहराबाट सुवर्णरुप पुष्पको संचय गर्दछन् ।

बुद्धिश्रेष्ठानि कर्माणि बाहुमध्यानि भारत ।
तानि जङ्घा जघन्यानि भारप्रत्यवराणि च ॥ ७५ ॥

हे भारत ! बुद्धिले विचार गरी गरेको काम असल हुन्छ, बाहु बलले गरेको काम मध्यम हुन्छ, तिग्राले गरेको काम अधम हुन्छ, भार बोकने काम सबै भन्दा अधम हुन्छ ।

दुर्योधनेऽथ शकुनौ मूढे दुःशासने तथा ।
कर्णे चैश्वर्यमाधाय कथं त्वं भूतिमिच्छसि ॥ ७६ ॥

हेराजन् ! अब तपाईं दुर्योधन, शकुनी, मूर्ख दुःशासन र कर्णमा राज्यको भार राखेर कसरी ऐश्वर्यको इच्छा गर्न शक्नु हुन्छ ? ।

सर्वैर्गुणैरुपेतास्तु पाण्डवा भरतर्षभ ।
पितृवत् त्वयि वर्तन्ते तेषु वर्तस्व पुत्रवत् ॥ ७७ ॥

हे भरतश्रेष्ठ ! पाण्डवहरु ता सबै उत्तमगुणले सम्पन्न छन् र तपाईंमा पितृको जस्तो व्यवहार गर्दछन्, तपाईं उनमा पुत्रभाव राखी उचित व्यवहार गर्नुहोस् ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय
(३६)

विदुर भन्दछन् ।

अत्रैवोदाहरन्तीममितिहासं पुरातनम् ।
आत्रेयस्य च संवादं साध्यानां चेति नः श्रुतम् ॥ १ ॥

हे राजन् ! यस विषयमा मनुष्यहरू दत्तात्रेय र साध्यगणको सम्वादरुप प्राचीन इतिहासको उदाहरण दिन्छन्, यो हामीले नँ सुनेका हौं ।

चरन्तं हंसरुपेण महर्षिं संशितव्रतम् ।
साध्या देवा महाप्राज्ञं पर्यपृच्छन्त वै पुरा ॥ २ ॥

प्राचीनकालमा उत्तम ब्रत गर्ने बुद्धिमान् महर्षि दत्तात्रेयजी हाँसको रुपमा घुंदथे, त्यसवखत साध्यगणले उनीसँग सोधे ।

साध्यहरू भन्दछन् ।

साध्या देवा वयमेते महर्षे
दृष्ट्वा भवन्तं न शक्नुमोऽनुमातुम् ।
श्रुतेन धीरो बुद्धिमांस्त्वं मतोः नः
काव्यां वाचं वक्तुमर्ह स्युदाराम् ॥ ३ ॥

हे महर्षे ! हामीहरू सबै साध्य देवता न्हौं, तपाईलाई देखी हामी तपाईको विषयमा अनुमान गर्न शक्तैनौं, हामीहरुले देख्दा तपाई शास्त्र जान्ने धीर बुद्धिमान् देखिनु हुन्छ, हामीहरूलाई आफ्नू विद्वत्तापूर्ण उदारवाणी सुनाउनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हंस भन्दछन् ।

एतत् कार्यममराः संश्रुतं मे
धृतिः शमः सत्यधर्मानुवृत्तिः ।
ग्रन्थिं विनीय हृदयस्य सर्वं
प्रियाऽप्रिये चात्मसमं नयीत ॥४॥

हे साध्य देवता हो ! मैले सुनेको छू कि धैर्यधारण, मनो निग्रह र सत्य धर्मको पालन नै कर्तव्य हो, यसैद्वारा हृदयको सबै गाँठो फुकाओ। प्रिय अप्रिय जुनसुकै वस्तुलाई पनि आफ्नै समान देखोस् ।

आक्रुश्यमानो नाक्रोशेन्मन्युरेव तितिक्षतः ।
आक्रोष्टारं निदहति सुकृतं चाऽस्य विन्दति ॥५॥

अर्काको गाली सुनी, स्वय उसलाई गाली नगरोस्, सहन गर्ने मनुष्यले रोकेको क्रोध गालीगर्नेलाई नै जलाउँदछ उसको पुण्य पनि लिन्छ ।

नाक्रोशी स्यान्नावमानी परस्य
मित्रद्रोही नोत नीचोपसेवी ।
न चाऽभिमानी न च हीनवृत्तो
रूक्षां वाचं रुषतीं वर्जयीत ॥६॥

अरुलाई गाली नगर्नु र उनको अपमान पनि नगर्नु, मित्रहरुको द्रोह र नीच पुरुषको सेवा पनि नगर्नु, सदाचारले हीन र अभिमानी पनि न हुनु, रूखो बोली र रीसलेपूर्ण वचनको पनि त्याग गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मर्माण्यस्थीनि हृदयं तथाऽसून्
रुक्षा वाचो निर्दहन्तीह पुंसाम् ।
तस्मात् वाचमुषतीं रुक्षरूपाम
धर्माऽऽरामो नित्यशो वर्जयीत ॥ ७ ॥

यो संसारमा रूखो बोलीले मनुष्यको मर्मस्थान, हाड, हृदय र प्राणहरुलाई दग्ध गर्दछ, त्यसकारण धर्माऽनुरागी पुरुषले अर्कालाई जलाउने रूखो बोली सदाका निम्ति परित्याग गरोस् ।

अरुन्तुदं परुषं रुक्षवाचं
वाक्कण्टकैर्वितुदन्तं मनुष्यान् ।
विद्यादलक्ष्मीकतमं जनानाम्
मुखे निबद्धां निर्ऋतिं वै वहन्तम् ॥ ८ ॥

जसको वचन रूखो र स्वभाव कठोर छ, जो मर्मस्थानमा आघात गर्दै वाक्बाणले मनुष्यहरुलाई पीडा दिन्छ, त्यसलाई यस्तो सम्झनु पर्दछ कि त्यस्ले मनुष्यको महादरिद्र र आफ्नू मुखमा दरिद्रता अथवा मृत्युलाई बोकी राखेको छ ।

परश्चेदेनमभिविध्येत बाणै-
र्भृशं सुतीक्ष्णैरनलार्कदीप्तैः ।
स विध्यमानोऽप्यति दह्यमानो
विद्यात् कविः सुकृतं मे दधाति ॥ ९ ॥

यदि अर्को मनुष्यले अग्नि सूर्य समान दग्धगर्ने तीखो वाक्बाणले चोट् पुऱ्याए पनि विद्वान्पुरुषले सबै वेदना सहदै मेरो पुण्यको पुष्टि भएको हो भन्ने सम्झनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यदि सन्तं सेवति यद्यसन्तं
तपस्विनं यदि वा स्तेनमेव ।
वासो यथा रङ्गवशं प्रयाति
तथा स तेषां वशमभ्युपैति ॥ १० ॥

जस्तो कपडा जुन रङ्गमा रङ्गायो उस्तै हुन्छ, त्यस्तै कुनै पुरुष सज्जन, मूर्ख, तपस्वी, अथवा चोरको सङ्गत गर्दछ भने उ पनि त्यस्तै बन्दछ ।

अतिवादं न प्रवदेन्न वादयेत्
योऽनाहतः प्रतिहन्यान्न घातयेत् ।
हन्तुं च यो नेच्छति पापकं वै
तस्मै देवाः स्पृहयन्त्यागताय ॥ ११ ॥

जो कसैको पनि नराम्रो कुरा गर्दैन, अरुबाट पनि भन्न लगाउँदैन, आफूले कुटाई नखाई अरुलाई कुट्दैन, कुटाई खाएर पनि अपराधीलाई कुट्न चाहदैन, त्यस्ता पुरुषको देवता पनि आउने बाटो हेरी खुसी हुन्छन् ।

अव्याहृतं व्याहृताच्छ्रेय माहुः
सत्यं वदेत् व्याहृतं तद् द्वितीयम् ।
प्रियं वदेत् व्याहृतं तत् तृतीयं
धर्मं वदेद् व्याहृतं तच्चतुर्थम् ॥ १२ ॥

बोल्नु भन्दा नबोलनु नैं असल भनेको छ, सत्य बोलनु वचनको दोश्रो विशेषता हो, अर्थात् मौनको अपेक्षा लाभप्रद मानिएको छ, सत्य र प्यारो बोल्नु बचनको तेस्रो विशेषता हो, यदि सत्य र प्यारोको साथ धर्म पनि सम्मत भएमा चौथो विशेषता हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

याहशैः संनिविशते याहशांश्चोपसेवते ।
याहगिच्छेच्च भवितुं ताहग् भवति पूरुषः ॥ १३॥

मनुष्य जस्ता मनुष्यका साथ रहन्छ, जस्ताको सेवा गर्दछ, जस्तो हुन चाहन्छ त्यस्तै हुन्छ ।

यतो यतो निवर्तते ततस्ततो विमुच्यते ।
निवर्तनाद्धि सर्वतो न वेत्ति दुःखमण्वपि ॥ १४॥

मनुष्य जुन जुन विषयबाट मनलाई हटाउँछ, त्यस त्यस विषयबाट उसलाई मुक्ति हुन्छ. यदि सबै विषयबाट निवृत्त भयो भने उसलाई लेश मात्र पनि दुःखको अनुभव हुदैन ।

न जीयते चानुजिगीषतेऽन्यान्
न वैरकृच्चाप्रतिघातकश्च ।
निन्दाप्रशंसासु समस्वभावो
न शोचते हृष्यति नैव चायम् ॥ १५॥

जो न ता कसैले जितिएको छ, न अरुलाई जित्ने इच्छा गर्दछ, न कसैको साथ वैरभाव गर्दछ, न अरुलाई चोट पुऱ्याउन चाहन्छ, जो निन्दा र प्रशंसामा समानभाव राख्दछ, त्यो हर्ष र शोकबाट पार हुन्छ ।

भावमिच्छति सर्वस्य नाऽभावे कुरुते मनः ।
सत्यवादी मृदुर्दान्तो यः स उत्तम पूरुषः ॥ १६ ॥

जो सबैको कल्याण चाहन्छ, कसैको अकल्याण गर्ने कुरा मनमा पनि ल्याउँदैन, जो सत्यवादी छ, कोमल जितेन्द्रिय छ त्यो उत्तम पुरुष हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाऽनर्थकं सान्त्वयति प्रतिज्ञाय ददाति च ।
रन्ध्रं परस्य जानाति यः स मध्यम पूरुषः ॥ १७

जो झूट्टा ढाड्स दिंदैन, प्रतिज्ञा गरे पछि दिइहाल्दछ, अर्काको दोष पनि जान्दछ, त्यो मध्यम खालको मनुष्य हो ।

दुःशासनस्तूपहतोऽभिशस्तो
नावर्तते मन्युवशात् कृतघ्नः ।
न कस्यचित्मित्रमथो दुरात्मा
कलाश्चैता अधमस्येह पुंसः ॥ १८ ॥

जसको शासन अत्यन्त कठोर छ, जो अनेकौं दोषले दूषित र कलङ्कित छ, जो क्रोधवश कसैका खराब गर्न हिच्किचाउँदैन र अरुले गरेको उपकारलाई मान्दैन, जसको कसैका साथ मित्रता छैन, त्यस्ता दुरात्मा सबै अधम पुरुष हुन् ।

न श्रद्दधाति कल्याणं परेभ्योऽप्यात्मशङ्कितः ।
निराकरोति मित्राणि यो वै सोऽधमपूरुषः॥ १९ ॥

जो आफ्ना उपर सन्देह हुनाले अरुबाट पनि कल्याण हुने कुराको विश्वास गर्दैन मित्रहरुलाई पनि टाढा राख्दछ, त्यो अधम पुरुष हो ।

उत्तमानेव सेवेत प्राप्तकाले तु मध्यमान् ।
अधमांस्तु न सेवेत य इच्छेद् भूतिमात्मनः ॥ २० ॥

जो आफ्नू ऐश्वर्यको वृद्धि चाहन्छ, उसले उत्तम पुरुषको सेवा गरोस्, तर अधम पुरुषको सेवा कैले पनि नगरोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्नोति वै वित्तमसद्बलेन
नित्योत्थानात् प्रज्ञया पौरुषेण ।
न त्वेव सम्यग् लभते प्रशंसां
न वृत्तमाप्नोति महाकुलानाम् ॥ २१ ॥

मनुष्य दुष्टपुरुषहरुका बलले निरन्तरको उद्योगले, बुद्धिले, र पुरुषार्थले धन भलै पाओस् तर यसबाट उत्तम कुलीन पुरुषको सम्मान र सदाचार पूर्णरुपले कदापि प्राप्त गर्न शक्तैन ।

धृतराष्ट्र भन्दछन् ।

महाकुलेभ्यः स्पृहयन्ति देवा
धर्मार्थनित्याश्च बहुश्रुताश्च ।
पृच्छामि त्वां विदुर प्रश्नमेतं
भवन्ति वै कानि महाकुलानि ॥ २२ ॥

हे विदुर ! धर्म र अर्थको अनुष्ठानमा लागेका, धेरै सुनेका देवताहरु पनि उत्तम कुलमा उत्पन्न भएको पुरुषको इच्छा गर्दछन्, त्यसैले तिमिसँग म सोद्धछु कि ठूलो कुलीन को हो ? ।

विदुर भन्दछन् ।

तपो दमो ब्रह्मवित्तं वितानाः
पुण्या विवाहाः सततान्नदानम् ।
येष्वेवैते सप्त गुणा वसन्ति
सम्यग्वृत्तास्तानि महाकुलानि ॥ २३ ॥

हेराजन् ! जसमा तपस्या, इन्द्रिय संयम, वेदको स्वाध्याय यज्ञ, पवित्र विवाह, सदा अन्नदान, र सदाचार आदि सात गुण छन् ती महाकुलीन हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

येषां हि वृत्तं व्यथते न योनि
श्चित्त प्रसादेन चरन्ति धर्मम् ।
ते कीर्तिमिच्छन्ति कुले विशिष्टां
त्यक्तानृतास्तानि महाकुलानि ॥ २४ ॥

जसको सदाचार राम्रो छ· जो आफ्नू दोषले आमा बाबूलाई कष्ट दिर्दैन· प्रसन्न चित्तले धर्म गर्दछ, असत्यको त्याग गरी आफ्नू कुलको कीर्ति चाहन्छ, त्यो महाकुलीन हो ।

अनिज्यया कुविवाहैर्वेदस्योत्सादनेन च
कुलान्यकुलतां यान्ति धर्मस्याऽतिक्रमेण च ॥ २५ ॥

यज्ञ नगर्नाले, निन्दित कुलमा विवाह गर्नाले, वेदको त्याग र धर्मको उल्लङ्न गर्नाले उत्तम कुल पनि अधम हुन जान्छ ।

देवद्रव्यविनाशेन ब्रह्मस्व हरणेन च ।
कुलान्यकुलतां यान्ति ब्राम्हणाऽति क्रमेण च ॥ २६ ॥

देवताको धन नाश गर्नाले, ब्राम्हणको धन हरण गर्नाले, र ब्राम्हणका मर्यादाको उल्लङ्घन गर्नाले उत्तम कुल पनि अधम हुन्छ ।

ब्राम्हणानां परिभवात् परिवादाच्च भारत ।
कुलान्यकुलतां यान्ति न्यासाऽपहरणेन च ॥ २७ ॥

हे भारत ! ब्राम्हणहरूको अनादर र निन्दा गर्नाले, नासो राखेको कुरा पचाउनाले राम्रो कुल पनि नराम्रो हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुलानि समुपेतानि गोभिः पुरुषतोऽर्थतः ।
कुलसंख्यां न गच्छन्ति यानि हीनानि वृत्ततः ॥ २८ ॥

गाईहरूले मनुष्यहरूले र धनले सम्पन्न भएर पनि जुन कुल सदाचारले हीन छ, त्यो कुल राम्रो कुलको गिन्तिमा आउन शक्तैन ।

वृत्ततस्त्वविहीनानि कुलान्यल्पधनान्यपि ।
कुलसंख्यां च गच्छन्ति कर्षन्ति च महद्यशः ॥२६॥

थोरै धन भएको कुल पनि यदि सदाचारले सम्पन्न छ भने राम्रो कुलको गिन्तीमा आउँछ र ठूलो कीर्ति पाउँछ ।

वृत्तं यत्नेन संरक्षेत् वित्तमेति च याति च ।
अक्षीणो वित्ततः क्षीणो वृत्ततस्तु हतो हतः ॥ ३० ॥

सदाचारको रक्षा यत्नपूर्वक गर्नुपर्दछ, धन ता आउँदै जाँदै रहन्छ, धन नभए पनि सदाचारी मनुष्य क्षीण हुँदैन, तर जो सदाचारबाट भ्रष्ट छ, उसलाई नष्ट भएकै सम्झनु पर्दछ, त्यो सदा नष्टै गनिन्छ ।

गोभिः पशुभि रश्वैश्च कृष्या च सुसमृद्धया ।
कुलानि न प्ररोहन्ति यानि हीनानि वृत्ततः ॥ ३१ ॥

जो कुल सदाचारले हीन छ, त्यो गाईहरूले, पशुले, घोडाले, राम्रो खेतले सम्पन्न भए पनि उन्नति गर्न शक्तैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा नः कुले वैरकृत् कश्चिदस्तु
राजामात्यो मा परस्वाऽपहारी ।
मित्रद्रोही नैकृतिकोऽनृति वा
पूर्वाशी वा पितृदेवातिथिभ्यः ॥ ३२ ॥

हाम्रो कुलमा कुनै वैरभाव गर्ने न होउन्, अर्काको धन हरण गर्ने राजा र मन्त्री न हाउन्, मित्रको द्रोह गर्ने र कपटी, असत्यवादी न होउन्, यसै गरी माता पिता देवता र अतिथिहरु लाइ भोजन नगराई खाने पनि कुनै न होउन् ।

यश्च नो ब्राह्मणान् हन्याद् यश्च नो ब्राह्मणान्द्विषेत्
ननःस समितिं गच्छेत् यश्च नोनिर्वपेत् पितृन् ॥३३॥

हामीहरु मध्ये जो ब्राह्मणको हत्या गर्दछ द्वेष गर्दछ र पितृहरुको पिण्डदान तर्पण गर्दैन त्यो हाम्रो सभामा प्रवेश नगरोस्

तृणानि भूमि रुदकं वाक् चतुर्थी च सूनृता ।
सतामेतानि गेहेषु नोच्छिद्यन्ते कदाचन ॥ ३४ ॥

झारको आसन (गुन्द्री, कुशासन) जमीन–जल, मीठो बोली यी चार कुराका सज्जन पुरूषका घरमा कैले पनी खाली हुँदैन ।

श्रद्धया परया राजन्नुपनीतानि सत्कृतिम् ।
प्रवृत्तानि महाप्राज्ञ ! धर्मिणां पुण्यकर्मिणाम् ॥ ३५ ॥

हे ठूला बुद्धिमान् राजन! पुण्यकर्मगर्ने धर्मात्मा पुरूष कहाँ यी माथी बताएका वस्तुहरू श्रद्धाको साथ अतिथि सत्कारका निमित्ति उपस्थित हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूक्ष्मोऽपि भारं नृपते स्यन्दनो वै
शक्तो वोढुं न तथाऽन्ये महीजाः ।
एवं युक्ता भारसहा भवन्ति
महाकुलीना न तथाऽन्ये मनुष्याः ॥ ३६ ॥

हे राजन् ! रथ सानू भए पनि भार बोक्न शक्तछ अरू काठ ठुलाठुला भए पनि शक्तैनन् त्यसैले उत्तम कुलमा उत्पन्न उत्साही पुरुष भार वोक्न शक्तछ, अरू मनुष्य शक्तैनन् ।

न तन्मित्रं यस्य कोपाद् बिभेति
यद् वा मित्रं शङ्कितेनोपचर्यम् ।
यस्मिन् मित्रे पितरीवाश्वसीत
तद् वै मित्रं सङ्गतानीतराणि ॥ ३७ ॥

जसको रीसदेखी डराउनु पर्दछ, र शङ्का मानी सेवा गर्नु पर्दछ त्यो मित्र व्हैन, मित्र ता त्यै हो जस्मा बाबू जस्तै विश्वास गर्न शकिन्छ अरूता साथी मात्र हुन्

यः कश्चिदप्यसम्बद्धो मित्रभावेन वर्तते ।
स एव बन्धुस्तन्मित्रं सा गतिस्तत् परायणम् ॥ ३८ ॥

पहिले देखी कुनै सम्बन्ध नभये पनि जो मित्रताको व्यवहार गर्दछ त्यही नै बन्धु, मित्र हो त्यही नै सहारा र आश्रय हो ।

चलचित्तस्य वै पुंसो वृद्धाननुपसेवतः ।
पारिप्लवमतेर्नित्यमध्रुवो मित्रसंग्रहः ॥ ३९ ॥

जसको चित्त चञ्चल छ, जो वृद्धजनको सेवा गर्दैन, त्यस्तो अनिश्चित बुद्धिभएका पुरूषको मित्रहरू जोड़ने काम स्थायी हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चलचित्तमनात्मानमिन्द्रियाणां वशानुगम् ।
अर्थाः समभिवर्तन्ते हंसाः शुष्कं सरो यथा ॥ ४० ॥

जस्तो हाँसहरू शुकेको तलाउलाई त्याग्दछन् त्यस्तै चञ्चल चित्त भएको, अज्ञानी, इन्द्रियको वश भएको पुरुषलाई सम्पत्तिले त्याग गर्दछन्

अकस्मादेव कुप्यन्ति प्रसीदन्त्यनिमित्ततः ।
शीलमेतदसाधूनामभ्रं पारिप्लवं यथा ॥ ४१ ॥

दुष्ट पुरुषको स्वभाव मेघ झैं चञ्चल हुन्छ, यिनीहरू कहिले झट्टै रिसाएर घुम्मिछन्, कहिले खुशीले उज्याला पनि हुन्छन् ।

सत्कृताश्च कृतार्थाश्च मित्राणां न भवन्ति ये ।
तान् मृतानपि क्रव्यादाः कृतघ्नान् नोपभुञ्जते ॥ ४२ ॥

जो मित्रको सत्कार पाई उनको सहायताले कार्यसिद्ध भए पछि पनि उस मित्रको आफन्त हुँदैन, त्यस्ता कृतघ्न मरेपछि तिनको मासु मांसभोजी जनावरले पनि खादैनन् ॥

अर्चयेदेव मित्राणि सति वाऽसति वा धने ।
नाऽनर्थयन् प्रजानाति मित्राणां सारफल्गुताम् ॥ ४३ ॥

धन होस् या नहोस्. मित्रसँग केही पनि न मागी उसको सत्कार गरोस् उसका सार असारको परीक्षा न गरोस् ।

संतापाद् भ्रश्यते रुपं संतापाद् भ्रश्यते बलम ।
संतापाद् भ्रश्यते ज्ञानं संतापाद् व्याधिमृच्छति ॥४४॥

शोकले रूप नष्ट हुन्छ , शोकले बल हराउछ, शोकले ज्ञान नष्ट हुन्छ र शोकले मनुष्य रोगी हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनवाप्यं च शोकेन शरीरं चोपतप्यते ।
अमित्राश्च प्रहृष्यन्ति मास्म शोके मनः कृथाः ॥ ४५ ॥

इच्छा लागेका वस्तु शोक गरेर मिल्दैन, त्यसलेता खाली शरीर मात्र संतप्त हुन्छ, शत्रुहरू प्रसन्न हुन्छन्, त्यसैले तपाईं शोक नगर्नुहोस् ।

पुनर्नरो म्रियते जायते च
पुनर्नरो हीयते वर्धते च
पुनर्नरो याचति याच्यते च
पुनर्नरो शोचति शोच्यते च ॥ ४६ ॥

मनुष्य बारंबार मर्दछ र बारंबार जन्मन्छ, बारंबार सानु र ठूलो हुन्छ, बारंबार अरुसँग माग्दछ र अरू पनि ऊसँग माग्दछन्, बारंबार ऊ अरूका निम्ति शोक गर्दछ र अरुहरू पनि उसका निम्ति बारम्बार शोक गर्दछन् ।

सुखं च दुःखं च भवाऽभवौ च
लाभाऽलाभौ मरणं जीवितं च ।
पर्यायशः सर्वमेते स्पृशन्ति
तस्मात् धीरो न च हृष्येत् न शोचेत् ॥४७॥

सुख दुःख, उत्पत्ति–विनाश, लाभ–हानि, जीवनमरण यी क्रमैले सबैलाई आउँछन्, त्यस कारण धीरपुरुषले यिनकानिम्ति हर्ष र शोक गर्नु हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चलानि हीमानि षडिन्द्रियाणि
तेषां यद् यद् वर्धते यत्र यत्र ।
ततस्ततः स्रवते बुद्धिरस्य
छिद्रोदकुम्भादिव नित्यमम्भः ॥ ४८ ॥

यी छ इन्द्रिय अत्यन्त चञ्चल छन्, यीन मध्ये जुन जुन इन्द्रिय जुन जुन विषय तर्फ बढ्दछन् त्यतै त्यतैबाट बुद्धि पनि चीण हुन्छ, जस्तो चुहुँने घडाबाट पानी चुहन्छ ।

धृतराष्ट्र भन्दछन् :

तनुरुद्धः शिखी राजा मिथ्योपचरितो मया ।
मन्दानां मम पुत्राणां युद्धेनाऽन्तं करिष्यति ॥४६॥

हे विदुर ! सूक्ष्म धर्मतन्तुले बाँधिएका, शिखाले शोभायमान राजा युधिष्ठिरका साथ मैले झुट्टो व्यवहार गरेको छु त्यसैले उनि युद्धमा मेरा मूर्खछोराहरुको नाश गर्नेछन् ।

नित्योद्विग्नमिदं सर्वं नित्योद्विग्नमिदं मनः ।
यत् तत् पदमनुद्विग्नं तन्मे वद महामते ॥५०॥

हे बुद्धिमान् ! यो सबै देहगेहादि विषय सदा डरले आत्तिएको छ, मेरो मन पनि डरले आत्तियेको छ, त्यसैले मलाई अत्याहट नभयेको शान्तमार्गको उपदेश गर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर भन्दछन् ।

नाऽन्यत्र विद्या तपसोर्नान्यत्रेन्द्रियनिग्रहात् ।
नाऽन्यत्र लाभसंत्यागाच्छान्तिं पश्यामितेऽनघ ॥५१॥

हे नरेश ! विद्या, तपस्या, इन्द्रियनिग्रह, र लोभ त्याग बाहेक अरु कुनैपनि उपाय तपाँईका निमित शान्ति दिने म देख्दिन ।

बुद्धया भयं प्रणुदति तपसा विन्दते महत् ।
गुरुशुश्रूषया ज्ञानं शान्तिं योगेन विन्दति ॥५२॥

मनुष्य बुद्धिले आफ्नु डर धपाउँछ, तपस्याले ठूलो पद प्राप्त गर्दछ, गुरु सेवाले ज्ञान र योगले शान्ति पाउँछ ।

अनाश्रिता दान पुण्यं वेदपुण्यमनाश्रिताः ।
राग द्वेष विनिर्मुक्ता विचरन्तीह मोक्षिणः ॥५३॥

मोक्षको ईच्छागर्ने मनुष्य दानको पुण्नको र वेदका पुण्यको आश्रय लिदैनन्, निष्काम भावले राग द्वेषरहित भै यसलोकमा घुम्दछन् ।

स्वधीतस्य सुयुद्धस्य सुकृतस्य च कर्मणः ।
तपसश्च सुतप्तस्य तस्यान्ते सुखमेधते ॥५४ ॥

राम्रो पढाई, न्यायपुर्वकको युद्ध, पुण्यकर्म र राम्रोसँग गरेको तपस्याले अन्त्यमा सुखदिने हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्तीर्णानि शयनानि प्रपन्ना
न वै मित्रा जातु निद्रां लभन्ते ।
न स्त्रीषु राजन् रतिमाप्नुवन्ति
न मागधैः स्तूयमाना न सूतैः ॥ ५५ ॥

हेराजन् ! आपसमा फूट गर्ने मनुष्य राम्रो बिछ्यौनाले सजिसजाउ भएको पलङमा पनि सुखसँग निदाउन सक्तैनन् उनलाई स्त्रीको साथ रहदा र सूत मागधहरूद्वारा स्तुति हुदा पनि प्रसन्नता हुँदैन ।

न वै भिन्ना जातु चरन्ति धर्मं
न वै सुखं प्राप्नुवन्तीह मित्राः ।
न वै मित्रा गौरवं प्राप्नुवन्ति
न वै मित्राः प्रसमं रोचयन्ति ॥ ५६ ॥

जो परस्परमा भेदभाव राख्दछन् ति कैले पनि धर्मको आचरण गर्दैनन्, सुख पनि पाउदैनन्, तिनलाई शान्तिको कुरा पनि मन पर्दैन ।

न वै तेषां स्वदते पथ्यमुक्तं
योगक्षेमं कल्पते नैव तेषाम् ।
भिन्नानां वै मनुजेन्द्र ! परायणं
न विद्यते किंचिदन्यद् विनाशात् ॥ ५७ ॥

हितको कुरा भने पनि उनलाई राम्रो लाग्दैन, योगक्षेमको सिद्धि पनि हुन पाउँदैन, हेराजन् भेदभाव राख्ने पुरुषको विनाश सिवाय अर्को कुनै गतिनै हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पन्नं गोषु सम्भाव्यं सम्भाव्यं ब्राह्मणे तपः ।
सम्भाव्यं चापलं स्त्रीषु सम्भाव्यं ज्ञातितो भयम् ॥५८॥

जस्तो गाईहरुमा दूध, ब्राह्मण हरुमा तपस्या, युवती स्त्रीहरूमा चञ्चलता हुनु अधिक संभव छ, त्यतै जाति बन्धु हरूवाट भय हुनु पनि सम्भव छ ।

तन्तवः प्यायिता नित्यं तनवो बहुलाः समाः ।
बहून् बहुत्वादायासान् सहन्तीत्युपमा सताम् ॥५९॥

पैले धोएर, बाटेर बुनेका खिरीला तन्तुहरु धेरै हुनाले धेरै वर्षसम्म नाना प्रकारको कष्ट सहन्छन्, यही कुरा सज्जन पुरूषको विषयमा पनि संझनु पर्दछ, (ती दुर्बल भए पनि सामुहिक शक्तिले बलवान् हुन्छन् ।)

धूमायन्ते व्यपेतानि ज्वलन्ति सहितानि च ।
धृतराष्ट्रोल्मुकानीव ज्ञातयो भरतर्षभ ॥ ६० ॥

हेभरतश्रेष्ठ धृतराष्ट्र ! बलेका दाउराहरू अलग अलग भएमा धुवाउँदछन्, एकसाथ भएमा बल्दछन्, त्यस्तै दाजुभाई पनि फूट भएमा दुःख पाउँछन्, र एकता भएमा सुखी हुन्छन् ।

ब्राह्मणेषु च ये शूराः स्त्रीषु ज्ञातिषु गोषु च ।
वृन्तादिव फलं पक्वं धृतराष्ट्र पतन्ति ते ॥ ६१ ॥

हे धृतराष्ट्र ! जुन मनुष्य ब्राह्मणहरुमा, स्त्रीमा, जातिमा र गाईहरूमा शूरता प्रकट गर्दछन् ती पाकेका फलहरु भेटनावाट खसेझैं तल गिर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महानप्येकजो वृक्षो वलवान् सुप्रतिष्ठितः ।
प्रसह्य एव वातेन सस्कन्धो मर्दितुं क्षणात् ॥ ६२ ॥

यदि वृक्ष एकलै छ भने वलवान् र ठूलो जरालेयुक्त भए पनि एकै क्षणमा आंधीले हाँगाहरु सहित त्यसलाई लडाइ दिन्छ ।

अथ ये सहिता वृक्षाः सङ्घशः सुप्रतिष्ठिताः ।
ते हि शीघ्रतमान् वातान् सहन्तेऽन्योन्यसंश्रयात् ॥ ६३ ॥

तर धेरैं वृक्षहरू एकै साथ समूहका रुपमा खड़ा भएका छन् भने परस्परको सहाराले ठूला ठूला आँधीलाई पनि रोक्दछन् ।

एवं मनुष्य मप्येकं गुणै रपि समन्वितम् ।
शक्यं द्विषन्तो मन्यन्ते वायु र्द्रुमभिवैकजम् ॥ ६४ ॥

यस्तै सबै गुणले सम्पन्न मनुष्य पनि एक्लै छ भने शत्रुले आफ्ना शक्तिको भित्रै संभन्छ, जस्तो एकलो वृक्षलाई वायु ।

अन्योन्यसमुपष्टम्भादन्योन्याऽपाश्रयेण च ।
ज्ञातयः सम्प्रवर्धन्ते सरसीवोत्पलान्युत ॥ ६५ ॥

परस्परमा मेल हुनाले, एउटाले अर्काको सहारा गर्नाले त्यो जातिका मनुष्यको वृद्धि हुन्छ, जस्तो तलाउमा कमलका श्रेणीको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवध्या ब्राह्मणा गावो ज्ञातयः शिशवः स्त्रियः ।
येषां चान्नानि भुञ्जीत ये च स्युः शरणागताः ॥ ६६ ॥

ब्राह्मण , गाई , दाजुभाई , बालक , स्त्री , अन्नदिने र शरणागतहरु अवध्य हुन्छन् ।

न मनुष्ये गुणः कश्चित् राजन् ! सधनतामृते ।
अनातुरत्वात् भद्रं ते मृतकल्पा हि रोगिणः ॥६७॥

हे राजन् ! तपाईंलाइ कल्याण होओस्. मनुष्यमा धन र आरोग्यलाइ छोडी कुनै गुण छैन , रोगी ता मुर्दासमानै हुन्छन्।

अन्याधिजं कटुजं शीर्षरोगि
पापाऽनुबन्धं परुषं तीक्ष्ण मुष्णन् ।
सतां पेयं यन्न पिवन्त्यसन्तो
मन्युं महाराज ! पिव प्रशाम्य ॥ ६८ ॥

हेमहाराज ! जो कुनै रोग नभईकन उत्पन्न भएको छ, शिरमा दर्दगर्दछ, पापले सम्बद्धछ, कठोर, तीखो, गरम छ, जस-लाई सज्जनहरु पान गर्दछन्, दुर्जन पानगर्न शक्तैनन् त्यसक्रोध-लाई तपाईंपनि पानगरी शान्त हुनुहोस् ।

रोगार्दिता न फलान्याद्रियन्ते
न वै लभन्ते विषयेषु तत्त्वम् ।
दुःखोपेतां रोगिणो नित्यमेव
न वुध्यन्ते धनभोगान्न सौख्यम् ॥ ६९ ॥

रोगले पीडित मनुष्यहरु मीठोफलको पनि आदर गर्दैनन् विषयमा पनि उनलाई केहि सुखसार मिल्दैन, रोगी सदादुःखी रहन्छ, त्यो धनकोभोग र सुखको अनुभव पनि गर्न पाउदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरा ह्युक्तं नाऽकरोस्त्वं वचो मे
द्यूते जितां द्रौपदीं प्रेक्ष्य राजन् !।
दुर्योधनं वारयेत्यक्षवत्यां
कितवत्वं पण्डिता वर्जयन्ति ॥ ७० ।

हे राजन् ! पहिले जुवामा द्रौपदीलाई जितेको देखी मैले तपाईंलाई भनकोथिएँ कि जुवामा आसक्त भयेको दुर्योधनलाई रोक्नुहोस्, किनभने विद्वानहरु यस्तो ठगाई मन पराउँदैनन्, तर तपाईंले त्यो कुरा मान्नु–भएन ।

न तद् बलं यन्मृदुना विरुध्यते
सूक्ष्मो धर्मस्तरसा सेवितव्यः ।
प्रध्वंसिनी क्रूरसमाहिता श्री-
र्मृदु प्रौढा गच्छति पुत्रपौत्रान् ॥ ७१ ॥

कोमल स्वभावका साथ विरोध हुनु बल होइन, सूक्ष्म धर्म चाँडै नै सेवन गर्नु पर्दछ । क्रूरतापूर्वक कमाएको ऐश्वर्य चाँडै नाश हुन्छ । यदि नरमो चालले बढाएको छ भने छोरा नातीसम्म स्थिर हुन्छ ।

धार्तराष्ट्राः पाण्डवान् पालयन्तु
पाण्डोः सुतास्तव पुत्रांश्च पान्तु ।
एकारिमित्राः कुरवो ह्येक कार्या
जीवन्तु राजन् ! सुखिनः समृद्धाः ॥ ७२ ॥

हेराजन् ! तपाईंका छोराले पाण्डवहरुको रक्षा गरुन्, पाण्डवहरुले तपाईंका पुत्रहरूको रक्षा गरुन्, एकले अर्काको शत्रु-लाई शत्रु र मित्रलाई मित्र सम्झुन्, सबैको एकै कर्तव्य होस्, सबै सुखी र समृद्धिशाली भै जीवन विताउन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेढीभूतः कौरवाणां त्वमद्य
त्वय्याधीनं कुरुकुलमाजमीढ !।
पार्थान् बालान् वनवास-प्रतप्तान्
गोपायस्व स्वं यशस्तात ! रक्षन् ॥ ७३ ॥

हे अजमीढकुलनन्दन ! यसवखत तपाईंनै कौरवहरुको आधारस्तम्भ हुनुहुन्छ, कुरुवंश तपाँईको अधीन छ, कुन्तीपुत्रहरु ऐले बालक नै छन्, वनवासमा धेरै कष्ट पाये, ऐले तिनको पालन गरी आफ्नू कीर्तिकोरक्षा गर्नुहोस् ।

संधत्स्व त्वं कौरवः ! पाण्डुपुत्रै-
र्मा तेऽन्तरं रिपवः प्रार्थयन्तु ।
सत्ये स्थितास्ते नरदेव ! सर्वे
दुर्योधनं स्थापय त्वं नरेन्द्र ! ॥ ७४ ॥

हे कुरुराज ! तपाँई पाण्डवहरुसँग संधि गर्नुहोस्, जसले गर्दा शत्रुहरु तपाँईको छिद्र नपाउन्, हे नरदेव ! सबै पाण्डबहरु सत्यमा अडेका छन्, अव तपाँई दुर्योधनलाई यो दुष्कर्म देखि रोक्नुहोस् ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३७ अध्याय

विदुरजी भन्दछन् ।

सप्तदशेमान् राजेन्द्र ! मनुः स्वायम्भुवोऽब्रवीत् ।
वैचित्रवीर्य ! पुरुषा नाऽऽकाशं मुष्टिभिर्घ्नतः ॥ १ ॥
दानवेन्द्रस्य च धनुरनाम्यं नमतोऽब्रवीत् ।
अथो मरीचिनः पादानग्राह्यान् गृह्णतस्तथा ॥ २ ॥

हे राजेन्द्र ! विचित्र वीर्यनन्दन ! स्वायंभुव मनुले यी सत्र किसिमका मानिसलाइ आकाशमा मुक्काको प्रहारगर्ने, झुकाउन नशकिने इन्द्रधनुलाई झुकाउने चेष्टागर्ने, पक्रन नसकिने सूर्यकिरणलाई पक्रन खोजने प्रयासगर्ने भनेका छन् ।

यश्चाऽशिष्यं शास्ति वै यश्च तुष्येत्
यश्चातिवेलं भजते द्विषन्तम् ।
स्त्रियश्च यो रक्षति भद्र मश्नुते
यश्चाऽयाच्यं याचते कत्थते च ॥ ३ ॥

यश्चाभिजातः प्रकरोत्यकार्यं
यश्चाऽबलो बलिना नित्यवैरी ।
अश्रद्दधानाय च यो ब्रवीति
यश्चाऽकाम्यं कामयते नरेन्द्र ! ॥ ४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वध्वाऽवहासं श्वशुरो मन्यते यो
वध्वा वसन्नभयो मानकामः ।
परक्षेत्रे निर्वपति स्व बीजं
स्त्रियं च यः परिवदतेऽति वेलम् ॥५॥

यश्चापि लब्ध्वा न स्मरामीति वादी
दत्वा च यः कत्थति याच्यमानः
यश्चासतः सत्त्वमुपानयीत
एतान् नयन्ति निरयं पाशहस्ताः ॥ ६ ॥

पाशो हातमा लिएका यमराजका दूतले यी सत्रकिसिमका पुरूषलाई नरकमा लैजान्छन्, जो शासनगर्न अयोग्य पुरूषमा शासन गर्दछ, जो मर्यादाको उल्लङ्घनगरेर खुसीहुन्छ, जो शत्रुको ज्यादा सेवा गर्दछ, रक्षागर्न अयोग्यस्त्रीको रक्षागर्ने प्रयत्न गर्दछ र त्यसबाट आफ्नु कल्याणको अनुभव गर्दछ, जो माग्न अयोग्य पुरूषसँग माग्दछ, जो आत्मप्रसंसा गर्दछ, जो राम्रोकुलमा उत्पन्न भयेर पनि नीचकर्म गर्दछ, जो दुर्बल भयेर पनि वलवान् सँग वैरभाव गर्दछ, जो श्रद्धा नभएकालाई उपदेश गर्दछ, जो निषिद्ध वस्तुको इच्छागर्दछ, शशुरो भयेर छोराको स्वास्नी [बुहारी] सँग ठट्टा गर्दछ, जो छोराका स्त्रीसंग एकान्तवास गरेरपनि निर्भय भै समाजमा आफ्नू प्रतिष्ठा चाहन्छ, जो अर्काकी स्त्रीमा वीर्यपात गर्दछ, जो मर्यादाभन्दा बाहिर भयेर स्त्रीको निन्दा गर्दछ जो कसैको वस्तु पायेर पनि थाहाछैन भनी दवाउने चेष्टा गर्दछ जो मागे पछि दान दियेर पनि आफ्नू तारीफ गर्दछ, जो झूठोलाई सत्य सावित गर्नेप्रयास गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्मिन् यथा वर्तते यो मनुष्य
स्तस्मिंस्तथा वर्तितव्यं स धर्मः।
मायाऽऽचारो मायया वर्तितव्यः
साध्वाचारः साधुना प्रत्युपेयः ॥ ७ ॥

जुन मनुष्यले आफ्ना साथमा जस्तो व्यवहार गर्दछ, ऊ सँग आफूले पनि त्यस्तै व्यवहार त्या सँग गर्नु—पर्दछ, कपट व्यवहार गर्ने सँग कपटी र राम्रो व्यवहार गर्ने सँग राम्रो हुनुपर्छ।

जरा रूपं हरति हि धैर्यमाशा
मृत्युः प्राणान् धर्मचर्या मसूया।
कामो ह्रियं वृत्तमनार्यसेवा
क्रोधः श्रियं सर्वमेवाभिमान ॥ ८ ॥

बुढ्याईंले रूपको, आशाले धैर्यको, मृत्युले प्राणको डाहले धर्मको, कामले लाजको, नीच पुरुषको सेवाले सदाचारको, क्रोधले लक्ष्मीको, अभिमानले सर्वस्वको नाश गर्दछ।

धृतराष्ट्र भन्छन्।

शतायुरुक्तः पुरुषः सर्व वेदेषु वै सदा।
नाप्नोत्यथ च तत् सर्वमायुः केनेह हेतुना ॥ ६ ॥

हे बिदुर ! सबै वेदमा पुरुषको आयु शयेबर्षको छ भनेको छ भने किन त्यो आफ्नू पूर्णआयु पाउँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर भन्दछन ।

अतिमानोऽतिवादश्च तथा त्यागो नराधिप:
क्रोधश्चाऽऽत्मविधित्सा च मित्रद्रोहश्च तानि षट् ॥१०॥
एत एवाशयं स्तीक्ष्णा कृन्तन्त्यायूंषि देहिनाम
एतानि मानवान् घ्नन्ति न मृत्यु र्भद्रमस्तु ते ॥ ११ ॥

हे राजन् ! तपाँईको कल्याणहोस, अत्यन्त अभिमान, धेरै बोल्नु, त्यागको अभाव, रीस, आफ्नु पेटपाल्ने चिन्ता, भित्रको डाह, इनै छकिसिमका तिखा तरवारले देहधारीपुरुषको आयु काट्दछन्, यसैले मनुष्यको वधगर्दछ मृत्युले हैन ।

विश्वस्तस्यैति यो दारान् यश्चापि गुरुतल्पगः ।
वृषलीपतिर्द्विजो यश्च पानपश्चैव भारत ! ॥१२॥
आदेशकृद् वृत्तिहन्ता द्विजानां प्रेषकश्च यः ।
शरणा गतहा चैव सर्वे ब्रह्महणः समाः ॥ १३ ॥
एतैः समेत्य कर्तव्यं प्रार्थश्चित्त मिति श्रुतिः

हे भारत ! जो आफ्ना उपचार विश्वासगर्ने पुरुषको स्त्रीका साथ समागम गर्दछ । जो गुरुमामा गमन गर्दछ । ब्राह्मण भएर शूद्र-स्त्रीका साथ विवाह गर्दछ जो रक्सो पानगर्छ,जो ब्राह्मणलाई अह्राउछ, जो ब्राह्मणको जीविका नष्ट गर्दछ, जो ब्राह्मणलाई सेवागर्न यताउति पठाउँछ, जोशरणागतको हिंसा गर्दछ यी सबं ब्राह्मघाती - समानहुन्, इनको सङ्गत हुनगयेमा प्रायश्चित्त गर्नुभन्ने वेदको आज्ञा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गृहीतवाक्यो नयविद् वदान्यः
शेषाऽन्न भोक्ता ह्यविहिंसकश्च ।
नानर्थकृत्याऽऽकुलितः कृतज्ञः
सत्यो मृदुः स्वर्गमुपैति विद्वान ॥ १४ ॥

ठूलाको आज्ञा मान्ने, नीतिजान्ने, दिनशक्ने, यज्ञ गरी बाँकी रहेको अन्न भोजन गर्ने, हिंसा नगर्ने, उपकार सम्झने, सत्य बोलने, कमलो स्वभाव भएको विद्वान् पुरुष स्वर्ग जान्छ ।

सुलभाः पुरुषा राजन ! सततं प्रियवादिनः ।
अप्रियस्य तु पथ्यस्य वक्ता श्रोता च दुर्लभः ॥ १५ ॥

हेराजन् ! प्यारो वचन बोल्ने मनुष्य ता सहजमा नै मिल्दछन्, तर प्यारो नलाग्ने होस् तापनि हित गर्ने–बोली बोल्ने मनुष्य र सुन्ने मनुष्य पनि एकाध हुन्छन् ।

यो हि धर्मं समाश्रित्य हित्वा भर्तुः प्रियाप्रिये ।
अप्रियाण्याह पथ्यानि तेन राजा सहायवान् ॥ १६ ॥

जो धर्मको आश्रय लिएर मालिकलाई मन पर्छ या पर्दैन भन्ने विचार छोडी अप्रिय भए पनि हितको कुरा गर्दछ, त्यसैबाट राजाको सच्चा सहायता हुन्छ ।

त्यजेत् कुलार्थे पुरुषं ग्रामस्यार्थे कुलं त्यजेत् ।
ग्रामं जनपदस्याऽर्थे आत्माऽर्थे पृथिवीं त्यजेत् ॥ १७ ॥

कुलको रक्षाका निम्ति एक मनुष्यको, गाऊँको रक्षाका निम्ति कुलको, देशको रक्षाका निम्ति गाऊँको आत्माका रक्षाका निम्ति सबै पृथ्वीको त्याग गर्नु उचित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आपदर्थे धनं रक्षेत् दारान् रक्षेद् धनैरपि ।
आत्मानं सततं रक्षेत् दारैरपि धनैरपि ॥ १८ ॥

आपत्तिका निम्ति धनको रक्षागरोस्, धनद्वारा स्त्रीको रक्षागरोस्, स्त्री र धनद्वारा सदा आफ्नू रक्षा गरोस् ।

द्यूतमेतत् पुराकल्पे दृष्टं वैरकरं नृणाम् ।
तस्मात् द्यूतं न सेवेत हास्यार्थमपि बुद्धिमान् ॥ १९ ॥

पूर्वकालमा जुवाखेल्नाले मनुष्यमा वैरभाव बढेको देखिन्छ; त्यसैले हँसीठट्टामा पनि बुद्धिमान् पुरुषले जुवा नखेलोस् ।

उक्तं मया द्यूतकालेऽपि राजन् !
नेदं युक्तं वचनं प्रातिपेय ! ।
तदौषधं पथ्यमिवातुरस्य
न रोचते तव वैचित्रवीर्य ॥ २० ॥

हेराजन् ! मैले जुवाको आरम्भमा पनि यो ठीक हुँन भनेको थियें जस्तो रोगीलाई औषधी र पथ्य निको लाग्दैन, यस्तै मेरो कुरा पनि तपाईंलाई राम्रो लागेन, र उल्टो चल्नु भो

काकैरिमांश्चित्रवर्हान् मयूरान्
पराजयेथाः पाण्डवान् धार्तराष्ट्रैः ॥
हित्वा सिंहान् क्रोष्टुकान् गूहमानः ।
प्राप्ते काले शोचिता त्वं नरेन्द्र ! ॥ २१ ॥

हे राजन् ! तपाँई कागजस्ता आफ्ना पुत्रद्वारा विचित्र-प्वाँखभएका मयूरजस्ता पाण्डवहरुलाई जित्ने प्रयत्नगर्दै-हुनुहुन्छ, सिंहलाई छोडी श्यालको रक्षागर्दैहुनुहुन्छ, समय आयेपछी तपाँईलाई यसको पश्चाताप हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तात ! न क्रुध्यति सर्वकालं
भृत्यस्य भक्तस्य हिते रतस्य ।
तस्मिन् भृत्या भर्तरि विश्वसन्ति
न चैनमापत्सु परित्यजन्ति ॥ २२ ॥

हे महाराज ! जो मालिक हितगर्नलागेका आफ्नाभक्त सेवकमा कैलेपनि क्रोध गर्दैन, ऊसँग नोकरहरु सदा विश्वास गर्दछन्, उस्लाई आपत्तिकालमा पनि छोडदैनन् ।

न भृत्यानां वृत्तिसंरोधनेन
राज्यं धनं संजिघृत्तेदपूर्वम् ।
त्यजन्ति ह्येनं वञ्चिता वै विरुद्धाः
स्निग्धा ह्यमात्याः परिहीन भोगाः ॥ २३ ॥

सेवकहरुको जीविका वंदगरी, अरुकोराज्य, धन हरण गर्नेप्रयत्न नगर्नु, यसोगर्दा आफ्नू जीविका छिन्नाले भोगवाट वञ्चित भएका प्रेमी मन्त्रीपनि विरोधी वनी राजालाई त्याग गर्दछन् ।

कृत्यानि पूर्वं परिसंख्याय सर्वा-
एयायव्यये चानुरुपां च वृत्तिम् ।
संगृह्णीयादनुरूपान् सहायान् ।
सहायसाध्यानि हि दुष्कराणि ॥ २४ ॥

पहिले आफ्नुकर्तव्य, आम्दानी खर्च, उचित जागीरको निश्चयगरी राम्रो सहायकहरुको संग्रहगरोस्, कठिनभन्दा कठिन कामहरु पनि सहायकद्वारा सिद्ध हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभिप्रायं यो विदित्वा तु भर्तुः
सर्वाणि कार्याणि करोत्यतन्द्री ।
वक्ता हितानामनुरक्त आर्यः
शक्तिज्ञ आत्मेव हि सोऽनुकम्प्यः ॥ २५ ॥

जो सेवक स्वामिको अभिप्राय संझी आलस्यरहितभै सबै कामपुरा गर्दछ, त्यस्तो हितको कुरागर्ने स्वामीभक्त, सज्जनले राजाकोशक्ति जान्दछ, राजाले उनलाई आफुजस्तै संझी कृपा गर्नु पर्दछ ।

वाक्यं तु यो नाद्रियतेऽनुशिष्टः
प्रत्याह यश्चापि नियुज्यमानः ।
प्रज्ञाऽभिमानी प्रतिकूलवादी
त्याज्यः स तादृक् त्वरयैव भृत्यः ॥ २६ ॥

जुन सेवक स्वामिको आज्ञा पाए पछी उनको कुराको आदर गर्दैन, र कामको पनि स्वीकार गर्दैन, आफ्नै बुद्धिको गर्व गरी विपरीत बोल्छ त्यस्ता सेवकलाई चाँडै नै त्याग्नु उचित छ ।

अस्तब्धमक्लीवमदीर्घसूत्रं
साऽनुक्रोशं श्लक्ष्णमहार्यमन्यैः ।
अरोगजातीयमुदारवाक्यं
दूतं वदन्त्यष्टगुणोपपन्नम ॥ २७ ॥

अहंकार नभएको, नडराउने, चाँडो काम पूरा गर्ने, दयालु, शुद्धहृदय, अर्काको बहकावमा न आउने, निरोगी, र उदार वचन बोल्ने, यो आठ गुणले युक्त मनुष्यलाई दूत बनाउनु योग्य छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न विश्वासाज्जातु परस्य गेहे
गच्छेन्नरश्चेतयानो विकाले ।
न चत्वरे निशि तिष्ठेन्निगूढो
न राजकाम्यां योषितं प्रार्थयीत ॥ २८ ॥

बुद्धिमान् मनुष्यले विश्वास गरी असमयमा अर्काको घर नजानु रातमा छिपी चौबाटोमा नवस्नु राजाले इच्छा गरेकी स्त्रीलाई पाउने इच्छा नगर्नु ।

न निन्हवं मन्त्रगतस्य गच्छेत्
संसृष्टमन्त्रस्य कुसङ्गतस्य ।
न च ब्रूयान्नाऽश्वसिमि त्वयीति
स कारणं व्यपदेशं तु कुर्यात् ॥ २९ ॥

दुष्ट सहायकको फेला परेको राजाले अरू धेरै मनुष्यका साथ सल्लाह गरी बसेको अवस्थामा पनि त्यो दुष्टका कुराको खण्डन नगर्नु । म तिम्रो कुराको विश्वास गर्दिन पनि न भन्नु। कुनै युक्तिले वहाना झिकी तहाँबाट निस्कनु ।

घृणी राजा पुंश्चली राजभृत्यः
पुत्रो भ्राता विधवा बालपुत्रा ।
सेनाजीवी चोद्धृतभूतिरेव
व्यवहारेषु वर्जनीयाः स्युरेते ॥ ३० ॥

दयालु राजा, व्यभिचार गर्ने स्त्री, राजकर्मचारी, छोरा भाई, सावा बच्चा भएकी विधवा, फौजमा काम गर्ने, र अधिकार झिकिएका पुरुषसँग लेन देनको व्यवहार नगर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टौ गुणाः पुरुषं दीपयन्ति
प्रज्ञा च कौल्यं च श्रुतं दमश्च ।
पराक्रमश्चाऽबहुभाषिता च
दानं यथाशक्ति कृतज्ञता च ॥ ३१ ॥

बुद्धि, कुलीनता, शास्त्रज्ञान, इन्द्रिय रोक्नु, पराक्रम, धेरै नबोल्ने स्वभाव, यथाशक्ति दान र कृतज्ञता यी आठ गुणले पुरुषलाई प्रकाश गर्छन् ।

एतान् गुणांस्तात! महानुभावा
नेकोगुणः संश्रयते प्रसह्य ।
राजा यदा सत्कुरुते मनुष्यं
सर्वान् गुणानेष गुणो विभर्ति ॥ ३२ ॥

हेराजन्! एक गुण यस्तो छ, जो सबै महत्वपूर्ण गुणमा आफ्नू अधिकार गर्दछ, जुन वखत राजा कुनै मनुष्यलाई सत्कार गर्दछ, त्यस वखत त्यसको त्यो राजसम्मान सबै गुण भन्दा वढ़ी शोभा पाउँछ ।

गुणा दश स्नानशीलं भजन्ते
बलं रूपं स्वरवर्णप्रशुद्धिः ।
स्पर्शश्च गन्धश्च विशुद्धता च
श्रीः सौकुमार्यं प्रवराश्च नार्यः ॥ ३३ ॥

नित्य स्नान गर्ने मनुष्यलाई बल, रूप, मीठोस्वर, उज्वल वर्ण, कोमलपना, सुगन्ध, पवित्रता, शोभा, सुकुमारपना र सुन्दरी-स्त्री यी दश कुरा प्राप्त हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुणाश्च षण्मितभुक्तं भजन्ते
आरोग्यमायुश्च वलं सुखं च ।
अनाविलं चाऽस्य भवत्यपत्यं
न चैनमाद्यून इति क्षिपन्ति ॥ ३४ ॥

थोरै भोजन गर्नेलाई छ गुण प्राप्त हुन्छन् आरोग्य, आयु, बल, र सुख नित्य नै मिल्दछ, उसका सन्तान पनि उत्तम हुन्छन् र यो धेरै नैं खन्चुवा भनी मनुष्यहरूले आक्षेप पनि गर्दैनन् ।

अकर्मशीलं च महाऽशनं च
लोकद्विष्टं वहुमायं नृशंसम् ।
अदेशकालज्ञमनिष्टवेष-
मेतान् गृहे न प्रतिवासयेत ॥ ३५ ॥

काम नगर्ने, धेरै खाने, सबैसँग बैरभाव गर्ने, धेरै मायाँ फैलाउने, क्रूर, देश कालको ज्ञान नराख्ने, र निन्दिन (फोहोरी) भेष धारण गर्ने मनुष्यलाई आफ्नू घरमा बस्न नदिनु ।

कदर्यमाक्रोशकमश्रुतं च
वनौकसं धूर्तममान्यमानिनम् ।
निष्ठूरिणं कृतवैरं कृतघ्न-
मेतान् भृशार्तोऽपि न जातु याचेत ॥ ३६ ॥

धेरै दुःखी भएर पनि कृपण, गाली गर्ने, मूर्ख, जङ्गलमा बस्ने, धूर्त, सानाको सेवा गर्ने, दया नभएको, वैरभाव गर्ने र कृतघ्न पुरुषसँग कहिले पनि माग्ने काम नगर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संक्लिष्टकर्माणमतिप्रमादं
नित्याऽनृतं चाऽदृढ भक्तिकं च ।
विसृष्टरागं पटुमानिनं चा-
प्येतान्न न सेवेत नराऽधमान् षट् ॥ ३७ ॥

दुःखदिने काम गर्ने, अत्यन्त विहोसी, सँधैं झूटो बोल्ने, स्थिर भक्ति नभएको, स्नेह नगर्ने, आफूलाई चतुरो मान्ने, यी छ किसिमका अधम पुरुषको सेवा नगर्नू ।

सहायबन्धना ह्यर्थाः सहायाश्चार्थबन्धनाः ।
अन्योन्यबन्धनावेतौ विनाऽन्योन्यं न सिद्ध्यतः ॥३८॥

धन कमाउने कुराले सहायताको अपेक्षा गर्दछ, सहायताले धनको अपेक्षा गर्दछ, यी दुवै एक अर्कोमा आश्रित छन्, (वा अन्योन्य पूरक छन्,) परस्परको सहयोग विना यिनको सिद्धि हुँदैन ।

उत्पाद्य पुत्राननृणांश्च कृत्वा
वृत्तिं च तेभ्योऽनुविधाय कांश्चित् ।
स्थाने कुमारीः प्रतिपाद्य सर्वा
अरण्यसंस्थोऽथ मुनिर्बुभूषेत् ॥ ३९ ॥

पुत्र उत्पन्न गरी, उनलाई ऋणको भारबाट मुक्त गराएर कुनै जीविकाको प्रबन्ध मिलाओस्, अनि आफ्ना सर्वै कन्यालाई योग्य वरका साथ विवाह गरी देओस् र वनमा मुनिवृत्तिले रहने इच्छा गरोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हितं यत् सर्वभूतानामात्मनश्च सुखावहम् ।
तत् कुर्यादीश्वरे ह्येतन्मूलं सर्वार्थसिद्धये ॥ ४० ॥

जो सबै प्राणीको हित गर्ने र आफ्ना निम्ति पनि सुखदायी छ, त्यो लाभ ईश्वरार्पण बुद्धिले गरोस्, यही नै सम्पूर्ण सिद्धिहरुको मूलमन्त्र हो ।

वृद्धिः प्रभावस्तेजश्च सत्त्वमुत्थानमेव च ।
व्यवसायश्च यस्य स्यात् तस्याऽवृत्ति भयं कुतः ॥४१॥

जसमा आफ्नू बढ्ने शक्ति, प्रभाव, तेज, पराक्रम उत्थान र कर्तव्यको निश्चय छ, उसलाई आफ्नू जीविकाको नाश हुने भय कसरी, हुन सक्ला ? ।

पश्य दोषान् पाण्डवैर्विग्रहे त्वं
यत्र व्यथेयुरपि देवाः सशक्राः ।
पुत्रैर्वैरं नित्यमुद्विग्नवासो
यशः प्रणाशो द्विषतां च हर्षः ॥ ४२ ॥

पाण्डवहरुका साथ युद्ध गर्दा जुन दोष छ, त्यसमा दृष्टि दिनोस्, उनीसँग संग्राम भयो भने, इन्द्र आदि देवताहरुलाई पनि कष्ट उठाउनु–पर्नेछ, फेरी पुत्रहरुका साथ सदाको वैरभाव, उद्वेगले पूर्ण जीवन, कीर्तिको नाश र शत्रुहरुमा आनन्दको वृद्धि हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भीष्मस्य कोपस्तव चैवेन्द्र कल्प !
द्रोणस्य राज्ञश्च युधिष्ठिरस्य ।
उत्सादयेल्लोकमिमं प्रवृद्धः
श्वेतो ग्रहस्तिर्यगिवाऽऽपतन् खे ॥ ४३ ॥

हे इन्द्रसमान पराक्रमी महाराज ! आकाशमा तेर्सो गरी उदाएको धूम्रकेतुले जस्तो सारा संसारमा अशान्ति र उपद्रव खडा गर्दछ, त्यस्तै भीष्म, तपाईं, द्रोणाचार्य, र राजा युधिष्ठिरको बढेको कोपले यो संसारलाई नै संहार गर्न शक्नेछ ।

तव पुत्रशतं चैव कर्णः पञ्च च पाण्डवाः ।
पृथिवीमनुशासेयुरखिलां सागराऽम्बराम् ॥ ४४ ॥

तपाईंका शये छोरा, कर्ण, पांच पाण्डव, यी सबै मिली समुद्रपर्यन्त पृथ्वीको शासन गरून् ।

धार्तराष्ट्रा वनं राजन् ! व्याघ्राः पाण्डुसुता मता ।
मा वनं छिन्धि सव्यघ्रं मा व्याघ्रान् नीनशन् वनान्४५

हेराजन् ! तपाईंका छोरा वन हुन्, पाण्डव त्यहाँ बस्ने बाघ हुन्, तपाईं वाघ सहित सबै वन नष्ट नगर्नु होस्, वनबाट ती वाघलाई टाढ़ा नभगाउनु होस् ।

न स्याद् वनमृते व्याघ्रान् व्याघ्रा न स्यु ऋते वनम् ।
वनं हि रक्ष्यते व्याघ्रै व्याघ्रान् रक्षति काननम् ॥४६॥

बाघहरू विना वनको रक्षा हुन शक्तैन, र वन विना बाघ पनि रहन शक्तैन, किनभने वाघले वनको रक्षा गर्दछ र वनले बाघको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न तथेच्छन्ति कल्याणान् परेषां वेदितुं गुणान् ।
यथैषां ज्ञातुमिच्छन्ति नैर्गुण्यं पापचेतसः ॥ ४७ ॥

पापी मन भएका पुरुषहरू अर्काको कल्याणमय गुण जान्ने त्यस्तो चेष्टा गर्दैनन् जस्तो कि उनका अवगुण जान्ने इच्छा राख्दछन् ।

अर्थसिद्धिं परामिच्छन् धर्ममेवाऽऽदितश्चरेत ।
न हि धर्मादपैत्यर्थः स्वर्गलोकादिवाऽमृतम् ॥ ४८ ॥

अर्थको सिद्धि चाहने पुरूषले पहिले धर्मको नै आचरण गर्नु-पर्दछ, जस्तो स्वर्गबाट अमृत टाढा हुदैन, त्यस्तै धर्मबाट सम्पत्ति अलग हुँदैन ।

यस्याऽऽत्मा विरतः पापात् कल्याणे च निवेशितः ।
तेन सर्वमिदं बुद्धं प्रकृतिर्विकृतिश्च या ॥ ४९ ॥

जसले बुद्धि पापबाट हटाई कल्याणमा लगाएको छ उसले संसारमा प्रकृति विकृति दुबै जानेको हुन्छ ।

यो धर्ममर्थं कामं च यथाकालं निषेवते ।
धर्मार्थकाम संयोगं सोऽमुत्रेह च विन्दति ॥ ५० ॥

जुन पुरूष समय अनुसार धर्म, अर्थ, र कामको सेवन गर्दछ त्यो यो लोकमा र परलोकमा पनि ती तिनै धर्म, अर्थ, काम, प्राप्त गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संनियच्छति यो वेगमुत्थितं क्रोधहर्षयोः ।
स श्रियो भाजनं राजन् ! यश्चाऽऽपत्सु न मुह्यति ॥५१॥

हेराजन् ! जुन पुरुष क्रोध र हर्षको उठेको वेगलाई रोक्दछ र आपत्तिमा पनि मोहित हुंदैन त्यही नै राजलक्ष्मीको अधिकारी हुन्छ ।

बलं पञ्चविधं नित्यं पुरुषाणां निबोध मे ।
यत् तु बाहुबलं नाम कनिष्ठं बलमुच्यते ॥ ५२ ॥

अमात्यलाभो भद्रं ते द्वितीयं बल मुच्यते ।
तृतीयं धनलाभं तु बलमाहुर्मनीषिणः ॥ ५३ ॥

यत् त्वस्य सहजं राजन् ! पितृपैतामहं बलम् ।
अभिजातबलं नाम तच्चतुर्थं बलं स्मृतम् ॥ ५४ ॥

येन त्वेतानि सर्वाणि संगृहीतानि भारत !
यद् बलानां बलं श्रेष्ठं तत् प्रज्ञाबलमुच्यते ॥ ५५ ॥

हेराजन् ! मनुष्यमा पाँच प्रकारको बल हुन्छ, त्यो सुन्नु होस्, पैलो बाहुबल नाम भएको बल हो, त्यो निकृष्ट बल हो । मन्त्रीहरू पाउनु दोस्रो बल हो विद्वान्हरू धन पाउनु तेस्रो बल भन्दछन्, हेराजन्, बाबू बाजेबाट आएको स्वाभाविक बललाई अभिजातनाम भएको चौथो बल भन्दछन् , जसबाट ई सबैहरूको संग्रह हुन्छ त्यो पाँचौ बल बुद्धिबल हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महते योऽपकाराय नरस्य प्रभवेन्नरः ।
तेन वैरं समासज्य दूरस्थोऽस्मीति नाऽऽश्वसेत ॥५६॥

जुन पुरूषले आफ्नू ठूलो अपकार गर्न शक्तछ त्यस सँग वैरभाव गरी म टाढा छु भन्ने संझी निश्चिन्त न रहोस् ।

स्त्रीषु, राजषु, सर्पेपु, स्वाध्यायप्रभुशत्रुषु ।
भोगेष्वायुषि विश्वासं कः प्राज्ञः कर्तुमर्हति ॥५७॥

स्त्रीमा, राजामा, साँपमा, पढेको पाठमा, सामर्थ्य भएको व्यक्तिमा, शत्रुमा, भोगमा, आयुमा कुन बुद्धिमान् मनुष्य पूर्ण विश्वास गर्न शक्ला ? ।

प्रज्ञा शरेणाऽभिहतस्य जन्तो-
श्चिकित्सकाः सन्ति न चौषधानि ।
न होममन्त्रा न च मङ्गलानि
नाथर्वणा नाप्यगदाः सुसिद्धा ॥ ५८ ॥

जो बुद्धिरुपी बाँणले मारिएको छ, त्यसका निम्ति न कुनै वैद्यछ, न औषधी छन्, न होमछ, न मन्त्रछ, न कुनै मङ्गलकामना छ, न अथर्वबेदमा बताएको कुनै प्रयोग छ, न किसिम किसिमका औषधी नैं हुन्छन् ।

सर्पश्चाग्निश्च सिंहश्च कुलपुत्रश्च भारत ! ।
नाऽवज्ञेया मनुष्येण सर्वे ह्येतेऽतितेजसः ॥ ५६ ॥

हे भारत ! मनुष्यले साँप, अग्नि सिंह र आफ्नू कुलमा उत्पन्न भएक व्यक्तिको अनादर नगरोस्, किन भने ई सबै बड़ा तेजस्वी हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अग्निस्तेजो महल्लोके गूढस्तिष्ठति दारुषु ।
न चोपयुङ्क्ते तद् दारु यावन्नोद्दीप्यते परैः ॥६०॥

यो संसारमा अग्नि यौटा ठूलो तेज हो, त्यो काठमा छिपेको हुन्छ, जबसम्म अरुले त्यसलाई बाल्दैनन्, तबसम्म यसले काठलाई जलाउँदैन ।

स एव खलु दारुभ्यो यदा निर्मथ्य दीप्यते ।
तद् दारु च वनं चाऽन्यन्निर्दहत्याशु तेजसा ॥६१॥

त्यै अग्नि यदि काठको मन्थन गरी प्रज्वलित गरेमा त्यसले त्यो काठ वन, र अरु वस्तुलाई पनि चाँडै नै जलाउँदछ ।

एवमेव कुले जाताः पावकोपम तेजसः ।
क्षमावन्तो निराकाराः काष्ठेऽग्निरिव शेरते ॥ ६२ ॥

यस्तै आफ्ना कुलमा उत्पन्न भएका अग्नि समान तेजस्वी यी पाण्डव क्षमाभावले युक्त, र विकार शून्य भएर काठमा छिपेको अग्नि झैं गुप्तरूपले वसेका छन् ।

लताधर्मा त्वं सपुत्रः शालाः पाण्डुसुता मताः ।
न लता वर्धते जातु महाद्रुममनाश्रिता ॥ ६३ ॥

आफ्ना पुत्रले सहित तपाईं लहरा समान हुनुहुन्छ, पाण्डवहरु ठूलो शाल वृक्ष समान छन् ।ठुलो वृक्षको आड नलियी लहरा कैले पनि बढ्न शक्तैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वनं राजंस्तव पुत्रोऽम्बिकेय !
सिंहान् वने पाण्डवां स्तात ! विद्धि ।
सिंहैर्विहीनं हि वनं विनश्येत्
सिंहा विनश्येयुर्ऋते वनेन ॥ ६४ ॥

हे अम्बिकानन्दन ! तपाँईका छोरा वन हुन् पाण्डवहरू तहाँ रहने सिंह सम्झनोस् सिंहनभएको वन नष्ट हुन्छ वनविना सिंह पनि नष्ट हुन्छ ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३८ अध्याय

विदुर भन्दछन् ।

ऊर्ध्वं प्राणा ह्युत्क्रामन्ति यूनः स्थविर आयति ।
प्रत्युत्थानाऽभिवादाभ्यां पुनस्तान् प्रतिपद्यते ॥ १ ॥

हेराजन्! कुनै माननीय वृद्ध पुरुष नजदीक आएमा नवयुवक व्यक्तिका प्राण माथी उठन थाल्दछन् जव स्वागतका निंवि उठी खडाहुन्छ र प्रणाम आदि गर्न थाल्दछ अनि फेरी प्राण वास्तविक स्थितिमा आउँछन् ।

पीठं दत्त्वा साधवेऽभ्यागताय ।
आनीयाऽपः परिनिर्णिज्य पादौ ॥
सुखं पृष्ट्वा प्रतिवेद्याऽऽत्म संस्थां
ततो दद्यादन्नमवेक्ष्य धीरः ॥ २ ॥

धीर पुरुषको कर्तव्यहो कि, जव कुनै साधु पुरुष घरमा आयोभने उसलाई आसनहरु दिएर पानील्याई चरण पखालोस् र ऊसँग कुशल समाचार सोधी आफ्नू स्थिति वताओस् अनि आवश्यक बुझेर अन्न भोजन गराओस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्योदकं मधुपर्कं च गां च
न मन्त्रवित् प्रतिगृह्णाति गेहे ।
लोभाद् भयादथ कार्पण्यतो वा
तस्याऽनर्थं जीवितमाहुरार्याः ॥ ३ ॥

जसका घरमा वेदवेत्ता ब्राह्मणहरू घरधनीको लोभ, भय, कञ्जूसपनाले गर्दा, जल, मधुपर्क, र गाईहरू स्वीकार गर्न पाउँदैनन् त्यस्ता गृहस्थको जीवनलाई योग्यमानिसहरू व्यर्थ भन्दछन् ।

चिकित्सकः शल्यकर्ताऽवकीर्णी ।
स्तेनः क्रूरो मद्यपो भ्रूणहा च ।
सेनाजीवी श्रुतिविक्रायकश्च
भृशं प्रियोऽप्यतिथिर्नोदकार्हः ॥ ४ ॥

वैद्य, चीरफार गर्ने, ब्रह्मचर्य व्रतबाट भ्रष्ट, चोर, रिसाहा, रक्सीवाज, गर्भनाशगर्ने, फौजमा (पल्टनमा) कामगर्ने, वेदवेचने, ई पाऊधुन योग्य नभयेपनि अतिथिको रूपमा आयेभने विशेषप्यारा र आदरका योग्य हुन्छन् ।

अविक्रयं लवणं पक्वमन्नं
दधि क्षीरं मधु तैलं घृतं च ।
तिला मांसं फलमूलानि शाकं
रक्तं वासः सर्वगन्धा गुडाश्च ॥ ५ ॥

नून, पाकेको अन्न, दही, दुध, मह, तेल, घ्यू, तिल, मास, फल मूल, साग, रातोकपडा, सबैकिसिमको गन्ध, र सखर, ई वस्तुहरू वेचन योग्य छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अरोषणो यः समलोष्टाऽश्मकाञ्चनः
प्रहीणशोको गतसन्धि विग्रहः ।
निःदाप्रशंसोपरतः प्रियाऽप्रिये
त्यजन्नुदासीनवदेष भिक्षुकः ॥ ६ ॥

जो रीसगर्दैन, खोस्टा, पत्थर र सुनलाई बरावर संझन्छ शोक नभएको छ, सन्धि विग्रह नजान्ने, निन्दा र प्रसंसाले शून्य, प्रिय र अप्रियको त्याग गर्ने उदासीन छ त्यही नै भिक्षुक हो ।

नीवारमूलेङ्गुदशाकवृत्तिः
सुसंयताऽऽत्माऽग्नि कार्येषु चोद्यः ।
वने वसन्नतिथिष्वप्रमत्तो
धुरन्धरः पुण्यकृदेष तापसः ॥ ७ ॥

जो जङ्गलिधान, कन्दमूल, चिउरी, सागहरू खाई निर्बाह गर्दछ' मनलाई वशगर्दछ, अग्निहोत्र गर्दछ, वनमा वसेर पनि अतिथिसेवामा सावधान रहन्छ त्यही नै पुण्यात्मा तपस्वी हो ।

अपकृत्य बुद्धिमतो दूरस्थोऽस्मीति नाऽश्वसेत् ।
दीर्घौ बुद्धिमतो बाहू याभ्यां हिंसति हिंसितः ॥ ८ ॥

बुद्धिमान पुरुषको खरावीगरी म टाढाछु भनी निश्चिन्त न रहोस् । बुद्धिमानका बुद्धिरूपी हात लामा हुन्छन् उसलाई सतायो भने त्यो बुद्धिरूपी हातले वदला लिन्छन् ।

न विश्वसेदविश्वस्ते विश्वस्ते नाऽतिविश्वसेत ।
विश्वासाद् भयमुत्पन्नं मूलान्यपि निकृन्तति ॥ ९ ॥

जो विश्वासकोपात्र छैन उसको ता विश्वासै नगरोस्, जो विश्वासको पात्र छ उसको पनि धेरै विश्वास नगरोस् विश्वास वाट जुन भयहुन्छ त्यसले मूलैको उच्छेद गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनीर्षुर्गुप्तदारश्च संविभागी प्रियंवदः ।
श्लक्ष्णो मधुरवाक् स्त्रीणां न चासां वशगो भवेत्॥१०॥

मनुष्यले, ईर्ष्यारहित, स्त्रीजातिको रक्षक, सम्पत्तिको न्यायपूर्वक विभागगर्ने, प्यारोबोल्ने, स्वच्छ, र स्त्रीजातिसँग मिठो बोली बोल्ने हुँनुपर्दछ, तर उनीहरूको वशमा हुनु हुँदैन ।

पूजनीया महाभागाः पुण्याश्च गृहदीप्तयः ।
स्त्रियः श्रियो गृहस्योक्तास्तस्माद् रक्ष्या विशेषतः ॥११॥

स्त्रीजाति घरकी लक्ष्मी हुन् । यी सौभाग्यलेयुक्त, आदरको योग्य, पवित्र र घरका शोभा हुन्, इनको विशेषरूपले रक्षागर्नु योग्य छ ।

पितुरन्तःपुरं दद्यान्मातुर्दद्यान्महानसम् ।
गोषु चात्मसमं दद्यात् स्वयमेव कृषि व्रजेत् ॥१२॥
भृत्यैर्वाणिज्यचारं च पुत्रैः सेवेत च द्विजान् ॥

अन्तःपुरको रक्षाको काम बाबुलाई दिनु, भान्छाको प्रबन्ध आमालाई दिनु, गाईको सेवा आफु बराबरको व्यक्तिलाई दिनु, खेतीकोकाम आँफैगर्नु नोकरहरूलाई व्यापारमा लगाउनु र छोरा हरूलाई ब्राह्मणक सेवामा लगाउनु ।

अद्भ्योऽग्निर्ब्रह्मतः क्षत्रमश्मनो लोहमुत्थितम
तेषां सर्वत्रगं तेजः स्वासु योनिषु शाम्यति ॥१३॥

जलदेखी आगो, बाहुंनदेखी क्षेत्री, र ढुङ्गादेखी फलाम उत्पन्न भएकोहो इनीहरूको तेज सर्वत्र व्याप्त भएपनि आफ्नु उत्पत्ति स्थानमा शान्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नित्यं सन्तः कुले जाताः पावकोपमतेजसः ॥१४॥
क्षमावन्तो निराकाराः काष्ठेऽग्निरिव शेरते

राम्रो कुलमा उत्पन्न, अग्निसमान तेजस्वी, क्षमाशील र विकारशून्य सन्तपुरुष सँधै काठमा रहेको अग्निझैं शान्तभावमा स्थिर रहन्छन् ।

यस्य मन्त्रं न जानन्ति बाह्याश्चाभ्यन्तराश्च ये ॥१५॥
स राजा सर्वतश्चक्षु श्चिरमैश्वर्य मश्नुते

जुन राजाले सल्लाह (मन्त्रणा) बाहिरीया र भित्रिया कुनैले पनि जान्दैनन् सबै तर्फ दृष्टि राख्ने त्यो राजा धेरै वर्षसम्म ऐश्वर्यको भोग गर्दछ ।

करिष्यन् न प्रभाषेत कृतान्येवन्तु दर्शयेत् ॥१६॥
धर्मकामार्थ कार्याणि तथा मन्त्रो न भिद्यते

धर्म, काम, र अर्थ सम्बन्धी व्यवस्था कार्य, गर्नु भन्दा अगाडि प्रकट नगरोस्, गरेर नै देखाओस् यसो गरेमा आफ्नू सल्लाह अरूमा प्रकट हुन पाउँदैन ।

गिरिपृष्ठ मुपारुह्य प्रासादं वा रहोगतः ॥१७॥
अरण्ये निःशलाके वा तत्र मन्त्रोऽभिधीयते

पर्वतको टाकुरामा, अथवा राजमहलको एकान्त स्थानमा वा झारपातले नछेकिएको जङ्गलमा गै सल्लाह विचार गर्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नासुहृद् परमं मन्त्रं भारताऽर्हति वेदितुम् ।
अपण्डितो वापि सुहृद् पण्डितो वाऽप्यनात्मवान ॥१८॥

हे भारत ! जो मित्र छैन, मित्र भए पनि पण्डित छैन, पण्डित भए पनि जसको मन वश छैन त्यस्नाले आफ्नू गुप्त सल्लाह जान्न नपाओस् ।

नाऽपरीक्ष्य महीपालः कुर्यात् सचिवमात्मनः ॥१९॥
अमात्ये ह्यर्थलिप्सा च मन्त्ररक्षणमेव च ।

कृतानि सर्वकार्याणि यस्य पारिषदा विदुः ॥२०॥
धर्मे चाऽर्थे च कामे च स राजा राजसत्तमः ।
गूढमन्त्रस्य नृपतेस्तस्य सिद्धिरसंशयम् ॥ २१ ॥

राजाले राम्रो परीक्षा नगरी कसैलाई पनि आफ्नू मन्त्री नबनाओस्, किनभने धन कमाउने काम र गुप्त सल्लाहको रक्षा-गर्ने काम मन्त्रीकै हातमा हुन्छ, जुन राजाको धर्म अर्थ र काम विषयक सर्व काम पूर्ण भए पछी मात्र सभामा बस्नेहरूले जान्दछन् त्यही राजा नै सबं भन्दा उत्तम हो, आफ्नू सल्लाह गुप्त राख्ने राजालाई अवश्य नै सिद्धि प्राप्त हुन्छ ।

अप्रशस्तानि कार्याणि यो मोहादनुतिष्ठति ।
स तेषां विपरिभ्रंशाद् भ्रंश्यते जीवितादपि ॥२२॥

जो मोहवश खराब काम गर्दछ त्यो खराब कामको उल्टा परिणामले आफ्नू जीवन खतम गर्दछ ।

कर्मणां तु प्रशस्तानामनुष्ठानं सुखाऽऽवहम् ।
तेषामेवाऽननुष्ठानं पश्चात्तापकरं मतम् ॥२३॥

उत्तम कर्मको अनुष्ठान सुख दिने हुन्छ, ती काम न गर्नाले पश्चात्तापको कारण बन्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनधीत्य यथा वेदान न विप्रः श्राद्धमर्हति ।
एवमश्रुतषाड्गुण्यो न मन्त्रं श्रोतुमर्हति ॥२४॥

जस्तो ब्राह्मण वेदहरू नपढी श्राद्ध कर्मको योग्य हुंदैन, त्यस्तै छ गुण (सन्धि,विग्रह, यान आसन, द्वैधीभाव, समाश्रय,) नजानेको कुनै पनि व्यक्ति गुप्त सल्लाह (वा मन्त्रणा) सुन्न अधिकारी हुन शक्तैन ।

स्थान, वृद्धि, क्षयज्ञस्य षाड्गुण्यविदितात्मनः ।
अनुविज्ञात शीलस्य स्वाधीना पृथिवी नृप ! ॥२५॥

हेराजन् ! जो सन्धि-विग्रह आदि छ गुणको जानकारी राख्दछ, स्थिति, वृद्धि र ह्रास जान्दछ, जसको शील स्वभावको सबैले प्रशंसा गर्दछन् त्यै राजाको अधीन पृथ्वी रहन्छिन् ।

अमोघक्रोधहर्षस्य स्वयं कृत्यान्ववेक्षिणः ।
आत्मप्रत्ययकोशस्य वसुदैव वसुन्धरा ॥२६॥

जसको क्रोध र हर्ष व्यर्थ जाँदैन, जो आफैं काम काज हेर्दछ, जो ढुकुटीको जानकारी राख्दछ, उसलाई पृथ्वी धेरै धन दिने हुन्छिन् ।

नाममात्रेण तुष्येत छत्रेण च महीपतिः ।
भृत्येभ्यो विसृजेदर्थान् नैकः सर्वहरो भवेत् ॥ २७॥

राजाले आफ्नू राजाभन्नेनामले र राजोचित छत्र आदि धारणाले संतुष्ट रहनु पर्दछ, सेवकहरुलाई पर्याप्त धनदिनु पर्दछ एकलै आँफुलेमात्र सबैलिनु हुदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणं ब्राह्मणो वेद भर्ता वेद स्त्रियं तथा।
अमात्यं नृपतिर्वेद राजा राजानमेव च ॥२८॥

बाहॅमणले बाह्मणलाई जान्दछ स्त्रीलाई उसको पतिले जान्दछ, मन्त्रीलाई राजाले जान्दछ र राजालाई राजालेनै जान्दछ।

न शत्रुर्वशमापन्नो मोक्तव्यो वध्यतां गतः।
न्यग्भूत्वा पर्युपासीत वध्यं हन्याद बले सति।॥२९॥
अहताद्धि भयं तस्मात् जायते नचिरादिव।

वशमा आएको मार्नयोग्य शत्रुलाई छोड्नहुदैन। यदि आफ्नूबल धेरैछैनभने शत्रुसंग नम्रभै समय विताउनु पर्दछ। र बल भएपछी मार्नुपर्दछ किनभने शत्रुलाई नमारेमा उसबाट चाँडैनै भय आइलाग्छ।

दैवतेषु प्रयत्नेन राजसु ब्राह्मणेषु च।
नियन्तव्यः सदा क्रोधो वृद्धबालाऽऽतुरेषु च ॥३०॥

देवता, बाहुन्, राजा, बूढा, बालक र रोगीमा उठेको क्रोधलाई यत्नपूर्वक रोक्नु पर्दछ।

निरर्थं कलहं प्राज्ञो वर्जयेन्मूढसेवितम्।
कीर्तिं च लभते लोके न चाऽनर्थेन युज्यते॥३१॥

मूर्खले मच्चायेको काम नलाग्ने झगडालाई बुद्धिमानले त्यागि-दिनु-पर्दछ यसो गर्नाले योसंसारमा उसको कीर्ति फैलिन्छ, र अनर्थका सामनागर्नु पर्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसादो निष्फलो यस्य क्रोधश्चापि निरर्थकः ।
न तं भर्तारमिच्छन्ति षण्ढं पतिमिव स्त्रियः ॥ ३२ ॥

जो प्रसन्नभएमा कुनैफल मिल्दैन, जसको क्रोधपनि व्यर्थछ, त्यस्तो राजालाई प्रजाले यसरी छोड्दछन्, जस्तो स्त्रीले नपुंसक पतिलाई ।

न बुद्धिर्धनलाभाय न जाड्यमसमृद्धये ।
लोकपर्यायवृत्तान्तं प्राज्ञो जानाति नेतरः ॥ ३३ ॥

बुद्धिले धन प्राप्त हुन्छ, मूर्खता दरिद्रताको कारण हो भन्ने यस्तो कुनै नियम छैन, संसारचक्रको वृतान्तलाई विद्वान्पुरुष नै जान्दछन्, अरूले जान्दैनन् ।

विद्याशीलवयोवृद्धान् बुद्धिवृद्धांश्च भारत ! ।
धनाऽभिजातवृद्धांश्च नित्यं मूढोऽवमन्यते ॥ ३४ ॥

हे भारत ! मूर्ख मनुष्यले विद्या, शील, अथवा, बुद्धि, धन र कुलका माननीयहरु वृद्धपुरुषको पनि सदा अनादर गर्दछ ।

अनार्यवृत्तमप्राज्ञमसूयकमधार्मिकम् ।
अनर्थाः क्षिप्रमायान्ति वाग्दुष्टं क्रोधनं तथा ॥ ३५ ॥

जसको चरित्र निन्दनीय छ, जो मूर्खगुणमा दोष देख्छ जो अधार्मिक छ, खराब बचन बोल्ने छ, जो क्रोधी छ त्यस-माथी चाँडैनै अनर्थ-आइपर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अविसंवादनं दानं समयस्याऽव्यतिक्रमः ।
आवर्तयन्ति भूतानि सम्यक्प्रणिहिता च वाक् ॥३६॥

कसैलाई न ठगनु, दानदिनु, प्रतिज्ञाको उल्लङ्घन न गर्नु र राम्रोसँग बोलनु यतिकुराले सर्वप्राणी आफ्ना हुन्छन् ।

अविसंवादको दक्षः कृतज्ञो मतिमानृजुः ।
अपि संक्षीणकोशोऽपि लभते परिवारणम् ॥३७॥

कसैलाई पनि धोखा नदिने, चतुरो, गरेकोकुरा जान्ने, बुद्धिमान र कोमल स्वभाव भएको राजा, खजाना समाप्त भए-पनि सहायकहरू पाउँदछ ।

धृतिः शमो दमः शौचं कारुण्यं वागनिष्ठुरा ।
मित्राणां चाऽनभिद्रोहः सप्तैताः समिधः श्रियः ॥ ३८॥

धैर्य, मनलाई रोक्नु, ईन्द्रिय संयम, पवित्रता, दया, कोमलवचन र मित्रको द्रोह नगर्नु, इ सातकुरा लक्ष्मी धपक्क बलाएर बढाउने समिधा हुन् ।

असंविभागी दुष्टात्मा कृतघ्नो निरपत्रपः ।
तादृङ्नराधिपो लोके वर्जनीयो नराधिपः ॥३९॥

हे राजन् ! जो आफ्नू आश्रितलाई धन ठीक ठीक बाँडदैन, जसको स्वभाव दुष्ट छ, जो कृतघ्न र निर्लज्ज छ त्यतो राजा लाई त्यागिदिनु योग्य छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न च रात्रौ सुखं शेते ससर्प इव वेश्मनि ।
यः कोपयति निर्दोषं सदोषोऽभ्यन्तरं जनम् ॥४०॥

जो आफू दोषी भएर पनि निर्दोष आत्मीय व्यक्तिलाई कुपित वनाउँछ, त्यो सर्परहेको घरमा वस्ने व्यक्तिझैं रातमा सुखसँग सुत्न पाउँदैन ।

येषु दुष्टेषु दोषः स्याद् योग क्षेमस्य भारतः ।
सदा प्रसादनं तेषां देवतानामिवाऽऽचरेत् ॥४१॥

हे ! भारत जसका उपर दोषारोपण गर्नाले योग-क्षेममा बाधा आउँछ उनलाई देवता झैं सदा प्रसन्न राख्नु पर्दछ ।

येऽर्थाः स्त्रीषु समायुक्ताः प्रमत्तपतितेषु च ।
ये चाऽनार्ये समासक्ताः सर्वे ते संशयं गताः ॥४२॥

जुन् पुरुष आफ्नू धन स्त्री मा, विहोशिमा, पतित मा र नीचपुरुषका हातमा सुम्पिन्छ, त्यो संशयमा पर्दछ ।

यत्र स्त्री यत्र कितवो बालो यत्रानुशासिता ।
मज्जन्ति तेऽवशा राजन् नद्यामश्मप्लवा इव ॥४३॥

हे राजन् ! जहाँकोशासन स्त्रीमा ,जुवाडेमा, र वालकको हातमा हुन्छ, तहाँका मनुष्य नदीमा ढुङ्गाको नाऊँमा वस्न मनुष्यहरु झैं विवश भै विपत्तिको समुद्रमा डुव्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोजनेषु ये सक्ता न विशेषेषु भारतः ।
तानहं पण्डितान् मन्ये विशेषा हि प्रसङ्गिनः ॥ ४४ ॥

हे भारत ! जसलाई जतिको आवश्यक छ, त्यत्तिनै काममा लगाउने र धेरैको चाहना नगर्नेलाई म पण्डित मान्दछु, धेरैमा हातहाल्नु संघर्षको कारण हुन्छ ।

यं प्रशंसन्ति कितवा यं प्रशंसन्ति चारणाः ।
यं प्रशंसन्ति बन्धक्यो न स जीवति मानवः ॥ ४५ ॥

धूर्तहरु जसको प्रसंसा गर्दछन् नट्‍वाहरु जसको प्रशंसा गर्दछन्, वेश्याहरू जसको प्रशंसा गर्दछन् त्यो मनुष्य जिउँदै मरे समान छ ।

हित्वा तान् परमेष्वासान् पाण्डवानमितौजसः ।
आहितं भारतैश्वर्यं त्वया दुर्योधने महत् ॥ ४६ ॥

हे भारत ! तपाँईले ती महा धनुर्धारी, अत्यन्त तेजस्वी पाण्डवहरुलाई छोड़ी यो ठूलो ऐश्वर्यको भार दुर्योधनमा राख्नु भो ।

तं द्रक्ष्यति परिभ्रष्टं तस्मात् त्वमचिरादिव ।
ऐश्वर्यमदसम्मूढं वलिं लोकभयादिव ॥ ४७

त्यसैले तपाँई चाँडै नै ऐश्वर्यमदले मूढ दुर्योधन, त्रिभुवनको साम्राज्यबाट गिरेको वलि झैं राज्यबाट भ्रष्ट भएका देख्नु हुने छ ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३६ अध्याय

धृतराष्ट्र भन्दछन् ।

अनीश्वरोऽयं पुरुषो भवाऽभवे
सूत्रप्रोता दारुमयीव योषा ।
धात्रा तु दिष्टस्य वशे कृतोऽयं
तस्माद् वद त्वं श्रवणे धृतोऽहम् ॥ १ ॥

हे विदुर ! यो मनुष्य ऐश्वर्यको प्राप्ति र नाशमा स्वतन्त्र छैन, ब्रह्माले धागोमा बाँधेको काठपुतली झैं यसलाई प्रारब्धको अधीन राखेको छ, त्यसकारण तिमी भन्दै जाउ, म सुन्नलाई धैर्य धारणगरी बसेको छु ।

विदुर भन्दछन् ।

अप्राप्तकालं वचनं बृहस्पतिरपि ब्रुवन् ।
लभते बुद्ध्यवज्ञानमवमानं च भारतः ॥ २ ॥

हे भारत ! यदि समयको विपरीत कुरा बृहस्पतिले नै बोले पनि उनको अपमान हुन्छ उनका बुद्धिको हेला हुन्छ ।

प्रियो भवति दानेन प्रियवादेन चापरः ।
मन्त्रमूलबलेनाऽन्यो यः प्रियः प्रिय एव सः ॥ ३ ॥

संसारमा कुनै मनुष्य दान दिनाले प्यारो हुन्छन, कुनै मीठो बोली बोल्नाले प्यारो हुन्छन् कुनै मन्त्र औषधीको बलले प्यारो हुन्छन् तर जो वास्तवमा प्यारो छन् ती ता सधैं प्यारो नैछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वेष्यो न साधुर्भवति न मेधावी न पण्डितः ।
प्रिये शुभानि कार्याणि द्वेष्ये पापानि चैव ह ॥ ४ ॥

जो सँग द्वेष (रीस) हुन्छ त्यो न साधु हुन्छ, न विद्वानहुन्छ, न बुद्धिमान नै देखिन्छ मित्रहरूका निम्ति ता उसका सबै काम राम्रा प्रतीत हुन्छन् तर शत्रुका लागी सबैकाम पापमय नै देखिन्छन् ।

उक्तं मया जातमात्रेऽपि राजन् !
दुर्योधनं त्यज पुत्रं त्वमेकम् ।
तस्य त्यागात् पुत्रशतस्य वृद्धि-
रस्याऽत्यागात् पुत्रशतस्य नाशः ॥ ५ ॥

हे राजन् ! दुर्योधनको जन्महुनासाथ मैले भनेको थिएँ की यो पुत्रलाई त्यागिदिनु होस् यसलाई त्यागेमा शये पुत्रको वृद्धि र त्याग नगरेमा शये पुत्रको नाश हुनेछ !

न वृद्धिर्बहु मन्तव्या या वृद्धिः क्षयमावहेत् ।
क्षयोऽपि बहु मन्तव्यो यःक्षयो वृद्धिमावहेत् ॥ ६ ॥

जुन बढ़नाले पछी नाशको कारण बन्दछ त्यसलाई धेरै महत्व नदिनु वरु त्यो नाशको धेरै आदर गर्नु पर्दछ जो पछि गै उदयको कारण हुन्छ ।

न स क्षयो महाराज यः क्षयो वृद्धिमावहेत ।
क्षयः सत्विह मन्तव्यो यं लब्ध्वा बहुनाशयेन् ॥ ७ ॥

हे महाराज ! जुन क्षय वृद्धिको कारण हुन्छ, त्यो वास्तवमा क्षय (नाश) हैन वरु त्यो लाभ (प्राप्ति) लाई नै क्षय मान्नू पर्दछ जुन पाउनाले धेरै लाभको नाश हुन्छ !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समृद्धा गुणतः केचित् भवन्ति धनतोऽपरे ।
धनवृद्धान् गुणैर्हीनान् धृतराष्ट्र विवर्जय ॥ ८ ॥

हे धृतराष्ट्र ! कुनै मनुष्य गुणले समृद्ध हुन्छन्, कुनै धनले समृद्ध हुन्छन् जो धनले धनी भएर पनि गुणले हीन छन् तिनलाई सर्वथा त्याग गर्नु पर्दछ ।

धृतराष्ट्र भन्दछन् ।

सर्वं त्वमायतीयुक्तं भाषसे प्राज्ञसम्मतम् ।
न चोत्सहे सुतं त्यक्तुं यतो धर्म स्ततो जयः ॥ ९ ॥

हे विदुर ! तिमी जे भन्दछौ त्यो सवै परिणाममा हित गर्ने छ, विद्वानहरू यसको ताडिफ गर्दछन् यो पनि ठीक हो कि जता धर्म छ, त्यही पक्षको जीत हुन्छ, तर पनि म आफ्नू छोराको त्यागगर्न शक्तिन ।

विदुर भन्दछन् ।

अतीवगुणसम्पन्नो न जातु विनयान्वितः ।
सुसूक्ष्ममपि भूतानामुपमर्दमुपेक्षते ॥ १० ॥

हे राजन् ! जो धेरै गुणले सम्पन्न र विनयी छन् ती प्राणीहरूको अलिकता पनि नाशदेखि उपेक्षागर्न शक्तैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परापवादनिरताः परदुःखोदयेषु च ।
परस्परविरोधे च यतन्ते सततोत्थिताः ॥ ११ ॥

स दोषं दर्शनं येषां संवादे सुमहद् भयम् ।
अर्थाऽऽदाने महान् दोषः प्रदाने च महद् भयम् ॥१२॥

जो अर्काको निन्दामा लागीरहन्छन् अर्कालाई दुःख दिनु र आपसमा फूटपार्न सदा तयार रहन्छन् जसलाई देखनाले अशुभ हुन्छ जसको साथमा रहँदा ठूलोखतरा हुन्छ, त्यस्ता मनुष्यसँग धनलिदा ठूलो दोष हुन्छ, उनलाई दिदा पनि ठूलो-भय हुन्छ ।

ये वै भेदनशीलास्तु सकामा निस्त्रपाः शठाः ।
ये पापा इति विख्याताः संवासे परिगर्हिताः ॥१३॥

अरुमा फूटगार्नु नै जसको स्वभाव छ, जो कामी, निर्लज्ज, मूर्ख र प्रसिद्ध पापी छन् तिनको साथ रहनू अयोग्य र निन्दित मानिएको छ ।

युक्ताश्चाऽन्यैर्महादोषैर्ये नरास्तान् विवर्जयेत् ।
निवर्तमाने सौहार्दे प्रीतिर्नीचे प्रणश्यति ॥ १४ ॥
या चैव फलनिर्वृत्तिः सौहृदे चैव यत् सुखम् ॥

अरु ठूला ठूला दोषले युक्त मनुष्यलाई पनि त्यागगर्नु पर्दछ । सौहार्दभाव नष्ट भयेपछी नीच पुरुषहरूको प्रेम पनि नष्ट हुन्छ । सौहार्दभावले हुने फलको सिद्धि र सुखको पनि नाश हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यतते चाऽपवादाय यत्नमारभते क्षये ।
अल्पेऽप्यपकृते मोहान्न शान्तिमधिगच्छति ॥ १५ ॥

त्यो नीचपुरुष निन्दागर्न प्रयत्न गर्दछ, सानू अपराधमा पनि मोहवश विनाशगर्न उद्यत हुन्छ तैपनि उसलाई अलिकति पनि शान्ति मिल्दैन ।

तादृशैः संगतं नीचैर्नृशंसैरकृतात्मभिः ।
निशम्य निपुणं बुद्ध्या विद्वान् दूराद् विवर्जयेत् ॥१६॥

त्यस्ता नीच, क्रुर र इन्द्रिय नजितेका पुरुषसँग सङ्गत हुन आयोभने ,आपना बुद्धिले पूर्ण विचार गरी विद्वान् पुरुषले उसलाई टाढैबाट त्याग गर्नुपर्दछ ।

यो ज्ञातिमनुगृह्णाति दरिद्रं दीनमातुरम् ।
स पुत्रपशुभिर्वृद्धिं श्रेयश्चाऽनन्त्यमश्नुते ॥ १७ ॥

जो आफ्ना कुटुम्ब. दरिद्र दुःखी र रोगीहरुमा अनुग्रह गर्दछ त्यस्का सन्तान बढ्दछ, पशुहरु बढदछन् र धेरै कल्याणको अनुभव गर्दछ ।

ज्ञातयो वर्धनीया स्तै र्य इच्छन्त्यात्मनः शुभम् ।
कुलवृद्धिं च राजेन्द्र तस्मात् साधु समाचर ॥ १८ ॥

हे राजेन्द्र ! जो मनुष्य आफ्नू कल्याणको चाहनागर्छन उनले आफ्ना जाति भाईलाई उन्नतिशील वनाउनु-पर्दछ, त्यस-कारण तपाँई सच्चा व्यवहारद्वारा आफ्ना कुलको उन्नति गर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेयसा योक्ष्यते राजन्! कुर्वाणो ज्ञातिसत्क्रियाम् ॥१६॥

हे राजन्! आफ्ना कुटुम्बको वा बन्धुको मर्यादा राख्नाले कल्याणको भागी हुनु हुनेछ ।

विगुणा ह्यपि संरक्ष्या ज्ञातयो भरतर्षभः ।
किं पुनर्गुणवन्तस्ते त्वत्प्रसादाऽभिकाङ्क्षिणः ॥२०॥

हे भरतश्रेष्ठ! आफ्ना कुटुम्ब (बन्धु) हरु गुणहीन भयेपनि उनको रक्षा गर्नुपर्दछ भने जो तपाँईको कृपाऽभिलाषी र गुणवान् बन्धु छन् तिनको त कुरै के भनु ? ।

प्रसादं कुरु वीराणां पाण्डवानां विशाम्पते ।
दीयन्तां ग्रामकाः केचित् तेषां वृत्यर्थमीश्वर ॥ २१ ॥

हे राजन्! तपाँई समर्थ हुनुहुन्छ धीर पाण्डवहरूलाई कृपागरी उनको जीविका निमित्त केहिगाऊ दिनुहोस् ।

एवं,लोके यशः प्राप्तं भविष्यति नराधिपः ।
वृद्धेन हि त्वया कार्यं पुत्राणां तात! शासनम् ॥२२॥

हे नरेश्वर! यस्तो गर्नुभयो भने तपाँईको यो संसारमा कीर्ति बढ्ने छ, तपाँई वृद्ध हुनुहुन्छ, तपाँईले नै आफ्ना पुत्रहरूमा शासन गर्नु उचित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मया चाऽपि हितं वाच्यं विद्धि मां त्वद्धितैषिणम् ।
ज्ञातिभिर्विग्रहस्तात ! न कर्तव्यः शुभार्थिना ।
सुखानि सह भोज्यानि ज्ञातिभिर्भरतर्षभ ! ॥२३॥

हे भरतश्रेष्ठ ! मैले पनि तपाँईलाई हितका कुरागर्नु पर्दछ तपाँईले पनि मलाई हितैषी नै संझनु पर्छ । कल्याण चाहने पुरुषले आफ्ना जाति भाईहरूसँग झगडा नगरीकन उनिहरुसँग मिली-जुली सुखको उपभोग गर्नु पर्छ ।

सम्भोजनं संकथनं सम्प्रीतिश्च परस्परम् ।
ज्ञातिभिः सह कार्याणि न विरोधः कदाचन ॥ २४ ॥

दाजूभाईहरुका साथ परस्पर भोजन, कुराकानी र प्रेम-गर्नु कर्तव्य हो, उनीहरुसँग कैलेपनि विरोध गर्नु हुँदैन ।

ज्ञातयस्तारयन्तीह ज्ञातयो मज्जयन्ति च ।
सुवृत्तास्तारयन्तीह दुर्वृत्ता मज्जयन्ति च ॥ २५ ॥

यो संसारमा दाजूभाईहरुले नै संकट बाट तार्दछन् दाजू-भाईले नै डुबाउँछन्; तिनमा सदाचारीले तार्दछन्, दुराचारीले डुवाउँछन् ।

सुवृत्तो भव राजेन्द्र ! पाण्डवान् प्रति मानद ! ।
अधर्षणीयः शत्रूणां तैर्वृतस्त्वं भविष्यसि ॥ २६ ॥

हे राजेन्द्र ! तपाँई पाण्डवहरूमा सद्व्यवहार गर्नुहोस् र उनले सुसज्जित भै शत्रुहरूका निम्ति दुर्धर्ष हुनु होस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमन्तं ज्ञातिमासाद्य यो ज्ञातिरवसीदति ।
दिग्धहस्तं मृग इव स एनस्तस्य विन्दति ॥ २७ ॥

जस्तो विषलेयुक्त बाँण हातमा लिएको व्याधाको नजीकैं पुग्दा मृगले कष्ट भोग्नु पर्छ त्यस्तै धनी दाजुभाईको नजीकैं जांदा पनि उसले दुःख पाउनु पर्छ भने त्यस्को पापभागी त्यै धनी बन्धु नै हुन्छ ।

पश्चादपि नरश्रेष्ठ ! तव तापो भविष्यति ।
तान् वा हतान् सुतान् वापि श्रुत्वा तदनुचिन्तय ॥२८॥

हे नरश्रेष्ठ ! तपाँईले पछिपनि पाण्डवहरूको अथवा आफ्ना पुत्रहरूको मरण सुनेर संताप गर्नु पर्नेछ त्यसैले यो कुराको पैलेनै विचार गर्नु होस् ।

येन खट्वां समारुढः परितप्येत कर्मणा ।
आदावेव न तत् कुर्यादध्रुवे जीविते सति ॥ २९ ॥

यो जीवनको कुनै ठेगाना छैन, त्यसैले जुन कर्म गर्नाले पछि खाटमा बसेर वा लडेर पछुताउनु पर्छ त्यस्तो काम पहिले देखी नै नगर्नु ।

न कश्चिन्नापनयते पुमानन्यत्र भार्गवात् ।
शेषसंप्रतिपत्तिस्तु बुद्धिमत्स्वेव तिष्ठति ॥ ३० ॥

शुक्राचार्य बाहेक त्यस्तो कुनै मनुष्य छैन जो नीतिको उल्लङ्घन नगरोस् त्यसैले भच्छु बितेको कुरा बितिहाल्यो, अब बाँकी रहेको कर्तव्य जो छ, त्यो तपाँई जस्ता विद्वान् मा निर्भर गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्योधनेन यद्येतत् पापं तेषु पुराकृतम् ।
त्वया तत्त कुलवृद्धेन प्रत्यानेयं नरेश्वर ! ॥ ३१ ॥

हे नरेश्वर ! दुर्योधनले पाण्डवहरूमा पहिले जो अपराध गरेका थिये, त्यसलाई कुलको बुढ़ोपाको तपाँईले हटाउनुपर्छ ।

तांस्त्वं पदे प्रतिष्ठाप्य लोके विगतकल्मषः ।
भविष्यसि नरश्रेष्ठः पूजनीयो मनीषिणाम् ॥ ३२ ॥

हे नरश्रेष्ठ ! यदि तपाँई उनलाई राजपदमा स्थापना गर्नु हुँन्छभने यो संसारबाट तपाँईको कलङ्क हराउने छ र बुद्धिमान् पुरुषहरूले माननीय हुँनुहुनेछ ।

सुव्याहृतानि धीराणां फलतः परिचिन्त्य यः ।
अध्यवस्यति कार्येषु चिरं यशसि तिष्ठति ॥ ३३ ॥

जो धीरपुरुषका वचनको परिणाम विचार गरि कार्यरूपमा परिणत गर्दछ त्यो धेरै कालसम्म कीर्तिको भागी हुन्छ ।

असम्यगुपयुक्तं हि ज्ञानं सुकुशलैरपि ।
उपलभ्यं चाऽविदितं विदितं चाऽननुष्ठितम् ॥३४॥

जस्तै सिपालु मानिसले दियेको ज्ञान पनि न बुझेर होस् वा बुझेर होस् राम्रो किसिमले काममा लगाउन शक्तैन भने त्यो निष्फल हुँन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पापोदयफलं विद्वान् यो नाऽरभति वर्धते ।
यस्तु पूर्वकृतं पापमविमृश्याऽनुवर्तते ।
अगाधपङ्के दुर्मेधा विषमे विनिपात्यते ॥३५॥

जुन विद्वान् पापरूप फलदिने कर्मको आरम्भ गर्दैन त्यसैको वृद्धि हुन्छ तर जा पैले गरेका पापको विचारँ नगरो पछि पनि त्यसैको अनुसरण गर्दछ, त्यो दुर्बुद्धि मनुष्यलाई अगाध हिलोले भरिएको घोर नरकमा गिर्दछ ।

मन्त्रभेदस्य षट् प्राज्ञो द्वाराणीमानि लक्षयेत् ।
अर्थसंततिकामश्च रक्षेदेतानि नित्यशः । ॥ ३६ ॥
मदं स्वप्नमविज्ञानमाकारं चाऽऽत्मसम्भवम् ।
दुष्टाऽमात्येषु विश्रम्भं दूता चाऽकुशलादपिः ॥ ३७ ॥

बुद्धिमान् पुरुषले मन्त्र भेदका ई छओटा ढोकालाई जान्नु पर्दछ, र धनको रक्षाको इच्छा छ भने इनलाई वन्द पनि गर्नु पर्दछ, ती ढोका कुनहुन् भने मादकवस्तुको सेवा, निद्रा, आवश्यक कर्मको ख्याल नराख्नु, आफ्ना आँखा, मुख, आदि अङ्गको विकार, दुष्ट मन्त्रीमा विश्वास, काम नजान्ने दूतमा भरोसागर्नु ।

द्वाराण्येतानि यो ज्ञात्वा संवृणोति सदा नृपः ।
त्रिवर्गाऽऽचरणे युक्तः स शत्रूनधितिष्ठति ॥ ३८ ॥

हे राजन् ! जो ई द्वारहरूलाई जानी सदा वन्द राख्दछ र धर्म, अर्थ, कामको सेवामा लागीरहन्छ त्यो राजा शत्रुहरूलाई वश गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न वै श्रुतमविज्ञाय वृद्धाननुपसेव्य वा ।
धर्मार्थौ वेदितुं शक्यौ बृहस्पतिसमैरपि ॥३९॥

बृहस्पति जस्ता बुद्धिमान् मनुष्यले पनि शास्त्रज्ञान अथवा वृद्धहरूको सेवा नगरिकन धर्म र अर्थको ज्ञान प्राप्तगर्न सक्तैन ।

नष्टं समुद्रे पतितं नष्टं वाक्यमशृण्वति ।
अनात्मनि श्रुतं नष्टं नष्टं हुतमनग्निकम् ॥ ४० ॥

समुद्रमा खसेको कुरा नष्ट हुन्छ, कुरा नसुन्नेलाई भनेको वाक्य पनि नष्ट हुन्छ, अजितेन्द्रिय पुरुषलाई शास्त्रज्ञान नष्ट हुन्छ र खरानीमा गरेको हवन पनि नष्ट हुन्छ ।

मत्या परीक्ष्य मेधावी बुद्ध्या सम्पाद्य चाऽसकृत् ।
श्रुत्वा दृष्ट्वाऽथ विज्ञाय प्राज्ञैर्मैत्रीं समाचरेत् ॥४१॥

बुद्धिमान् पुरुषले बुद्धिद्वारा जाँची, आफ्नू अनुभवले बारंबार उसका योग्यताको निश्चय गरी अरूबाट सुनी स्वयं हेरी राम्रोसँग विचार गरी विद्वान्हरूका साथ मित्रता गरोस् ।

अकीर्तिं विनयो हन्ति हन्त्यनर्थं पराक्रमः ।
हन्ति नित्यं क्षमा क्रोधमाचारो हन्त्यलक्षणम् ॥४२॥

विनयभावले अपयशको नाश गर्दछ, पराक्रमले अनर्थको नाश गर्दछ, क्षमाले क्रोधको नाश गर्दछ, सदाचारले कुलक्षणको अन्त गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छदेन क्षेत्रेण वेश्मना परिचर्यया ।
परीक्षेत कुलं राजन् ! भोजनाच्छादनेन च ॥४३॥

हे राजन् ! नानाथरी वस्त्रवाहनादि जीवनका साधन, घरखेत, सेवा शुश्रुषा, खानपीन, पैन्हन, इत्यादि द्वारा कुलको परिक्षा गरोस् ।

उपस्थितस्य कामस्य प्रतिवादो न विद्यते ।
अपि निर्मुक्तदेहस्य कामरक्तस्य किं पुनः ॥४४॥

देहाऽभिमानले रहित पुरुष पनि यदि न्याययुक्त पदार्थ स्वतः उपस्थित हुन्छभने त्यसको विरोध गर्दैनन् भने कामाऽऽसक्त मनुष्यका लागी ता भन्नु नै के छ ? ।

प्राज्ञोपसेविनं वैद्यं धार्मिकं प्रियदर्शनम् ।
मित्रवन्तं सुवाक्यं च सुहृदं परिपालयेत् ॥४५॥

विद्वान्को सेवामा रहने, वैद्य, धार्मिक, हेर्नमा सुन्दर, मित्रहरु भएको, मीठावोल्ने, यस्ता मित्रको अवश्य रक्षा गर्नू पर्दछ ।

दुष्कुलीनः कुलीनो वा मर्यादां यो न लङ्घयेत् ।
धर्माऽपेक्षी मृदुर्ह्रीमान् स कुलीनशताद् वरः ॥४६॥

खराव कुलको होस् या असल कुलको होस्, जो मर्यादाको उल्लङ्घन गर्दैन, धर्मको अपेक्षा गर्दछ, कोमल स्वभावको र लज्जावान् छ, त्यो शयौं कुलीन पुरुष भन्दा बढी हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ययोश्चित्तेन वा चित्तं निभृतं निभृतेन वा ।
समेति प्रज्ञया प्रज्ञा तयोर्मैत्री न जीर्यति ॥ ४७ ॥

जुन दुइ पुरुषको चित्तसँग चित्त, रहस्यसँग रहस्य, र बुद्धिसँग बुद्धि मिल्दछ, तिनको मित्रता कैलेपनि नष्ट हुँदैन ।

दुर्बुद्धिमकृतप्रज्ञं छन्नं कूपं तृणैरिव ।
विवर्जयीत मेधावी तस्मिन् मैत्री प्रणश्यति ॥ ४८ ॥

बुद्धमान् पुरुषले झारले ढाकेको इनारलाई झैं निर्बुद्धि र विचार शक्तिले हीन पुरुषलाई त्याग्नु पर्दछ किनभने उनिहरु का साथ गरेको मित्रता मष्ट हुन्छ ।

अवलिप्तेषु मूर्खेषु रौद्रसाहसिकेषु च ।
तथैवाऽपेत-धर्मेषु न मैत्री माचरेद् बुधः ॥ ४९ ॥

विद्वान्पुरुषले अभिमानी, मूर्ख, क्रोधी, साहसिक र धर्महीन पुरुषका साथ मित्रता नगर्नू ।

कृतज्ञं धार्मिकं सत्यमक्षुद्रं दृढभक्तिकम् ।
जितेन्द्रियं स्थितं स्थित्यां मित्रमत्यागि चेष्यते ॥ ५० ॥

मित्रता यस्तोमा हुनुपर्दछ कि जो कृतज्ञ, सत्यबोल्ने, उदार, गाढ़ाप्रेम गर्ने, जितेन्द्रिय, मर्यादाको भित्र रहने, र मित्रताको त्याग नगर्ने होस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रियाणामनुत्सर्गो मृत्युनाऽपि विशिष्यते ।
अत्यर्थं पुनरुत्सर्गः सादयेत् दैवतान्यपि ॥ ५१ ॥

इन्द्रियहरूलाई सँधैं रोक्नु ता मृत्यु भन्दा पनि बढी छ तर उनीहरूलाई बिलकुलै छोड्नाले देवताहरूको पनि नाश हुन्छ ।

मार्दवं सर्वभूतानामनसूया क्षमा धृतिः ।
आयुष्याणि बुधाः प्राहुर्मित्राणां चाऽविमानना ॥ ५२ ॥

सबै प्राणीमा कोमलताको व्यवहार, गुणमा दोष नदेख्नू, सह्न शक्नू धैर्य, मित्रहरूको अपमान नगर्नू ई सबै गुणले आयु बढदछन् भन्ने विद्वान्हरूको भनाइ छ !

अपनीत सुनीतेन योऽर्थं प्रत्यानिनीषते ।
मतिमास्थाय सुदृढां तदकापुरुषव्रतम् ॥ ५३ ॥

जुन् पुरुष नष्टभएको धनलाइ स्थिरबुद्धिको आश्रय लियेर राम्रो नीतिले फेरी फर्काउने इच्छा गर्दछ त्यो वीरपुरुषको व्रत वा लक्षण हो ।

आयत्यां प्रतिकारज्ञस्तदात्वे दृढनिश्चयः ।
अतीते कार्यशेषज्ञो नरोऽर्थैर्न प्रहीयते ॥ ५४ ॥

जो मनुष्य आउन लागेको दुःख रोकने उपाय जान्दछ, वर्तमान कालको कर्तव्य पालनमा दृढनिश्चय राख्दछ र अतीतकालको बाँकी रहेको कर्तव्य पनि संझन्छ त्यो कहिल्यै पनि संपत्तिले हीन हुदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मणा मनसा वाचा यदभीक्ष्णं निषेवते ।
तदेवाऽपहरत्येनं तस्मात् कल्याणमाचरेत् ॥ ५५ ॥

मनुष्यले मन, वाणी कर्म द्वारा जसको निरन्तर सेवन वा चिन्तन गर्दछ, त्यो कामले उसलाई आर्फ तर्फ खिच्दछ, त्यसैले सदा कल्याणगर्ने काममा लाग्नु पर्दछ ।

मङ्गलाऽऽलम्भनं योगः श्रुतमुत्थानमार्जवम् ।
भूतिमेतानि कुर्वन्ति सतां चाभीक्ष्णदर्शनम् ॥ ५६ ॥

माङ्गलिक पदार्थलाई छुनू चित्तको व्यापार विकारलाई रोक्नु, शास्त्रका अभ्यास, उद्योगमा लाग्नू, सरलहुनू र सज्जनको वारंवार दर्शनगर्नु, ई अत्यन्त कल्याणकारी कुरा हुन् ।

अनिर्वेदः श्रियो मूलं लाभस्य च शुभस्य च ।
महान् भवत्यनिर्विण्णः सुखं चाऽऽनन्त्य मश्नुते ॥ ५७ ॥

उद्योगमा लागीरहनू त्यसबाट विरक्त नहुनू नै धन-लाभ र कल्याणको मूल हो त्यसैले उद्योग नछोड्ने मनुष्य ठूलो हुन्छ, अन्त्यमा अनन्यसुखको उपभोग गर्दछ ।

नाऽतः श्रीमत्तरं किंचिदन्यत् पथ्यतमं मतम् ।
प्रभविष्णोर्यथा तात ! क्षमा सर्वत्र सर्वदा ॥ ५८ ॥

हे राजेन्द्र ! समर्थवान् पुरुषका निति सबैं ठाउँमा सबै समय-मा हित गर्ने र श्रीसंपन्न बनाउने उपाय क्षमातुल्य अर्को कुनैं मानिएको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षमेदसक्तः सर्वस्य शक्तिमान् धर्मकारणात् ।
अनर्थार्थौ समौ यस्य तस्य नित्यं क्षमा हिता ॥ ५९ ॥

जो शक्तिहीन छ, त्यो ता सबैमा क्षमा गर्दछ नै, जो शक्तिवान् छ, त्यो पनि धर्मकानिति क्षमा गरोस्, जसको दृष्टिमा अर्थ अनर्थ दुवै समान् छन् उसका निति क्षमा सदा हितगर्ने हुन्छ ।

यत् सुखं सेवमानोऽपि धर्मार्थाभ्यां न हीयते ।
कामं तदुपसेवेत न मूढव्रतमाचरेत् ॥ ६० ॥

जुन् सुखको सेवन गरीरहँदा पनि मनुष्य धर्म र अर्थ बाट भ्रष्ट हुंदैन, त्यो सुखको सेवन गरोस्; तर निद्रा, प्रमाद आदिको सेवन नगरोस् ।

दुःखाऽऽर्तेषु प्रमत्तेषु नास्तिकेष्वलसेषु च ।
न श्रीर्वसत्यदान्तेषु ये चोत्साहविवर्जिताः ॥ ६१ ॥

जो दुःखले पीड़ित छ, प्रमादी छ, नास्तिक छ, अल्छी छ, अजितेन्द्रिय छ, उत्साहरहित छ, त्यस्ताको साथ लक्ष्मी कहिल्यै वास गर्दिनन् ।

आर्जवेन नरं युक्तमार्जवात् सव्यपत्रपम् ।
अशक्तं मन्यमानस्तु धर्षयन्ति कुबुद्धयः ॥ ६२ ॥

खराव स्वभाव भएका मनुष्यहरु सरलस्वभाव भएका र सरलताले नै लज्जावान् भएका पुरुषलाई अशक्तमानी तिरस्कार गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यार्यमतिदातारमतिशूरमतिव्रतम् ।
प्रज्ञाऽभिमानिनं चैव श्रीर्भयान्नोपसर्पति ॥ ६३ ॥

अत्यन्त असल, अतिशय दानी, ज्यादा शूरो, धेरै व्रत नियमको पालनगर्ने र बुद्धिको घमण्डमा रहने मनुष्यका साथ लक्ष्मी डरायेर जान्नन्

न चाऽतिगुणवत्स्वेषा नाऽत्यन्तं निर्गुणेषु च ।
नैषा गुणान् कामयते नैर्गुण्यान्नानुरज्यते ।
उन्मत्ता गौरिवान्धा श्रीः क्वचिदेवाऽवतिष्ठते ॥ ६४ ॥

लक्ष्मी धेरै गुणभएका पुरूषमा पनि रहन्नन्, निर्गुणका साथ पनि रहन्नन्, उनी न धेरै गुणभएको चाहना गर्दछिन्; न गुण नभयेको पुरूषमा अनुराग गर्दछिन्, बहुलायेकी गाईजस्ती ती अन्धी लक्ष्मी कँही कँही मात्र बस्दछिन् ।

अग्निहोत्रफला वेदाः शीलवृत्तफलं श्रुतम् ।
रतिपुत्रफला नारी दत्तभुक्तफलं धनम् ॥ ६५ ॥

वेदको फलहो अग्निहोत्र गर्नु, शास्त्रज्ञानको फलहो सुशील र सदाचारी हुनू, स्त्रीको फलहो रतिसुख र छोराको प्राप्ति, धनको फलहो दानदिनु र भोगगर्नु ।

अधर्मोपार्जितैरर्थैर्यः करोत्यौर्ध्वदेहिकम् ।
न स तस्य फलं प्रेत्य भुङ्क्तेऽर्थस्य दुरागमात् ॥ ६६ ॥

जो अधर्मद्वारा कमाएको धनले पारलौकिक कर्म गर्दछ, त्यो मरेपछि उसको फल पाउँदैन, किनभने उसको धन खराबबाटो-बाट आएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कान्तारे वनदुर्गेषु कृच्छ्रास्वापत्सु संभ्रमे ।
उद्यतेषु च शस्त्रेषु नास्तिसत्त्ववतां भयम् ॥ ६७ ॥

घोरजङ्गलमा, दुर्गम बाटोमा, कठिन आपत्तिमा, हडबडाएको टायममा, हतियार उठायेको टायममा पनि सात्विक आत्मबलले युक्त पुरुषलाई भय हुँदैन ।

उत्थानं संयमो दाक्षमप्रमादो धृतिः स्मृतिः ।
समीक्ष्य च समारम्भो विद्धि मूलं भवस्यतु ॥ ६८ ॥

उद्योग, संयम, चातुर्य, सावधानी, धैर्य, स्मृति र शोचविचारगरी काम गर्नु ई उन्नतिका मूल मन्त्र हुन् ।

तपोबलं तापसानां ब्रह्म ब्रह्मविदा बलम् ।
हिंसा बलमसाधूनां क्षमागुणवतां बलम् ॥ ६९ ॥

तपस्वीहरूको बल तपस्या हो, वेद जान्नेहरूको वल वेद हो, पापीहरूको बल हिंसा हो, गुणवान्हरूको बल क्षमा हो ।

अष्टौतान्यव्रतघ्नानि आपो मूलं फलं पयः ।
हवि ब्राह्मणकाम्या च गुरोर्वचनमौषधम् ॥ ७० ॥

जल, मूल, फल, दूध, घ्यू, ब्राह्मणहरूको इच्छा पूर्ण गर्नु, गुरुको वचन र औषधी ई आठकुराले व्रतको नाश गर्दैनन् ।

न तत् परस्य संदध्यात् प्रतिकूलंयदात्मनः ।
संग्रहेणैष धर्मःस्यात् कामादन्यः प्रवर्तते ॥ ७१ ॥

जुन कुरागर्दा आफूलाई नराम्रो हुन्छ, त्यो आफूपनि अरूलाई नगरोस्, वास्तवमा धर्मको रूप सार यही हो, यसको विपरीत जसमा कामनाबाट प्रवृत्ति हुन्छ त्यो अधर्म हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अक्रोधेन जयेत् क्रोधमसाधुं साधुना जयेत् ।
जयैत् कदर्यं दानेन जयेत् सत्येन चाऽनतम् ॥ ७२ ॥

आफ्नूरीस थामेर अर्काको क्रोधलाई जितोस्, दुर्जनलाई सज्जनको व्यवहारले जितोस्, कञ्जूसलाई दानले जितोस् र झुठोलाई सत्यले जितोस् ।

स्त्रीधूर्तकेऽलसे भीरौ चण्डे पुरूषमानिनि ।
चौरे कृतघ्ने विश्वासो न कार्यो न च नास्तिके ॥ ७३ ॥

स्त्रीम्पट, अल्छी, डरछेरुवा, रिसाहा, पुरुषत्वको अभिमानी, चोर, कृतघ्न, र नास्तिक इनको विश्वास गर्नु हुँदैन ।

अभीवादनशीलस्य नित्यं वृद्धोपसेविनः ।
चत्वारि सम्प्रवर्धन्ते कीर्तिरायुर्यशो बलम् ॥ ७४ ॥

जो सधैं गुरूजनलाई दण्डवत् प्रणाम गर्दछ र वृद्धपुरूषको सेवा र्दछ, उसको कीर्ति, आयु, यश र बल ई चारकुरा बढ्दछन् ।

अतिक्लेशेन येऽर्थाःस्युर्धर्मस्याऽति क्रमेण वा ।
अरेर्वा प्रणिपातेन मा स्म तेषु मनः कृथा ॥ ७५ ॥

जुन धन अत्यन्त दुःख गर्नाले मिल्दछ अथवा शत्रुलाई शिर झुकाउनाले मिल्दछ त्यसमा तपाँई मन न लगाउनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अविद्यः पुरुषः शोच्यः शोच्यं मैथुनमप्रजम् ।
निराहाराः प्रजाः शोच्याः शोच्यं राष्ट्रमराजकम् ॥ ७६ ॥

विद्या नभएको पुरुषः शोच्यछ, सन्तान उत्पत्ति न हुने स्त्रीप्रसङ्ग शोच्यछ, आहार नपाउने प्रजा शोच्यछन्, राजा विनाको राज्य पनि शोच्य छ ।

अध्वाजरा देहवतां पर्वतानां जलं जरा ।
असम्भोगो जरा स्त्रीणां वाक्शल्यं मनसो जरा ॥७७ ॥

धेरै बाटो हिंडनु देहधारीहरूको बुढचाईं हो, बराबर पानी बगीरहनु पर्वतको बुढचाईं हो, सम्भोगबाट बञ्चित रहनु स्त्री जातिको बुढचाईं हो, वचनरूप वाणको आघात मनको बुढचाईं हो ।

अनाम्नायमला वेदा ब्राह्मणस्याऽव्रतं मलम् ॥ ७८ ॥
मलंपृथिव्या बाल्हीकाः पुरूषष्याऽनृतम् मलम् ।
कौतुहलमला साध्वी विप्रवासमलाः स्त्रियः ॥ ७९ ॥

अभ्यास नगर्नु वेदको मलहो, ब्राह्मणो चित्त नियमको पालन नगर्नु ब्राह्मणको मल हो, बाल्हीकदेश पृथ्वीको मल हो, झुठो बोल्नु पुरुषको मल हो, खेलवाड हाँस ठट्टागर्नु पतिबृता स्त्रीको मल हो, पति नभै परदेशमा रहनु स्त्री मात्रको मल हो ।

सुवर्णस्य मलं रूप्यं रूप्यस्यापि मलं त्रपु ।
ज्ञेयं त्रपुमलं सीसं सीसीस्याऽपि मलं मलम् ॥ ८० ॥

सुनको मल चाँदी हो, चाँदीको मल राँग हो, राँगको मल सीसा हो, सीसाको मल मैलापन हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न स्वप्नेन जयेन्निद्रां न कामेन जयेत् स्त्रियः ।
नेन्धनेन जयेदग्निं नपानेन सुरां जयेत् ॥ ८१ ॥

धेरै सुतेर निद्रालाई जित्ने प्रयत्न नगर्नु, कामोपभोग द्वारा स्त्रीलाई जित्ने इच्छा नगर्नू, दाउरा हालेर आगोलाई जित्ने आशा नगर्नु, धेरै मदिरा पियेर मदिरा पिउने आदत जित्ने आशा नगर्नु ।

यस्य दानजितं मित्रं शत्रवो युधि निर्जिताः ।
अन्नपानजिता दाराः सफलं तस्य जीवितम् ॥ ८२ ॥

जसका मित्र धनद्वारा वश छन्, जसका शत्रु युद्धमा जितियेका छन्, जसका स्त्रीहरू खानपानद्वारा वशीभूत छन् तिनको जीवन सफल र सुखमय हुन्छ ।

सहस्रिणोऽपि जीवन्ति जीवन्ति शतिनस्तथा ।
धृतराष्ट्र विमुञ्चेच्छां नकथञ्चित् न जीव्यते ॥ ८३ ॥

जसको साथमा हजार रुपयाँ छ तो पनि जीवित छन् जसको साथमा सये रूपियाँ छन् तो पनि जीवितै छन्, त्यसैले हे महाराज धृतराष्ट्र ! तपाँई धेरै लोभ छोडिदिनोस्, यो कुरा भयेन भने जीवन रहन शक्तैन भन्ने कुरा हूँदैन ।

यत् पृथिव्यां व्रीहियवं हिरण्यं पशवः स्त्रियः ।
नाऽलमेकस्य तत्सर्वमिति पश्यन् न मुह्यति ॥ ८४ ॥

यो पृथिवीमा धान, जौ, सुवर्ण, पशु, स्त्री, जति छन् ई सवका सव एक पुरुषले पाये पनि तृप्ति हन शक्तैन भनी विचारगर्ने मनुष्य मोहमा पर्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजन् ! भूयो ब्रवीमि त्वां पुत्रेषु सममाचर ।
समता यदि ते राजन् ! स्वेषु पाण्डुसुतेषु वा ॥ ८५ ॥

हे राजन् ! म फेरी भन्दछु कि तपाँई आफ्ना पुत्र र पाण्डवहरूमा समानभाव राख्नुहोस्, तो सबै छोराहरूका साथ एकै व्यवहार गर्नुहोस् ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४० अध्याय

विदुर भन्दछन्

योऽभ्यर्चितः सद्भिरसज्जमानः
करोत्यर्थं शक्तिमहापयित्वा ।
क्षिप्रं यशस्तं समुपैति सन्त-
मलं प्रसन्ना हि सुखाय सन्तः ॥ १ ॥

हे राजन् ! जुनपुरुष सज्जन पुरुषको आदर पायेर पनि आसक्ति रहित भै आफ्नू शक्ति अनुसार अर्थ साधन गर्दछ, त्यसको चाँडै नै कीर्ति फैलिन्छ, सन्तहरू जसदेखी प्रसन्न हुन्छन् त्यो सदा सुखी रहन्छ ।

महान्तमप्यर्थमधर्मयुक्तं
यः सत्यजत्यनपाकृष्ट एव ।
सुखं सुदुःखान्यवमुच्य शेते
जीर्णां त्वचं सर्प इवाऽवमुच्य ॥ २ ॥

जुन् पुरुष अधर्मले कमाएको धनराशितर्फ आकृष्ट नभै त्याग गर्दछ, त्यो सर्पले पुरानू काँचुली फेरे भैं सबै किसिमको दुःखबाट मुक्त भयेर सुखपूर्वक सुतदछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनृते च समुत्कर्षो राजगामी च पैशुनम् ।
गुरोश्चालीकनिर्बन्धः समा ब्रह्महत्यया ॥ ३ ॥

झुटो बोलेर उन्नतिगर्नु, राजाको कानमा चुक्ली गर्नु गुरुहरूमा झुटो दोषलगाउने आग्रहगर्नु ई तीन काम ब्रह्महत्या समान हुन् ।

असूयैकपदं मृत्यु रतिवादः श्रियो वधः
अशुश्रूषा, त्वरा, श्लाघा विद्यायाः शत्रवस्त्रयः ॥ ४ ॥

गुणमा दोष देख्नू एकदम मृत्युसमान हो, निन्दागर्नु लक्ष्मीको बध हो, अभ्यास नगर्नु हत्पतैपन र आत्मप्रशंसा ई तीन विद्याका शत्रु हुन ।

आलस्यं मदमोहौ च चापलं गोष्ठिरेव च ।
स्तब्धता चाऽभिमानित्वं तथाऽत्यागित्वमेवच ।
एते वै सप्त दोषाः स्युः सदा विद्यार्थिनां मता ॥ ५ ॥

आलष्य, मद, मोह, चञ्चलपना, सभा, उद्दण्डता, अभिमान र स्वार्थत्यागको अभाव ई सात विद्यार्थीहरुका निंति सदा दोष मानियेका छन् ।

सुखार्थिनः कुतो विद्या नास्ति विद्यार्थिनः सुखम्
सुखार्थी वा त्यजेत् विद्यां विद्यार्थी वा त्यजेत् सुखम् ॥६॥

सुख चाहने पुरुषलाई विद्या कहांबाट मिल्दछ ? विद्या चाहनेलाई सुख कहांबाट मिल्दछ ? सुखको इच्छाभये विद्या छोड्नु पर्दछ र विद्याको इच्छाभये सुख छोड्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाग्निस्तृप्यति काष्ठानां नाऽपगानां महोदधिः ।
नान्तकः सर्वभूतानां न पुंसां वामलोचना ॥ ७ ॥

दाउराले आगो अघाउँदैन, नदीहरूले समुद्र अघाउदैन, सबै प्राणीहरू लियेर पनि मृत्यु अघाउँदैन र पुरुषहरूले कुलटा स्त्री कैलेपनि अघाउँदैनन् ।

आशा धृतिं हन्ति समृद्धिमन्तकः
क्रोधः श्रियं हन्ति यशः कदर्यया ।
अपालनं हन्ति पशूंश्च राज-
न्नेकः क्रुद्धो ब्राह्मणो हन्ति राष्ट्रम् ॥ ८ ॥

आशाले धैर्यको नाशगर्दछ यमराजले समृद्धिको नाश गर्छ क्रोधले लक्ष्मीको नाश गर्दछ' कृपणताले कीर्तिको नाश गर्दछ, स्याहार नगर्नाले पशुहरूको नाश हुन्छ; तर हे राजन् ! ब्राह्मण यदि एकलै पनि क्रुद्ध भयेभने सम्पूर्ण राष्ट्रको नै नाश गर्दछ ।

अजाश्च कांस्यं रजतं च नित्यं
मध्वाकर्षः शकुनिः श्रोत्रियश्च
वृद्धो ज्ञातिरवसन्नः कुलीन
एतानि ते सन्तु गृहे सदैव ॥ ९ ॥

बाख्राहरू, कांसाको भांडा, चादी, मह, धनु, चरा, वेद जान्ने ब्राह्मण, बूढा कुटुम्बजन र विपत्तिले ग्रस्तभयेका कुलीन पुरुष ई सबै तपाँईको घरमा सदा रहुन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अजोक्षा चन्दनं वीणा आदर्शो मधुसर्पिषी ।
विषमौदुम्बरं शङ्खः स्वर्णनाभोऽथ रोचना ॥ १० ॥
गृहेस्थापयितव्यानि धान्यानि मनुरब्रवीत ।
देवब्राह्मणपूजार्थमतिथीनां च भारत ! ॥ ११ ॥

हे भारत ! मनुजीले भनेका छन् कि बाख्रा, वयल, चन्दन, वीणा, ऐना, देवता, ब्राह्मण, मह, घ्यू, जल, तामाको भाँडा, शङ्ख, शालिग्राम र गोरोचन ई सबै वस्तु घरमा राख्नु पर्दछ ।

इदं च त्वां सर्वपरं ब्रवीमि ।
पुण्यं पदं तात ! महाविशिष्टम् ।
न जातु कामान्न भयान्न लोभाद् ।
धर्मं जह्याज्जीवितस्याऽपि हेतोः । ॥ १२ ॥
नित्यो धर्मः सुखदुःखे त्वनित्ये ।
जीवो नित्यो हेतुरस्य त्वनित्यः ।
त्यक्त्वा नित्यं प्रतितिष्ठस्व नित्ये
संतुष्य त्वं तोषपरो हि लाभः ॥ १३ ॥

हे महाराज ! अब म तपांइलाई धेरैनै महत्वपूर्ण र पुण्य-जनक कुरा भन्दछु, मनुष्य कामनाले, भयले, लोभले, र जीवनका आशाले कहिल्यै पनि धर्मको त्याग नगरोस्, धर्म नित्य छ बर सुख दुःख अनित्य छन्, जीव नित्य छ, तर यसको कारण अनित्य छ, तपांई अनित्यलाई छोडी नित्यमा स्थित हुनुहोस्, सन्तोष धारण गर्नुहोस् किनभने संतोषनै सबैभन्दा ठूलो लाभ हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाबलान् पश्य महानुभावान्
प्रशास्य भूमिं धनधान्यपूर्णाम् ।
राज्यानि हित्वा विपुलाश्च भोगान्
गतान् नरेन्द्रान् वशमन्तकस्य ॥ १४॥

धन धान्यले पूर्णभयेका पृथ्वीको शासनगरी अन्त्यमा सबैराज्य र सुन्दर भोगलाई छोडी यमराजको वशमा गयेका ठूला ठूला महानुभाव र बलिष्ठ राजाहरु तर्फ दृष्टि दिनुहोस् ।

मृतं पुत्रं दुःखपुष्टं मनुष्या
उत्क्षिप्य राजन्! स्वगृहान्निर्हरन्ति ।
तं मुक्तकेशाः करुणं रुदन्ति
चितामध्ये काष्ठमिव क्षिपन्ति ॥ १५॥

हे राजन्! जसलाई बड़ा कष्टले पालन पोषण गरेको थियो त्यो पुत्र मर्दा मनुष्यहरू उसलाई तुरुन्त आफ्नू घरबाट बाहिर लैजान्छन् पैलेता कपाल फिजायेर रुन थाल्दछन् पछि साधारण काठ झैं बलेको चितामा फ्याँकि दिन्छन् ।

अन्यो धनं प्रेतगतस्य भुङ्क्ते
वयांसि चाऽग्निश्च शरीरधातून् ।
द्वाभ्यामयं सह गच्छत्यमुत्र
पुण्येन पापेन च वेष्ट्यमानः ॥ १६॥

मरेका मनुष्यको धन अरुले भोग गर्दछन्, उसको शरीरका धातुहरु पक्षीहरूले खान्छन् वा आगोले जलाउँदछ, पुण्य पापले बाँधिएको मनुष्य खाली इनै दुई वस्तुलाई साथ लिएर परलोकको गमन गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्सृज्य विनिवर्तन्ते ज्ञातयः सुहृदः सुताः ।
अपुष्पानफलान् वृक्षान् यथा तात ! पतत्रिणः ॥ १७ ॥

हे राजन् ! जस्तो फलफूल नभएको वृक्षलाई पक्षीले छोड-दिन्छन्, त्यस्तै त्यो प्रेतात्मालाई उसको जातिका मानिसले वा मित्र, छोराहरू सबैले छोडी दिन्छन् र फर्कन्छन्

अग्नौ प्रास्तं तु पुरुषं कर्माऽन्वेति स्वयंकृतम् ।
तस्मात् तु पुरुषो यत्नाद् धर्मं संचिनुयाच्छनैः ॥ १८ ॥

अग्निमा हालियेको पुरुषको पछाडि, खाली उसले गरेको खराब या असल कर्म मात्र जान्छ । त्यसकारण पुरुषले विस्तार विस्तार यत्न पूर्वक धर्मको संगृह गर्नु पर्दछ ।

अस्माल्लोकादूर्ध्वममुश्य चाधो
महत् तमस्तिष्ठति ह्यन्धकारम् ।
तद् वै महामोहनमिन्द्रयाणां
बुध्यस्व मा त्वां प्रलभेत राजन् ! ॥ १९ ॥

यसलोक र परलोक भन्दा माथि र तलसम्म सर्वत्र अज्ञान रूप अन्धकार फैलियेको छ, त्यसले ईन्द्रियहरूलाई ठूलो मोहमा पार्दछ हे राजन् ! योकुरा तपाईंले बुझ्नुहोस्, जसले गर्दा त्यो अन्धकारले तपाँईलाई छुन नशकोस ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इदं वचः शक्ष्यसि चेद् यथात्र-
न्निशम्य सर्वं प्रतिपत्तुमेव ।
यशः परं प्राप्स्यसि जीवलोके
भयं न चाऽमुत्र न चेह तेऽस्ति ॥ २० ॥

मेरो यो कुरा सुनी, राम्रोसँग संझन शक्नु भो भने यो मनुष्यलोकमा ठूलो कीर्ति हुनेछ र यसलोक परलोक दुवैतिर भय पनि हुने छैन ।

आत्मानदी भारत ! पुण्यतीर्था
सत्योदका धृतिकूला दयोर्मिः ।
तस्यां स्नातः पूयते पुण्यकर्मा
पुण्योह्यात्मा नित्यमलोभ एव ॥ २१ ॥

हे भारत ! यो जीवात्मा यौटा नदी हो, यसमा पुण्यनै तीर्थ वा घाट हो, सत्य नै यसको जल हो, धैर्य यसको किनारा हो, दयानै लहरो हुन् पुण्यकर्म गर्ने मनुष्यहरू यसैमा स्नानगरी पवित्र हुन्छन्. किनभने आत्मा पुण्यरूप छ र सदा निर्लोभी छ ।

कामक्रोधग्राहवतीं पञ्चेन्द्रियजलां नदीम् ।
नावं धृतिमयीं कृत्वा जन्मदुर्गाणि संतर ॥ २२ ॥

काम क्रोध रूप ग्राहले भरियेको, पाँच ईन्द्रियरूपजलले पूर्ण यो संसाररूप नदीको जन्ममरणरूप दुर्गम प्रवाहलाई धैर्यको नाऊ वनाई पार गर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रज्ञावृद्धं धर्मवृद्धं स्वबन्धुं
विद्यावृद्धं वयसा चाऽपि वृद्धम् ।
कार्याऽकार्ये पूजयित्वा प्रसाद्य
यः सम्पृच्छेन्न स मुह्येत् कदाचित् ॥ २३ ॥

जो बुद्धिमा वृद्ध, धर्ममा वृद्ध, विद्यामा वृद्ध र अवस्थामा वृद्ध भएकाआपना बन्धुलाई आदर सत्कारले प्रसन्नगरी उनीबाट कर्तव्य अकर्तव्यको विषयमा प्रश्न गर्दछ, त्यो कैलेपनि मोहमा पर्दैन ।

धृत्या शिश्नोदरं रक्षेत् पाणिपादं च चक्षुषा ।
चक्षुःश्रोत्रे च मनसा मनोवाचं च कर्मणा ॥ २४ ॥

कामवेग र भोकको ज्वालालाई धैर्यले रक्षागरोस्, यस्तै हात खुट्टालाई आँखाले रक्षागरोस्, आँखा कानलाई मनले रक्षागरोस् र मन बाणीलाई सत्कर्मले रक्षागरोस् ।

नित्योदकी नित्ययज्ञोपवीती
नित्यस्वाध्यायी पतिताऽन्नवर्जी ।
सत्यंब्रुवन् गुरवे कर्म कुर्वन्
न ब्राह्मणश्च्यवते ब्रह्मलोकात् ॥ २५ ॥

जो सधैं जलले स्नान संध्या तर्पण आदि कर्म गर्दछ, जो सधैं जनै धारण गरीरहन्छ, जो सधैं स्वाध्याय पाठ गर्दछ, जो पतितको अन्न त्याग गर्दछ, जो सत्य बोल्दछ तथा गुरुको सेवा गर्दछ, त्यो ब्राह्मण कैलेपनि ब्रह्मलोकबाट भ्रष्ट हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधीत्य वेदान् परिसंस्तीर्य चाग्नी-
निष्ट्वा यज्ञैः पालयित्वा प्रजाश्च ।
गोब्राह्मणार्थं शस्त्रपूतान्तरात्मा
हतः संग्रामे क्षत्रियः स्वर्गमेति ॥ २६ ॥

वेदहरु पढी, अग्निहोत्रका निति चारैतर्फ कुश बिछ्याई, नानाप्रकारका यज्ञ गरी, प्रजाको पालन गर्ने र गाई ब्राह्मणका निति संग्राममा मरेको क्षत्रिय, शस्त्रले अन्तः करण पवित्र भयेर उर्ध्वलोकमा जान्छ ।

वैश्योऽधीत्य ब्राह्मणान् क्षत्रियांश्च
धनैःकाले संविभाज्याऽऽश्रितांश्च ।
त्रेतापूतं धूममाघ्राय पुण्यं
प्रेत्य स्वर्गे दिव्यसुखानि भुङ्क्ते ॥ २७ ॥

वैश्यले यदि वेदशास्त्रको अध्ययन गरी, ब्राह्मण, क्षत्रिय र आश्रितजनलाई समय समयमा धन दियेर सहायता गर्दछ र यज्ञद्वारा तीनै अग्निका पवित्र धुवाँको सुगन्ध लिदै रहन्छ भने त्यो मरेपछि स्वर्ग लोकमा दिव्यसुख भोग गर्दछ ।

ब्रह्म क्षत्रं वैश्यवर्णं च शूद्रः
क्रमेणैतान् न्यायतः पूजयानः ।
तुष्टेष्वेतेष्वव्यथो दग्ध पाप-
स्त्यक्त्वा देहं स्वर्गसुखानि भुङ्क्ते ॥ २८ ॥

शूद्र यदि ब्राह्मण, क्षत्रिय र वैश्यको क्रमैले न्यायपूर्वक सेवा गरी उनलाई संतुष्ट गर्दछ भने त्यो व्यथाले रहित भै पाप बाट मुक्तभएर देहत्याग गरेपछी स्वर्गसुखको भोग गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चातुर्वर्ण्यस्यैष धर्मस्तवोक्तो
हेतुं चाऽनुब्रुवतो मे निबोध ।
क्षात्राद् धर्माद्धीयते पाण्डुपुत्र-
स्तं त्वं राजन् ! राजधर्मे नियुङ्क्ष्व ॥ २६ ॥

हे महाराज ! तपाँईलाई मैले ई चारैवर्णका धर्म बतायें यो बताउनाको कारण पनि सुन्नुहोस्, तपाँईले गर्दा पाण्डुनन्दन युधिष्ठिर क्षत्रियधर्ममा गिरेका छन्, अब उनलाई फेरी राजधर्ममा नियुक्त गर्नुहोस् ।

धृतराष्ट्र भन्दछन्

एवमेतद् यथा त्वं मामनुशाससि नित्यदा ।
ममाऽपि च मतिः सौम्य ! भवत्येवं यथाऽऽत्थमाम् ॥३०

हे विदुर ! तिमी प्रमिदिन मलाई जसरी उपदेश दिन्छौ त्यो अत्यन्त ठीक छ, तिमीले भनेजस्तै नै मेरो पनि विचार छ ।

सा तु बुद्धिः कृताप्येवं पाण्डवान् प्रति मे सदा ।
दुर्योधनं समासाद्य पुनर्विपरिवर्तते ॥ ३१ ॥

यद्यपि म पाण्डवहरूमा सदा यस्तै बुद्धि राख्दछु तर दुर्योधनलाई भेटेपछि मेरो बुद्धि फेरी पल्टिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न दिष्टमभ्यतिक्रान्तुं शक्यं भूतेन केनचित् ।
दिष्टमेव ध्रुवं मन्ये पौरुषं तु निरर्थकम् ॥ ६२ ॥

प्रारब्धको उल्लङ्घन गर्ने शक्ति कुनै प्राणीमा पनि छैन म ता प्रारब्धलाई नै अचलमान्दछु, उसको अगाड़ी पुरुषार्थ व्यर्थै रहेछ ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(सनत्सुजात पर्व)

धृतराष्ट्र भन्दछन्

अनुक्तं यदि ते किंचित वाचा विदुर! विद्यते ।
तन्मे शुश्रुषतो ब्रूहि विचित्राणि हि भाषसे ॥ १ ॥

हे विदुर ! तिम्रो केही भन्न बाँकी भये भन, मलाई त्यो सुन्ने ठूलो इच्छा छ, किनभने तिम्रो भन्ने ढंग बडो विलचण छ ।

विदुर भन्दछन्

धृतराष्ट्र! कुमारो वै यः पुराणः सनातनः ।
सनत्सुजातः प्रोवाच मृत्युर्नास्तीति भारत ! ॥ २ ॥

हे भरतवंशी धृतराष्ट्र ! कुमार सनत्सुजात नामले प्रसिद्ध भयेका परम प्राचीन सनातन ऋषि छन्, उनले एकबाजी भनेका थिये कि मृत्यु छँदैछैन ।

स ते गुह्यान् प्रकाशांश्च सर्वान हृदयसंश्रयान् ।
प्रवक्ष्यति महाराज! सर्वबुद्धिमतां वरः ॥ ३ ॥

हे महाराज ! उनी सबै बुद्धिमानहरू मध्ये श्रेष्ठ छन्, उनेले नै तपाईलाई हृदयमा रहेका व्यक्त अव्यक्त सबै किसिमका प्रश्नको उत्तर दिनेछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धृतराष्ट्र भन्दछन्

किं त्वं न वेद तद् भूयो यन्मे ब्रूयात् सनातनः ।
त्वमेव विदुर ! ब्रूहि प्रज्ञाशेषोऽस्ति चेत् तव ॥ ४ ॥

हे विदुर ! के तिमी त्यो तत्व जान्दैनौ, जुन मलाई सनत्सुजात ऋषिले बताउँदछन् ? तिम्रो बुद्धि केही बाँकी छ भने तिमीले नै उपदेश गर ।

विदुर भन्दछन्

शूद्रयोनावहं जातो नातोऽन्यद् वक्तुमुत्सहे ।
कुमारस्य तु या बुद्धिर्वेद तां शाश्वतीमहम् ॥ ५ ॥

हे राजन् ! मेरो जन्म शूद्र स्त्रीको गर्भबाट भयेको हो, यो भन्दा वाहेकअरु कुनै कुराको उपदेश दिने म साहस गर्न शक्तिन तर कुमार सनत्सुजातको बुद्धि सनातन छ म त्यो कुरा जान्दछु ।

ब्राह्मीं हि योनिमापन्नः सुगुह्यमपि यो वदेत् ।
न तेन गर्ह्यो देवानां तस्मादेतद् ब्रवीमि ते ॥ ६ ॥

ब्राह्मण योनिबाट जन्मेकाले गोपनीयतत्व (गुप्तीकुरा) बतायेमा पनि ती देवताहरूको निन्दाको पात्र बन्दैनन् यसैकारण म तपाँईलाई ई कुरा भन्दैछु ।

धृतराष्ट्र भन्दछन्

ब्रवीहि विदुर ! त्वं मे पुराणं तं सनातनम् ।
कथमेतेन देहेन स्यादिहैव समागमः ॥ ७ ॥

हे विदुर ! ती परम प्राचीन सनत्सुजात ऋषिहरूको ठाँउ मलाई भन, उनीका साथ यै देहले यहाँ नै कसरी भेटघाट हुन शक्तछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैशम्पायन भन्दछन्

चिन्तयामास विदुरस्तमृषिं शंसितव्रतम् ।
स च तच्चिन्तितं ज्ञात्वा दर्शयामास भारत ! ॥ ८॥

हे राजन् ! त्यसपछि विदुरजीले ती उत्तमवृत भएका सनत्सुजात ऋृषिको स्मरण गरे उनले पनि विदुरले स्मरण गरेको जानी प्रत्यक्ष दर्शन दिनुभो ।

स चैनं प्रतिजग्राह विधिदष्टेन कर्मणा ।
सुखोपविष्टं विश्रान्तमथैनं विदुरोऽब्रवीत् ॥ ९ ॥

विदुरजीले उनको शास्त्रोक्त बिधिले स्वागत गरे । त्यसपछि जव सुखपूर्वक उनि वसेथे अनि विदुरले भने ।

भगवन् ! संशयः कश्चित् धृतराष्ट्रस्य मानसः ।
यो न शक्यो मथा वक्तुं त्वमस्मै वक्तुमर्हसि ॥ १०॥

हे भगवान् ! धृतराष्ट्रको हृदयमा केही संशय छ, जसको समाधान मैले गर्नु उचित छैन, तपाँईले नै यस विषयको निरूपण गरि दिनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यं श्रुत्वाऽयं मनुष्येन्द्रः सर्वदुःखाऽतिगो भवेत् ।
लाभाऽलाभौ प्रियद्वेष्यौ यथैनं न जरान्तकौ ॥ ११ ॥
विषहेरन् भयाऽमर्षौ क्षुत्पिपासे मदोद्भवौ ।
अरतिश्चैव तन्द्री च कामक्रोधौ क्षयोदयौ ॥ १२ ॥

जसलाई सुनी ई राजा सबै दुःखबाट पार होउन् र इनलाई लाभ – हानि, प्रिय – अप्रिय, जरा – मृत्यु, भय – अमर्ष, भोक – प्यास, मद – ऐश्वर्य, चिन्ता – आलस्य, काम – क्रोध, अवनति – उन्नति, इत्यादिले कष्ट दिन नशकून् ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४२, अध्यायः

वैशम्पायन भन्दछन्

ततो राजा धृतराष्ट्रो मनीषी
सम्पूज्य वाक्यं विदुरेरितं तत् ।
सनत्सुजातं रहिते महात्मा
पप्रच्छ बुद्धिं परमां बुभूषन् ॥ १ ॥

हे जनमेजय ! त्यस पछि बुद्धिमान्, महामना राजा धृतराष्ट्रले विदुरले भनेको त्यो वचनका आदर गरी उत्कृष्ट ज्ञानको इच्छाले एकान्तमा सनत्सुजात मुनिसँग प्रश्न गरे ।

धृतराष्ट्र भन्दछन्

सनत्सुजात ! यदिदं श्रृणोमि
न मृत्युरस्तीति तव प्रवादम् ।
देवासुरा ह्याचरन् बृह्मचर्य- ।
ममृत्यवे तत् कतरन्तु सत्यम् ॥ २ ॥

हे सनत्सुजातजी ! मैले यो सुनेको छु कि तपाँईको सिद्धान्तमा मृत्यु छँदैछैन रे साथै यो कुरापनि सुनेको छु कि देवता र असुरहरू मृत्युबाट वचनका निति बृह्मचर्य वृतको पालन गर्दथेई दुईमा कुनकुरा सत्य हो ? ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनत्सुजात भन्दछन्

अमृत्युः कर्मणा केचिन्मृत्युर्नास्तीति चाऽपरे ।
शृणु मे ब्रुवतो राजन् ! यथैतन्मा विशङ्किथाः ॥ ३ ॥

हे राजन् ! कसैको भनाईमा मृत्यु छ तर त्यो (ब्रह्मचर्य आदि) कर्मले हट्दछ, कसैको भनाईमा मृत्यु छँदैछैन, यो कुरा जस्तो छ त्यस्तो म तिमीलाई भन्दछु सुन र मेरो कुरामा सन्देह नगर ।

उभे सत्ये क्षत्रियैतस्य विद्धि
मोहान्मृत्युः सम्मतोऽयं कविनाम् ।
प्रमादं वै मृत्युमहम् ब्रवीमि
तथाऽप्रमादममृतत्वं ब्रवीमि ॥ ४ ॥

हे क्षत्रिय ! ई दुवै पक्षलाई सत्य संझ. केही विद्वानहरूले मोहवश यो मृत्युको सत्ता स्वीकार गरेका छन् ता पनि मेरो भनाइमा ता यो छ कि-प्रमाद नै मृत्यु हो, अप्रमाद नै अमृत हो ।

प्रमादाद् वै असुराः पराभव-
न्नप्रमादाद् ब्रह्मभूताः सुराश्च ।
नैव मृत्युर्व्याघ्र इवाऽत्ति जन्तून्
न ह्यस्य रूपमुपलभ्यते हि ॥ ५ ॥

प्रमादले गर्दा असुरहरू मृत्युद्वारा पराजित भये, प्रमाद नगर्नाले देवगण ब्रह्म स्वरूप भये, यो निश्चय छ कि मृत्युले बाघले समान प्राणीहरूको भक्षण गर्दैन किनभने उसको कुनैरूप देखनमा आँउदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यमंत्वेके मृत्युमतोऽन्यमाहु-
रात्मावसन्नममृतं ब्रह्मचर्यम्
पितृलोके राज्यमनुसास्ति देवः
शिवः शिवानामशिवोऽशिवानाम् ॥ ६ ॥

कुनै मनुष्य यो प्रमादभन्दा भिन्नै 'यम,लाई मृत्यु भन्दछन्, कुनै हृदयमा दृढता पूर्वक पालन गरेको ब्रह्मचर्यलाई नै अमृत मान्दछन् । कुनै यमदेव पितृलोकमा राज्यशासन गर्दछन्, उनी पुण्यात्मालाई मङ्गलमय र पापीलाई अमङ्गलमय वन्दछन् भन्दछन् ।

अस्याऽऽदेशान्निःसरते नराणाम्
क्रोधः प्रमादो लोभरूपश्च मृत्युः ।
अहं गतेनैव चरन् विमार्गान्
न चाऽत्मनो योगमुपैति कश्चित् ॥ ७ ॥

ई यमराजको आज्ञाले नै क्रोध, प्रमाद र लोभरूप मृत्यु मनुष्यको विनाशमा प्रवृत्त हुन्छन्, अहंकारको वशमा परी विपरीत बाटामा चल्ने कुनैपनि मनुष्यले परमात्माको साक्षात्कार पाउन शक्तैन ।

ते मोहितास्तद्वशे वर्तमाना
इतः प्रेतास्तत्र पुनः पतन्ति ।
ततस्तान् देवा अनुविप्लवन्ते
अतो मृत्युर्मरणाख्यानुपैति ॥ ८ ॥

क्रोध आदिले मोहित भयेका मनुष्यहरू अहंकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधीन भएर यसलोकबाट जान्छन् र वारंवार जन्म मरणरूप चक्-करमा पर्दछन्, मरेपछी उनका मन, इन्द्रिय र प्राणपनि साथै जान्छन्, शरीरबाट प्राणको र इन्द्रियहरूको वियोग हुनुलाई नै मत्यु मरण) संज्ञा दियेको छ ।

कर्मोदये कर्मफलाऽनुरागा-
स्तत्राऽनुयान्ति न तरन्ति मृत्युम् ।
सदर्थयोगाऽनवगमात् समन्तात्
प्रवर्तते भोग योगेन देही ॥ ९ ॥

प्रारब्धकर्मको उदय भयेपछी कर्मफलमा आशक्तिराख्ने मनुष्य (देहत्यागपछी) परलोकमा जान्छन् तर ई मृत्युलाई पार गर्न शक्तैनन्, देहाभिमानी जीव परमात्माको साक्षात्कार गर्ने उपाय नजानी विषयको उपभोग गर्नमा नै प्रवृत्त हुन्छन् ।

तद् वै महामोहनमिन्द्रियाणाम्
मिथ्यार्थयोगस्यगतिर्हि नित्या ।
मिथ्यार्थयोगाऽभितान्तरात्मा
स्मरन्नुपास्ते विषयान् समन्तात् ॥ १० ॥

यस प्रकारको विषय भोगले त्यां अवश्य नै इन्द्रियहरुलाई ठूलो मोहमा पार्दछ, यस्तो झुठो विषयमा रागगर्ने मनुष्को त्यस तर्फ प्रवृत्ति हुनु स्वाभाविक नै हो, मिथ्याभोगमा आशक्ति हुँदा जहाँ जसका अन्तकरणको ज्ञानशक्ति नष्ट भयेको छ, ती सव विष-यको चिन्तनगर्दै मनैमनले त्यसको आस्वादन गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभिध्या वै प्रथमं हन्ति लोकान्
कामक्रोधावनुगृह्याऽशु पश्चात् ।
एतेवालान् मृत्यवे प्रापयन्ति
धीरास्तु धैर्येण तरन्ति मृत्युम् ॥ ११ ॥

पहिलेनै विषयहरूका चिन्तनाले मनुष्यलाई मार्दछ, त्यस पछी काम क्रोध साथ ली फेरी प्रहार गर्दछ, यस प्रकारको विषय चिन्तनले नै विवेकहीन मनुष्यलाई मृत्युको नजीकै पुऱ्याउँछ, परन्तु जो स्थिर बुद्धि भयेका मनुष्य छन ती धैर्यले मृत्युको पार जान्छन् ।

सोऽभिध्यायन्नुत्पतितान्निहन्या-
दनादरेणाऽप्रतिबुध्यमानः ।
नैनं मृत्युर्मृत्युरिवाऽत्ति भूत्वा
एवं विद्वान् यो विनिहन्ति कामान् ॥ १२ ॥

मृत्युलाई जित्न इच्छागर्ने पुरुषले परमात्माको ध्यानगरी उत्पन्न भयेका कामनाहरू नष्ट गर्नु-पर्दछ, यसरी जो विद्वान् विषयको इच्छालाई हटाउँछ, उसको साधारण प्राणलाई मृत्युले झैं मृत्युले मार्दैन, अर्थात् जन्म मरणबाट मुक्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कामानुसारी पुरुषः कामाननुविनश्यति ।
कामान् व्युदस्य धुनुते यत् किंचित् पुरुषो रजः ॥१३॥

कामनाहरूको पछाडी हिड्ने मनुष्य कामनाहरूका साथै नष्ट हुन्छ परन्तु ज्ञानीपुरुष कामनाहरु त्याग गर्नाले जो केहि बाँकी रहेको जन्म– मरणरूप आदि दुःखलाई पनि नष्ट गर्दछ ।

तमोऽप्रकाशो भूतानां नरकोऽयं प्रदृश्यते ।
मुह्यन्त इव धावन्ति गच्छतः श्वभ्रवत् सुखम् ॥ १४ ॥

कामना नै समस्त प्राणीहरूको निति मोहक हुनाले तमोमय अज्ञानरूप र नरकसमान दुःखदायी देखिन्छ, जस्तो मद्यपानले मोहित भयेको पुरुष हिंडदा हिँडदै खाडलतर्फ दौडन्छ, त्यस्तै कामीपुरुष पनि भोगलाई नै सुखमानी त्यतै तर्फ दौड्न्छ ।

अमूढवृत्तेः पुरुषस्येह कुर्यात्
किं वै मृत्युस्तार्ण इवाऽस्य व्याघ्रः ।
अमन्यमानः क्षत्रिय किंचिदन्य-
न्नाऽधीयीत निर्णुदन्निवाऽस्य चाऽऽयुः ।१५॥

जसको चित्तवृत्तिहरू विषयभोगले मोहित भयेका छैनन्, त्यस्ता ज्ञानीपुरुषलाई यां संसारमा झारलेबनायेको बाघझैँ मृत्युले के बिगार्न शक्तछ ? त्यसैले हे राजन् ! विषयभोगको मूल कारणरूप अज्ञान नष्टगर्ने इच्छाले अरु सांसारिक पदार्थलाई केहिपनि नगनी उसको चिन्तनमात्र पनि त्यागीदिनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स क्रोधलोभौ मोहवानन्तरात्मा
सवै मृत्युस्त्वच्छरीरे य एषः ।
एवं मृत्युं जायमानं विदित्वा
ज्ञाने तिष्ठन् न बिभेतीह मृत्योः ।
विनश्यते विषये तस्य मृत्युः ।
मृत्योर्यथा विषयं प्राप्य मर्त्यः ॥ १६ ॥

यो जुन् तिम्रा शरीरको भित्र अन्तरात्मा छ, त्यो मोहको वश भै क्रोध, लोभ र मृत्युरूप हुन्छ, यस्तो मोहबाट हुने मृत्युलाई जानी ज्ञाननिष्ठ पुरुषहरु मृत्युदेखि कहिले पनि डर्दैनन्, उनको नजिकमा आई मृत्यु यसरी नष्टहुन्छ, जस्तो मृत्युको अधिकारमा आयेको मरणधर्मा मनुष्य ।

धृतराष्ट्र भन्दछन्

यानेवाऽहुरिज्यया साधुलोकान्
द्विजातीनाम् पुण्यतमान् सनातनान् ।
तेषां परार्थं कथयन्तीह वेदा
एतद् विद्वान् नोपैति कथं नु कर्म ॥ १७

द्विजातिहरूका निति यज्ञद्वारा जुन पवित्र सनातन र श्रेष्ठ लोकहरूको प्राप्ति बतायेकोछ त्यहाँ वेदले त्यसैलाई परम पुरुषार्थ भनेको छ, यो कुरा जान्ने विद्वान् उत्तम कर्महरूको आश्रय किन लिदैनन् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनत्सुजात भन्दछन्

एवं ह्यविद्वानुपयाति तत्र
तत्राऽर्थं जातं च वदन्ति वेदाः ।
अनीह आयाति परं परात्मा
प्रयाति मार्गेण निहत्य मार्गान् ॥ १८ ॥

हे राजन् ! अज्ञानी पुरुष यस प्रकारका भिन्न भिन्न लोकमा गमन गर्दछन् जो वेदले पनि धेरै प्रकारका प्रयोजनहरु वताएका छन् परन्तु जो निष्काम पुरुष छ, त्यो ज्ञानमार्गद्वारा सबै मार्गलाई उल्लङ्घन गरी परमात्मस्वरूप हुँदै परमात्मामा प्राप्त हुन्छ ।

धृतराष्ट्र भन्दछन्

कोऽसौ नियुङ्क्ते तमजं पुराणं
स चेदिदं सर्वमनुक्रमेण ।
किं वाऽस्य कार्यमथवा सुखं च
तन्मे विद्वान् ! ब्रूहि सर्वं यथावत् ॥ १९ ॥

हे विद्वान् ! यदि परमात्मा नै क्रमशः यो जगत्को रूपमा प्रकट हुन्छ भने त्यो अजन्मा, पुरातन पुरूषमा कसले शासन गर्दछ ! अथवा उसलाई यो रूपमा आउने के आवश्यकता छ र के सुख मिल्दछ ? यो सबै ठीक ठीक भन्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनत्सुजात भन्नुहुन्छ

दोषो महानत्र विभेदयोगे
ह्यनादियोगेन भवन्ति नित्याः ।
तथाऽस्य नाधिक्यमपैति किंचि-
दनादियोगेन भवन्ति पुंसः ॥ २० ॥

तिम्रो यो प्रश्नको अनुसार जीव र ब्रह्मको विशेष भेद बन्दछ, जसलाई स्वीकार गर्दा वेदविरोधरूप ठूलो दोष प्राप्त हुन्छ, त्यो नहुनालाई अनादि मायाको सम्बन्धद्वारा जीवलाई काम सुख आदिको सम्बन्ध हुँदै रहन्छ भन्नु पर्दछ यस्तो भए पनि जीवको महता नष्ट हुँदन, किनभने मायाको सम्बन्धले जीवको देहादि फेरि फेरी पनि उत्पन्न हुँदै रहन्छन् ।

य एतद् वा भगवान् स नित्यो
विकारयोगेन करोति विश्वम् ।
तथा च तच्छक्तिरिति स्म मन्यते
तथार्थयोगे च भवन्ति वेदाः ॥ २१ ॥

जो नित्य स्वरूप भगवान् छन्, उनै मायाको सहयोगले यो विश्व ब्रह्माण्डको सृष्टि गर्दछन् ती माया उनै परब्रह्मको शक्ति हुन् भनी महात्माहरु मान्दछन् यस्तो अर्थप्रतिपादन गर्नमा वेद पनि प्रमाण छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धतराष्ट्र भन्दछन्

येऽस्मिन धर्मान् नाऽचरन्तीह केचित्
तथा धर्मान् केचिदिहाऽऽचरन्ति ।
धर्मः पापेन प्रतिहन्यते स्वि-
दुताहो धर्मः प्रतिहन्ति पापम् ॥ २२ ॥

हे राजन् ! यो संसारमा कुनै मनुष्य धर्मको आचरण गर्दछन् कुनै गर्दैनन् त्यसैले धर्म पापद्वारा नष्ट हुन्छ कि या धर्मले पापलाई नष्ट गदछ ? ।

सनत्सुजात भन्दछन्

उभयमेव तत्रोपपुज्यते फलं धर्मस्येवेतरस्य च ॥ २३ ॥

हे राजन् ! धर्म र पाप दुवैको भिन्नाभिन्नै फल हुन्छ ती दुवैको उपभोग गर्नै–पर्दछ ।

तस्मिन् स्थितो वाप्युभयं हि नित्यम्
ज्ञानेन विद्वान् प्रतिहन्ति सिद्धम् ।
तथाऽन्यथा पुण्यमुपैति देही
तथाऽगतं पापमुपैति सिद्धिम् ॥ २४ ॥

किन्तु परमात्मामा स्थित भयेको विद्वान् पुरुष ज्ञानद्वारा आफ्नू पूर्वकृत पापपुण्य दुवै नाश गर्दछ भन्ने कुरा प्रसिद्ध छ, यदि यस्तो हुन शकेन भने देहाभिमानी मनुष्य कैले पुण्यफल भोग गर्दछ, कैले पैले कमाएको पापको फल अनुभव गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गत्वोभयं कर्मणा युज्यतेऽस्थिरं
शुभस्य पापस्य स चापि कर्मणा ।
धर्मेण पापं प्रणुदतीह विद्वान्
धर्मो बलीयानिति तस्य सिद्धिः ॥ २५ ॥

यसप्रकारको पुण्य र पापका स्वर्ग नरकरूप जो अस्थिर फल छन् त्यस्को भोग गरी फेरि त्यै अनुसार कर्ममा लागी रहन्छन्, किन्तु धर्मको तत्वजान्ने पुरुष निष्काम धर्मरूपि कर्मद्वारा पैलेको पापलाई यहीँ नै नाशगर्दछ यस्तो धर्म अत्यन्त बलवान् हुन्छ त्यसैले निष्काम भावले धर्माचरणगर्ने पुरुषलाई समयानुसार अवश्य सिद्धि हुन्छ ।

धृतराष्ट्र भन्छन्

यानिहाहुः स्वस्य धर्मस्य लोकान्
द्विजातीनां पुण्यकृतां सनातनान् ।
तेषां क्रमान् कथय ततोऽपि चाऽन्यान्
नैतद् विद्वान् ! वेत्तुमिच्छामि कर्म ॥ २६॥

हे विद्वान् ! पुण्य कर्मगर्ने द्विजातिहरूलाई आफ्नू आफ्नू धर्मको फलस्वरूप जुन सनातन लोकको प्राप्ति बतायेको छ त्यसको क्रम र त्यसभन्दा भिन्न जो अन्यान्न लोक छन् त्यसको पनि निरूपण गर्नु होस् अब म सकाम कर्मको कुरासुन्न चाहन्न ।

सनत्सुजात भन्दछन्

येषां व्रतेऽथ विस्पर्धा बले बलवतामिव ।
ते ब्राह्मणा इतः प्रेत्य ब्रह्मलोकप्रकाशकाः ॥ २७ ॥

जस्तो वीरहरुमा आफ्नू बल बढाउन यौटाले अर्को सँग स्पर्धा राख्दछन् त्यस्तै जो निष्कामभावले यम नियमाऽऽदिको पालनमा अरूभन्दा बढी प्रयास गर्दछन् ती ब्राह्मण यहाँबाट मरेपछि ब्रह्मलोकमा आफ्नू प्रकाशफैलाउँछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

येषां धर्मे च विस्पर्धा तेषां तज्ज्ञानसाधनम्
ते ब्राह्मणा इतो मुक्ताः स्वर्गं यान्ति त्रिविष्टपम् २८ ॥

जस जसलाई धर्मपालनको मात्र स्पर्धा छ, तिनको त्यै स्पर्धा नै ज्ञानकोसाधन हुन्छ, यदि सकामभावले त्यो अनुष्ठान गर्छन् भने ती ब्राह्मण मृत्यु पछी देवताको निवासस्थान स्वर्गमा जान्छन् ।

तस्य सम्यक् समाचारमाहुर्वेदविदो जनाः ।
नैनं मन्येत भूयिष्ठं ब्राह्यमाभ्यान्तरं जनम् ॥ २९ ॥
यत्र मन्येत भूयिष्ठं प्रावृषीव तृणोपलम्
अन्नं पानं ब्राह्मणस्य तज्जीवेन्नाऽनुसञ्ज्वरेत् ॥ ३० ॥

ब्राह्मणको राम्रो आचारलाई वेदजान्नेहरु प्रशंसा गर्दछन् किन्तु जोधर्मपालनमा बहिर्मुख छन् तिनलाई धेरै महत्त्व दिन हुंदैन अन्तर्मुखलाई श्रेष्ठ संझनु पर्दछ, जस्तो– वर्षाऋतुमा घांसपात धेरै हुन्छ. त्यस्तै जहाँ अन्नपान आदिको अधिकता हुन्छ त्यसै देशमा ब्राह्मण ले जीवन निर्वाह गर्नु पर्दछ भोक प्यासले आफूलाई कष्ट नदिलाउनु ।

यत्राऽकथयमानस्य प्रयच्छत्यशिवं भयम् ।
अतिरिक्तमिवाऽकुर्वन् स श्रेयान् नेतरो जनः ॥३१॥

जहाँ आफ्नू महात्म्य प्रकाशित नगर्दा भय र अमङ्गल हुन्छ त्यहाँ रहेर पनि जो आफ्नू विशेषता प्रकट गर्दैन त्यही नै श्रेष्ठ पुरुष हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो वा कथयमानस्य ह्यात्मानं नानुसंज्वरेत् ।
वृह्मस्वं नोपभुञ्जीत तदन्नं सम्मतं सताम् ॥ ३२ ॥

जो कसैले आत्मप्रशंसा गरेको देखी जल्दैन बृाह्मणका सम्पत्तिको उपभोग गर्दैन त्यसको अन्न खानलाई सज्जनहरूको सम्मति छ ।

यथा स्वं वान्तमश्नाति श्वा वै नित्यमभूतये ।
एवं ते वान्तमश्नन्ति स्ववीर्यस्योपसेवनात् ॥ ३३

जस्तो कुकुर आफूले गरेको बान्तापनि फेरीखान्छ, त्यस्तै आफ्ना प्रभावको वर्णन गरी जीविका गर्ने बृाह्मण पनि वमनकै भोजन गर्दछ त्यसको सदा अवनति हुन्छ ।

नित्यमज्ञातचर्या मे इति मन्येत बृाह्मणः ।
ज्ञातीनां तु वसन् मध्ये तं विदुर्बृाह्मणं बुधाः ॥३४॥

जो दाजुभाईहरूका वीचमा रहेर पनि आफ्नू साधनलाई सदा गुप्तराख्ने प्रयत्न गर्दछ यस्तो बृाह्मणलाई नै विद्वानहरू बृाह्मण भन्दन् ।

को ह्यनन्तरमात्मानं वृह्मणो हन्तुमर्हति ।
निर्लिङ्गमचलं शुद्धं सर्वद्वैतविवर्जितम् ॥ ३५ ॥

जो भेदशून्य, चिह्नरहित, अविचल, शुद्ध र सर्वप्रकारबाट द्वैत रहित आत्माको स्वरूप जान्दछ, त्यस्ताको हनन कुनचाहीं बृाह्मण गर्न चाहन्छ ? ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तस्माद्धि क्षत्रियस्याऽपि ब्रह्माऽऽवसति पश्यति ॥ ३६ ॥

यस्तै तरिकाबाट जीवन बिताउने क्षत्रियले पनि ब्रह्मस्वरूप को अनुभव गरी ब्रह्म प्राप्त गर्दछ ।

योऽन्यथा सन्तमात्मानमन्यथा प्रतिपद्यते ।
किं तेन न कृतं पापं चौरेणाऽऽत्मापहारिणा ॥ ३७ ॥

जो यस्तो स्वरूपमा रहेको आत्मालाई त्यसभन्दा उल्टो रूपमा संझन्छ, त्यो आत्माको हरणगर्ने चोरले कुन चाँहीं पाप गरेन ? ।

अश्रान्तः स्यादनादाता सम्मतो निरुपद्रवः ।
शिष्टो न शिष्टवत स स्याद् ब्राह्मणो ब्रह्मवित् कवि ॥३८

जो कँल्यै थाक्दैन, दान लिदैंन, सज्जनहरुले मानियेको छ, उपद्रव रहित छ, शिष्ट भयेर पनि शिष्टताको विज्ञापन गर्दैन यही ब्राह्मण ब्रह्मवेत्ता र विद्वान् हो ।

अनाढ्या मानुषे वित्ते आढ्या दैवे तथा क्रतौ ।
ते दुर्धर्षा दुष्प्रकम्प्यास्तान् विद्यात् ब्रह्मणस्तनुम् ॥३९॥

जो लौकिक धनको दृष्टिले निर्धन भएर पनिदैवि संपत्ति र यज्ञको उपासना आदिले सम्पन्न छन् ती दुर्धष छन्, कुनै विषयले पनि चलायमान हुंदैनन् उनलाई साक्षात् ब्रह्मको मूर्ति नै संझनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वान् स्विष्टकृतो देवान् विद्याद् य इह कश्चन ।
न समानो ब्राह्मणस्य तस्मिन् प्रयतते स्वयम् ॥ ४० ॥

यदि कसैले यो संसारमा इष्ट सिद्धिगर्ने सबै देवताहरूलाई जानोस् ता पनि त्यो ब्रह्मवेत्ताको समान हुन शक्तैन किनभने त्यो इष्टसिद्धिकोलागी नै प्रयत्न गर्दछ ।

यमप्रयतमानं तु मानयन्ति स मानितः ।
न मान्यमानो मन्येत न मान्यमभिसंज्वरेत् ॥ ४१ ॥

जो अरूबाट सम्मान पाउँदा पनि मान्य भयें भन्ने अभिमान गर्दैन , अरू संमाननीय पुरुषलाई देखदा पनि जल्दैन. प्रयत्न वेगर पनि । विद्वानहरू जस्को आदर गर्दछन्, त्यही नै वास्तवमा सम्मानित हो

लोकः स्वभाववृत्तिर्हि निमेषोन्मेषवत् सदा ।
विद्वांसो मानयन्तीह इति मन्येत मानितः ॥ ४२ ॥

जगतमा जब विद्वान् पुरुषहरूले आफ्नू आदर गर्दछन्, अनि त्यो सम्मानित व्यक्तिले सम्झनु पर्छ कि आँखाको निमेष र उन्मेष झैं दुनियाँको असल मानिसको आदर गर्ने र कुसलको निन्दा गर्ने स्वभाविक प्रवृत्ति हुन्छ भनी संझनु पर्दछ ।

अधर्मनिपुणा मूढा लोके माया विशारदाः ।
न मान्यं मानयिष्यन्ति मान्यानामवमानिनः ॥४३॥

यो संसारमा जो अधर्ममा निपुण, छल कपटमा चतुरा, माननीय पुरुषको अपमानगर्ने, मूढ मनुष्य छन् ती आदरणीय व्यक्तिको आदर गर्दैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न वै मानं च मौनं च सहितौ वसतः सदा ।
अयं हि लोको मानस्य असौ मौनस्य तद् विदुः ॥ ४४ ॥

मान र मौन एकसाथ रहदैनन् किनभने मानले यो लोकमा सुखमिल्दछ र मौनले परलोकमा, ज्ञानीहरु योकुरा जान्दछन् ।

श्रीः सुखस्येह संवासः सा चाऽपि परिपन्थिनी ।
ब्राह्मी सुदुर्लभा श्रीर्हि प्रज्ञाहीनेन क्षत्रिय ! ॥ ४५ ॥

हे राजन् ! यसलोकमा ऐश्वर्यरूपा लक्ष्मीलाई सुखको घर मानियेको छ तर ती पनि कल्याणमार्गमा विघ्नगर्ने हुन्छिन्, ब्रह्मज्ञानमयी लक्ष्मी ता प्रज्ञाहीन मनुष्यलाई सर्वथा दुर्लभ छन् ।

द्वाराणि तस्येह वदन्ति सन्तो
बहुप्रकाराणि दुराधराणि ।
सत्याऽऽर्जवे ह्रीर्दमःशौचविद्या
यथा न मोहप्रतिबोधनानि ॥ ४६ ॥

संत पुरुषहरु ती ब्रह्मज्ञानमयी लक्ष्मी प्राप्तगर्ने अनेकबाटा बताउँछन् जसले मोहलाई जगाउँदैनन् तर ती मार्ग कठिनताले मात्र धारणगर्न शकिन्छ, तिनका नाम इनै हुन् सत्य, सरलता, लज्जा, दम, शौच र विद्या हुन् ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ४३

धृतराष्ट्र भन्दछन्

कस्यैष मौनः कतरन्नु मौनं
प्रब्रूहि विद्वन्निह मौनभावम् ।
मौनेन विद्वानुत याति मौनं
कथं मुने ! मौनमिहाऽऽचरन्ति ॥ १ ॥

हे विद्वन् ! यो मौन कसको नाम हो ? (वाणीको संयम हो वा परमात्मा को स्वरूप हो ?) ई दुई मध्ये कुनचाँही मौन हो ? यहाँ यै मौनभावको स्वरुप वर्णन गर्नुहोस् । के विद्वान् पुरुषहरु मौनद्वारा नै मौनरुप परमात्माको प्राप्ति गर्दछन् ? हेमुने ! संसारी मनुष्यहरु मौनको आचरण कसरी गर्दछन् ? ।

सनत्सुजात भन्दछन्

यतो न वेदा मनसा सहैन-
मनुप्रविशन्ति ततोऽथ मौनम् ।
यत्रोत्थितो वेदशब्दस्तथाऽयं
स तन्मयत्वेन विभाति राजन् ! ॥ २ ॥

हेराजन् ! जहाँ मनले सहित वेदरुप वाणीको पनि पहुंच छैन ! त्यही परमात्माको नाम नै मौन हो , त्यही नै मौन स्वरुप हो वैदिक र लौकिक शब्दको जहाँवाट प्रादुर्भाव भयेकोछ त्यो तन्मयतापूर्वक ध्यानगर्दा प्रकाशमा आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धृतराष्ट्र भन्दछन्

ऋचो यजूंषि यो वेद सामवेदं च वेद यः ।
पापानि कुर्वन् पापेन लिप्यते किं न लिप्यते ॥३॥

हेऽविद्वन् ! जो ऋग्वेद , यजूर्वेद , र सामवेदलाई जान्दछ , र पाप पनि गर्दछ भने त्यो पापले लिप्त हुन्छकि हुदैन ? ।

सनत्सुजात भन्दछन्

नैनं सामान्यृचो वापि न यजूंष्यविचक्षणम् ।
त्रायन्ते कर्मणः पापान्नते मिथ्या ब्रवीम्यहम् ॥४॥

हेराजन् ! म तपाईसँग असत्यकुरा गर्दिन ऋक् , साम , र यजुर्वेद कुनैले पनि पापगर्ने अज्ञानी पुरुषलाई उसको त्यो पाप-कर्मदेखी रक्षा गर्न शक्तैनन् ।

नच्छन्दांसि वृजिनात् तारयन्ति
मायाविनं मायया वर्तमानम् ।
नीडं शकुन्ता इव जातपक्षा-
श्छन्दास्येनं प्रजहत्यन्तकाले ॥ ५ ॥

जो कपट पूर्वक धर्मको आचरण गर्दछ त्यस्ता मिथ्या-चारीलाई वेदले पापबाट उद्धार गर्न शक्तैनन् जस्तो प्वांख निस्केका पक्षी आफ्नू गुंड छोडीदिन्छन् त्यसैगरी वेदले पनि अन्तकालमा उसलाई छोडिदिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धतराष्ट्र भन्दछन्

न चेद् वेदा विना धर्मं त्रातुं शक्ता विचक्षण ! ।
अथ कस्मात् प्रलापोऽयं ब्राह्मणानां सनातनः ॥ ६ ॥

हेविद्वन् ! यदि धर्मविना वेदलेपनि रक्षागर्न शक्तै नन् भने किन वेदवेत्ता ब्राह्मणलाई पवित्रहुन् भन्ने प्रलाप धेरैकाल देखी चली आयेको छ ? ।

सनत्सुजात भन्नुहुन्छ

तस्यैव नामाऽऽदि विशेष रूपै-
रिदं जगद् भाति महानुभाव ! ।
निर्दिश्य सम्यक् प्रवदन्ति वेदा-
स्तद् विश्ववैरूप्य मुदाहरन्ति ॥ ७ ॥

हेमहानुभाव ! परब्रह्म परमात्माको नामआदि विशेषरूपले यो जगत्को प्रतीति भयकोछ यो कुरा वेदले राम्रो गरी वतायेका छन् तर वास्तवमा उसको स्वरुप यो विश्वभन्दा विलक्षण पनि बताएका छन्

तदर्थमुक्तं तप एतदिज्या
ताभ्यामसौ पुण्यमुपैति विद्वान् ।
पुण्येन पापं विनिहत्य पश्चात्
संजायते ज्ञानविदीपिताऽऽत्मा ॥ ८ ॥

त्यसैको प्राप्तिका लागी वेदले तपस्या र यज्ञको प्रतिपादन गरेका छन् ई दुवै कुराले विद्वान् पुरुषलाई पुण्यको प्राप्ति हुन्छ र पुण्यद्वारा पाप नष्टभये पछी उसको अन्तः करण ज्ञानद्वारा प्रकाशमान हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानेन चाऽऽत्मानमुपैति विद्वा-
नथाऽन्यथा वर्गफलाऽनुकाङ्क्षी ।
अस्मिन् कृतं तत् परिगृह्य सर्व-
ममुत्र भुङ्क्त्वा पुनरेति मार्गम् ॥ ९ ॥

विद्वान् पुरुषमात्र ज्ञानद्वारा परमात्माको प्राप्ति गर्छन् तर भोगको अभिलाषा गर्ने पुरुषहरू धर्म, अर्थ, कामरूप त्रिवर्ग फलको चाहनागर्दछन् यो लोकमा गरेका सबै कर्म साथ लियेर परलोकमा तिनकोभोग गर्दछन् र समाप्त भए पछि फेरि फर्कन्छन् ।

अस्मिँल्लोके तपस्तप्तं फलमन्यत्र भुज्यते ।
ब्राह्मणानामिमे लोका ऋद्धे तपसि तिष्ठताम् ॥ १० ॥

यस लोकमा सकाम भावले गरेको तपस्याको फल परलोकमा भोग्न पाइन्छ, तर जो ब्रह्मोपासक ब्राह्मण यस लोकमा निष्काम भावले ठूलो तपस्या गर्दछन् ती यै लोकमा तत्वज्ञान रूप फल प्राप्त गर्दछन्, यस्तैगरी तपस्या पनि रिद्ध र समृद्धको भेदले दुइ प्रकारको छ, ।

धृतराष्ट्र भन्दछन्

कथं समृद्धमसमृद्धं तपो भवति केवलम् ।
सनत्सुजात ! तद् ब्रूहि यथा विद्याम तद् वयम् ॥ ११॥

हेसनत्सुजातजो ! कुन तपस्या समृद्ध हुन्छ ? कुनचाहीं असमृद्ध हुन्छ ? यसको यथार्थ तरिका भन्नुहोस् जसले हामी यसलाई संझन सकौं, ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनत्सुजात भन्दछन्

निष्कल्मषं तपस्त्वेतत् केवलम् परिचक्षते ।
एतत् समृद्धमप्यृद्धं तपो भवति केवलम् ॥ १२ ॥

हेराजन् ; जुन तपस्या सबै प्रकारले निर्दोष हुन्छ अर्थात् जसमा भोग वासना रूप दोष हुँदैन , त्यो विशुद्ध र समृद्ध तप हो त्यसैलाई केवल तप भन्दछन्, यो विशुद्ध वा केवल तप सकाम तपको अपेक्षा फलको दृष्टिले धेरै नै समृद्ध हुन्छ ।

तपोमूलमिदं सर्वं यन्मां पृच्छसि क्षत्रिय ! ।
तपसा वेदविद्वांसः परंत्वमृतमाप्नुयुः ॥ १३ ॥

हेराजन् ! तिमी जुन तपस्याको विषयमा मलाई सोद्धछौ , त्यो तपस्या नै सारा जगत्को मूल हो , वेदवेत्ता विद्वान्हरू यै (निष्काम) तपस्याले नै श्रेष्ठ अमृतत्व प्राप्त गर्दछन् , ।

धृतराष्ट्र भन्दछन्

कल्मषं तपसो ब्रूहि श्रुतं निष्कल्मषं तपः ।
सनत्सुजात ! येनेदं विद्यां गुह्यं सनातनम् ॥ १४ ॥

हे सनत्सुजातजी ! मैले दोषरहित तपस्याको महत्व सुने, अब तपस्याका दोषहरू बताउनु होस् जुनकुरा जान्नाले म यो सनातन गोपनीय ब्रह्मतत्व जान्न सकूँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनत्सुजात भन्दछन्

क्रोधाऽऽदयो द्वादश यस्य दोषा-
स्तथानृशंसानि दश त्रि राजन्!
धर्मादयो द्व दशैते पित्तृणां
शास्त्रे गुणा ये विदिता द्विजानाम् ॥ १५ ॥

हेराजन्! तपस्याका क्रोध आदि बान्ह दोष छन्, फेरी त्यस्मा तेन्ह किसिमका नृशंस मनुष्यपनि हुन्छन्, मन्वादि शास्त्रहरूमा बतायेका ब्राह्मणहरुका धर्म आदि बान्हगुण प्रसिद्ध छन्।

क्रोधः, कामो लोभ, मोहौ, विधित्सा,
कृपाऽसूये, मानशोकौ, स्पृहा च।
ईर्ष्या, जुगुप्सा च मनुष्य दोषा
वर्ज्याः सदा द्वादशैते नराणाम् ॥ १६ ॥

काम, क्रोध, लाभ, मोह, चिकीर्षा, निर्दयता, असूया अभिमान, शोक, स्पृहा, इर्ष्या र निन्दा मनुष्यमा रहने ई बान्ह-दोषछन्। इनलाई सदा त्यागीदिनु योग्य छ।

एकैकः पर्युपास्ते ह मनुष्यान् मनुजर्षभ!।
लिप्समानोऽन्तरं तेषां मृगाणामिव लुब्धकः ॥ १७ ॥

हेनरश्रेष्ठ! जस्तो व्याधा मृगमार्ने इच्छाले छिद्रहेर्दै त्यतै तर्फ लागीरहन्छ, त्यस्तै एक एक दोषले मनुष्यको छिद्रहेरी हेरी मौकामा आक्रमण गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विकत्थनः स्पृहयालुर्मनस्वी
बिभ्रत् कोपं चपलोऽरक्षणश्च ।
एतान पापाः षण्नराः पाप धर्मान्
प्रकुर्वते नो त्रसन्तः सुदुर्गे ॥ १८ ॥

आफ्नू धेरै बढाईगर्ने , लोभी , अलिकता पनि अपमान सहन नशक्ने , निरन्तर क्रोधी , चञ्चल र आश्रितजनको रक्षा नगर्ने ई छ प्रकारका मनुष्य पापी हुन् इनिहरू कस्तै सकट परे पनि नडराईकन पापकर्म गर्दछन् , ।

सम्भोगसंविद् विषमोऽति मानी
दत्त्वाऽनुतापी कृपणो बलीयान् ।
वर्गप्रशंसी वनितासु द्वेष्टा
एते परे सप्त नृशंसवर्गाः ॥ १९ ॥

सदा संभोगमा नै लम्पट , बिषमताको व्यवहार गर्ने , अत्यन्त मान-चाहिने , दानदिएर पश्चाताप गर्ने , अत्यन्त बलियो तर कृपण , अर्थ र कामको प्रशंसा गरीरहने, स्त्रीहरूमा द्वेषभाव ज्यदागर्ने ई सात र पहिलेका छ किसिमका मनुष्य क्रूर समुदाय कहिन्छन् .।

धर्मश्च सत्यंच दमस्तपश्च
अमात्सर्यं ह्रीस्तितिक्षाऽनसूया ।
यज्ञश्च दानं च धृतिः श्रुतं च
व्रतानि वै द्वादश ब्राह्मणस्य ॥ २० ॥

धर्म, सत्य , इन्द्रियनिग्रह , तपस्या , अर्काको डाह नहुनु , लाज, सहनशीलता, कसैको दोष न देख्नु, यज्ञ गर्नु, दान दिनु धैर्यगर्नु, शास्त्र ज्ञानहुनु , ई ब्राह्मणका बाह्र व्रत छन् , ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्त्वेतेभ्यः प्रभवेत् द्वादशभ्यः
सर्वामपीमां पृथिवीं स शिष्यात् ।
त्रिभिर्द्वाभ्यामेकतो वाऽर्थितो य-
स्तस्य स्वमस्तीति स वेदितव्यः ॥ २१ ॥

जसले ई माथी बताएका बाह्र व्रतमा आफ्नु हैकम राख्दछ, त्यसले सम्पूर्ण पृथ्वीका मनुष्यमा आफ्नू अधिकार राख्दछ, ई मध्ये तीन, दुइ, एक गुणले पनि जो युक्त छ, त्यसको साथमा सबै किसिमको धन हुन्छभनी संझनु पर्दछ, ।

दमस्त्यागोऽप्रमादश्च एतेष्वमृतमाहितम् ।
तानि सत्यमुखान्याहुर्ब्राह्मणा ये मनीषिणः २२

दम, त्याग र अप्रमाद ई तीन गुणमा अमृतको बास हुन्छ। विद्वान् ब्राह्मणहरू भन्दछन् कि, ई तीनगुणको मुख सत्य स्वरूप परमात्मा तर्फ छ, र अर्थात ई परमात्मा प्राप्तिका साधन हुन्, ।

दमोह्यष्टादशगुणः प्रतिकूलं कृताऽकृते ।
अनृतं चाऽभ्यसूयाच कामार्थौ च तथास्पृहा ॥ २३ ॥
क्रोधः शोक स्तथा तृष्णाः लोभः पैशुन्यमेव च ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मत्सरश्च विहिंसा च परितापस्तथा रतिः ॥ २४ ॥
अपस्मारश्चातिवादस्तथा सम्भावनाऽऽत्मनि ।
एतैर्विमुक्तो दोषैर्यः स दान्तः सद्भिरुच्यते ॥ २५ ॥

(तल बताएका अठारदोषलाईत्यागगर्नु नै दमका अठार गुण हुन्)

दमको अठार गुणछन्, कर्तव्य अकर्तव्यको विषयमा विपरीत धारणहुनु, असत्य बोलनु, गुणमा दोषदृष्टिहुनु, स्त्रीविषयक कामनाहुनु; सदा धनोपार्जनमा लागीरहनु, भोगको इच्छा हुनु, क्रोध, शोक, तृष्णा, लोभ, चुक्ली, डाह, हिंसा, संताप, शास्त्रमा प्रेम नहुनु, कर्तव्यको विस्मृति, धेरै बकवादगर्नु, र आफूलाई ठूलो ठान्नु . आदि जो ई अठार दोषबाट मुक्त छन् त्यसैलाई दान्त सत्पुरुष सम्झनु पर्दछ, ।

मदोऽष्टादशदोषःस्यात् त्यागो भवति षड्विधः ।
विपर्ययाःस्मृता एते मददोषा उदाहृताः ॥ २६ ॥
श्रेयांस्तु षड्विधस्त्यागस्तृतीयो दुष्करो भवेत् ।
तेन दुःखं तरत्येव भिन्नं तस्मिन् जितं कृते ॥ २७ ॥

दमका जो अठारदोष माथी बताएकाछन्, तिनै मदका दोष हुन्, ई मध्ये तेस्रो काम–त्याग अत्यन्त दुष्कर हुन्छ, योगद्वारा मनुष्य तिनै किसिमका दुःख पार गर्दछ, कामको त्याग गर्नाले मानीसले सबैकुरा जित्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेयाँस्तु षड्विधस्त्यागः श्रियं प्राप्य न हृष्यति ।
इष्टापूर्ते द्वितीयं स्यान्नित्यवैराग्ययोगतः ॥ २८ ॥
कामत्यागश्च राजेन्द्र ! स तृतीय इति स्मृतः ।
अप्यवाच्यं वदन्त्येतं स तृतीयो गुणः स्मृतः ॥ २९ ॥

हेराजेन्द्र ! छ किसिमका त्याग भन्दछु सुन्नुहोस , लक्ष्मीलाई पायेर हर्षित नहुनु पैला त्याग हो, यज्ञ यागादि , कुवा , तलाऊ आदिमा खर्चगर्नु दोस्रो त्याग हो , सदा वैराग्यरही कामको त्यागगर्नु तेश्रो त्यागहो महर्षीहरू यसलाई अनिर्वचनीय मोक्षको उपाय भन्दछन् , त्यसैले यो तेश्रो त्यागलाई विशेष गुण मानेको छ , ।

त्यक्तैर्द्रव्यैर्यद् भवति नोपयुक्तैश्च कामतः ।
न च द्रव्यैस्तद् भवति नोपयुक्तैश्च कामतः ॥ ३० ॥

आफ्नू खुसी पदार्थको त्याग गर्नाले जो निष्कामताको आनन्द आउँछ त्यसको उपभोग गर्नाले त्यो आउँदैन धेरै सम्पत्ति बटुल्नाले निष्कामता आउँदैन, कामना पूर्तिका निमित्त उपभोग गर्नाले पनि निष्कामता आउँदैन ।

न च कर्मस्वसिद्धेषु दुःखं तेन च न ग्लपेत् ।
सर्वैरेव गुणैर्युक्तो द्रव्यवानपि यो भवेत् ॥ ३१ ॥

सबै गुणले युक्त औ धनवान् छ, यदि उसले कुनै आफूले गरेको कर्म सिद्ध हुदैन भने त्यसकानिति दुःख र ग्लानि न गरोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अप्रिये च समुत्पन्ने व्यथां जातु न गच्छति ।
इष्टान् पुत्रांश्च दारांश्च न याचेत कदाचन ॥ ३२ ॥

कुनै अप्रिय घटना आये पनि दुःखी नहोस् (यो चौथो त्याग हो) आफ्ना अभीष्ट मित्र, स्त्री, पुत्रादिका संग पनि कहिल्यै याचना नगर स् (यो पाँचौ त्यागहो)

अर्हते याचमानाय प्रदेयं तच्छुभं भवेत् ।
अप्रमादी भवेदेतैः स चाप्यष्ट गुणो भवेत् ॥ ३३ ॥
सत्यं ध्यानं समाधानं चोद्यं वैराग्यमेव च ।
अस्तेयं ब्रह्मचर्यं च तथा संग्रहमेव च ॥ ३४ ॥

सुयोग्य याचक आयेमा उसलाई दान दिनु (यो छैटौं त्यागहो) यसले कल्याण हुन्छ, यो त्यागमा गुणले मनुष्य अप्रमादी हुन्छ, यो अप्रमादका पनि आठ भेद मानेका छन् ती ईनै हुन् सत्य, ध्यान, समाधान, अध्यात्म विषयक विचार, वैराग्य, नचोर्नु, ब्रह्मचर्य र अपरिग्रह ।

एवं दोषा मदस्योक्ता स्तान् दोषान् परिवर्जयेत ।
तथा त्यागोऽप्रमादश्च सचाप्यष्टगुणो मतः ॥ ३५ ॥

दोषो मदका ई दोषहरू मैले वतायें, इनलाइ छोड्नु पछ यस्तै त्याग र अप्रमादका आठ आठ गुण छन् ।

अष्टौ दोषाः प्रमादस्य तान् दोषान् परिवर्जयेत् ।
इन्द्रियेभ्यश्च पञ्चभ्यो मनसश्चैव भारत ॥ ३६ ॥
अतीतानागतेभ्यश्च मुक्त्युपेतः सुखी भवेत् ॥

प्रमादका आठदोष छन् तिनलाई पनि त्यागनु पर्दछ, हे भारत ! पाँच इन्द्रिय र छैटौं मन इनको आफ्नू २ विषयमा भोग बुद्धिले प्रवृत्त हुनु छ ओटा दोष र भूतकालको चिन्ता र—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भविष्यको आशा जम्मागरी आठ हुन्छन् इनै आठदोषले मुक्त भयेको पुरुष सुखी हुन्छ ।

सत्याऽऽत्मा भव राजेन्द्र ! सत्ये लोकाः प्रतिष्ठिताः ।
तांस्तु सत्यमुखानाहुः सत्ये ह्यमृतमाहितम् ॥ ३७॥

हे राजेन्द्र ! तिमी सत्यस्वरुप वन सत्यमा नै सवै लोक अडेको छ दम, त्याग, अप्रमाद आदि गुण पनि सत्यस्वरूप परमात्माको प्राप्ति गराउने हुन्, सत्यमानै अमृतको प्रतिष्ठा छ ।

निवृत्तेनैव दोषेण तपोव्रतमिहाचरेत् ।
एतद् धातृकृतं वृत्तं सत्यमेव सतां व्रतम् ॥ ३८॥
दोषैरेतैर्वियुक्तस्तु गुणैरेतैः समन्वितः ।
एतत् समृद्धमत्यर्थं तपो भवति केवलम् ॥ ३९॥
यन्मां पृच्छसि राजेन्द्र ! संक्षेपात् प्रव्रवीमिते
एतत् पापहरं पुण्यं जन्ममृत्युजरापहम् ॥ ४०॥

दोषलाई निवृत्त गरी यो लोकमा तपस्या र वृतको आचरण गर्नु पर्दछ, यो विधाताले वनाएको नियम हो । सत्यनै सज्जनक वृत हो, मनुष्यले माथि वताएका दोषले रहित र गुणहरूले युक्त हुनु पर्दछ यस्ता पुरुषको विशुद्ध तपस्या अत्यन्त समृद्ध हुन्छ, हे राजन् ! तिमीले जो मलाई सोध्यौ, त्यो संक्षेपले भन्दछु तपस्याले नैजन्म, मृत्यु र वृद्धावस्थाको कष्टलाई हटाउँछ, पाप हरण गर्दछ त्यो परम पवित्र पनि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धृतराष्ट्र भन्दछन् ।

आख्यानपञ्चमैर्वेदैर्भूयिष्ठं कथ्यते जनः ।
तथा चाऽन्ये चतुर्वेदास्त्रिवेदाश्च तथा परे ॥ ४१ ॥

हे मुने ! कुनैं इतिहास पुराण सहित चारै वेद जान्ने भनी विशेष रूपले मानिन्छन् , कुनै चतुर्वेदी पनि छन्, कुनै त्रिवेदी कहिन्छन् ।

द्विवेदाश्चैकवेदाश्चाप्यनृचश्च तथा परे ।
तेषां तु कतरः स स्याद् यमहं वेद वै द्विजम् ॥ ४२ ॥

यसरी नै कुनै द्विवेदी, कुनै एकवेदी र अनृच पनि कहिन्छन्, यी मध्ये कुनलाई निश्चित रूपले ब्राह्मण सम्झूँ ? ।

सनत्सुजात भन्दछन् ।

एकस्य वेदस्याऽज्ञानाद् वेदास्ते बहवः कृताः ।
सत्यस्यैकस्य राजेन्द्र ! सत्ये कश्चिदवस्थितः ॥ ४३ ॥

हेराजन् ! सृष्टिको आदिमा वेद एकै थियो, तर कसैले पनि न संझदा, उसका धेरै विभाग गरियो । त्यो सत्यस्वरूप योटा वेदको सारतत्व परमात्मामा ता विरलै कुनै कुनै स्थित हुन्छन ।

एवं वेदमविज्ञाय प्राज्ञोऽहमिति मन्यते ।
दानमध्ययनं यज्ञो लोभादेतत प्रवर्तते ॥ ४४ ॥

यस्तो वेदको तत्वलाई नजानी कन पनि कुनै म विद्वान् हूँ भन्ने मान्दछन् र दान अध्ययन र यज्ञादि गरेर (सांसारिक सुख प्राप्तिरूप, लोभमा प्रवृत्त हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्यात् प्रच्यवमानानां सङ्कल्पश्च तथा भवेत् ।
ततो यज्ञः प्रतायेत सत्यस्यैवाऽवधारणात् ॥ ४५ ॥

जो सत्यस्वरूप परमात्माबाट च्युत भयेका छन् , उनको संकल्प पनि च्युत हुन्छ र फेरि त्यै च्युतसंकल्पबाट सत्यरूप वेदको प्रामाण्य निश्चय गरी यज्ञको अनुष्ठान पनि गर्छन् ।

मनसाऽन्यस्य भवति वाचाऽन्यस्याऽथ कर्मणा ।
संकल्पसिद्धः पुरुषः संकल्पानधितिष्ठति ॥ ४६ ॥

कसैको मनले, कसैको बाणीले, कसैको क्रियाद्वारा यज्ञ हुन्छ । तर सत्यसङ्कल्प पुरुप सङ्कल्पद्वारा नै सबकुछ गर्छ ।

अनैभृत्येन चैतस्य दीक्षितव्रतमाचरेत् ।
नामैतत् धातुनिर्वृत्तं सत्यमेव सतां परम् ॥ ४७ ॥

जवसम्म सङ्कल्प सिद्ध हुँदैन तवसम्म दीक्षितव्रत (यज्ञादिकर्म) गर्दै रहनू पर्दछ । यो दीक्षित नाम "दीक्ष व्रतादेशे" धातु देखी बनेको हो । सज्जनहरूका निति सत्यरूप परमात्मा नै सबै भन्दा ठूलो हो ।

ज्ञानं वै नाम प्रत्यक्षं परोक्षं जायते तपः ।
विद्याद् बहु पठन्तं तु द्विजं वै बहु पाठिनम् ॥ ८ ॥

परमात्माकोज्ञानरूप फल प्रत्यक्ष छ तपस्याको फल परोक्ष छ र [त्यसैले ज्ञानको आश्रय लिनु पर्दछ] धेरै पढने ब्राह्मणलाई ता खाली पढैया मात्र संझनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मात् क्षत्रिय मा मंस्था जल्पितेमूनैव वै द्विजम् ।
य एव सत्यान्नाऽपैति स ज्ञेयो ब्राह्मणस्त्वया ।।४६।।

त्यसैले हे महाराज ! खाली कुरा गर्न जान्नाले मात्र कसैलाई ब्राम्हण हो भनी नमान, जो सत्य स्वरूप परमात्माबाट कैल्यै पनि पृथक् हुंदैन त्यसैलाई ब्राम्हण भनी संझ ।

छन्दांसि नाम क्षत्रिय ! तान्यथर्वा
पुरा जगौ महर्षिसङ्घ एषः
छन्दोविदस्ते य उत नाऽधीतवेदा
न वेदवेद्यस्य विदुर्हि तत्त्वम् ।।५०।।

हे राजन् ! अथर्वा मुनि र अरू महर्षि समुदायले पूर्वकालमा जसको गान गरेथे तिनै नै छन्द (वेद) जान्ने हुन् । तर सम्पूर्ण वेद पढेर पनि जो वेदद्वारा जानिने परमात्मतत्वलाई जान्दैनन् त्यो वास्तवमा वेदका विद्वान् हैन ।

छन्दांसि नाम द्विपदां वरिष्ठ !
स्वच्छन्द योगेन भवन्ति तत्र ।
छन्दोविद स्तेन च तानधीत्य
गता न वेदस्य न वेद्यमार्याः ।।५१।।

हे नरश्रेष्ठ ! वेद ती परमात्मा स्वच्छन्द सम्बन्धले स्थित (स्वतः प्रमाण) स्वरूप भयेर रहेका छन् । त्यसैलेत्यसको अध्ययन गरी वेदजान्ने आर्यजन वेद्यरूप परमात्मामा प्राप्त भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न वेदानां वेदिता कश्चिदस्ति
कश्चित् त्वेतान् बुध्यते वाऽपि राजन् ।
यो वेद वेदान् न स वेद वेद्यं
सत्ये स्थितो यस्तु स वेद वेद्यम् ॥५२॥

हे राजन् ! वास्तवमा वेदको तत्व जान्ने कुनै छैनन् । अथवा कसैले मात्र यसको तत्व संझेको छ । जसले वेदको वाक्यहरूमात्र जानेको छ, त्यसले वेदद्वारा जानिने परमात्मालाई जानेको छैन । जो सत्यमा स्थित छ त्यसैले मात्र वेद वेद्य परमात्मालाई जान्दछ ।

न वेदानां वेदिता कश्चिदस्ति
वेद्येन वेदं न विदुर्न वेद्यम् ।
यो वेद वेदं स च वेद वेद्यं
यो वेद वेद्यं न स वेद सत्यम् ॥५३॥

जान्ने पुरूषमध्ये कुनै पनि वेदका रहस्य जान्दैनन् । किनभने जान्न सक्ने मन बुद्धि आदिद्वारा वेदको रहस्य वेद्य छैन । जसले वेदमात्र जान्दछ, त्यसले वेद्य परमात्मतत्वलाई जान्दैन । जुन् मनुष्य खाली कर्म विधायक वेदलाई जान्दछ, त्यो बुद्धिद्वारा जान्ने पदार्थलाई मात्र जान्दछ । जो बुद्धिद्वारा जान्ने योग्य पदार्थलाई जान्दछ, त्यो (सकामी पुरूष) वास्तविक तत्त्व परब्रम्ह परमात्मालाई जान्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain, Digitization by eGangotri

यो वेद वेदान् स च वेद वेद्यं
न तं विदुर्वेदविदो न वेदाः
तथापि वेदेन विदन्ति वेदं
ये ब्राह्मणा वेदविदो भवन्ति ॥५४॥

जो वेदको रहस्य जान्दछ। त्यो जान्न योग्य परमात्मा नै हो भन्ने ता बुझ्दछ । परन्तु परमात्माको वास्तविकरूप न वेदको शब्द जान्नेले जान्दछन् न वेदले नै जान्दछन्, तथापि जो ब्रह्मवेत्ता ज्ञान-संपन्न महापुरुष छन् ती वेदद्वारा नै वेदप्रतिपाद्य परमात्मालाई जान्दछन् ।

धामांशभागस्य तथा हिं वेदा
यथा च शाखा हि महीरूहस्य ।
संवेदने चैव यथाऽमनन्ति
तस्मिन् हि सत्ये परमात्मनोऽर्थे ॥५५॥

द्वितीयाका चन्द्रमाको सूक्ष्मकला बताउन जस्तो वृक्षको हाँगा तर्फ संकेत गरिन्छ । त्यसैगरी सत्यस्वरूप परमात्माको ज्ञान गराउन पनि वेदको उपयोग गरिन्छ, भन्ने विद्वान पुरूषको भनाई छ ।

अभिजानामि ब्राह्मणं व्याख्यातारं विचक्षणम् ।
यश्छिन्नविचिकित्सः स व्याचष्टे सर्वसंशयान् ॥५६॥

म ता त्यसैलाई ब्राह्मण संझन्छु जो परमात्मतत्व जान्दछ र वेदको यथार्थ व्याख्या गर्दछ । जसलाई सन्देह हटेको छ र अरूलाई पनि सन्देह मेट्न शक्तछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नास्य पर्येषणं गच्छेत् प्राचीनं नोत दक्षिणम् ।
नार्वाचीनं कुतस्तिर्यङ् ना दिशंतु कथञ्चन ॥५७॥

यो आत्माको खोज गर्न पूर्व, दक्षिण, पश्चिम, उत्तर जाने आवश्यकता छैन । आग्नेय आदि कोणको ता कुरै के ? यस्तै दिग् विभाग नभयेको देशमा पनि खोज्नु पर्दैन ।

तस्य पर्येषणं गच्छेत् प्रत्यर्थिषु कथञ्चन ।
अविचिन्वन्निमं वेदे तपः पश्यति तं प्रभुम् ॥५८॥

त्यो आत्माको खोजी अनात्म पदार्थमा गर्दै नगरोस् । वेदको वाक्यमा पनि न खोजी खाली तपस्याद्वारा नै साक्षात्कार गरोस् ।

तूष्णीम्भूत उपासीत न चेष्ठेन्मनसा पि च ।
उपावर्तस्व तद् ब्रह्म अन्तरात्मनि विश्रुतम् ॥५९॥

वागादि इन्द्रियको सबै प्रकारको चेष्टाले रहित भै परमात्माको उपासना गर्नुपर्छ, मनमा कुनै चेष्टा वा कलना नआओस् । हे राजन् ! तिमी पनि आफ्नू हृदयाऽऽकाशमा स्थित त्यो विख्यात परमेश्वर लाई बुद्धिपूर्वक उपासना गर ।

मौनान्न स मुनिर्भवति नाऽरण्य वसनान्मुनिः ।
स्वलक्षणं तु नो वेद स मुनिः श्रेष्ठ उच्यते ॥६०॥

मौन रहेर अथवा जंगलमा बसेर मात्र कुनै मुनि हुंदैन । जो आफ्नू आत्माको स्वरूप जान्दछ त्यहीं नै श्रेष्ठ मुनि हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वार्थानां व्याकरणाद् वैयाकरण उच्यते ।
तन्मूलतो व्याकरणं व्याकरोतीति तत् तथा ॥६१॥

सबै अर्थको प्रकट गर्ने हुनाले ज्ञानीपुरुष वैयाकरण कहलाउँछन् । यो सबै अर्थको प्रकटीकरण मूलभूत ब्रम्हबाट नै हुने हुनाले ब्रम्ह नै मुख्य वैयाकरण हुन् यस्तो अर्थलाई व्यक्त हरू वैयाकरण कहलाये ।

प्रत्यक्षदर्शी लोकानां सर्वदर्शी भवेन्नरः ।
सत्ये वै ब्राह्मणस्तिष्ठंस्तद् विद्वान् सर्वविद् भवेत् ॥६२॥

जो योगी सबै लोकलाई देख्दछ, त्यो सर्वदर्शी कहलाउँछ । परन्तु जो एकमात्र सत्यस्वरूप बम्हमा स्थित छ त्यो ब्राह्मण सर्वज्ञ हुन्छ ।

धर्मादिषु स्थितोऽप्येवं क्षत्रिय ! ब्रह्म पश्यति ।
वेदानां चाऽनूपूर्व्येण एतत् बुध्या ब्रवीमि ते ॥६३॥

हे राजन् ! पैले वतायेको धर्म आदिमा रहनाले र वेदको विधि पूर्वक अध्ययन गर्नाले मनुष्य त्यो परमात्मालाई प्राप्त गर्दछ । यो कुरा म आफ्नू बुद्धिद्वारा निश्चय गरी तिमीलाई बताईरहेको छु ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४४ अध्याय

धृतराष्ट्र भन्दछन्

सनत्सुजात ! यामिमां परां त्वं
ब्राह्मीं वाचं वदसे विश्वरूपाम् ।
परां हि कामेन सुदुर्लभां कथां
प्रब्रूहि मे वाक्यमिदं कुमार ! ॥१॥

हे सनत्सुजातजो ! तपाईं ले जुन सर्वोत्तम र सर्वरूपा ब्रह्म-सम्बन्धी विद्याको उपदेश गर्नु भो, त्यो कामी पुरुषका निम्त अत्यन्त दुर्लभ छ । हे कुमार ! त्यसैले फेरी पनि यो उत्कृष्ट विषयको प्रतिपादन गर्नु होस् ।

सनत्सुजात भन्दछन्

नैतद् ब्रह्म त्वरमाणेन लभ्यं
यन्मा पृच्छन्नतिहृष्यतीव ।
बुद्धौ विलीने मनसि प्रचिन्त्या
विद्या हि सा ब्रह्मचर्येण लभ्या ॥२॥

हे राजन् ! तिमी मसंग प्रश्न गर्दा बारंबार जो अत्यन्त हर्षित हुन्छौ त्यो यस प्रकारको चाँडोपनाले ब्रह्मको उपलब्धि हुँदैन । बुद्धिमा मनको लय हुँदा सबै वृत्तिको निरोध हुने जुन स्थिति छ त्यसैको नाम ब्रह्मविद्या हो त्यो ब्रह्मचर्यको पालन-गर्नाले उपलब्ध हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धतराष्ट्र भन्दछन्

अत्यन्तविद्यामिति यत् सनातनीं
बूवीषि त्वं बूह्मचर्येण सिद्धाम् ।
अनारभ्यां वसतीह कार्यकाले
कथं बूाह्मण्यममतत्वं लभेत ॥३॥

जो कर्मद्वारा आरम्भ हुँदैन र कार्य समयमा पनि आत्मामा ने रहन्छ, त्यो अनन्त बूह्मसँग सम्बन्ध राख्ने सनातन बूह्मविद्या यदि बूह्मचर्यद्वारा ने प्राप्तयोग्य भन्नु हुन्छ भने हामी जस्ताले त्यो अमृतत्वपद कसरी प्राप्त गर्न शक्छौं ?

सनत्सुजात भन्नु हुन्छ

अव्यक्तविद्यामभिधास्ये पुराणीं
बुद्ध्या च तेषां बूह्मचर्येण सिद्धाम् ।
यां प्राप्येनं मर्त्यलोकं त्यजन्ति
या वै विद्या गुरूवृद्धेषु नित्या ॥४॥

अब म अव्यक्त बूह्मसग सम्बन्ध राख्ने, त्यो पुरानो विद्याको वर्णन गर्दछु जो मनुष्यको बुद्धि र बूह्मचर्यद्वारा प्राप्त हुन्छ । जसलाई पायेर विद्वान् पुरुष यो मरणधर्मा शरीरलाई सदाका निर्ति त्याग गर्दछन् जो वृद्ध गुरुजनहरूमा नित्य विद्यमान रहन्छ ।

धतराष्ट्र भन्दछन्

बूह्मचर्येण या विद्या शक्या वेदितुमञ्जसा ।
तत् कथं बूह्मचर्यं स्या देतद् बूह्मन् ! बूवीहि मे ॥५॥

हे बूह्मन ! यदि यो बूह्मविद्या बूह्मचर्यद्वारा ने सुगमतासित जान्न शकिन्छ भने, पहिले मलाई यही बताउनु होस् कि बूह्मचर्यको पालन कसरी हुन शक्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनत्सुजात भन्दछन्

आचार्ययोनिमिह ये प्रविश्य
भूत्वा गर्भे ब्रह्मचर्यं चरन्ति ।
इहैव ते शास्त्रकारा भवन्ति
प्रहाय देहं परमं यान्ति योगम् ॥६॥

जो मनुष्य आचार्यको आश्रममा प्रवेश गरी आफ्नू सेवाले अन्तरङ्ग भक्त भै ब्रह्मचर्यको पालन गर्दछन्। ती यहाँ शास्त्रकार भै देहत्याग पछि परमयोगरूप परमात्मामा प्राप्त हुन्छन् ।

अस्मिंल्लोके वै जयन्तीह कामान्
ब्राह्मीं स्थितिं ह्यनुतितिक्षमाणाः ।
त आत्मानं निहरन्तीह देहा-
न्मुञ्जादिषीकामिव सत्वसंस्थाः ॥७॥

यो जगत्मा जुन सात्विकमनुष्य वर्तमान स्थितिमा रहेर पनि सबै कामनाहरू जिती ब्राह्मी स्थिति प्राप्त गर्न नानाप्रकारको द्वन्द सहन गर्दछन्, ती सत्वगुणमा स्थित भयेर यहीं नै मूजबाट सीकलाई पृथक् गरे भैं यो देहबाट आत्मालाई (विवेकद्वारा) पृथक् गर्दछन् ।

शरीरमेतौ कुरुतः पिता माता च भारतः ।
आचार्य-शास्ता या जातिः सा पुण्या सा जरामरा ॥८॥

हे भारत ! आमा बाबू यो शरीरको जन्म दिन्छन् तर आचार्यको उपदेशद्वारा जुन जन्म प्राप्त हुन्छ, त्यो परम पवित्र र अजर अमर हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यःप्रावृणोत्यवितथेन वर्णा-
नृतं कुर्वन्नमृतं सम्प्रयच्छन् ।
तं मन्येत पितरं मातरं च
तस्मै न द्रुह्येत् कृतमस्य जानन् ॥९॥

जो परमार्थतत्वको उपदेशले सत्यलाई प्रकट गरी अमरत्वको प्रदानगर्दै ब्राह्मणादि वर्णको रक्षा गर्दछ। त्यस्तो आचार्यलाई पितामाता नै संझनु पर्दछ । उनले गरेका उपकारको स्मरण गरी कैले पनि उनको द्रोह गर्नु हुँदैन ।

गुरुं शिष्यो नित्यमभिवादयीत
स्वाध्यायमिच्छेच्छुचिरप्रमत्तः ।
मानं न कुर्यान्नादधीत रोष-
मेष प्रथमो ब्रह्मचर्यस्य पादः ॥१०॥

ब्रह्मचारी शिष्यले नित्य गुरुलाई प्रणाम गर्नु पर्दछ । बाहिर भित्र पवित्र भै प्रमादलाई छाडी स्वाध्यायमा मन लगाउनु पर्दछ । अभिमान गर्नु हुँदैन र मनमा क्रोधलाई स्थान दिनु पनि हुँदैन। यो ब्रह्मचर्यको पहिला चरण हो ।

शिष्यवृत्तिक्रमेणैव विद्यामाप्नोति यः शुचिः ।
ब्रह्मचर्यव्रतस्यास्य प्रथमः पाद उच्यते ॥११॥

जो शिष्यवृत्तिक्रमले जीवन-निर्वाह गर्दै पवित्र भै विद्या प्राप्त गर्दछ उसको यो नियम नै ब्रह्मचर्यव्रतको पहिलो पाउ कहिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्यस्य प्रियं कुर्यात् प्राणैरपि धनैरपि ।
कर्मणा मनसा वाचा द्वितीयः पाद उच्यते ॥१२॥

आफ्नू प्राणद्वारा, धनद्वारा, तथा मन, वाणी र कर्मद्वारा आचार्यको प्यारो काम गर्नु । यो ब्रह्मचर्यको दोश्रो पाऊ कहलाउँछ ।

समा गुरौ यथा वृत्तिर्गुरुपत्न्यां तथाऽऽचरेत् ।
तत्पुत्रे च तथा कुर्वन् द्वितीयः पाद उच्यते ॥१३॥

गुरुमा शिष्यको जस्तो श्रद्धा र सम्मानपूर्ण व्यवहार हुन्छ त्यस्तै गुरुको पत्नीमा र गुरु पुत्रमा पनि हुनु पर्दछ । यो पनि ब्रह्मचर्यको दोस्रो पाऊ कहलाउँछ ।

आचार्येणाऽऽत्मकृतं विजानन्
ज्ञात्वाचाऽऽर्यं भावितोस्मीत्यनेन ।
यन्मन्यते तं प्रति हृष्टबुद्धिः
स वै तृतीयो ब्रह्मचर्यस्य पादः ॥१४॥

आचार्यले आफूलाई गरेको उपकार संझी, मनै मन प्रसन्न भैं मलाई उन्नत अवस्थामा पुऱ्याउनु भो भनी जुन शिष्य संझन्छ । त्यो ब्रम्हचर्यको तेश्रो पाऊ हो ।

नाऽऽचार्यस्यानपाकृत्य प्रवासं
प्राज्ञः कुर्वीत नैतदहं करोमि ।
इतीव मन्येत न भाषयेत
स वै चतुर्थो ब्रह्मचर्यस्य पादः ॥१५॥

आचार्यको उपकार संझी, उहाँलाई गुरु दक्षिणा आदिले संतुष्ट नगरी विद्वान् शिष्य त्यहाँबाट अन्यत्र नजाओस् । कैल्यै पनि मनमा यो भाव नलेओस् कि म गुरुको उपकार गरीरहेको छु । मुखद्वारा पनि यो कुरा न निकालोस् यो ब्रह्मचर्यको चोथो पाऊ हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालेन पादं लभते तथार्थं
ततश्च पादं गुरुयोगतश्च ।
उत्साहयोगेन च पादमृच्छे-
च्छास्त्रेण पाद च ततोऽभियाति॥१६॥

मनुष्य सनातन विद्याको केहि अंश र उसको मर्मलाई समयको गतिले पाउँछ केहीं अंश गुरुजनको सम्बन्धले पाउँछ, केही अंश आफ्नू उत्साहले पाउँछ केही अंश परस्पर शास्त्रको विचारले प्राप्त गर्दछ ।

धर्मादयो द्वादश यस्य रूप-
मन्यानि चाङ्गानि तथा बलं च ।
आचार्ययोगे फलतीति चाहु-
र्ब्रह्मार्थयोगेन च ब्रह्मचर्यम् ॥१७॥

पैले बतायेको धर्माऽऽदि बाह्र गुण नै जसको स्वरूप हो र धर्मकाअङ्ग तथा सामर्थ्य पनि जसको स्वरूपै मानिन्छ। त्यो ब्रह्मचर्य आचार्यको सम्बन्धद्वारा र वेदाऽर्थको ज्ञानले सफल हुन्छ भन्दछन् ।

एवं प्रवृत्तो यदुपालभेत वै
धनमाचार्याय तदनुप्रयच्छेत् ।
सतां वृत्तिं बहुगुणामेवमेति
गुरोः पुत्रे भवति च वृत्तिरेषा ॥१८॥

यसरी ब्रह्मचर्य पालनमा प्रवृत्त भयेका ब्रह्मचारीले जति धन भिक्षामा प्राप्त गर्दछ, त्यो सबै आचार्यलाई समर्पण गरोस् । यसो गर्नाले त्यो शिष्य सत्पुरुषका अनेक गुणले युक्त भै आचार-लाई प्राप्त गर्दछ । गुरुपुत्रमा पनि उसको यस्तै भावना हुनुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एवं वसन सर्वतो वर्धतीह
बहून पुत्रांल्लभते चप्रतिष्ठाम् ।
वर्षन्ति चास्मै प्रदिशो दिशश्च
वसन्त्यस्मिन् ब्रह्मचर्ये जनाश्च ॥१६॥

यस्तो वृत्तिले गुरूघरमा रहने शिष्यको यो संसारमा सबै तरिकाले उन्नति हुन्छ । धेरै छोरा र प्रतिष्ठा प्राप्त गर्दछ । सबै दिशा र विदिशाहरू पनि सुखको वर्षा गर्ने हुन्छन । उसको निकटमा धेरै मनुष्यहरू ब्रह्मचर्य पालन गर्न निवास गर्दछन् ।

एतेन ब्रह्मचर्येण देवा देवत्वमाप्नुवन् ।
ऋषयश्च महाभागा ब्रह्मलोकं मनीषिणः ॥२०॥

यो ब्रह्मचर्य–पालनले देवताहरूले देवत्व प्राप्त गरेका हुन् महान् सौभाग्यशाली ऋषीहरूले पनि यसैको उपासनाले ब्रह्मलोक प्राप्त गरे ।

गन्धर्वाणामनेनैव रूपमप्सरसामभूत् ।
एतेन ब्रह्मचर्येण सूर्योऽप्यह्नाय जायते ॥२१॥

यसैको प्रभावले गन्धर्व र अप्सराहरूले दिव्य रूप प्राप्त गरे । यै ब्रह्मचर्यको प्रतापले सूर्यदेव सबै लोकलाई प्रकाशित गर्न समर्थ भयेका छन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आकाङ्क्षार्थस्य संयोगाद् रसभेदार्थिनामिव ।
एवं ह्येते समाम्नाय तादृग्भावं गता इमे ॥२२॥

जस्तो चिन्तामणिबाट भिन्ना भिन्नै वस्तु याचना गर्ने पुरुषलाई अभीष्ट अर्थको प्राप्ति हुन्छ, त्यस्तै ब्रह्मचर्यबाट पनि मनोवाञ्छित वस्तु प्राप्त हुन्छ भन्ने सम्झी ऋषि देवताहरू ब्रह्मचर्य-पालनमा लागे ।

य आश्रयेत् पावयेच्चापि राजन्
सर्वं शरीरं तपसा तप्यमानः ।
एतेन वै बाल्यमभ्येति विद्वान्
मृत्युं तथा सजयत्यन्तकाले ॥२३॥

हे राजन् ! जो यो ब्रह्मचर्यको आश्रय लिन्छ, त्यो ब्रह्मचारी यम–नियमादि तपको आचरण गर्दै आफ्नू संपूर्ण शरीरलाई पवित्र बनाउँदछ, यसले विद्वान् पुरुष निश्चय नै अबोध बालक झैं राग द्वेषले शून्य हुन्छन् र अन्तकालमा मृत्युलाई जित्तछ ।

अन्तवतः क्षत्रिय ! ते जयन्ति
लोकान् जनाः कर्मणा निर्मलेन ।
ब्रह्मैव विद्वाँस्तेन चाऽभ्येति सर्वं
नाऽन्यः पन्था अयनाय विद्यते ॥२४॥

हे राजन् ! सकाम पुरुष आफ्नू पुण्य कर्मद्वारा पुण्यलोक भोगेर नाशवान् लोकमा प्राप्त हुन्छन् । तर जो ब्रह्म जान्ने विद्वान् छन् ती ज्ञानद्वारा सर्वरूप परमात्मामा प्राप्त हुन्छन् । मोक्षका निति ज्ञान सिवाय अर्को बाटो छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धृतराष्ट्र भन्दछन् ।

आभाति शुक्लमिव लोहितमिवाऽथो
कृष्ण मथाऽञ्जनं काद्रवं वा ।
स ब्रह्मणः पश्यति योऽत्र विद्वान्
कथं रुपं तदमृतमक्षरं पदम् ॥ २५ ॥

विद्वान्पुरुष सत्यस्वरुप, परमात्माको जुन अमृत र अविनाशी परमपदको साक्षात्कार गर्दछन्, उसको रूप कस्तो छ? के सेतो ? या रातो ? या गाजल जस्तो कालो या सुवर्ण जस्तो पहेँलो छ ? ।

सनत्सुजात भन्दछन ।

आभाति शुक्लमिव लोहितमिवाऽथो
कृष्णमायसमर्कवर्णम् ।
न पृथिव्यां तिष्ठति नाऽन्तरिक्षे
नैतत् समुद्रे सलिलं बिभर्ति ॥ २६ ॥

यद्यपि त्यो ब्रह्मतत्व, सेतो, रातो, कालो, फलाम जस्तो अथवा सूर्य समान प्रकाशमान, अनेक रूपले प्रतीत हुन्छ, तथापि ब्रह्मको वास्तविक रूप न पृथ्वीमा छ, न आकाशमा, न समुद्रको जलले नै उसको रूप धारणा गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न तारकासु न च विद्यु दाश्रितं
न चाऽभ्रेषु दृश्यते रूपमस्य।
न चाऽपि वायौ न च देवतासु
नैतच्चन्द्रे दृश्यते नोत सूर्ये ॥ २७ ॥

यो ब्रह्मको रूप, न तारामा छ, न बिजुलीमा आश्रित छ, न वादलमा नै देखिन्छ, यस्तै वायु, देवगण, चन्द्रमा, र सूर्यमा पनि देखिदैन।

नैवर्क्षु तन्न यजुष्षु नाऽप्यथर्वसु
न दृश्यते वै विमलेषु सामसु।
रथन्तरे बार्हद्रथे वापि राजन्!
महाव्रते नैव दृश्येद् ध्रुवं तत् ॥ २८ ॥

हेराजन्! ऋगवेदको ऋचाहरुमा, यजुर्वेदका मन्त्रहरुमा अथर्ववेदका सूक्तहरुमा र विशुद्ध सामवेदमा पनि ब्रह्म दृष्टि-गोचर हुँदैन, रथन्तर र बार्हद्रथ नामक साममा, महाव्रतमा पनि उसको दर्शन हुँदैन. किनभने त्यो ब्रह्म नित्य छ।

अपारणीयं तमसः परस्तात्
तदन्तकोऽप्येति विनाशकाले।
अणीयो रूपं क्षुरधारया समं ॥ २९ ॥
महच्च रूपं तद् वै पर्वतेभ्यः ॥

ब्रह्मको त्यो रूपलाई कसैले पार पाउन शक्तैन, त्यो अज्ञानरूप अन्धकारबाट सर्वथा अतीत छ, महाप्रलयमा सबैको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तगर्ने काल पनि उसैमा लीन हुन्छ, उसको रूप सानूमा छुराको धार भन्दा पनि सानू र ठूलोमा पर्वतहरू भन्दा पनि ठूलो छ ।

सा प्रतिष्ठा तदमृतं लोकास्तद् ब्रह्मतद् यशः ।
भूतानि जज्ञिरे तस्मात् प्रलयं यान्ति तत्र हि ॥ ३० ॥

त्यो ब्रह्म नै सबको आधार हो, अमृत हो, त्यही नै लोक हो, कीर्ति हो र त्यही नै ब्रह्म हो, सबै प्राणी उसैबाट प्रकट भएका हुन् र उसैमा लीन हुन्छन् ।

अनाऽऽमयं तन्महदुद्यतं यशो
वाचो विकारं कवयो वदन्ति ।
यस्मिन् जगत् सर्वमिदं प्रतिष्ठितं
ये तद् विदुरमृतास्ते भवन्ति ॥ ३१ ॥

विद्वान्हरू भन्दछन् कि यो कार्यरूप जगत् वाणीको विकारमात्र हो, जसमा यो सम्पूर्ण जगत् प्रतिष्ठित छ, त्यो ब्रह्म रोग, शोक, र पापले रहित छ, उसको कीर्ति सर्वत्र फैलिएको छ, त्यो नित्य कारण स्वरूप ब्रह्मलाई जसले जान्दछन् ती अमर हुन्छन् ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४५, अध्याय.

सनत्सुजात भन्दछन् ।

शोक, क्रोधश्च, लोभश्च, कामो मान, परासुता,
ईर्ष्या, मोहो विधित्सा, च कृपाऽसूया, जुगुप्सुता, ॥ १ ॥
द्वादशैते महादोषा मनुष्यप्राणनाशनाः ।

हेराजन् ! शोक, क्रोध, लोभ, काम, मान, अत्यन्तनिद्रा, ईर्ष्या मोह, तृष्णा, कायरपना गुणमा दोष देख्नु र निन्दा गर्नु यी बाऱ्ह ठुला दोष मनुष्यको प्राणनाशक छन् ।

एकैकमेते राजेन्द्र ! मनुष्यान् पर्युपासते ।
यैराविष्टो नरः पापं मूढसंज्ञो व्यवस्यति ॥ २ ॥

हे राजेन्द्र ! क्रमशः यौटाको पछि अर्को गरी यी सबै दोष मनुष्यमा आउँछन्, जसको वशमा परी मूढबुद्धि भएको मनुष्य पापकर्म गर्न थाल्दछ ।

स्पृहयालुरुग्रः परुषो वा वदान्यः
क्रोधं बिभ्रन्मनसा वै विकत्थी ।
नृशंसधर्मा षडिमे जना वै
प्राप्याऽप्यर्थं नोत सभाजयन्ते ॥ ३ ॥

लोभी, क्रूर, कठोर बोल्ने, कृपण, मनैमनमा क्रोध गर्ने, र धेरै आत्मप्रशंसा गर्ने, यो छ किसिमका मनुष्यहरू क्रूरधर्मा हुन्, यो पाएका सम्पत्तिको पनि उचित उपयोग गर्न जान्दैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संभोगसंविद् विषमोऽतिमानी,
दत्त्वा विकत्थी, कृपणो, दुर्बलश्च, ।
बहुप्रशंसी वन्दितद्विट् सदैव
सप्तैवोक्ताः पापशीला नृशंसाः ॥ ४ ॥

सम्भोगमा मन लगाउने विषमभाव राख्ने, अत्यन्त अभिमानी, दान दिएर आफ्नू तारीफ गर्ने, कृपण, असमर्थ भए(पनि आफ्नू धेरै बढ़ाँई गर्ने, र संमान्य पुरुषसँग द्वेषभाव राख्ने यी सात किसिमका मनुष्य पापी र क्रूर हुन् ।

धर्मश्च सत्यं च तपो दमश्च
अमात्सर्यं ह्रीस्तितिक्षाऽनसूया ।
दानं श्रुतं चैव धृतिः क्षमा च
महाव्रता द्वादश ब्राह्मणस्य ॥ ५ ॥

धर्म, सत्य, तपस्या, इन्द्रिय संयम, डाह नगर्नु, लाज, सहन शक्नु, कसैको दोष न देख्नु, दान, शास्त्रज्ञान, धैर्य, क्षमा, बान्ह ब्राह्मज ब्राह्मणका महाव्रत हुन् ।

यो नैतेभ्यः प्रच्यवेत् द्वादशभ्यः ।
सर्वामपीमां पृथिवीं स शिष्यात् ।
त्रिभिर्द्वाभ्यामेकतो वाऽन्वितो यो
नाऽस्य स्वमस्तीति च वेदितव्यम् ॥ ६ ॥

जो ई बान्ह व्रतबाट कँले पनि च्युत हुँदैन, उसले यो—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण पृथ्वीको शासन गर्न सक्तछ, यी गुण मध्ये जो सँग तीन, दुई, वा एक गुण पनि छन्, तिनको आफ्नू केही पनि हुंदैन,। (अर्थात् उनको कुनै वस्तुमा पनि ममता हुंदैन)

दमस्त्यागोऽथाऽप्रमाद इत्येतेष्वमृतं स्थितम् ।
एतानि ब्रह्ममुख्यानां ब्राह्मणानां मनीषिणाम् ॥ ७ ॥

इन्द्रिय निग्रह, त्याग, र अप्रमादमा अमृतको स्थिति छ, ब्रह्ममा लक्ष्य राख्ने बुद्धिमान् ब्राह्मणका यिनै नै मुख्य साधन हुन् ।

सद् वाऽसद् वा परीवादो ब्राम्हणस्य न शस्यते ।
नरकप्रतिष्ठास्ते वै स्युर्य एवं कुर्वते जनाः ॥ ८ ॥

सच्चा होस् वा भूटो अरुको निन्दा गर्नु ब्राह्मणका निम्ति शोभा दिदैन, जो अरूको निन्दा गर्दछन् ती अवश्य नै नरकमा पर्दछन् ।

मदोऽष्टादश दोषः स स्यात् पुरा योऽप्रकीर्तितः ।
लोक द्वेष्यं प्रातिकूल्यमभ्यसूया मृषा वचः ॥ ९ ॥

मदका अठार दोष छन्, ती पैले सूचना गरेर पनि स्पष्ट रूपमा बताइएका थिएनन्, लोक विरोधी काम गर्नु, शास्त्र-विरोधी आचरण गर्नु, गुणीहरुमा दोषारोपण गर्नु, असत्य भाषण गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कामक्रोधौ पारतन्त्र्यं परिवादोऽथ पैशुनं ।
अर्थहानिर्विवादश्च मात्सर्यं प्राणिपीडनम् ॥१०॥

काम, क्रोध, पराधीनता, अरूको दोष बताउनु, चुक्ली हाल्नु, धनको नाश, झगडा, डाह, प्राणीहरुलाई कष्ट दिनु ।

ईर्ष्या मोदोऽतिवादश्च संज्ञानाशोऽभ्यसूयिता ।
तस्मात् प्राज्ञो न द्येमात सदा ह्येतद् विगर्हितम् ॥११॥

ईर्ष्या, हर्ष, धेरै बकवाद, विवेक. शून्यता, गुणमा दोष देख्ने स्वभाव, यिनै नै मदका अठार दोष हुन, त्यसैले विद्वान् पुरुषलेमदको वशमा पर्नु हुदैन, सत्पुरुषले मदलाई सदा निन्दा गरेका छन् ।

सौहृदे वै षड् गुणा वेदितव्याः
प्रिये हृष्यन्त्यप्रिये च व्यथन्ते ।
स्यादात्मनः सुचिरं याचते यो
ददात्ययाच्यमपि देयं खलु स्यात् ॥१२॥
इष्टान् पुत्रान् विभवान स्वांश्च दारा-
नभ्यर्थितश्चाऽर्हति शुद्धभावः

मित्रताका छ गुण जान्न योग्य छन्, ती यिनै हुन्, मित्रको राम्रो भएमा हर्षित हुनु, न राम्रो भएमा कष्टको अनुभव गर्नु, आफूले धेरै काल देखि जम्बा गरेको धन मित्रले मागेमा आवश्यकता अनुसार दिनु, मित्रले माग्न नशके पनि दिनै पर्ने अवस्था देखियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने दिनु नै योग्य छ, अरू ता के कुरा मित्रले मागेमा शुद्ध भावले उस्तै कामका निम्ति आफ्नू प्यारो छोरा सम्पति अरू त के पत्नी सम्म पनि उसका निम्ति समर्पण गर्न शक्नु पर्छ ।

त्यक्त द्रव्यः सवसेन्नेह कामाद्
भुङ्क्ते कर्म स्वाऽऽशिषं बाधते च ॥ १३ ॥

मित्रलाई धन दी उपकारको वदला लिने इच्छाले उसै-कहाँ नजाओस्, आफ्नै परिश्रमले कमाएका धनको उपभोग गरोस्, शकिन्छ भने मित्रको भलाईका निम्ति आफ्ना भलाईको पनि परवाह नगरोस् ।

द्रव्यवान् गुणावानेवं त्यागी भवति सात्त्विकः ।
पञ्च भूतानि पञ्चभ्यो निवर्तयति तादृशः ॥ १४॥

जो धनी गृहस्थ यस प्रकारको गुणवान् त्यागी र सात्विक हुन्छ, त्यो आफ्नू पाँचै इन्द्रियलाई विषय देखी हटाउँछ ।

एतत् समृद्धमप्यूर्ध्वं तपो भवति केवलम् ।
सत्त्वात् प्रच्यवमानानां संकल्पेन समाहितम् ॥ १५ ॥

जो वैराग्यको कमीले सत्त्वगुणबाट भ्रष्ट भएका छन्, त्यस्ता मनुष्यले दिव्य लोकप्राप्तिका सङ्कल्प लिएर गरेका इन्द्रियनिग्रहरूप जम्मै तपस्या जति समृद्ध भए पनि खाली ऊर्ध्व-लोकका प्राप्तिको कारण हुन्छ मुक्तिको हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यतो यज्ञाः प्रवर्धन्ते सत्यस्यैवाऽवरोधनात् ।
मनसाऽन्यस्य भवति वाचाऽन्यस्याऽथ कर्मणा ॥१६॥

सत्य स्वरूप ब्रह्मको बोध नहुनाले नै सकाम यज्ञको वृद्धि हुन्छ, कसैको यज्ञ मनले हुन्छ र कसैको वाणीद्वारा हुन्छ र कसैको क्रियाद्वारा सम्पन्न हुन्छ ।

संकल्पसिद्धं पुरुषमसंकल्योऽधितिष्ठति ।
ब्राह्मणस्य विशेषेण किञ्चाऽन्यदपि मे शृणु ॥१७॥

सङ्कल्पसिद्ध पुरुषको भन्दा सङ्कल्प रहित निष्काम पुरुषको स्थिति उचो हुन्छ । यो भन्दा पनि ब्रह्मवेत्ता ब्राह्मणको स्थिति उचो हुन्छ । यो बाहेक अर्को एक कुरा भन्दछु सुन ।

अध्यापयेन्महदेतद् यशस्य
वाचो विकाराः कवयो वदन्ति ।
अस्मिन योगे सर्वमिदं प्रतिष्ठितं
ये तद् विदुरमृतास्ते भवन्ति ॥ १८ ॥

यो महत्त्वपूर्ण शास्त्रले परम यशस्वरूप परमात्मालाई प्राप्त गराउँछ, यो ग्रन्थ शिष्यहरूलाई अवश्य पढाउनु पर्दछ, परमात्मादेखी भिन्न यो सारा दृश्यप्रपञ्च वाणीको विकार मात्र हो, भनी विद्वान् पुरुषहरू भन्दछन्, यो योगशास्त्रमा सबै परमात्मविषयक ज्ञान रहेको छ, जो यसलाई जान्दछन् तो अमर हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न कर्मणा सुकृतेनैव राजन् !
सत्यं ज़येज्जुहुयाद् वा यजेद् वा ।
नैतेन बालोऽमृत्युमभ्येति राजन् !
रतिं वाऽसौ न लभत्यन्तकाले ॥ १६ ॥

हे राजन् ! निष्काम भावलाई छोडी खाली पुण्यकर्म द्वारा सत्य स्वरूप परमात्मालाई जान्न सकिन्न, चाहे हवन गरोस् चाहे पूजा गरोस त्यसले अज्ञानी पुरुष मुक्ति पाउन शक्तैन, अन्तकालमा पनि उसलाई शान्ति हुँदैन ।

तूष्णीमेक उपासीत चेष्टेत मनसापि न ।
तथा संस्तुतिनिन्दाभ्यां प्रीतिरोषौ विवर्जयेत् ॥२०॥

त्यसैले सबै किसिमको चेष्टाले रहित भै एकान्तमा एक्लै बसेर उपासना गर्नु पर्दछ, कसैले गरेका स्तुति, राग, निन्दा, द्वेषमा फस्नु हुँदैन ।

अत्रैव तिष्ठन् क्षत्रिय ! ब्रह्माऽऽविशति पश्यति ।
वेदेषु चाऽनुपूर्व्येण एतद् विद्वन् ! ब्रवीमि ते ॥२१॥

हेराजन् ! माथि बताएको साधना गर्नाले मनुष्य ब्रह्मको साक्षात्कार गरी ब्रह्ममा नै लीन हुन्छ, हे विद्वन् ! मैले वेदको क्रमशः विचार गरी जो कुरा जानें सो तिमीलाई बताईरहेको छु ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४६ अध्याय

सनत्सुजात भन्नुहुन्छ ।

यत् तच्छुक्रं महज्ज्योतिर्दीप्यमानं महद् यशः ।
तद् वै देवा उपासते तस्मात् सूर्यो विराजते ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ १ ॥

हेराजन् ! जो शुद्ध ब्रह्म हो, त्यही नै महान् ज्योतिर्मय, देदीप्यमान विशाल कीर्तिरूप हो, सबै देवता उसकै उपासना गर्दछन्, उसको प्रकाशले सूर्य प्रकाशित हुन्छन्, त्यस्तो सनातन भगवान्को योगीजनहरू साक्षात्कार गर्दछन् ।

शुक्राद् ब्रह्म प्रभवति ब्रह्म शुक्रेण वर्धते ।
तच्छुक्रं ज्योतिषां मध्ये तप्तंऽतपति तापनम् ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ २ ॥

शुद्ध परब्रह्मबाट हिरण्यगर्भको उत्पत्ति हुन्छ, र उसैबाट बढ्दछ, त्यो शुद्ध ज्योतिर्मय ब्रह्म सूर्यादि ज्योतिको भित्र रही सबैलाई प्रकाशित गर्दछ र तपाईरहेको छ, उ स्वयं अतप्त र स्वयं–प्रकाश छ, त्यस्ता सनातन भगवान्को योगीजनहरु साक्षात्कार गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपोऽथ अद्भ्यः सलिलस्य मध्ये
उभौ देवौ शिश्रियातेऽन्तरिक्षे ।
अतन्द्रितः सवितुर्विवस्वा-
नुभौ बिभर्ति पृथिवीं दिवं च ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ ३ ॥

पानी जस्तो एकरस परब्रह्म परमात्मामा स्थित पाँच सूक्ष्म महाभूतबाट अत्यन्त स्थूल पाञ्चभौतिक शरीरको हृदयाकाशमा दुइ देवता ईश्वर र जीव उसलाई आश्रय बनाई बसेका छन्, सबैलाई उत्पन्न गर्ने परमात्मा सदा नै जाग्रत् रहन्छन्, उनैले नै यी दुइलाई तथा पृथ्वी र द्युलोकलाई धारणा गर्दछन्, ती सनातन भगवान्लाई योगिजनहरू साक्षात्कार गर्दछन् ।

उभौ च देवौ पृथिवीं दिवं च
दिशः शुक्रो भुवनं बिभर्ति ।
तस्माद् दिशः सरितश्च स्रवन्ति
तस्मात् समुद्रा विहिता महान्ताः ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ ४ ॥

ती दुइ देवता, पृथ्वी, आकाश, सबै दिशा र सबै लोकलाई तो ब्रम्हले नै धारण गर्दछन्, तो परब्रह्मबाट दिशाहरू प्रकट भए, उनैबाट नदीहरू बग्दछन्, उनैबाट ठुलठुला समुद्रहरू प्रकट भए, ती सनातन भगवान्को योगिजनहरू साक्षात्कार गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चक्रे रथस्य तिष्ठन्तोऽध्रुवस्याऽव्ययकर्मणः ।
केतुमन्तं बहन्त्यश्वास्तं दिव्यमजरं दिविः ॥
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ ५ ॥

जो इन्द्रिय मन र बुद्धि आदिको संघातरूप शरीर, विनाशशीलछ, जसको कर्म स्वयं नष्टहुदैन, यस्तो शरीररूपी रथलाई चक्रझैं घुमाउने कर्म संस्कारले युक्त मनमा जोतियेका इन्द्रियरूप दिव्य घोडा हृदयाऽऽकाशमा स्थित, ज्ञान स्वरूप अविनाशी जीवात्मालाई जुन सनातन परमेश्वरको नजीक लैजान्छन्, ती सनातन भगवानलाई योगिजनहरु साचात्कार गर्दछन् ।

न सादृश्ये तिष्ठति रूपमस्य
न चक्षुषा पश्यति कश्चिदेनम् ।
मनीषयाऽथो मनसा हृदा च
य एनं विदुरमृतास्ते भवन्ति ॥ ६ ॥
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥

ती परमात्माको स्वरूप यस्तोभनेर अरुको तुलनामा आउन शक्दैन, उनलाई चर्मचक्षुले देख्न शकिदैन, जो निश्चयात्मिका बुद्धिले, मनले हृदयले जान्दछ, त्यो अमर हुन्छ, यस्तो सनातन भगवान्लाई योगीजनहरु साचात्कार गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वादशपूगां सरितं पिबन्तो देवरक्षिताम्
मध्वीक्षन्तश्च ते तस्याः संचरन्तीह घोराम्
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ ७ ॥

जो दश इन्द्रिय र, मन., बुद्धि समेत बाह्र कुराको समुदायले युक्तछ, जो परमात्मा द्वारा सुरक्षित छ, त्यस्तो संसार रूपी भयङ्कर नदीको विषयरूपी मधुरजल हेर्नेर पिउने मनुष्यहरु त्यसैमा गोता लगाई रहन्छन्, यसदेखी मुक्त सनातन परमात्माको साक्षात्कार योगीजनमात्र गर्दछन् ।

तदर्धमासं पिबति संचित्य भ्रमरो मधु ।
ईसानः सर्वभूतेषु हविर्भूतमकल्पयत् ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ ८ ॥

जस्तो मौरी पन्ध्रदिन महको जम्बा गर्दछ र पन्ध्रदिन त्यै महको पान गर्दछ, त्यसै गरी यो भ्रमणशील संसारी जीव यो जन्ममा संचितकर्म मय मधुरस जम्बा गदछ र परलोकमा त्यैसव भोग्दछ, परमात्माले सबै प्राणीहरुका निति उनको कर्माअनुसार फल भोग्यरूप हविको अर्थात् समस्त भोग्य पदार्थको व्यवस्था गरेको छ, ती सनातन भगवानलाई योगीजनहरू साक्षात्कार गर्दछन्, ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिरण्यपर्णमश्वत्थमभिपद्य ह्यपक्षकाः ।
ते तत्र पक्षिणो भूत्वा प्रपतन्ति यथा दिशम् ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम ॥६॥

जसको विषयरुपी पातहरू सुवर्ण–समान सुन्दर देखिन्छन्, त्यो संसाररुपी पिपलको रूखमा आरूढ भएको पखेटा नभएका जीव कर्मरूपी पखेटा धारण गरी आफ्नू वासना अनुसार विभिन्न योनिमा उड्दछन्, अर्थात् एक योनिबाट अर्को योनिमा जान्छन्, तर योगिजनहरू भने सनातन भगवान् परमात्माको साक्षात्कारमा नै रमाउँछन् ।

पूर्णात् पूर्णान्युद्धरन्ति पूर्णात् पूर्णानि चक्रिरे
हरन्ति पूर्णात् पूर्णानि पूर्णमेयाऽवशिष्यते ॥
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ।१०॥

पूर्ण परमेश्वरबाट पूर्ण चराचर प्राणीहरू उत्पन्न हुन्छन् । पूर्णसत्ताको स्फूर्ति पाएर नै 'ती पूर्णप्राणी चेष्टा गर्दछन्, फेरी पूर्णबाटनै पूर्णब्रह्ममा उनको उपसहार हुन्छ, अन्तमा एकमात्र पूर्णब्रह्मशेष रहन्छ, त्यस्तो सनातन परमात्माको योगिजन साक्षात्कार गर्दछन्, ।

तस्माद् वै वायुरायातस्तस्मिंश्च प्रयतः सदा ।
तस्मादग्निश्च सोमश्च तस्मिंश्च प्राण आततः ॥ ११ ॥

उही पूर्ण ब्रह्मबाट वायुको आविर्भाव भो, उसैमा वायु चेष्टा गर्दछन्, उही पूर्णब्रह्मबाट अग्नि र सोमको उत्पत्ति भो, उसैमा प्राण फैलिएको छ, ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वमेव ततो विद्यात् तत् तद् वक्तुं न शक्नुमः ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ १२ ॥

कहाँसम्म गर्नूं, म अलग अलग वस्तुहरूको नाम बताउन असमर्थ छु, तिमी संम्झ कि यो सबै परमात्माबाट नै प्रकट भएको हो, त्यस्तो सनातन भगवान् परमात्माको योगिजन साक्षात्कार गर्दछन्, ।

अपानं गिरति प्राणः प्राणं गिरति चन्द्रमाः ।
आदित्यो गिरते चन्द्रमादित्यं गिरते परः ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ १३ ॥

अपानलाई प्राणले आफूमा विलीन गर्दछ, प्राणलाई चन्द्रमाले, चन्द्रमालाई सूर्यले सूर्यलाई परमात्माले आँफूमा विलीन गर्दछन्, त्यस्तो सनातन परमात्मा लाई योगिहरुले साक्षात्कार गर्दछन् ।

एकं पादं नोत्क्षिपति सलिलाद्धंस उच्चरन् ।
तं चेत् संततमूर्ध्वाय न मृत्युर्नाऽमृतं भवेत् ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ १४ ॥

यो संसारस्वरूप पानीबाट माथी उठीरहेको हंसरूप परमात्माले आफ्नू एकपाउ (जगत्) लाई माथीउठाएको छैन, यदि त्यसलाई पनि माथी उठाएको भए सबैको बन्ध मोक्ष सदाका निर्ति मेटिने थियो, त्यस्ता सनातन परमेश्वरलाई योगिजन साक्षात्कार गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्गुष्ठमात्रः पुरूषोऽन्तरात्मा
लिङ्गस्य योगेन स याति नित्यम् ।
तमीशमीड्यमनुकल्प माद्यं
पश्यन्ति मूढा न विराजमानम् ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥१५॥

हृदय देशमा स्थित अङ्गुष्ठमात्र रूप भएको जीवात्मा नै अन्तर्यामी रूपमा स्थित छ, त्यही नै सूक्ष्म शरीरको सम्बन्धले सदा जन्म मरण प्राप्त हुन्छ, तो सबैको शासक, स्तुतिको योग्य, सर्वसमर्थ, सबैको आदिकारण सर्वत्र विराजमान परमात्माई मूढ जीवहरू देख्दैनन्, किन्तु योगिजनहरू उसको साक्षात्कार गर्दछन् ।

असाधना वापि ससाधना वा
समानमेतद् दृश्यते मानुषेषु
समानमेतदमृतस्येतरस्य
मुक्तास्तत्र मध्व उत्सं समापुः
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ १६ ॥

कुनै साधन सम्पन्न होउन् वा साधनले हीन होउन् तर त्यो आत्मा सबै मनुष्यमा समानरूपले देखिन्छ बद्ध मुक्त दुवैका निम्ति त्यो समान छ, फरक यति छ कि मुक्तपुरुष आनन्दको मूल स्रोत परमात्मालाई प्राप्त गर्दछन् अरू पाउन शक्तैनन् , त्यस्तो सनातन परमेश्वरलाई योगिजनहरू साक्षात्कार गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उभौ लोकौ विद्ययाव्याप्य याति
तदा हुतं चाऽहुतमग्निहोत्रम्
मा ते ब्राह्मी लघुतामादधीत
प्रज्ञानं स्यान्नाम धीरा लभन्ते ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ १७ ॥

ज्ञानी पुरुष ब्रह्मविद्या द्वारा यो लोक र परलोक दुवैको तत्त्व जानी ब्रह्मभावमा प्राप्त हुन्छन्, त्यसवखत् उनले अग्निहोत्रादि कर्म नगरे पनि पूर्ण नै संझिन्छ, हेराजन् ! यो ब्रह्मविद्याले तिमिमा लघुता आउन दिने छैन, यसैद्वारा नै तिमिलाई ब्रह्मज्ञान प्राप्त हुनेछ, जसलाई धीर पुरुष प्राप्त गर्दछन्, त्यै ब्रह्मविद्याद्वारा नै योगिजनहरू परमात्माको साक्षात्कार गर्दछन् ।

एवंरूपो महात्मा स पावकं पुरूषो गिरन् ।
यो वै त पुरूषं वेद तस्येहाऽर्थो न रिष्यते ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ १८ ॥

जो भोक्ताभावलाई आफुमा विलय गरी पूर्ण परमेश्वरलाई जान्दछ, त्यो महात्मापुरूषको यस लोकमा कुनै प्रयोजन नष्ट हुंदैन, (अर्थात त्यो कृतकृत्य हुन्छ,) त्यस्तो सनातन परमात्माको योगीजन साक्षात्कार गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यः सहस्त्रं सहस्राणाम् पक्षान् संतत्य सम्पतेत् ।
मध्यमे मध्य आगच्छेदपि चेत्स्यान्मनोजवः ॥
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ १६ ॥

कुनै मन समान वेग भएको किन नहोस्; या दश लाख प्वाँखलगाएर किन नउडोस् ? अन्तमा उसले हृदयस्थित परमात्मामा नै आउनु पर्दछ, त्यस्तो सनातन परमात्माको योगिजन साक्षात्कार गर्दछन् ।

न दर्शने तिष्ठति रूपमस्य
पश्यन्ति चैनं सुविशुद्धसत्त्वाः ।
हितो मनीषी मनसा न तप्यते
ये प्रव्रजेयुरमृतास्ते भवन्ति
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ २० ॥

यो परमात्माको स्वरूप सबैलाइ प्रत्यक्ष हुंदैन, जसको अन्तःकरण शुद्ध छ, त्यसैले मात्र देख्दछ, जो सबैको हितैषी र मन वश गरेको छ, जसको मनमा कैले पनि दुःख हुंदैन, जसले संसारको सबै सम्बन्धलाई त्याग गरेको छ, त्यस्ता पुरुष मुक्त हुन्छन्, त्यस्तो सनातन परमात्माको योगिजन साक्षात्कार गर्दछन् ।

गूहन्ति सर्पा इव गह्वराणि
स्वशिक्षया स्वेन वृत्तेन मर्त्याः ।
तेषु प्रमुह्यन्ति जनाविमूढा
यथाध्वानं मोहयन्ते भयाय ।
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ २१ ॥

जस्तो सांप प्वालको आश्रय लिएर आफूलाई छिपाउँछन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै दम्भी पुरुष पनि शिक्षा र व्यवहारको आड लिएर आफ्ना दोषहरू छिपाउँछन्, जस्तो ठगले बाटो हिड्ने बटुवालाई अपठ्यारोमा पार्न अर्को बाटो बताई अन्योल गर्दछन्, त्यस्तै दम्भी पुरुष पनि परमार्थ मार्गमा हिड्ने जीवलाई अलमल्याउछन् योगिजनहरू उसको फन्दामा नपरी सनातन परमात्माको साक्षात्कार गर्दछन् ।

नाऽहं सदासत्कृतःस्या न मत्यु-
नं चाऽमृत्युरमृतं मे कुतः स्यात् ।
सत्याऽनृते सत्यसमानबन्धे
सतश्च योनिरसतश्चैक एव ॥
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ २२ ॥

हे राजन्! म कहिल्यै कसैको पनि असत्कारको पात्र छैन मेरो मृत्यु पनि छैन; न जन्म छ न मृत्यु छ, त्यसैले मोक्ष कसको र कसरी हुन्छ? म नित्य मुक्त ब्रह्म हूँ, सत्य असत्य दुवै म एकै सनातन समब्रह्ममा स्थित छन् एकमात्र म नै सत् र असत्को उत्पत्ति स्थान हूँ मेरो स्वरूपभूत सनातन परमात्माको योगिजन साक्षात्कार गर्दछन् ।

न साधुना नोत असाधुना वा
समानमेतद् दृश्यते मानुषेषु ।
समानमेतदमृतस्य विद्या
देवंयुक्तो मधु तद् वै परीप्सेत् ।
योगिनस्त प्रपश्यन्ति भगवन्तं सनातनम् ॥२३॥

परमात्माको न असल कर्म सँग सम्वन्ध छ, न खराव कर्मसँग, यो विषमता त देहाभिमानी मनुष्यमा मात्र देखिन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बृह्मको स्वरूप ता सर्वत्र समानभावले रहेको संझनु पर्दछ यस्तो ज्ञानयोगले युक्त भै आनन्दमयबृह्म पाउने इच्छा गर्नु पर्दछ, त्यस्तो सनातन परमात्माको योगीजनहरु साचात्कार गर्दछन् ।

नाऽस्याऽतिवादा हृदयं तापयन्ति
नाऽनधीतं नाऽहुतमग्निहोत्रम्
मनो ब्राह्मी लघुता माद्धीत
प्रज्ञां चाऽस्मै नाम धीरा लभन्ते
योगिनस्तं प्रपश्यन्ति भगवन्तं सनातनम् ॥ २४ ॥

बृह्मवेत्ता पुरुषको हृदयलाई निन्दाको वाक्यले संतप्त गर्दैन, मैले स्वाध्याय गरिन, अग्निहोत्र गरिन भन्ने मनमा तुच्छभावको उत्पत्ति हुंदैन, बृह्मविद्याले चाँडैनै उसलाई स्थिर–बुद्धि प्रदान गर्दछ जसलाई धीरपुरुष पाउँदछन्, त्यस्तो सनातन परमात्माको योगिजन साचात्कार गर्दछन्

एवं यः सर्वभूतेषु आत्मानमनुपश्यति ।
अन्यत्राऽन्यत्र युक्तेषु किं स शोचेत् ततः परम् ॥२५॥

जो यसरी सबै प्राणीमा निरन्तर परमात्मानै देख्दछ त्यो यस्तो दृष्टि पायेको त्यो पुरुष अन्यान्य विषयभोगमा आसक्त मनुष्यका निति किन शोक गर्दछ ? ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यथोदपाने महति सर्वतः सम्प्लुतोदके ।
एवं सर्वेषु वेदेषु आत्मानमनुजानतः ॥२६॥

जस्तो सर्वतर्फ छताछुल्ल पानी बगीरहेको वेलामा ठूलो जलासयमा जलकानिति जाने आवश्यकता रहदैन, त्यस्तै ज्ञानको आलोक चारैतिर व्याप्त भयेपछि आत्मज्ञानीका निति वेदमा प्राप्त गर्नुपर्ने अरू कुनै वस्तु रहदैन ।

अङ्गुष्टमात्रः पुरुषो महात्मा
न दृश्यतेऽसौहृदि संनिविष्ट ।
अजश्चरो दिवारात्र मतन्द्रितश्च
स तं मत्वा कवि रास्ते प्रसन्नः ॥ २७ ॥

यो अङ्गुष्ठत्रमा अन्तर्यामी परमात्मा सवैका हृदयमा स्थित छ तर सवैले देख्दैनन्, त्यो अजन्मा र चराचर स्वरूप छ दिनरात त्यो सदा सावधान रहन्छ, जो उसलाई जन्दछ त्यो ज्ञानी-पुरुष परमानन्दमा निमग्न हुन्छ ।

अहमेव स्मृतो माता पिता पुत्रोऽस्म्यहं पुनः ।
आत्माऽहमपि सर्वस्य यच्च नास्ति यदस्ति च ॥२८॥

हे राजन् ! म नै सवैको आत्मा र बाबू हूँ, म नै छोरा हूं, जो छ त्यो म हूं र जो छैन त्यो पनि म हूँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पितामहोऽस्मि स्थविरः पिता पुत्रश्च भारत ।
ममैव यूयमात्मस्था न मे यूयं न वो वयम् ॥२९॥

हे भारत ! म नै तिम्रो पितामह, बाबू र छोरा हूँ, तिमी सवै मेरै आत्मा स्थित छौ तर वास्तवमा न तिमी हाम्रो छौ र न हामी तिम्रो छौं ।

आत्मैवस्थानं मम जन्म चाऽऽत्मा
ओतप्रोतोऽहं मजर प्रतिष्ठः ।
अजश्चरो दिवारात्र मतन्द्रितोऽहं
मां विज्ञाय कविरास्ते प्रसन्नः ॥ ३० ॥

आत्मा नै मेरो स्थान हो र आत्मा नै मेरो जन्म (उद्गम), हो म सवैतर्फ ओत प्रोत र आफ्नू सदा नयाँ नै रहने महिमामा स्थित छू, म अजन्मा, चराचरस्वरूप र दिनरात सावधान रहने हूं । मलाई जाने पछि ज्ञानीपुरुषहरू प्रसन्न हुन्छन् ।

अणोरणीयान् सुमनाः सर्वभूतेषु जाग्रति ।
पितरं सर्वभूतेषु पुष्करे निहितं विदुः ॥ ३१ ॥

परमात्मा सूक्ष्मभन्दा पनि सूक्ष्म र शुद्ध सात्विक मन भएको छ उही नै सम्पूर्ण पदार्थ मात्रमा अन्तर्यामी रूपले प्रकाशमान छ सवै प्राणीको हृदयकमलमा रहेको त्यो परम पितालाई ज्ञानी पुरुषहरू जान्दछन् ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धौम्य नीति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धौम्यनीतिक परिचय

आफ्नु कबूल अनुसार जुवामा राजपाठ गुमाएका युधिष्ठिरादि पाण्डवहरुले बान्ह वर्षको वनवास व्यतीत गरेपछि बाँकी एकवर्षको गुप्तवास कहाँ बसेर कुन् प्रकारले विताउने भनी परस्पर तर्कबितर्क (ऊहापोह) गर्न थाले। अन्त्यमा सबैको सल्लाहले सुदूरवर्ती राजा विराटको राज-दरबारमा नै भेष, भूषा, नाम, काम आदि सबै छिपाएर मामूली तवरले बिताउनू वेसहोला भन्ने निर्णय भयो। त्यही माफिक आफना कुल पुरोहित धौम्यलाई बोलाए र त्यहीनिश्चयको स्थिरताका निमित्त युधिष्टिरले उनिसँग आफनू हृदय खोलेर निवेदन गरे। त्यो सुनेपछि दूरदर्शी धौम्यले पनि त्यही कुराको अनुमोदन गरे। त्यस पछि युधिष्ठिरले उनीसँग नम्रनिवेदन गरे- यहाँको पनि यही राय छ भने हाम्रा इन्द्रसेन आदि सेवकहरू रथ घोडा प्रभृति जो भएका साधनहरू लिएर द्वारकामा जाऊन्, हजूर अग्निहोत्रका अग्निको रक्षा गर्दै पाञ्चालीका साथ रहने भूढा, पाका जनाना समेत् लिएर राजा द्रुपदको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दरवारमा जानुहोस् र "द्वैतवनबाट द्रौपदी सहित् पाँच भाई पाण्डवहरू विपत्ता भए पाँचभाई पाण्डहरू यहाँ गए उहाँ गए भन्ने अत्तोपत्तो केही छैन" भन्ने खवर सर्वत्र फैलाइदिनु होला। फेरी हामीहरुले राजा विराटको दरवारमा वस्ता जो जसो गर्नाले हाम्रो कल्याण हुन्छ त्यो पनि शिक्षा दिनुहोस्, भन्ने युधिष्ठिरको अनुरोधमा ऋषि धौम्यले जो जति उपदेश गरे त्यो सबै यही धौम्यनीतिमा छ। पाठकवर्गले मनन पूर्वक पढ्नु होला।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विराट्पर्व

४ अध्याय

कर्माण्युक्तानि युष्माभिर्यानि यानि करिष्यथ ॥
मम चाऽपि यथा बुद्धिरुचिता विधिनिश्चयात् ॥ १ ॥

युधिष्ठिर भन्दछन्, विराट्को घरमा तिमिले जे जे काम गर्नेछौ त्यो सबै भन्यौ, मैंले पनि आफ्नू बुद्धि अनुसार जुन कार्य उचित ठहराएको थिएँ, त्यो भनें, विधाताको यही न निश्चय छ।

पुरोहितोऽयमस्माकमग्निहोत्राणि रक्षतु।
सूदपौरोगवैः सार्द्धं द्रुपदस्य निवेशने ॥ २ ॥
इन्द्रसेनमुखाश्चे मे रथानादाय केवलान्।
यान्तु द्वारवतीं शीघ्रमिति मे वर्तते मति ॥ ३ ॥

मेरो सल्लाह यो छ कि यी हाम्रा पुरोहित धौम्य भान्सेका नाइकेका साथ राजा द्रुपदको घरमा गएर बसून्, त्यहाँ हाम्रो अग्निहोत्रको रक्षा गरून्, औ इन्द्रसेन आदि सेवकगण खाली रथहरू ली चाडै नै यहाँबाट द्वारकामा जाउन्।

इमाश्च नार्यो द्रौपद्याः सर्वाश्च परिचारिकाः ॥
पाञ्चालानेव गच्छन्तु सूदपौरोगवैः सह ॥ ४ ॥

यी द्रौपदीको सेवामा लागेका स्त्रीजातिहरू पनि भान्सेका नाइकेहरूका साथै पाञ्चालदेशमा नै जाउन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वैरपि च वक्तव्यं न प्राऽज्ञायन्त पाण्डवाः।
गता ह्यस्मानपाहाय सर्वे द्वैतवनादिति ॥ ५ ॥

त्यहाँ सबै मानिसले यही भनून् कि हामीहरूलाइ पाण्डवको केही थाहा छैन, ती सबै द्वैतवनमा हामीहरुलाई छलेर नजाने कहाँ गए? कहाँ गए?

वैशम्पायन भन्दछन्।

एवं तेऽन्योन्यमामन्त्र्य कर्माण्युक्त्वा पृथक् पृथक्।
धौम्यमामन्त्रयामासुः स च तान् मन्त्रमब्रवीत् ॥ ६ ॥

हे जनमेजय! यस प्रकारले आपसमा परस्पर सल्लाह गरी भिन्ना भिन्नै काममा खटिएर पाण्डवहरुले पुरोहित धौम्यको सल्लाह मागे। पुरोहित धौम्यले पनि यस्तो सल्लाह दिए।

धौम्य भन्दछन्।

विहितं पाण्डवाः सर्वं ब्राह्मणेषु सुहृत्सु च।
याने प्रहरणे चैव तथैवाऽग्निषु भारत! ॥ ७ ॥
त्वया रक्षा विधातव्या कृष्णायाः फाल्गुनेन च।
विदितं वो यथा सर्वं लोकवृत्तमिदं तव ॥ ८ ॥

हे पाण्डव हो! ब्राह्मणहरुमा, मित्रमा, सवारीमा, युद्ध-यात्रामा र अग्निहोत्रमा जुन शास्त्रविहित कर्तव्य कर्म छ, त्यसलाई तिमिले राम्रो जानेका छौ र त्यसैको अनुकूल व्यवस्था गरेका छौ, त्यो सबै ठीक छ, अब म तिमिलाई यो भन्छु कि तिमिले र अर्जुनले सावधान भई द्रौपदीको रक्षा गर्नु, अरू लोकव्यवहारका कुरा तिमि सबैलाई ज्ञानै छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विदिते चाऽपि वक्तव्यं सुहृद्भिरनुरागतः ।
एष धर्मश्च कामश्च अर्थश्चैव सनातनः ॥ ९ ॥

हितैषी मित्रहरुको कर्तव्य हुन्छ कि उनीहरुले जानेको भए पनि स्नेहवश हितको कुरा भन्नु पर्छ, यही नै सनातन धर्म हो र यसैले धर्म, अर्थ, कामको सिद्धि हुन्छ।

अतोऽहमपि वक्ष्यामि हेतुमत्र निबोधत ।
हन्तेमां राजवसतिं राजपुत्रा ब्रवीम्यहम् ॥ १० ॥
यथा राजकुलं प्राप्य सर्वान् दोषांस्तरिष्यथ ।
दुर्वसं चैव कौरव्य! जानता राजवेश्मनि ॥ ११ ॥

त्यसैले म जुन युक्तियुक्त कुरा भन्दछु, त्यो ध्यान लगाई सुन । हे राजपुत्र हो ! राजाको घरमा रहेर कस्तो व्यवहार गर्नु पर्छ, जसरी रहेमा, राजकुलमा रहेता पनि तिमिहरू त्यहाँको सबै दोषबाट पार पाउने छौ । हे कुरुनन्दन ! विवेकी पूरुषका निम्ति पनि राजमहलमा बस्नु अति कठीन छ ।

अमानितैर्मानितैर्वा अज्ञातैः परिवत्सरम् ।
ततश्चतुर्दशे वर्षे चरिष्यथ यथासुखम् ॥ १२ ॥

त्यहाँ तिम्रो अपमान होस् या सम्मान, होस्, सबै सहेर एक वर्षसम्म अज्ञातभावले रहनु–पर्दछ, त्यस पछि चौधौं वर्षमा तिमिहरू आफ्नू इच्छाऽनुसार सुखपूर्वक घुम्न शक्ने छौ ।

दृष्टद्वारो लभेद् द्रष्टुम् राजस्वेषु न विश्वसेत् ।
तदेवाऽऽसनमन्विच्छेद् यत्र नाऽभिपतेत् परः ॥ १३ ॥

राजासँग भेट्नलाई, पैले ढोकेहरू सँग भेटी, हाजिरी पुऱ्याई उनको आज्ञा मगाउनु पर्छ. इनको कैले पनि विश्वास गर्नु हुदैन, आफू त्यै आसनमा बस्नु पर्छ जसमा बस्नं अरू कुनै नहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो न यानं न पर्यङ्कं न पीठं न गजं रथम् ।
आरोहेत् सम्मतोऽस्मीति स राजवसतिं वसेत् ॥ १४ ॥

जुन पुरुष म राजाको प्यारो व्यक्ति हूँ भन्ने सम्झी राजाको सवारी, पलङ्ग, मेच, कुर्सी, हात्ती, र रथ आदिमा चढ्दैन, त्यो पुरुष नै राजमहलमा आनन्दपूर्वक रहन शक्तछ ।

यत्र यत्रैनमासीनं शङ्केरन् दुष्टचारिणः ।
न तत्रोपविशेद् यो वै स राजवसतिं वसेत् ॥१५॥

जुन जुन स्थानमा वस्नाले दुराचारी मनुष्यहरू सन्देह गर्दछन्, त्यस्तो ठाममा जो कहिले पनि बस्दैन, त्यही नै राजभवनमा रहन शक्तछ ।

न चानुशिष्याद् राजानमपृच्छन्तं कदाचन ।
तूष्णींत्वेनमुपासीत काले समभिपूजयेत् ॥ १६ ॥

राजाले नसोधीकन कैले पनि कर्तव्यको उपदेश नदिनु चुपचापका साथ उनको सेवागर्नु राम्रो अवसर आएमा राजाको प्रशंसा पनि गरोस् ।

असूयन्ति हि राजानो जनाननृत वादिनः ॥
तथैव चाऽवमन्यते मन्त्रिणं वादिनं मृषा ॥ १७ ॥

झूटो बोलने मनुष्यहरूदेखि राजाहरू रिसाउँछन्, त्यस्तै झूटो बोल्ने वा ढिपी गर्ने मन्त्रीको अपमान पनि गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नैषां दारेषु कुर्वीत मैत्रीं प्राज्ञः कदाचन ।
अन्तःपुरचरा ये च द्वेष्टि यानहिताश्च ये ॥ १८ ॥

बुद्धिमान् मनुष्यले राजाको रानीहरूका साथ धेरै हेल मेल गर्नु हुंदैन, जो अन्तःपुरमा आउने जाने गर्दछन् तिनिहरू सँग पनि हेलमेल गर्न हुदैन । राजाले जोसँग द्वेष गर्दछन् तथा जो राजाको अहित चाहन्छन् त्यस्तासँग पनि मैत्री न गर्नु ।

विदिते चाऽस्य कुर्वीत कार्याणि सुलघून्यपि ।
एवं विचरतो राज्ञि न क्षतिर्जायते क्वचित् ॥ १९ ॥

सानू सानू काम गर्दा पनि राजामा जाहेर गरेर मात्र गर्नु, यसरी कामगर्ने मनुष्यको कैलेपनि हानि हुदैन ।

गच्छन्नपि परां भूमिमपृष्टो ह्यनियोजितः ।
जात्यन्ध इव मन्येत मर्यादामनुचिन्तयन् ॥ २० ॥

आफू बस्नलाई राम्रो स्थान पायेको छ ता पनि राजाले नसोधी अथवा राजाको आदेश नपाई, राजदरबारको मर्यादालाई ख्यालमा राखेर आफूलाई जन्मान्ध झैं ठान्नु पर्दछ अर्थात् त्यो आसन देख्दै नदेखेको झैं गरी राजाका हुकूमको प्रतीक्षा गर्नु पर्दछ ।

न हि पुत्रं न नप्तारं न भ्रातरमरिन्दमाः ।
समतिक्रान्तमर्याद पूजयन्ति नराधिपाः ॥ २१ ॥

शत्रुविजयी राजाहरू मर्यादाको उल्लङ्घन गर्ने आफ्नू छोरा, नाती र भाईहरूको पनि आदर गर्दैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यत्नाच्चोपचरेदेनमग्निवद् देववत् त्विह ।
अनृतेनोपचीर्णो हि हन्यादेव न संशयः ॥ २२॥

यो संसारमा राजालाई अग्नि झैं पोल्ने ठानी अत्यन्त नगीचै पनि रहनु हुंदैन देवताझैं वरदान र श्राप पनि दिन शक्ने संझी कहिल्यै पनि हेलागर्नु हुदैन, जो राजासँग झूटो र कपटपूर्ण व्यवहार गर्दछ, त्यो एकदिन अवश्य मारिन्छ यसमा सन्देह छैन ।

यद् यद् भर्ताऽनुयुञ्जीत तत् तदेवाऽनुवर्तयेत् ।
प्रमादमवलेपं च कोपं च परिवर्जयेत् ॥ २३ ॥

राजाबाट जुन जुन कामगर्ने हुकुम हुन्छ, त्यसैको पालना गर्नुपर्छ घमण्ड, लापर्वाही र रीसलाई सर्वदा त्याग गर्नु-पर्दछ ।

समर्थनासु सर्वासु हितं च प्रियमेव च ।
संवर्णयेत् तदेवाऽस्य प्रियादपि हितं भवेत् ॥ २४ ॥

कर्तव्य र अकर्तव्यको निर्णयगर्ने सबैअवसरमा हितकारक र प्यारोवचन बोल्नु पर्छ यदि दुवै कुरागर्न संभवहुँदैन भने प्यारो-बोली नबोलीकन पनि हितहुनेकुरानै भन्नु पर्छ ।

अनुकूलो भवेच्चाऽस्य सर्वाऽर्थेषु कथासु च ।
अप्रियं चाऽहितं यत् स्यात् तदस्मै नाऽनुवर्णयेत् ॥२५॥

सबै विषयमा र सबै कुरामा राजाको अनुकूल हुनु, राजाको अघाडि कुराको प्रसङ्गमा उनलाइ प्यारो नलाग्ने र अहितकर कुरा-हरू गर्नुहुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाऽहमस्य प्रियोऽस्मीति मत्वा सेवेत पण्डितः ।
अप्रमत्तश्च सततं हितं कुर्यात् प्रियं च यत् ॥ २३ ॥

विद्वान् पुरुषहरू म राजाको प्यारो छैन भन्ने संझी सेवा गर्दछन्, सेवागर्दा राजालाई प्यारोलाग्ने र हितहुने काम गर्नुपर्छ ।

नाऽस्याऽनिष्टानि सेवेत नाऽहितैः सह संवदेत् ।
स्वस्थानान्नविकम्पेत स राजवसतिं वसेत् ॥ २७ ॥

जुन कुरा (वस्तु) राजाहरुलाई पसन्द हुँदैन, त्यस्को कैले पनि सेवन नगर्नु । उनको शत्रुहरुसँग कुराकानि नगर्नु । आफ्नु स्थानबाट कैलेपनि बिचलित नहुनु । जुनमनुष्य यस्तो व्यवहार गर्दछ, त्यो आनन्दसँग राजाकहाँ रहन शक्तछ ।

दक्षिणं वाऽथ वामं वा पार्श्वमासीत पण्डितः ।
रक्षिणां ह्यात्तशस्त्राणां स्थानं पश्चात् विधीयते ॥२८॥

विद्वान् पुरुषले राजाको दाहिने पट्टी या वायापट्टी रहनुपर्दछ किनभने राजाको पछाडी अङ्गरक्षक अस्त्रशस्त्रधारी सेनाहरुको स्थान हो ।

नित्यं हि प्रतिषिद्धं तु पुरस्तादासनं महत् ।
न च संदर्शने किञ्चित् प्रवृत्तमपि संजयेत् ॥ २९ ॥

राजाको अगाडी अरुको उचा स्थान हुनु सर्वथ निषिद्ध छ, उनको अगाडी कुनै पुरस्कार वितरण आदिकार्य भएको छ भने आफूलाई नबोलाई स्वयं पैलेनै लिनजाने चेष्टा नगर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपिह्येतद् दरिद्राणां व्यलीकस्थानमुत्तमम् ।
न मृषाऽभिहितं राज्ञां मनुष्येषु प्रकाशयेत् ॥ ३० ॥

किनभने यस्तो व्यवहार गर्नू दरिद्रहरुलाई सम्मपनि प्यारो लाग्दैन भने राजाहरुको ता के कुरा ? । राजाको कुनै झुटो-कुरा भएपनि अरु मनुष्यका अगाडी प्रकाशित नगर्नु ।

असूयन्ति हि राजानो नराननृतवादिनः ।
तथैव चाऽवमन्यते नरान् पण्डितमानिनः ॥ ३१ ॥

किन भने झुटो बोल्ने मनुष्यहरूसंग राजाहरू द्वेष गर्दछन् । त्यस्तै आफूलाई पण्डित मान्ने मनुष्यहरुको पनि राजा-हरु तिरस्कार गर्दछन् ।

शूरोऽस्मीति न दृप्तःस्याद् बुद्धिमानिति वा पुनः ।
प्रियमेवाऽऽचरन् राज्ञः प्रियोभवति भोगवान् ॥ ३२ ॥

म शूरवीर छु अथवा म ठुलो बुद्धिमान् छु भन्ने घमण्ड नगर्नु जुन मनुष्य सदा राजालाई प्यारो लाग्ने काम मात्र गर्दछ त्यही नै उसको प्रेम पात्र र ऐश्वर्य भोगले सम्पन्न हुन्छ ।

ऐश्वर्यं प्राप्य दुष्प्रापं प्रियं प्राप्य च राजतः ।
अप्रमत्तो भवेद् राज्ञः प्रियेषु च हितेषु च ॥ ३३ ॥

राजावाट दुर्लभ ऐश्वर्य र प्यारो भोगसामग्री पाए पनि मनुष्यले सदा सावधान भइ उसको प्यारो काम र हितहुने काममा संलग्न रहनु-पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्यकोपो महाबाधः प्रसादश्च महाफलः ।
कस्तस्य मनसाऽपीच्छेदनर्थं प्राज्ञसम्मतः ॥ ३४ ॥

जसको क्रोध ठुलो संकट उपस्थित गर्ने हुन्छ र जसको प्रसन्नताले ठूलो फल, ऐश्वर्य भोग दिने हुन्छ त्यस्ता राजाको कुन बुद्धिमान् पुरुष मनलेमात्र पनि अनिष्ट गर्ला ? ।

न चोष्टौ न भुजौ जानू न च वाक्यं समाक्षिपेत् ।
सदा वातं च वाचं च ष्ठीवनं चाऽचरेच्छनैः ॥ ३५ ॥

राजाको अगाडी दुवै हात, ओठ र घुँडाहरू हल्लाउनु हुँदैन । बकवाद पनि नगर्नु । विस्तारै विस्तारै बोलनु विस्तारै थुकनु र विस्तारै अधोवायु छोडनु जो कसैले पनि थाह न पाउन् ।

हास्यवस्तुषु चाऽन्यस्य वर्तमानेषु केषुचित् ।
नाऽतिगाढं प्रहृस्येत न चाप्युन्मत्तवद्धसेत् ॥ ३६ ॥
न चातिधैर्येण चरेत् गुरुतां हि व्रजेत ततः ॥
स्मितं तु मृदुपूर्वेण दर्शयेत प्रसादजम् ॥ ३७ ॥

कुनै व्यक्तिको हाँसोउठने कुरा उठेमा पनि धेरै हर्ष प्रकट नगर्नु, पागलझैं अट्टहास नगर्नु, अत्यन्त धैर्यगरी लाटो झैं निश्चेष्ट पनि नहुनु, जो गर्नाले आफ्नू सम्मान हुन्छ जो गर्नु, मनमा प्रसन्नता हुंदा इषत्हास्य गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाभे न हर्षयेत् यस्तु न व्यथेत् योऽवमानितः ।
असम्मूढश्च यो नित्यं स राजवसतिं वसेत् ॥ ३८ ॥

जो मनपरेको वस्तु पायेमा पनि धेरै हर्षित हुँदैन , र अपमानित भयेमा पनि धेरै दुःखको अनुभव गर्दैन , सदा मोहशून्य भयेर विवेकले काम लिन्छ, त्यैं मानिसको साथमा राजा सुखसंग रहन शक्तछ ।

राजानं राजपुत्रं वा संवर्णयति यः सदा ।
आमात्यः पण्डितो भूत्वा स चिरं तिष्ठते प्रिय ॥३९॥

जुन बुद्धिमान् मन्त्री सधैं राजाको र राजकुमारको प्रशंसा गर्दछ, त्यही नै राजाको प्रेमपात्र भई धेरै कालसम्म टिकन शक्तछ ।

प्रगृहीतश्च योऽमात्यो निगृहीतस्त्वकारणैः
न निर्वदति राजानम् लभते सम्पदं पुनः ॥ ४० ॥
प्रत्यक्षम् च परोक्षं च गुणवादी विचक्षणः ।
उपजीवी भवेत् राज्ञो विषये योऽपि वा भवेत् ॥४१॥

यदि कुनै मन्त्रि पहिले राजाको कृपापात्र रहेर, पछी अकारण नै दण्डभोगी बनेको होस् ता पनि त्यस अवस्थामा त्यो राजाको निन्दा गर्दैन भने फेरी पैलेको सम्पत्ति पाउँदछ, जुन-बुद्धिमान् पुरुष राजाको आश्रित भयेर जीवन निर्वाह गर्दछ अथवा राज्यमा बस्दछ, त्यसले राजाको अगाडी वा पछाडी उनका गुण-को चर्चा गर्नु—पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अमात्यो हि बलात् भोक्तुम् राजानां प्रार्थयेत यः ।
न स तिष्ठेच्चिरं स्थानं गच्छेच्च प्राणसंशयम् ॥ ४२ ॥

जुन मन्त्री राजालाई बलैले आफ्नू अधीन गर्न चाहन्छ, त्यो धेरै समयसम्म आफ्नू पदमा टिक्न शक्तैन, यत्तिमात्र हुँन त्यसको प्राणसम्ममा पनि संकट आईपर्छ ।

श्रेयः सदाऽऽत्मनो दृष्ट्वा परं राज्ञा न संवदेत् ।
विशेषयेच्च राजानम् योग्यभूमिषु सर्वदा ॥ ४३ ॥

आफ्नू भलाई र लाभको विचार गरी अरूलाई राजाको साथ भेट नगराउनु कुराकानी पनि नगराउनु उपयुक्त स्थान र राम्रो अवसर देखी सदा राजाको विशेषता प्रकट गर्नु ।

अम्लानो बलवाञ्छूरश्छायेवाऽनुगतः सदा ।
सत्यवादि मृदुर्दान्तः स राजवसतिं वसेत् ॥ ४४ ॥

जो उत्साहले पूर्ण, बुद्धि बलले युक्त, शूर वीर, सत्यवादी, कोमल स्वभावको र जितेन्द्रिय भई सदा छाया झैं राजाको अनुसरण गर्दछ त्यहि नै राजदरबारमा रहन शक्तछ ।

अन्यस्मिन् प्रेष्यमाणेतु पुरस्तात् यः समुत्पतेत् ।
अहं किं करवाणीति स राजवसतिं वसेत् ॥ ४५ ॥

राजाले अरुलाई काममा खटाउँदा पनि जो स्वयं उठी, मेरानिमित्त के आज्ञा हुन्छ भनि अगाडी खडा हुन्छ त्यही नै राजदरबारमा रहन शक्तछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाभे न हर्षयेत् यस्तु न व्यथेत् योऽवमानितः ।
असम्मूढश्च यो नित्यं स राजवसतिं वसेत् ॥ ३८ ॥

जो मनपरेको वस्तु पायेमा पनि धेरै हर्षित हुँदैन , र अपमानित भयेमा पनि धेरै दुःखको अनुभव गर्दैन , सदा मोहशून्य भयेर विवेकले काम लिन्छ , त्यै मानिसको साथमा राजा सुखसँग रहन शक्तछ ।

राजानं राजपुत्रं वा संवर्णयति यः सदा ।
आमात्यः पण्डितो भूत्वा स चिरं तिष्ठते प्रिय ॥३९॥

जुन बुद्धिमान् मन्त्री सधैं राजाको र राजकुमारको प्रशंसा गर्दछ , त्यही नै राजाको प्रेमपात्र भई धेरै कालसम्म टिकन शक्तछ ।

प्रगृहीतश्च योऽमात्यो निगृहीतस्त्वकारणैः
न निर्वदति राजानम् लभते सम्पदं पुनः ॥ ४० ॥
प्रत्यक्षम् च परोक्षं च गुणवादी विचक्षणः ।
उपजीवी भवेत् राज्ञो विषये योऽपि वा भवेत् ॥४१॥

यदि कुनै मन्त्रि पहिले राजाको कृपापात्र रहेर, पछी अकारण नै दण्डभोगी बनेको होस् ता पनि त्यस अवस्थामा त्यो राजाको निन्दा गर्दैन भने फेरी पैलेको सम्पत्ति पाउँदछ , जुन– बुद्धिमान् पुरुष राजाको आश्रित भयेर जीवन निर्वाह गर्दछ अथवा राज्यमा बस्दछ , त्यसले राजाको अगाडी वा पछाडी उनका गुण- को चर्चा गर्नु—पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अमात्यो हि बलात् भोक्तुम् राजानां प्रार्थयेत यः ।
न स तिष्ठेच्चिरं स्थानं गच्छेच्च प्राणसंशयम् ॥ ४२ ॥

जुन मन्त्री राजालाई बलैले आफ्नू अधीन गर्न चाहन्छ, त्यो धेरै समयसम्म आफ्नू पदमा टिक्न शक्तैन, यत्तिमात्र ह्वैन त्यसको प्राणसम्ममा पनि संकट आईपर्छ ।

श्रेयः सदाऽऽत्मनो दृष्ट्वा परं राज्ञा न संवदेत् ।
विशेषयेच्च राजानम् योग्यभूमिषु सर्वदा ॥ ४३ ॥

आफ्नू भलाई र लाभको विचार गरी अरूलाई राजाको साथ भेट नगराउनु कुराकानी पनि नगराउनु उपयुक्त स्थान र राम्रो अवसर देखी सदा राजाको विशेषता प्रकट गर्नु ।

अम्लानो बलवान्छूरश्छायेवाऽनुगतः सदा ।
सत्यवादि मृदुर्दान्तः स राजवसतिं वसेत् ॥ ४४ ॥

जो उत्साहले पूर्ण, बुद्धि बलले युक्त, शूर वीर, सत्यवादी, कोमल स्वभावको र जितेन्द्रिय भई सदा छाया झैँ राजाको अनुसरण गर्दछ त्यहि नै राजदरबारमा रहन शक्तछ ।

अन्यस्मिन् प्रेष्यमाणेतु पुरस्तात् यः समुत्पतेत् ।
अहं किं करवाणीति स राजवसतिं वसेत् ॥ ४५ ॥

राजाले अरुलाई काममा खटाउँदा पनि जो स्वयं उठी, मेरा निमित्त के आज्ञा हुन्छ भनि अगाडी खडा हुन्छ त्यही नै राजदरबारमा रहन शक्तछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आन्तरे चैव बाह्ये च राज्ञा यश्चाथ सर्वदा ।
आदिष्टो नैव कम्पेत स राजवसतिं वसेत् ॥ ४६ ॥

जो राजावाट आन्तरिक (धन , स्त्री आदिको रक्षाको) काममा वा बाह्य (शत्रुविजय आदि) काममा आज्ञा हुनासाथ त्यसमा कत्तिपनि डर र शङ्का मान्दैन, त्यही नै राजाकहाँ रहन शक्तछ ।

यो वै गृहेभ्यः प्रवसन् प्रियाणां नाऽनुसंस्मरेत् ।
दुःखेन सुखमन्विच्छेत् स राजवसतिं वसेत् ॥४७॥

जो घरवार छोडी परदेशमा रहँदा पनि प्रियजनको सहवास र अभीष्ट भोगको स्मरण गर्दैन, कष्ट सहेर पनि सुख पाउने इच्छा गर्दछ त्यही नै राजदरवारमा रहन शक्तछ ।

समवेषं न कुर्वीत नोच्चैः संनिहितो वसेत् ।
न मन्त्रं बहुधा कुर्यात् एवं राज्ञः प्रियोभवेत् । ४८ ।

राजाके जस्तो लुगा कपडा हरू न लगाउनु उनको धेरै नजीक नवस्नु, उनको अगाडी उच्च आसनमा पनि नवस्नु, राजाले आफूसङ्ग जुन गुप्त सल्लाह गरेको छ त्यो अरुसङ्ग प्रकट नगर्नु यस्तो व्यवहार गर्ने मनुष्य राजाको प्यारो हुन्छ ।

न कर्मणि नियुक्तः सन् धनं किञ्चिदपिस्पृशेत् ।
प्राप्नोति हि हरन् द्रव्यं बन्धनं यदि वा वधम् । ४९ ।

राजाले कुनै काममा खटाएको भए त्यो काम गर्दा कुनै प्रकारको घूसहरू लिनु हुँदैन जो यसरी चोरीको धन लिन्छ, त्यो एकदिन अवश्य नै जेल या मृत्यु भोग्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यानं वस्त्रमलङ्कारं यच्चाऽन्यत् संप्रयच्छति ।
तदेव धारयेन्नित्यमेवंप्रियतरो भवेत् ॥ ५० ॥

राजाले प्रसन्न भएर सवारी, कपडा, गहना र अरू जुन कुनै वस्तु दिन्छन् त्यसैलाई धारण गर्नु या उपभोगमा ल्याउनु, यसो गर्ने पुरुष राजाको धेरै नै प्यारो हुन्छ ।

एवं संयम्य चित्तानि यत्नतः पाण्डुनन्दनाः ।
संवत्सरमिमं तात ! तथाशीला बुभूषत ।
अथ स्वविषयं प्राप्य यथाकामं करिष्यथ ॥ ५१ ॥

बाबु पाण्डवहो ! यस प्रकारले यत्नपूर्वक आफ्नू मन वशमा राखी माथी बताए बमोजिं राम्रो व्यवहार गर्दै यो एक वर्ष बिताऊ र यस्तै गरी ऐश्वर्य पाउने इच्छा गर अनी पछि आफ्नू राज्यमा आई इच्छानुसार व्यवहार गर ।

युधिष्ठिर भन्दछन्

अनुशिष्टाः स्म भद्रं ते नैतद् वक्ताऽस्ति कश्चन ।
कुन्तिमृते मातरं नो विदुरं वा महामतिम् ॥ ५२ ॥

हे ब्रह्मन् ! तपाँईको असल होस् तपाईले हामीलाई राम्रो उपदेश दिनुभो हाम्री आमा कुन्ती र महा बुद्धिमान् विदुरलाई छोड़ी अरु कस्ले हामीलाई यस्तो उपदेश दिन्छ ? ।

यदेवाऽनन्तरं कार्यं तद् भवान् कर्तुमर्हति ।
तारणायाऽस्य दुःखस्य प्रस्थानाय जयाय च ॥ ५३ ॥

अब हामीलाई यो दुःखसागरबाट पार गराउन, यहाँबाट प्रस्थान गर्न र विजयलाभको निति जुनजति कर्तव्य छ, त्यसलाई तपाँईले पूर्ण गर्नुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैशम्पायन भन्दछन्

एवमुक्तस्ततो राजा धौम्योऽथ द्विजसत्तमः ।
अकरोद् विधिवत् सर्वं प्रस्थाने यद् विधीयते ।५४।

हे जनमेजय ! राजा युधिष्ठिरले यति भनेपछि ब्राह्मण मध्ये श्रेष्ठ धौम्यले यात्राको समयमा जो शास्त्रमा विधान गरेका कर्तव्य कर्म छन् त्यो सबै विधिपूर्वक सम्पन्न गरे ।

तेषां समिध्य तानग्नीन् मन्त्रवच्च जुहाव सः ।
समृद्धिवृद्धिलाभाय पृथिवी-विजयाय च ॥५५॥

उनले पाण्डवहरूको अग्निहोत्र सम्बन्धि अग्निलाई प्रज्वलित गरी उनको समृद्धि, राज्यलाभ र पृथ्विमा विजयप्राप्तिका निमित्त वेदमन्त्र पढी हवन गरे ।

अग्नीन् प्रदक्षिणी-कृत्य ब्राह्मणांश्च तपोधनान् ।
याज्ञसेनीं पुरस्कृत्य षडेवाऽथ प्रवव्रजुः ॥५६॥

त्यसपछि पाण्डवहरूले अग्नि र तपस्वी ब्राह्मणहरुको परिक्रमा गरी द्रौपदीलाई अगाडि लगाई त्यहाँबाट प्रस्थान गरे, त्यहाँबाट प्रस्थान गर्दा छ जना मात्र थिये ।

गतेषु तेषु वीरेषु धौम्योऽथ जपतां वरः ।
अग्निहोत्राण्युपादाय पाञ्चालानभ्यगच्छत ॥५७॥

ती पाण्डववीरहरू त्यहाँबाट गयेपछि जपगर्नेमा श्रेष्ठ धौम्य अग्निहोत्रसम्बन्धि अग्निलाई साथ लिई पाञ्चालदेशमा गये ।

इन्द्रसेनादयश्चैव यथोक्ताः प्राप्य यादवान् ।
रथानश्वांश्च रक्षन्तः सुखमूषुः सुसंवृताः ॥५८॥

इन्द्रसेन आदि सेवक पनि उनको आज्ञा बमोजि यदुवंशीहरूको सहर द्वारकामा गयेर रथ, घोडाहरूको राम्रोसँग रक्षागरी वसे ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कणिक नीति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कणिकनीतिको परिचय

उता कौरव पाण्डवको महाभारतको लडाईं समाप्त भयो, सबैका मान्य भीष्मपितामह उत्तरायणको प्रतीक्षा-गरी शर-शय्यामा सुतेकाथिये, यता ठूला ठूला महात्मा, सिद्ध, महर्षि तथा श्रीकृष्ण समेत्ले संझाउँदा पनि न संझेका युधिष्ठर गोत्रहत्याका पापको चिन्ताले व्याकुल भइरहेका थिए। आखीर श्रीकृष्णका सल्लाहले सबै भीष्मका समीपमा गयेर उनलाई दण्डवत् गरी वरिपरि वसे। त्यसवेला गोत्रहत्याको पापले मन सन्तप्त भएका युधिष्ठिरले भीष्मपितामह सँग राजधर्म, आपद्धर्म इत्यादिका उपर जो जति प्रश्न गरे ती सबैको भीष्मले आख्यानहरुका उदाहरणको साथै हरकिसिसले संझाउने चेष्टा गरे। युधिष्ठिरले पनि राजधर्मको मार्मिक सार संझदै गये।

युधिष्ठिरले त्यही प्रसङ्गमा आपद्धर्म अन्तर्गत भयेको, साऱ्है क्षीण र धन, जन वित्त केही नभयेको अ-वस्थामा राजाले आफनू उद्धार कसरिगर्ने र आपत्पर्दा राजाले कतिसम्म कापटयपूर्ण दण्डनीतिको प्रयोग गर्नहुन्छ भन्ने प्रश्न गर्दा भीष्मले शत्रुञ्जय राजा र भरद्वाजगोत्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कणिक नाम भयेका विद्वान् मुनिको जो संवाद भयेको थियो त्यही उपस्थित गरेर आपत्कालीन अवस्थामा परेको राजाले विपक्षीको जन-संहार गर्नु, उसका मुलुकका पुलहरू तोडनु, यातातात मार्गहरु बन्दगर्नु, रसद आउने बाटाहरु रोक्नु, हमलागर्नु इत्यादि क्षात्रधर्म विरोधी घोरातिघोर दुष्कर्म गरेर पनि शत्रुलाई दबाउनै पर्छ भन्ने इत्यादि कुरा कणिक (भरद्वाज) ले राजा शत्रुञ्जयलाइ बतायेझैँ भीष्मलेयुधिष्ठिरलाई त्यहीकुरा बताउँदै अन्त्यमा "शक्तिमान् राजाले विजयका निमित्त यस्तो नीचातिनीच काम कदापि गर्न हुँदैन र धर्मपूर्वकै लड्नु पर्दछ" भन्ने इत्यादि कुराको जो निर्देशन गरे त्यसैको यो नीतिमा स्पष्टतया वर्णन गरियेको छ । अहिलेको जमानामा ठूला ठूला राष्ट्रहरु पनि त्यही नीतिको अवलम्बन गर्दै आयेका देखिन्छन् भन्ने विषयमा यो पढेपछि इतिहासज्ञ पाठकवर्गलाई सो कुरा स्पष्ट हुनेछ ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कणिक नीति

आपद्धर्म, अध्याय १४०

युधिष्ठिर भन्दछन्

युगक्षयात् परिक्षीणे धर्मे लोके च भारतः ।
दस्युभिः पीड्यमाने च कथं स्थेयं पितामहः ॥१॥

हे भरतनन्दन ! पितामह ! सत्य, त्रेता, द्वापरयुग समाप्त भयेकोले यो संसारमा धर्मको क्षय हुँदै गयेको छ ! डाँकू र लुटेरा हरूले धर्ममा बाधा गर्दछन् । यस्तो अवस्थामा कसरी रहनु पर्छ ?

भीष्म भन्दछन्

अत्र ते वर्णयिष्यामि नीतिमापत्सु भारतः ।
उत्सृज्याऽपि घृणां काले यथा वर्तेत भूमिप ॥२॥

हे भरतनन्दन ! यस्तो अवस्थामा म तिमीलाई आपत्तिकालको नीति भन्दछु । जुन अनुसार राजाहरूले दया छोडेर पनि समयोचित व्यवहार गर्नु पर्छ ।

अत्राऽप्युदाहरन्तीममितिहासं पुरातनम् ।
भारद्वाजस्य संवादं राज्ञः शत्रुंजयस्य च ॥३॥

यस विययमा भारद्वाज कणिक र राजा शत्रुंजयको संवादरूप प्राचीन इतिहास उदाहरण दिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा शत्रुंजयो नाम सौवीरेषु महारथः।
भारद्वाजमुपागम्य पप्रच्छाऽर्थविनिश्चयम् ॥४॥

सोवीर देशमा शत्रुंजय नाम भयेका यौटा प्रसिद्ध महारथी राजा थिये । उनले भारद्वाज कणिकका समीपमा गई आफ्नू कर्तव्यको निश्चय गर्नलाई यस प्रकारको प्रश्न गरे ।

अलब्धस्य कथं लिप्साऽलब्धं केन विवर्धते ।
वर्धितं पाल्यते केन ? पालितं प्रणयेत् कथम् ? ॥५॥

नपायेका वस्तुको प्राप्ति कसरी हुन्छ ? पायेका वस्तुको कसरी वृद्धि हुन्छ ? बढ़ेका द्रव्यको के गर्नाले रक्षा हुन्छ ? त्यो सुरक्षित द्रव्यको कसरी उपयोग गर्नु पर्छ ?

तस्मै विनिश्चितार्थाय परिपृष्टोऽर्थ निश्चयम् ।
उवाच ब्राह्मणो वाक्यमिदं हेतुत हेतुमदुत्तमम् ॥६॥

राजा शत्रुंजयलाई शास्त्रका तात्पर्यका राम्रो ज्ञान थियो । तर पनि उनले कर्तव्यको निश्चयको निति यो प्रश्न गरे ।

नित्यमुद्यतदण्डः स्यात् नित्यं विवृतपौरुषः ।
अच्छिद्रश्छिद्रदर्शी च परेषां विवराऽनुगः ॥७॥

राजाले सर्वदा दण्डदिनलाई उद्यत रहनु पर्दछ । सर्वदा पुरुषार्थं प्रकट गर्नु पर्दछ । राजाले आफ्नू छिद्र (चर) अर्थात् दुर्बलता गोप्य राख्नु पर्छ । शत्रुको छिद्र (कहाँ कस्तो गरिन्छ) पत्ता लगाउनु पर्छ । त्यै द्वारा आक्रमण गर्नु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नित्यमुद्यतदण्डस्य भृशमुद्विजते नरः ।
तस्मात् सर्वाणि भूतानि दण्डेनैव प्रसाधयेत् ॥८॥

जुन राजा सदा दण्ड दिनलाई उद्यत रहन्छ, उसदेखी प्रजाहरू धेरै डराउँछन् । त्यसैले सबैलाई दण्डद्वारा नै काबूमा राख्नु पर्छ ।

एवं दण्ड प्रशंसन्ति पण्डितास्तत्व दर्शिनः ।
तस्माच्चतुष्टये तस्मिन् प्रधानो दण्ड उच्यते ॥९॥

यसैले तत्वदर्शी विद्वान्हरू दण्डको प्रशंसा गर्दछन् । अतः साम, दान, आदि उपायमा दण्ड नै प्रधान कहिन्छ ।

छिन्नमूले त्वधिष्ठाने सर्वेषां जीवनं हतम् ।
कथं हि शाखास्तिष्ठेयुश्छिन्नमूले वनस्पतौ ॥१०॥

यदि मूल आधार नष्ट भयो भने उसको आश्रयमा रहने सबैको जीवन नष्ट हुन्छ । रूखको जरो (फेदै) काटे पछि उसका हाँगा-हरू कसरी रहन शक्तछन् ?

मूलमेवाऽऽदितश्छिन्द्यात् परपक्षस्य पण्डितः ।
ततः सहायान् पक्षं च मूलमेवाऽनुसाधयेत् ॥११॥

विद्वान् पुरुषले पहिले शत्रुपक्षको मूललाई नै उच्छेद गर्नु पर्छ । त्यसपछि उसका सहायक र पक्षपातीहरूमा पनि मुख्य मुख्य को नाश गर्दै जानु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुमन्त्रितं सुविक्रान्तं सुयुद्धं सुपलायितम् ।
आपदास्पदकाले तु कुर्वीत न विचारयेत् ॥१२॥

संकटकाल उपस्थित भयेमा राजाले राम्रो सल्लाह, राम्रो पराक्रम र उत्साहपूर्वक युद्ध गर्नु पर्छ । अवसर पर्न आयो भने राम्रो ढङ्गले भाग्न पनि जान्नु पर्छ । आपत्को समयमा आवश्यक काम गर्नु पर्छ । सोच विचार तर्फ लाग्नु हुँदैन ।

वाङ्मात्रेण विनीतः स्याद्धृदयेन यथा क्षुरः ।
श्लक्ष्णपूर्वाऽभिभाषी च कामक्रोधौ विवर्जयेत् ॥१३॥

राजाले बोलीचालीमा मात्र विनय देखाउनु पर्छ । हृदयलाई छुरा झैं तीखो बनाउनु पर्छ । पहिले देखदा मुसुक्क हाँसेर मीठो बोली बोलनु पर्छ, कामक्रोधलाई त्याग्नु पर्छ ।

सपत्नसहिते कार्ये कृत्वा सन्धिं न विश्वसेत् ।
अपक्रामेत् ततः शीघ्रं कृतकार्यो विचक्षणः ॥१४॥

शत्रुका साथ हुने संझौता आदि कार्यमा संधि गरेर पनि उसमा विश्वास नगर्नु आफ्नू काम बने पछि बुद्धिमान् पुरुषले चाँडै नै त्यहाँबाट हट्नु पर्छ ।

शत्रुं च मित्ररूपेण सान्त्वेनैऽवाभिसान्त्वयेत् ।
नित्यशश्चोद्विजेत् तस्मात् गृहात् सर्पयुतादिव ॥१५॥

शत्रुलाई उसको मित्र बनी मीठो बोलीले सान्त्वना दिंदै गर्नु । परन्तु जस्तो सर्प भयेको घरमा मनुष्य डराउँछन्, त्यस्तै शत्रुदेखी उद्विग्न रहनु पनि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्य बुद्धिः परिभवेत् तमतीतेन सान्त्वयेत् ।
अनागतेन दुष्प्रज्ञं प्रत्युत्पन्नेन पण्डितम् ॥१६॥

जसको बुद्धि संकटमा परी शोकले ढाकियेको छ । उसलाई भूतकालका (नल, राम आदिका) कुरा सुनाई सान्त्वना दिनु । जसको बुद्धि छैन त्यसलाई पछीको आशा देखाउनु र विद्वान् पुरुषलाई त्यस्तै बखत धन आदि दिई शान्त गर्नु ।

अञ्जलिं शपथं सान्त्वं प्रणम्य शिरसा वदेत् ।
अश्रुप्रमार्जनं चैव कर्त्तव्यं भूतिमिच्छता ॥१७॥

ऐश्वर्यको इच्छा गर्ने राजाले अवसर हेरी शत्रुको अगाडि हात जोडनु, किरिया खानु, आश्वासन दिनु र चरणमा शिर झुकाई कुराकानी गर्नु । यतिमात्र हैन, उसलाई धैर्य दी उसको आँशू सम्म पनि पुछिदिनु पर्छ ।

वहेदमित्रं स्कन्धेन यावत्कालस्य पर्ययः ।
प्राप्तकालं तु विज्ञाय भिन्द्यात् घटमिवाऽश्मनि ॥१८॥

जवसम्म समय बदली आफ्नू अनुकूल हुँदैन । तवसम्म शत्रुलाई कांधमा बोक्नु परे पनि बोक्नै पर्छ, समय अनुकूल भये पछि गाग्रोलाई ढुङ्गामा फोरे झैं शत्रुलाई पछार्नु पर्छ ।

मुहूर्तमपि राजेन्द्र ! तिन्दुकालाऽतवज्ज्वलेत् ।
न तुषाग्निरिवाऽनर्चिर्धूमायेत चिरं नर ॥१९॥

हे राजेन्द्र ! मनुष्यले दुइ घडी भये पनि भकिअमिलाको अमुल्टो झैं चटचटायेर बल्नु पर्छ धेरै कालसम्म भूषको आगो झैं पुत्तायेर धुँवाई रहनु हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नानार्थिकोऽर्थ सम्बन्धं कृतघ्नेन समाचरेत् ।
अर्थी तु शक्यते भोक्तुं कृतकार्योऽवमन्यते ॥२०॥
तस्मात् सर्वाणि कार्याणि साऽवशेषाणि कारयेत् ।

जसले धेरै थरी मतलब सिद्ध गर्नु परेको छ फेरी जसबाट आफ्नू धेरै मतलब निकालनु छ, त्यस्ताले कृतघ्नका साथ आर्थिक सम्बन्ध जोडनु हुँदैन, त्यस्को कुनै काम पनि पूरागर्न हुदैन बाँकी नै राखनु पर्छ । कारण काम पूरा भये पछि त्यो आफूलाई नटेर्ने हुन्छ ।

कोकिलस्य वराहस्य मेरोः शून्यस्यवेश्मनः ।
नटस्य भक्तिमित्रस्य यच्छ्रेयस्तत् समाचरेत् ॥२१॥

राजाले कोइली, वनेल, सुमेरु पर्वत, शून्यघर, नटुवा, प्यारो मित्र ६ ओटाको विशेष विशेष गुण राजाले लिनुपर्छ ।

[कोइलीको गुण मीठो बोली, वनेलको गुण आक्रमण रोक्नु, सुमेरुको गुण उन्नत रहनु, शून्यघरको गुण सबैले आश्रय पाउनु, नटुवाका गुण नाना किसिमले अरूको मन खिच्नु, मित्रको गुण हितसाधनमा तत्परता रहनु] ।

उत्थायोत्थाय गच्छेत नित्ययुक्तो रिपोर्गृहान् ।
कुशलं चाऽस्य पृच्छेत यद्यप्यकुशलं भवेत् ॥२२॥

राजाले सदा मौका मौकामा शत्रुको घरमा गयेर उसको अमङ्गल भयेको होस् ता पनि कुशल प्रश्न गर्दै रहनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाऽलसाः प्राप्नुवन्त्यर्थान् न क्लीवा नाऽभिमानिनः ।
न च लोकरवाद् भीता न वै शश्वत् प्रतीक्षिणः २३॥

यो कुरा पनि स्पष्ट छ कि अल्छी, कायर, अभिमानी, लोक निन्दाबाट डर्ने, र सदा समयको प्रतीक्षामा मात्र बस्ने मनुष्यले अभीष्ट कुरा प्राप्त गर्न शक्दैनन् ।

नाऽस्मच्छिद्रं परो विद्याद्विद्याच्छिद्रं परस्य तु ।
गूहेत् कूर्म इवाऽङ्गानि रक्षेद् विवरमात्मनः ॥२४॥

राजाले सदा सतर्क रही आफ्नू छिद्र (चर) को थाह कसैलाई दिनु हुँदैन । तर शत्रुको छिद्र (चर) को पत्ता लगाउँदैरहनु पर्छ । जस्तो कछुवाले अङ्गलाई लुकाउँछ, त्यस्तै राजाले पनि आफ्ना छिद्रहरू छिपाउनु पर्छ ।

वकवच्चिन्तयेदर्थान् सिंहवच्च पराक्रमेत् ।
वृकवच्चाऽवलुम्पेत शरवच्च विनिष्पतेत् ॥२५॥

राजाले मौकामा वकुल्लो झैं एकाग्रचित्त भयेर कर्तव्य विषयको चिन्तना गर्नु पर्छ । मौकामा सिंह झैं पराक्रम प्रकट गर्नु पर्दछ । उस्तै मौकामा व्वाँसोले झैं बिस्तारै कन्याई कन्याई शत्रुको धनसंपत्ति अँठनु पर्छ । बाँण झैं शत्रुमा सोझै चोटपार्नु पर्छ ।

पानमक्षास्तथा नार्यो मृगया गीतवादितम् ॥२६॥
एतानि युक्त्या सेवेत प्रसंगो ह्यत्र दोषवान् ॥

मदिरा, जुवा, स्त्री, शिकार खेलनु, गाना वजाना, ई सबै केलेकाहीं मात्र अनासक्तभावले सेवन गर्नु । इनमा आसक्ति राखनु हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुर्यात् तृणमयं चापं शयीत मृगशायिकाम् ।
अन्धः स्यादन्ध वेलायां वाधिर्यमपि संश्रयेत् २७।।

राजाले उस्तै मौकामा आफ्नू धनु तृणको बनाओस्, मृग-झैं चौकन्न भयेर सुनोस्, समय हेरी अन्धो, बहिरो जो हुनु पर्छ, त्यै बनोस् ।

देशकालौ समासाद्य विक्रमेत विचक्षणः ।
देशकालव्यतीतो हि विक्रमो निष्फलो भवेत् ।।२८।।

बुद्धिमान् पुरुषले देशकाललाई आफ्नू अनुकूल बुझेरमात्र पराक्रम प्रकट गर्नु पर्छ । देशकाल अनुकूल न भयेमा गरेको पराक्रम निष्फल भयेर जान्छ ।

कालाऽकालौ सम्प्रधार्य बलाऽबलमथाऽऽत्मनः ।
परस्य च बलंज्ञात्वा तत्राऽऽत्मानं नियोजयेत् ।।२९।।

आफ्नू निमित्त समय असल छ, वा खराब छ । आफ्नू पक्ष प्रबल छ वा निर्बल छ ? यो सवै कुराको र शत्रुको बला-बल विचार गरो युद्ध वा सन्धि जे गर्नाले कल्याण हुन्छ सोही कुरा गर्नु पर्छ ।

दण्डेनोपनतं शत्रुं यो राजा न नियच्छति ।
स मृत्युमुपगृण्हाति गर्भमश्वतरी यथा ।।३०।।

जुन राजा दण्डले गर्दा झुकेको शत्रुलाई नष्ट गर्दैन । त्यो पछि मृत्युलाई बोलाउँछ, जस्तो खचरी गर्भले मृत्युलाइ आमन्त्रित गर्दछे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुपुष्पितः स्यादफलः फलवान् स्याद् दुरारुहः
आमः स्यात् पक्कसंकाशो न च शीर्येत कस्यचित्॥३१॥

नीतिज्ञ राजाले त्यस्तो वृक्ष जस्तो बनेर खड़ा रहोस्, जसमा फूल त ढ़कमक्क होस् तर फल्न कठीन होस् । फल लागे पनि माथी चढन कठीन हुने होस् । फल पाक्तै नपाकोस् । पाके पनि काँचो जस्तै देखियोस् । स्वयं कसैले जत्ता जितिये पनि जीर्ण शीर्ण नहोस् ।

आशां कालवतीं कुर्यात् तां च विघ्नेन योजयेत् !
विघ्नं निमित्ततो ब्रूयात् निमित्तं चापि हेतुतः ॥३२॥

शत्रुराजाले आफूबाट कुनै आशापूर्ण गर्ने इच्छा लियेको छ भने त्यसमा भरशक विलम्ब गर्नुपर्छ र सुस्त सुस्तै विघ्नपारी विघ्नको कारण पनि युक्तिसङ्गत सिद्ध गर्नु पर्छ ।

भीतवत् संविधातव्यं यावद् भयमनागतम् ।
आगतं तु भयं दृष्ट्वा प्रहर्तव्यमभीतवत् ॥३३॥

आफ्नू अगाडी डर नआयेसम्म डराये जस्तो गरो त्यो भय टार्ने उपाय गर्नुपर्छ । भय अगाडि नै आइपुग्यो भने नडराईकन उसका उपर प्रहार गर्नुपर्छ ।

न संशयमनारुह्य नरो भद्राणि पश्यति ।
संशयं पुनरारुह्य यदि जीवति पश्यति ॥३४॥

मनुष्यले प्राण संशय स्वीकार नगरी कल्याण देख्न शक्तैन । प्राण संकटमा पुगेर जीवित रह्यो भने आफ्नू भलो देख्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनागतं विजानीयात् यच्छेद् भयमुपस्थितम् ।
पुनर्वृद्धिभयात् किञ्चित् अनिवृत्तं निशामयेत् ॥३५॥

पछि आउने संकटलाई पहिले नै बुझ्ने प्रयत्न गर्नु र सामुन्ने आईपरेको भयलाई दबाउने चेष्टा गर्नु पर्छ । दबाएको भये पनि निवृत्त भयो भन्ने संझेर हाइहस्तक्षित बस्नु हुँदैन, त्यसदेखि सदा सावधान हुनुपर्छ ।

प्रत्युपस्थितकालस्य सुखस्य परिवर्जनम् ।
अनागतसुखाऽऽशा च नैव बुद्धिमतां नयः ॥३६॥

आयेको सुखलाई त्याग्नु र भविष्यमा हुने सुखको आशा गर्नु बुद्धिमान्‌को नीति हैन ।

योऽरिणा सह संधाय सुखं स्वपिति विश्वसन् ।
स वृक्षाग्रे प्रसुप्तो वा पतितः प्रतिबुध्यते ॥३७॥

जुन मनुष्य शत्रुसँग सन्धि गर्दैमा ढुक्क परेर सुखपूर्वक सुत्दछ, त्यो वृक्षको हाँगामा सुतेको मनुष्य झैं तल खसे पछी मात्र बिउँझन्छ ।

कर्मणा येन तेनैव मृदुना दारुणेन च ।
उद्धरेद् दीनमात्मानं समर्थो धर्ममाचरेत् ॥३८॥

मनुष्य पहिले कोमल होस् वा कठोर, कुनै न कुनै उपायले पनि दुःखी अवस्थाबाट आफ्नू उद्धार गरोस् र राम्रै शक्तिशाली भये पछि धर्मकार्य गरोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ये सपत्नाः सपत्नानां सर्वांस्तानुपसेवयेत् ।
आत्मनश्चापि बोद्धव्याश्चारा विनिहताः परैः ॥३९॥

राजाले शत्रुका शत्रुहरूसँग मेलमिलाप गर्नु पर्छ । आफूनर्फ शत्रुले खटायेका गुप्तचरहरूको पत्ता लगाउन जान्नु पर्छ ।

चारस्त्वविदितः कार्य आत्मनोऽथ परस्य च ।
पाखण्डास्तापसाऽऽदींश्च परराष्ट्रे प्रवेशयेत् ॥४०॥

आफूले आफ्ना देशमा र शत्रुका देशमा राखेका गुप्तचर-हरूलाई कसैले पनि चिह्न नशकून । शत्रुका देशमा प्रायशः ढोंगी, पाखण्डी, जोगी, तपस्वीहरूलाई गुप्तचर बनायेर पठाउनु पर्छ ।

उद्यानेषु विहारेषु प्रपास्वावसथेषु च ।
पानागारे प्रवेशेषु तीर्थेषु च सभासु च ॥४१॥

ती गुप्तचरहरूले बगैंचा, मठ, विहार, घुमने ठाऊँ, अर्थात् पार्कहरू, पानीघाट, धर्मशाला, भट्टी, नगरका मूलढोका, तीर्थस्थान र सभा कचहरी हुने भवनहरूमा घुमनु पर्छ ।

धर्माऽभिचारिणः पापाश्चौरा लोकस्यकण्टका ।
समागच्छन्ति तान् बुद्धा नियच्छेच्छमयीत च ॥४२॥

ई पूर्वोक्त ठाऊँमा आफू पट्टी पनि नाना थरी कपटपूर्ण धर्मको आचरण गर्ने पापी चोर जगत्कण्टक मनुष्यहरू गुप्त भेष धारण गरी आयेका हुंन्छन् । ती सबै बहुरूपीको पत्ता लगाई कैदगर्नु पर्छ । अथवा भय देखायेर भगाउनु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नविश्वसेदविश्वस्ते विश्वस्ते नाऽतिविश्वसेत् ।
विश्वासाद् भयमभ्येति नाऽपरीक्ष्य च विश्वसेत् ॥४३॥

विश्वास गर्न नहुँनेको विश्वासै नगर्नु, विश्वास गर्न हुनेको पनि धेरै विश्वास नगर्नु । धेरै विश्वास गर्दा भय आइपर्दछ । त्यसैले राम्रोसित जाँच बुझ नगरी कसैको पनि विश्वास नगर्नु ।

विश्वासयित्वा तु परं तत्वभूतेन हेतुना ।
अथाऽस्य प्रहरेत् काले किंचित् विचलिते पदे ॥४४॥

शत्रुका मनमा आफूले कुनै सांचो पत्यार लाग्दो कारण देखायेर विश्वास गराउनु र त्यसबाट उसलाई कमजोर बनाँउदै लगेर धरखरायेको मौका पारी तुरुन्त पछार्नु ।

अशङ्क्यमपि शङ्केत नित्यं शङ्केत शङ्कितात् ।
भयं ह्यशङ्किताज्जातं समूलमपि कृन्तति ॥४५॥

सोझा शङ्का गर्नै नहुने मानिसका उपर पनि शङ्का मानेर होशियार भई रहनु पर्दछ । शङ्का गर्नु पर्नेका उपरता कुरै भयेन । अशङ्कनीय मानिसबाट आयेको भयले जरै उखेलेर नष्ट गर्दछ ।

अवधानेन मौनेन काषायेण जटाऽजिनैः ॥
विश्वासयित्वा द्वेष्टारमवलुम्पेद् यथा वृकः ॥४६॥

शत्रुको हितमा तत्पर भयेर, मौनीवावा बनेर, गेरुवस्त्र पहिरेर जटा पालेर मृगचर्म भिरेर अर्थात् जे जसो गरेर पनि आफूमा उसको विश्वास उत्पन्न गराउनु र राम्रै विश्वास उत्पन्न भै शके पछि मौका हेरी ब्वाँसाले झैं आन्द्रा भुँडो झिकेर उसलाई लडाई दिनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुत्रो वा यदि वा भ्राता पिता वा यदि वा सुहृत् ।
अर्थस्य विघ्नं कुर्वाणा हन्तव्या भूतिमिच्छता ॥४७॥

ऐश्वर्यको इच्छा गर्ने राजाले छोरो, भाई, पिता, मित्र, जो सुकै भये पनि आफ्नू अर्थप्राप्तिमा विघ्न गर्दछन् भने तिनलाई हटाउनै पर्छ ।

गुरोरप्यवलिप्तस्य कार्याऽकार्यमजानतः ।
उत्पथं प्रतिपन्नस्य दण्डो भवति शासनम् ॥४८॥

राजाले आफ्नै गुरू भयेता पनि कर्तव्य अकर्तव्यको ख्याल गर्न नशक्ने कुमार्गगामी छ भने उसलाई दण्ड दिनै पर्छ ।

अभ्युत्थानाऽभिवादाभ्यां संप्रदानेन केनचित् ।
प्रतिपुष्पफलाघाती तीक्ष्णतुण्ड इव द्विजः ॥४९॥

निर्धो राजाले आफ्नू शत्रु आउँदा पनि झटपट उठी स्वागत सत्कार, प्रणाम, नजराना, ईत्यादिले ठूलो संमान गर्नु पर्छ । यस किसिमले त्यो आफ्नू कब्जामा फसे पछि उसलाई तीखो चुच्चो भयेको पंक्षीले कुनै पाकेको फललाई ठुँग्न थाले जस्तै गरी उसका साधन र साध्यहरूमा बारंबार धक्का दियेर छिन्नभिन्न पारोस् ।

नाऽछित्वा परमर्माणि नाऽकृत्वा कर्म दारूणम् ।
नाऽहत्वा मत्स्यघातीव प्राप्नोति महतीं श्रियम् ॥५०॥

कुनै राजा पनि माछा मार्ने मछुवाले झैं अर्कालाई मर्माघात नगरी, क्रूरकर्म नगरी, धेरैको प्राण संहार नगरी ठूलो ऐश्वर्य हासील गर्न शक्तैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नास्तिजात्या रिपुर्नाम मित्रं वाऽपि न विद्यते ।
सामर्थ्ययोगाज्जायन्ते मित्राणि रिपवस्तथा ॥५१॥

कसैको पनि जन्मनासाथ कुनै मित्र पनि बन्दैन, शत्रु पनि बन्दैन । पछि पछि व्यवहारद्वारा नै शत्रु र मित्र दुवै उत्पन्न हुन्छन् ।

अमित्रं नैव मुञ्चेत वदन्तं करूणान्यपि ।
दुःखंतत्र न कर्तव्यं हन्यात् पूर्वाऽपकारिणम् ॥५२॥

राजाले शत्रुले मायालाग्दो गरी विलौना गरोस् ता पनि उसले पहिले गरेको आफ्नू अपकार संझेर उसको उच्छेद गर्नै पर्छ । त्यसमा दुःख नमानी वज्र जस्तो मन गर्नु पर्छ ।

संग्रहानुग्रहे यत्नः सदा कार्योऽनसूयता ।
निग्रहश्चापि यत्नेन कर्त्तव्यो भूतिमिच्छता ॥५३॥

एश्वर्यको इच्छा गर्ने राजाले बाहिरी दृष्टि त्यागेर जसरी हुन्छ मानिसलाई आफ्ना पक्षमा मिलाउँदै गर्नु र अरूमाथी अनुग्रह पनि गर्नु । शत्रुको दमन पनि यत्नपूर्वक गर्दै रहनु पर्दछ ।

प्रहरिष्यन् प्रियं ब्रूयात् प्रहृत्यैव प्रियोत्तरम् ।
असिनाऽपि शिरश्छित्वा शोचेत च रूदेत च ॥५४॥

सिपालु राजाले शत्रुका उपर घात गर्नु भन्दा पहिले र घात गरी शके पछि पनि प्रियबचन बोल्नु पर्छ । अरू त के, उसको टाउको काटेर पनि आँशु खसालेर शोक गर्नु पर्छ, रूनु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निमन्त्रयीत साम्त्वेन संमानेन तितिक्षया ।
लोकाराधनमित्येतत् कर्तव्यं भूतिमिच्छता ॥५५॥

त्यसरी शत्रुलाई पछारे पछि आफ्नू प्रभुत्व इच्छागर्ने राजाले मीठा मीठा बोलीले उसतर्फका अन्य व्यक्तिको संमान गर्नु पर्छ। त्यस्तो वेलामा खूब सहनशील भयेर त्यहाँका सबै प्रतिष्ठित व्यक्तिलाई आफ्ना समीपमा आउने निमन्त्रणा पठाउनु पर्छ। यही नै लोकको आराधना र साधारण जनताको संम्मान हो, सत्कार हो।

न शुष्कवैरं कुर्वीत बाहुभ्यां न नदीं तरेत् ।
अनर्थकमनायुष्यं गो विषाणस्य भक्षणम् ॥५६॥
दन्ताश्च परिमृज्यन्ते रसश्चापि न लभ्यते ॥

मुफतको शुष्क वैरभाव वेसाउने काम र हातले पौडेर नदी तर्ने काम गर्नु योग्य छैन किन भने ई दुवै कुरा निरर्थक र आयुनाशक छन्। यस्तो काम कुकुरले गाईको सीङ चवाउनु जस्तै हो त्यसले कुनै रस पनि मिल्दैन, दाँत पनि कुँडिन्छन्।

त्रिवर्गे त्रिविधा पीडानुबन्धास्त्रय एव च ।
अनुबन्धाःशुभा ज्ञेयाः पीडाश्च परिवर्जयेत् ॥५७॥

धर्म, अर्थ, काम, ई तीनथरी पुरुषार्थको साधनमा लोभ, मूर्खता, दुर्वलता ई तीनै थरी बाधा उपस्थित हुन्छन्। साथै शान्ति, सर्वहित, उपभोग ई तीन प्रकारका फल पनि हुन्छन्। बुद्धिमानले तो तीन बाधाबाट यत्नपूर्वक बचनु पर्छ र तीन फलमा लाग्नु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋणशेषमाग्निशेषं शत्रुशेषं तथैव च ।
पुनः पुनः प्रवर्धन्ते तस्माच्छेषं न धारयेत् ॥५८॥

बुद्धिमान्‌ले शत्रु, अग्नि, ऋण, ई तीन कुराको शेष राख्नु हुँदैन । किन भने ई तीनै कुरा वारंवार पल्हाउँदै जाने हुन्छन् ।

वर्धमानं ऋणं तिष्ठेत् परिभूताश्च शत्रवः ।
जनयन्ति भयं तीव्रं व्याधयश्चाऽप्युपेक्षिताः ॥५९॥

शेष रहेको ऋण बढ्दै गयो भने, जितिशकेको शत्रु जीवित रह्यो भने, वास्ता नगरेको वा दबेको रोग फर्क्यो भने साह्रै कडा भय उत्पन्न गर्ने हुन्छन् ।

नाऽसम्यक्कृतकारी स्यादप्रमत्तः सदा भवेत् ।
कण्टकोऽपि हि दुश्छिन्नो विकारं कुरूते चिरम् ॥६०॥

कुनै काम पनि राम्रोसँग संपन्न नगरी न छोडनु । जुन काममा पनि सदा सावधान रहनु । शरीरमा बिझेको काँढो पनि राम्रोसँग झिक्न शयियेन भने पछि उसले बाधा गर्ने हुन्छ ।

वधेन च मनुष्याणां मार्गाणां दूषणेन च ॥६१॥
अगाराणां विनाशैश्च परराष्ट्रं विनाशयेत् ।

कदाचित् शत्रुको राष्ट्र नै उद्धस्त नहुने अवस्था पर्न आयो भने राजाले शत्रुपक्षका मनुष्यलाई मार्नु पर्छ । बाटो बिगार्नु पर्छ । घरहरू नष्टभ्रष्ट पनि गर्नु पर्छ । जसरी होस् विध्वंसलीला मच्चाउनु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गृध्र्दृष्टिर्बकालीनः श्वचेष्टः सिंहविक्रमः
अनुद्विग्नः काकशङ्की भुजङ्ग चरितं चरेत्॥६२॥

राजाले गिद्धको जस्तो टाढासम्म देखने दृष्टि, वकुल्लाको जस्तो लक्ष्यमा ध्यान, कुकुरको जस्तो चेष्टा, सिंहको जस्तो पराक्रम, कागको जस्तो सशङ्कता, र सर्पको जस्तै छिद्रान्वेषिता लियेर आक्रमण गर्नुपर्छ ।

शरमञ्जलिपातेन भीरूं भेदेन भेदयेत् ।
लुब्धमर्थप्रदानेन समं तुल्येन विग्रहः ॥६३॥

जान्ने राजाले आफू भन्दा शूरोलाई हात जोडेर, डर छेरुवा-लाई डर देखायेर लोभीलाई क्यै धन दिएर काबूमा गर्नुपर्छ, आफू बराबरको शत्रुभये युद्ध पनि गर्नुपर्छ ।

श्रेणीमुख्योपजापेषु वल्लभानुनयेषु च ।
अमात्यान् परिरक्षेत भेदसंघातयोरपि ॥६४॥

कदाचित् धेरै जातिका धेरै दलले वनेको आफ्नू राष्ट्रमा शत्रुले भेदनीतिको प्रयोग गरेर प्रत्येक दलका नाइकेहरूलाइ फुटायेर दलवन्दीको गडवडी मच्चाउन लाग्यो र मित्रहरूलाई पनि साम दान आदिले फुटाउन लाग्यो भने त्यसबखत सर्वप्रथम विश्वस्त मन्त्रीको पूर्ण रक्षा गर्नुपर्छ । तिनले कुनै हालतमा पनि आफूलाई न छोडून् । (ती फूटन पनि नपाउन् या आफ्नू विरूद्ध काम गर्न पनि न पाउन्) यसका निमित्त निरन्तर सावधान रहनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मृदुरित्यवजानन्ति तीक्ष्ण इत्युद्विजन्ति च ।
तीक्ष्णकाले भवेत्तीक्ष्णो मृदुकाले मृदुर्भवेत् ॥६५॥

राजा नरम भयो भने सबैले हेला गर्दछन् (टेर्दैनन्) । कठोर भयो भने सबै उसदेखि आत्तिन्छन् । त्यसैले समय हेरी त्यै माफिक हुनुपर्छ ।

मदुनैव मृदुं हन्ति मृदुना हन्ति दारुणम् ।
नाऽसाध्यं मृदुना किंचित् तस्माद् तीक्ष्णतरो मृदुः ॥६६॥

बुद्धिमान् राजाले नरम भयेर नै सबै कुरा सिद्ध गर्न जान्दछन् । नरम हुनु पनि यौटा ठूलो उपाय हो । नरमले नरमलाई दवाउँछ । नरमले नै कठोरलाई पनि दबाउँछ । नरमीले असाध्य कुनै कुरा छैन । त्यसैले कार्यसिद्धिमा नरमी नै कठोरवाको काम दिने हुन्छ ।

काले मृदुर्यो भबति काले भवति दारुणः ।
प्रसाधयति कृत्यानि शत्रुंचाऽप्यधितिष्ठति ॥६७॥

जुन राजा समयमा कोमल र समयमा कठोर वन्न जान्दछन् ती आफ्नू सबै काम सिद्ध गर्दछन् । शत्रुहरूमा समेत उनको अधिकार हुन्छ ।

पण्डितेन विरूद्धः सन् दूरस्थोऽस्मीति नाऽऽश्वसेत् ।
दीर्घौ बुद्धिमतो वाहू याभ्यां हिंसति हिंसितः ॥६८॥

कसैले पनि बुद्धिमान्सँग विरोध गरी म टाढा छु भन्ने संझनु हुँदैन । किनभने बुद्धिमान्का हात लामा हुन्छन् (उसबाट प्रयोग (उसबाट प्रयोग गरियेका वदलालिने उपायहरु टाढासम्म प्रभाव पार्ने हुन्छन्) यसकारण यदि बुद्धिमान् सँग विरोध भयो भनेत उसले आफना लामा हातबाट टाढैबाट पनि शत्रुको नाश गर्न सक्तछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नतत् तरेत् यस्य न पारमुत्तरे-
न्नतद्धरेद् यत् पुनराहरेत् परः ।
नतद् खनेद् यस्य न मूलमुद्धरेत्
न तं हन्यात् यस्य शिरो न पातयेत् ॥६६॥

बुद्धिमान् व्यक्तिले तर्न नशकिने नदी पारगर्ने साहस न गर्नु । आफूसँग मुकाविला गर्न शक्ने शत्रुको धन जवजस्ती हरण न गर्नु । जस्को जड उखेलेर फाल्न शकिन्न, त्यस्तो वृक्ष ढाल्नलाई उक्काउने चेष्टा न गर्नु । जुन शत्रुलाई हानेर गिराउन शकिन्न, त्यस्तो शत्रुलाई हान्दै न हान्नु ।

इतीदमुक्तं वृजिनाऽभिसंहितम्
न चैतदेवं पुरूषः समाचरेत् ।
परप्रयुक्ते न कथं विभावयेत्
अतो मयोक्तं भवतो हितार्थिना ॥७०॥

हे राजन् ! मैले यो शत्रुका उपर पापपूर्ण व्यवहारको जुन उपदेश गरें, त्यो समर्थवान् पुरुषले सम्पत्तिले पूर्ण भयेको समयमा कल्यै पनि प्रयोग गर्नु हुँदैन । कदाचित् आँफु माथी शत्रुद्वारा कडा संकट उपस्थित हुन आयो भने मात्र त्यसको प्रतीकारका लागी यसको प्रयोग गर्नु पर्छ । यो मैले तिम्रो हितको इच्छाले भनेको हूँ ।

यथावदुक्तं वचनं हितार्थिना
निशम्य विप्रेण सुवीर राष्ट्रपः ।
तथाऽकरोद् वाक्यमदीनचेतनः
श्रियं च दीप्तां वुभुजे सबान्धवः ॥७१॥

हितैषी भारद्वाज कणिकको यो यथार्थ उपदेश सौवीरदेशका राज शत्रुञ्जयले उचितरूपले पालन गरे । जुन उपायद्वारा बन्धु-बान्धव सहित समुज्वल राजलक्ष्मीको उपभोग गर्न लागे ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

9

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(1)

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Acc. No. 3491

ss No 291.53 Book No BHA

hor [illegible]

e [illegible]

on	Borrower's Name	Returned on

291.53
BHA

3859

MAHENDRA SANSKRIT UNIVERSITY 1986 AD

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu